# अर्घाखाँची जिल्लाको कम्युनिस्ट आन्दोलन

# र

# माओवादी जनयुद्धको प्रभाव

**मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत इतिहास विषयको स्नातकोत्तर तह दोस्रो वर्ष छैटौं पत्रको प्रयोजनको लागि प्रस्तुत**

**शोधपत्र**


शोधार्थी

लेखनाथ बेलबासे

क्याम्पस रो.नं. २६



**त्रिभुवन विश्वविद्यालय**

इतिहास केन्द्रीय विभाग

काठमाडौं



वि.सं. २०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिका लागि लेखनाथ बेलबासेद्धारा प्रस्तुत "**अर्घाखाँची जिल्लाको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धको प्रभाव**" विषयमा तयार पारिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्रलाई मूल्याङ्का लागि सिफारिस गर्दछु ।

**शोधनिर्देशक**

सह-प्रा. डा. भवेश्वर पंगेनी

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

मिति : २०६८/ /

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**इतिहास केन्द्रीय विभाग**
**कीर्तिपुर**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत इतिहास विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि लेखनाथ बेलबासेद्वारा प्रस्तुत **"अर्घाखाँची जिल्लाको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धको प्रभाव"** विषयक शोधपत्र इतिहास विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**विभागीय प्रमुख**
प्रा.डा. तीर्थप्रसाद मिश्र ................................

**शोधनिर्देशक**
सह-प्रा. डा. भवेश्वर पंगेनी ................................

**बाह्य परीक्षक**
................................

**मिति : २०६८/ /**

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत इतिहास विषयको स्नातकोत्तर तह छैठौं पत्रको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत गर्नुपर्ने शोधपत्रको विषय शीर्षक "अर्घाखाँची जिल्लाको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धको प्रभाव" भन्ने राखेको छु । इतिहास केन्द्रीय विभाग किर्तिपुरका सह-प्रा.डा. भवेश्वर पंगेनीको निर्देशनमा यो शोधपत्र तयार गरेको हुँ । उहाँले नै शीर्षक चयन गरी स्थानीयस्तरको कम्युनिस्ट आन्दोलन र जनयुद्धले पारेका प्रभावबारे शोधपत्र तयार गर्न लगाउनुभएकोमा उहाँप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु । करिब ६२ वर्ष लामो इतिहास बोकेको कम्युनिस्ट आन्दोलन र दश वर्षको जनयुद्धलाई स्नातकोत्तर तहको शोधविधिअनुसार तयार पारिएको यस शोधपत्रमा अटाउनु ज्यादै गाह्रो कुरा हो । साथै यति लामो इतिहास बोकेको यस आन्दोलन र जनयुद्धको प्रभावलाई स्रोत र सामग्रीको अभावमा लेख्न झन् कठिन छ । कुनैपनि प्रमाणबिनाको इतिहास हुन सक्दैन । त्यसकारण पाइएका थोरै स्रोत, सामग्री र प्रत्यक्ष जानकार व्यक्तिहरुबाट प्राप्त स्रोतलाई लिएर यो शोधपत्र तयार पारेको छु ।

अर्घाखाँची जिल्लामा संगठित र विघटित रुपमा रहेको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धको प्रभाव यौटा राजनीतिक इतिहास भएकोले यस शोधपत्र तयार गर्न जानकारी दिने व्यक्तिहरुले आ-आफ्नो राजनीतिक विचारधाराअनुसार केही पूर्वाग्रह राखेका हुन सक्छन् । त्यसको प्रमाणको लागि सम्बन्धित स्रोतव्यक्तिहरु खुलाइएका छन् । अर्घाखाँचीको कम्युनिस्ट आन्दोलन, माओवादी जनयुद्ध र यसको प्रभावबारे अझ विस्तृत जानकारी पाउन यस शोधपत्रले मदत गर्नेछ भन्ने लागेको छ । साथै यससम्बन्धी तथ्यात्मक इतिहासलेखनको मार्गदर्शन पनि बन्नेछ ।

प्रस्तुत शोधपत्र तयार पार्न मा. सन्तबहादुर नेपाली, नेकपा माओवादी, अर्घाखाँची इन्चार्ज चन्द्रबहादुर खड्का 'उज्वल' र नेकपा एमाले जि.क. सदस्य बुद्धिबहादुर रायमाझीले स्रोत, सामग्री उपलब्ध गराइ सहयोग गरिदिनु भएकोमा उहाँहरुप्रति कृतज्ञ छु । साथै सम्पूर्ण स्रोतव्यक्तिहरुप्रति आभारी छु ।

इतिहासलेखनमा जहिले पनि पूर्वाग्रही नभई तथ्य, प्रमाणका आधारमा इतिहास लेख्नुपर्दछ भनेर बारम्बार दिशानिर्देश गरिरहनुहुने इतिहास केन्द्रीय विभाग, किर्तिपुरका प्राध्यापकज्यूहरुप्रति कृतज्ञताज्ञापन गर्दै उहाँहरुको मानसिक पृष्ठपोषणमा मैले यो शोधपत्र तयार पारेको हुनाले उहाँहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । मलाई औपचारिक शिक्षाको यस तहसम्म सदैव संघर्षरत बुबा-आमा तथा घरपरिवारको आशीर्वाद सदा साथमा रहेको छ ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा दिशानिर्देश गरिदिनुहुने सम्पूर्ण स्रोतव्यक्तिहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै कम्युटर टाइपिङ गरी सहयोग गरिदिनुहुने मेगा डेस्कटप पब्लिकेशन, बागबजारका टि.एन. भाईलाई धन्यवाद दिन चाहन्छु ।

लेखनाथ बेलबासे

# विषयसूची


| | |
|---|---|
| | पृष्ठ |
| **परिच्छेद-१** | **१-९** |
| **शोधपरिचय** | **१** |
| १.१ विषयप्रवेश | १ |
| १.२ शोधपत्रको उदेश्य | ३ |
| १.३ शोधको सीमा | ४ |
| १.४ शोधको महत्व/औचित्य | ४ |
| १.५ अनुसन्धान विधि | ४ |
| १.६ परिच्छेद विभाजन | ४ |
| २. पूर्व साहित्यको समीक्षा | ५ |
| **परिच्छेद-२** | **१०-३७** |
| **अर्घाखाँची जिल्लामा कम्युनिस्ट आन्दोलनको पृष्ठभूमि** | **१०** |
| २.१ जिल्ला परिचय | १० |
| २.२ शैक्षिक तथा राजनैतिक जागरणमा पाल्पाको प्रभाव | १२ |
| २.३ २००७ सालको आन्दोलनमा पाल्पामा कम्युनिस्ट पार्टीको भूमिका | १४ |
| २.४ गुल्मी जिल्लामा कम्युनिस्ट आन्दोलन (२०१७-२०२४) | १५ |
| २.५ सङ्गठन निर्माण र चुनावी अभियानमा तीव्रता | १६ |
| २.६ साङ्गठनिक गतिविधि (२०१७-२०२४) | १७ |
| २.७ नेकपा पुष्पलाल समूहको गतिविधि (२०२५-२०३०) | १९ |
| २.७.१ फटाहा विरोधी आन्दोलन | १९ |
| २.७.२ मूर्तिकाण्ड | १९ |
| २.७.३ किसान ऱ्याली-२०३० | २० |
| २.७.४ बर्रे घटना | २१ |
| २.७.५ बर्रेसंघर्षको उदेश्य | २२ |
| २.८ मार्क्सवादी लेनिनवादी पार्टीको गठन र जनमत संग्रह | २३ |
| २.९ पञ्चायती चुनाव र सहभागिता-२०४३ | २४ |
| २.१० २०४६ सालको जनआन्दोलन | २५ |
| २.११ २०४७ सालपछि एमालेको आन्दोलन | २८ |
| २.१२ प्रतिगमन विरोधी आन्दोलन | २९ |
| **परिच्छेद-३** | **३८-** |
| **६४** | |
| **अर्घाखाँची जिल्लामा नेपाल कम्युनिस्ट पार्टी (मसाल)** | **३८** |

३.१ अर्घाखाँची जिल्लामा नेपाल कम्युनिस्ट पार्टी (मसाल) स्थापनाको पृष्ठभूमि ३८
३.२ अर्घाखाँची जिल्लामा नेकपा चौथो महाधिवेशनको गतिविधि (२०३१-२०४०) ४०
३.२.१ सामाजिक बहिष्कारको आन्दोलन ४१
३.२.२ २०३७ सालको गोलीकाण्ड ४१
३.२.३ चुनाव बहिष्कार आन्दोलन ४२
३.२.४ टंक प्रसाद भुसाल हत्या प्रकरण ४३
३.२.५ कार्यकर्ताको पञ्चायत प्रवेश ४४
३.३ नेकपा मसालमा विभाजन र गतिविधि ४५
३.४ अर्घाखाँची जिल्लामा नेकपा मसालका गतिविधि २०४२-२०६३ ४७
३.४.१ असुरकोट चौकी आक्रमण ४७
३.४.२ २०४६ सालको जनआन्दोलनमा मसालको भूमिका ४८
३.४.३ त्रिपक्षीय सम्झौताको विरोध ५०
३.४.४ चौथी काण्ड (२०४७ साल कार्तिक ९ गते) ५१
३.४.५ कार्यकर्तालाई शारीरिक र सैद्धान्तिक प्रशिक्षण ५२
३.४.६ पार्टी विभाजन र चुनाव बहिष्कारको आन्दोलन-२०४७ ५३
३.४.७ टंकी काण्ड-२०४८ ५६
३.४.८ चुनावमा सहभागिता (२०४९-२०५६) ५७
३.४.९माओवादी विरुद्ध भण्डाफोर अभियान ६१
३.४.१० प्रतिगमनविरोधी आन्दोलन ६२

**परिच्छेद-४ ६५-९१**

**अर्घाखाँची जिल्लामा माओवादी जनयुद्ध ६५**

४.१ जिल्लामा माओवादी जनयुद्धको पृष्ठभूमि ६५
४.२ जिल्लामा माओवादी घटकको स्थापना ६६
४.३ जिल्लामा जनयुद्धको तयारी ६९
४.४ जनयुद्धको घोषणा ७१
४.५ जनयुद्धको थालनी ७२
४.६ अर्घाखाँची जिल्लामा माओवादी जनयुद्धको बिस्तार ७४
४.६.१ राजनैतिक गतिविधि ७४
४.६.२ पार्टी बिस्तार ७४
४.६.३ अर्घाखाँची जिल्लामा माओवादी सेनाको बिस्तार ७७
४.६.४ जनयुद्धका तीन चरण ७९
४.६.४.१ रणनैतिक सुरक्षा (२०५२-२०५८) ८०
४.६.४.२ रणनैतिक सन्तुलन (२०५८-२०६१) ८१
४.६.४.२.१ सिमलपानी चौकी आक्रमण ८२

४.६.४.२.२ अर्घाखाँची सदरमुकाम आक्रमण ८३
४.६.७ जनसरकारको गठन ८७
४.६.८ रणनैतिक प्रत्याक्रमण ८८
**परिच्छेद-५ ९२-१३४**
**अर्घाखाँची जिल्लामा माओवादी जनयुद्ध-प्रभाव र असर ९२**
परिचय ९२
५.१ राजनैतिक अधिकारको क्षेत्रमा ९३
५.१.१ नकारात्मक ९४
५.१.२ सकारात्मक ९७
५.२ नागरिक अधिकारको क्षेत्रमा ९८
५.२.१ नकारात्मक ९८
५.२.२ सकारात्मक १०४
५.३ सांस्कृतिक क्षेत्रमा १०५
५.३.१ नकारात्मक १०९
५.३.२ सकारात्मक ११०
५.४ भौतिक संरचनाको क्षेत्रमा ११२
५.४.१ नकारात्मक ११२
५.४.२ सकारात्मक ११२
५.५ आर्थिक क्षेत्रमा ११५
५.५.१ नकारात्मक ११६
५.५.२ सकारात्मक ११६
५.६ सामाजिक अधिकारको क्षेत्रमा ११७
५.६.१ नकारात्मक ११८
५.६.२ सकारात्मक ११८
५.७ कृषि मजदुरको क्षेत्रमा १२२
५.७.१ नकारात्मक १२२
५.८ दलितको क्षेत्रमा १२३
५.८.१ नकारात्मक १२४
५.८.२ सकारात्मक १२४
५.९ बालबालिकाको क्षेत्रमा १२५
५.९.१ नकारात्मक १२६
५.९.२ सकारात्मक १२७
५.१० विस्थापन १३०

५.१०.१ नकारात्मक १३१

५.१०.२ सकारात्मक १३१

५.११ मानवीय विकास १३२

५.११.१ नकारात्मक १३२

५.११.२ सकारात्मक १३३

५.१२ महिला हक १३५

**उपसंहार** **१३५**

**सन्दर्भसामग्री**

**परिशिष्ट**

# परिच्छेद-१

# शोधपरिचय

## १.१ विषयप्रवेश

कार्लमार्क्स र एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र प्रकाशन गरे । घोषणापत्रले सामाजिक क्रान्तिमा प्रभावकारी भूमिका खेल्नुका साथै मानिसलाई समेत विभाजित गर्न सकेको थियो । उक्त घोषणपत्रले एक विशाल राजनीतिक दर्शनको मान्यता प्राप्त गर्न सफल भयो । यसरी कार्लमार्क्स र एङ्गेल्सले महत्वपूर्ण राजनीतिक दर्शन मानव समुदायलाई दिए । यस सिद्धान्तले विस्तारै विश्वमा सर्वहारा वर्गको पक्षको प्रभाव फैलाउन थाल्यो । क्रान्तिकारी विद्रोहको क्रममा उनीहरूको वैचारिक नेतृत्वमा सन् १८७१ निर्माण भएको गरिखाने वर्गको पहिलो राज्यसत्ता पेरिस कम्युनको स्थापना भएको थियो । पेरिस कम्युनको विद्रोहको आगोलाई प्रथम विश्वयुद्धको लगत्तै रुसमा कम्युनिस्ट पार्टीको स्थापना भई पूँजीवादी शक्तिसँग प्रतिस्पर्धा गर्न थाल्यो । दोस्रो विश्वयुद्धको सन्दर्भमा विश्वमा साम्यवादी र पूँजीवादी शक्ति एकअर्काका विरोधी भए । साम्यवादी शक्तिको नेतृत्व रुस र पूँजीवादी शक्तिको नेतृत्व गर्ने अमेरिकाबीच सन्  १९९० को दशकसम्म शीतयुद्धको रुपमा राजनीतिक प्रतिद्वन्द चलिरह्यो । अन्ततः साम्यवादी ध्रुवको तत्कालीन सोभियत सत्ता विपरीत भएपछि विश्व कम्युनिस्ट ध्रुवलाई पूँजीवादी शक्तिले परास्त गऱ्यो ।

विश्वमा पूँजीवादी र साम्यवादी विचारधाराका आपसी मतभेदको क्रममा नेपालमा पनि केही नेपाली नवयुवकहरूले भारतीय कम्युनिस्ट पार्टीको सहयोगमा भारतीय भूमिबाट कम्युनिस्ट विचारधाराको विकास गर्न थाले । नेपालमा कम्युनिस्ट विचारधाराको विकासक्रमसँगै राणाशासन, त्यसपछि राजनैतिक अस्थिरता र राजनैतिक अस्थिरताबाट सिर्जना हुन गएको पञ्चायती व्यवस्थाको हण्डर सहँदै नेपालमा कम्युनिस्ट पार्टीको विकास हुँदै गयो र विभिन्न आन्दोलनको माध्यमबाट क्रियाशील रहन पुग्यो । राजनीति प्रतिशोध र वैचारिक मतभिन्नताको कारणले यो पार्टी एउटा सिङ्गो पार्टीको रूपमा नरहेर विभिन्न वामपन्थी विचारधाराका विभिन्न पार्टीहरूका

रूपमा विकास भयो । कहिले जुट्दै र कहिले फुट्दै विकास भएका नेकपाले पञ्चायती एकदलीयशासन प्रणालीको विरोध गऱ्यो । पञ्चायतको अन्त्यको निम्ति विभिन्न घटकहरुमा विभाजित कम्युनिस्ट पार्टीहरु दुई घटकमा एकीकृत भएका थिए ।

१. संयुक्त वाममोर्चा

२. संयुक्त राष्ट्रिय जनआन्दोलन मोर्चा

पञ्चायतको पतनपछि दुवैले संसदीय प्रणालीमा सहभागी भई संयुक्त वाममोर्चाबाट विकास भएको नेकपा एमाले वि.सं. २०४८ सालको निर्वाचनमा भाग लिई बहुदलीय प्रणालीमा प्रतिपक्षको भूमिका निभाउन पुगेको थियो । यसैक्रममा उनीहरुले वि.सं. २०४७ सालको संविधानअनुसार संवैधानिक राजतन्त्रलाई स्वीकार गर्दै तत्कालीन कार्यनीति तय गरे । त्यसपछि राजतन्त्रको छत्रछायाँमा बनेका सरकारहरुमा आफ्नो भूमिका निर्वाह गर्ने क्रममा विभिन्न आन्दोलनहरु गर्दै अगाडि बढे ।

माओत्सेतुङको विचारधारा “शक्ति बन्दुकको नालबाट आउँछ”लाई आफ्नो सिद्धान्तको आदर्शवाक्य मान्दै नेपालमा राजतन्त्रविरुद्ध माओवादीहरुले सशस्त्र विद्रोह गर्न थाले । यी कम्युनिस्टहरु हतियारको माध्यमबाट राजतन्त्रको अन्त्य गर्न लागे । अन्य कम्युनिस्टहरु शान्तिपूर्ण आन्दोलनबाट पनि निकास मिल्न सक्ने मान्यताका साथ अगाडि बढे । माओवादीहरुले विद्रोहलाई जनयुद्धको तीन चरणमा विभाजन गरी तीन साधनहरु– पार्टी, जनसेना, नेतृत्व गठन तयार गरी कार्यदिशा तय गरे । कम्युनिस्ट पार्टीहरुले आन्दोलन र जनयुद्धको कार्यनीति तय गर्ने क्रममा सैद्धान्तिक मतभेदको कारण आपसमा शत्रुतापूर्ण वातावरणमा अघि बढिरहेका थिए । यी दुवैमाथि राजतन्त्रको निरंकुशताले प्रहार गरेपछि आपसमा आन्दोलन र जनयुद्धलाई समायोजन गर्दै निरंकुशतन्त्रमाथि प्रतिकार गरे । यसैक्रममा अन्य संसदीय दलहरुसँग सहकार्य गरी राजतन्त्रको अन्त्य सम्भव हुन गयो । यसै परिवेशका कारण नेपालबाट कम्युनिस्ट पार्टीको वर्गीय शत्रु राजतन्त्रको अन्त्य भयो ।

उक्त राष्ट्रिय परिवेशमा स्थानीय तहमा कम्युनिस्टहरुको अध्ययन गर्ने क्रममा अर्घाखाँची जिल्लाको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धको प्रभावबारे संक्षिप्त शोधपत्र तयार गरिएको छ ।

## १.२ शोधपत्रको उद्देश्य

यस शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहनेछन्-

१. अर्घाखाँची जिल्लामा कम्युनिस्ट आन्दोलनबारे प्रकाश पार्ने,

२. अर्घाखाँची जिल्लामा नेकपा मसालको भूमिकालाई प्रकाश पार्ने,

३. अर्घाखाँची जिल्लामा माओवादी पार्टीको उद्‌भव र बिस्तारको अध्ययन गर्ने,

४. शसस्त्र द्वन्द्वको क्रममा सर्वसाधारण जनतामा परेको प्रभावको अवलोकन गर्ने ।

## १.३ शोधको सीमा

यस शोधकार्यले सामान्यतया अर्घाखाँची जिल्लाको स्थानीय कम्युनिस्ट आन्दोलन, माओवादी जनयुद्ध र यसले पारेको प्रभावबारे प्रकाश पार्नेछ । यसले अरु जिल्लाको कम्युनिस्ट आन्दोलनको बारेमा विवेचना गरिने छैन । साथै शोधशीर्षक अनुसार जिल्लाको कम्युनिस्ट आन्दोलन र जनयुद्धको प्रभावबारे संक्षिप्त अध्ययनमात्र गरिने छ ।

## १.४ शोधको महत्व/औचित्य

हालसम्म पनि अर्घाखाँचीको कम्युनिस्ट आन्दोलन, माओवादी जनयुद्ध र माओवादी जनयुद्धले पारेको प्रभावको बारेमा कुनै शोध गरिएको छैन र गरिएको भए तापनि ज्यादै सीमित स्तरबाट मात्र गरिएको छ । तर मुलुकको कम्युनिस्ट आन्दोलनलाई पूर्णता प्रदान गर्न, अर्घाखाँचीको कम्युनिस्ट आन्दोलनको महत्वपूर्ण भूमिका रहेकोले यसको क्षेत्रीय इतिहासलेखन निकै नै औचित्यपूर्ण देखिन्छ । यसै

सन्दर्भमा अर्घाखाँचीको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धको प्रभावमाथि प्रकाश पार्नु निकै नै महत्वपूर्ण देखिएको छ ।

## १.५ अनुसन्धान विधि

प्रस्तुत शोधपत्र तयार गर्न निम्न स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ -

१. पुस्तकालय विधि

२. प्रत्यक्ष अवलोकन

३. अन्तर्वार्ता र प्रश्नावली

४. दस्तावेज अध्ययन

५. स्थलगत अध्ययन

## १.६ परिच्छेद विभाजन

यो शोधपत्र निम्न अध्यायमा संरचित गरिनेछ -

१. शोधपरिचय

२. अर्घाखाँची जिल्लामा कम्युनिस्ट आन्दोलनको पृष्ठभूमि

३. अर्घाखाँची जिल्लामा नेपाल कम्युनिस्ट पार्टी मसाल

४. अर्घाखाँची जिल्लामा माओवादी जनयुद्ध

५. अर्घाखाँची जिल्लामा माओवादी जनयुद्ध : प्रभाव र असर

६. उपसंहार

## २. पूर्व साहित्यको समीक्षा

नेपालको कम्युनिस्ट आन्दोलनको स्थानीय तहमा अध्ययन गर्ने क्रममा अर्घाखाँची जिल्लामा कम्युनिस्ट आन्दोलन, माओवादी जनयुद्ध र यसले पारेका प्रभावको

बारेमा अनुसन्धानमूलक विवेचना गरिएको छैन । कथम्कदाचित गरिएको भए तापनि ती पुस्तक, लेख, रचना कम मात्रामा रहेको छ । केन्द्रीयस्तरको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धसम्बन्धी धेरै पुस्तक र स्रोत, सामग्रीसम्बन्धी लेख, रचना पाइए तापनि अर्घाखाँचीको कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धबारे छुट्टै तथ्यगत आधारमा लेखिएका पुस्तक भने पाइँदैन । कतिपय पुस्तकहरू पूर्वाग्राही भएर लेखिएका छन् भने कुनै पुस्तकहरूले यस अनुसन्धानसम्बन्धी थोरै जानकारी बाहेक केही दिन सकेका छैनन् । यससम्बन्धी भएका पूर्वकार्यको समीक्षा गरेर यो शोधपत्रलाई तयार गरिएको छ ।

१. अशोक के. मेहता, *द रोयल नेपाल आर्मी मिटिङ द माओइष्ट च्यालेन्ज* (न्यू दिल्ली : रूप, क. इन एशोसियन वीथ अब्जर्भर रिसर्च फाउण्डेसन) सन् २००५ ।

यस पुस्तकमा सेना र माओवादीको द्वन्दकालको क्रममा भएको अर्घाखाँची आक्रमणको सीमित मात्रामा उल्लेख गरेको छ । सरकारी सेनालाई उच्चस्थानमा राखेर लेखिएको पुस्तक र पेज ८ मा ‘नेपालका राजा साधारण तवरको होइनन्, ऊ भगवानको अवतार हो’ भनेर राजाको ठूलो गुणगान गाइएको छ, । राजाको विरुद्धमा बन्दुक उठाएको माओवादीको बारेमा पूर्वाग्रही ढङ्गबाट लेखिएको भए तापनि थोरै मात्रामा भए पनि यस शोधपत्रलाई आवश्यक पर्ने सेना र माओवादी बीचको अर्घाखाँची भिडन्तको बारेमा जानकारी दिएका छन् । यस स्रोतले अन्य प्रमाणहरूको विश्लेषण गरेर यो शोधपत्र तयार गर्न सहयोग पुऱ्याउने छ ।

२. आदित्य शर्मा, (सम्पा.) *माओवादी माग र मान्यताहरु,* (काठमाडौं : पैरवी प्रकाशन), वि.सं. २०६३ ।

यस पुस्तकको अध्ययनमा तत्कालीन माओवादी जनयुद्धमा किन भयो र सरकारसँग के के मागहरु राखे ? र विभिन्न समयमा भएका वार्ता, सम्झौताहरु सङ्कलित गरिएको पाइन्छ । पुस्तकमा माओवादीका मागहरु, सरकारसँग भएका वार्तासम्बन्धी दस्तावेजहरु समावेश भएतापनि ती मागहरु, वार्ताहरु के र कुन हदसम्म सफल वा असफल भए भन्ने जानकारी पाइँदैन भने अन्य कम्युनिस्टहरुको

आन्दोलनको बारेमा पनि केही उल्लेख भएको पाइँदैन । यस स्रोतले शोधपत्र तयार पार्नको लागि आवश्यक पर्ने केही आधारहरु सिर्जना गरिदिएको छ ।

३. बाबुराम भट्टराई, द नेचर अफ अण्डरडेभलपमेण्ट रिजनल स्ट्रक्चर अफ नेपाल अ मार्क्सिष्ट एनालाइसिस, (दिल्ली : एड्रोइट पब्लिसर्स) सन् २००३ ।

लेखक स्वयम् माओवादीका वरिष्ठ व्यक्तित्व भएको र उनको यस पुस्तक विद्यावारिधि उपाधि प्रयोजनका लागि तयार गरिएको हुनाले यस पुस्तकमा कम्युनिस्ट विचारधारा अनुरूप उत्पादन र उपभोक्ताको बीचको दुरी देखाइएको छ । जहाँबाट सर्वहारा जहिले पनि शोषित र शोषकको जहिले पनि हालीमुहाली रहेको देखाइएको छ । यसरी उत्पादन र उपभोक्ताबीचको सम्बन्ध बराबर बनाउन संसारलाई बदल्नुपर्छ भन्ने मार्क्सको अवधारणा अनुसार संसारलाई परिवर्तन गर्न आह्वान गरेका छन् । यसै दृष्टिकोणबाट लेखकले यस पुस्तकमा नेपालको आर्थिक संरचनाको व्याख्या गर्दै शोधपत्रको निष्कर्षमा नेपाललाई बुझ्नका लागि चाहिने तत्व सम्पत्तिलाई बाह्य र भित्रीस्तरबाट गम्भीरतापूर्वक जान्न र नेपाललाई ती सम्पतीहरू प्राप्त गर्न जनयुद्ध नै अति आवश्यक र वैज्ञानिक भएको बताइएको छ । जनयुद्धको अर्को विकल्प नरहेको गम्भीर भनाइले जनयुद्धले निम्ताउने समस्याहरू त्यसमा हुने अनेकौं आर्थिक क्षतिहरूको कुनै विश्लेषण गरिएको छैन । यसै पुस्तकलाई आधार मान्दै जनयुद्ध सुरु हुन गयो । तर जनयुद्धको मुख्य कारण आर्थिक असमानता हटाउने अर्को कुनै विकल्प खोजी आर्थिक सुधार गर्न सकिन्थ्यो वा सकिँदैनथ्यो, त्यो भनिएको छैन । आर्थिक समानताका लागि गरिएको जनयुद्धले झन् आर्थिक असमानता तर्फ नेपाललाई पुऱ्याउने काम गरेको छ । यो जनयुद्धको क्रममा सो सम्बन्धमा उपलब्धि भयो वा भएन भन्नेबारे यस पुस्तकले उल्लेख गरेको छैन । यो शोध तयार गर्न लागि पुस्तकले केही आधारहरु तयार पारिदिएको छ ।

४.दीपक थापा, (सम्पा.), *अण्डरस्टाण्डिङ्ग द माओइष्ट मुभमेन्ट अफ नेपाल,* (काठमाडौं : मार्टिन चौतारी) सन् २००३ ।

यस पुस्तकमा माओवादी गतिविधिहरुसम्बन्धी विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका दस्तावेज र माओवादी सम्बन्धी स्रोत अभिव्यक्तिहरुका

संकलन गरिएको छ । माओवादी जनयुद्धको विश्लेषण गर्नको लागि यो पुस्तक सहयोगी सामग्री हो ।

५. भीम रावल, *नेपालमा साम्यवादी आन्दोलनको उद्भव र विकास,* (काठमाडौं : पैरवी प्रकाशन), वि.सं. २०४७ ।

प्रस्तुत पुस्तक नेपाल कम्युनिस्ट पार्टीको स्थापनाको पृष्ठभूमिबाट सुरु भई २०४२ सालसम्मको कम्युनिस्ट गतिविधिलाई केन्द्रीय स्तरमा विवेचना गरी लेखिएको छ । यो अनुसन्धानमूलक पुस्तक हो । जसमा नेकपाको केन्द्रीय स्तरको विभाजनलाई स्पष्ट रुपमा उल्लेख गरिएको छ । माओवादी जनयुद्ध सुरु हुनुभन्दा पहिले नै प्रकाशित पुस्तक भएकोले यसमा शोधपत्रको लागि चाहिने कम्युनिस्ट आन्दोलनको पृष्ठभूमिबारे जानकारी पाइन्छ ।

६. मोहनविक्रम सिंह, *चार दशक (भाग २)* (गोरखपुर: विमल शर्मा, जनसाहित्य प्रकाशन), वि.सं. २०४६ ।

सिंहको चार दशक (भाग २) मा नेकपाको इतिहाससँग जोडिएका कैयौं सामग्रीहरु सहितका लेखहरु प्रकाशन गरिएका छन् । उनले केही लेखहरुमा अर्घाखाँचीको सामाजिक परिवेशको बारेमा समेत उल्लेख गरेका छन् । लेखक स्वयं एकीकृत कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्य, नेकपा मसालका महामन्त्री भएकोले सो पुस्तकमा प्रकाशित लेख, रचनाहरु इतिहाससँग मेल खाने आधिकारिताको पुष्टि गर्दछ । माओवादी जनयुद्ध सुरु हुनुभन्दा पहिले नै प्रकाशित पुस्तकमा शोधको लागि आवश्यक केही जानकारी पाइन्छ ।

७. मोहनविक्रम सिंह, *माओवादी कथित जनयुद्ध र रिम* (जनशिक्षा प्रकाशन), वि.सं. २०६० ।

यो पुस्तकमा नेकपा मसालको माओवादी जनयुद्धबारे आलोचनात्मक टिप्पणी, रिम (अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन) सँग नेकपा मसालको दुई लाइनको संघर्षबारे प्रकाश पारिएको छ । रिमद्धारा माओवादी जनयुद्धलाई गरिएको सहयोगलाई कुटनीतिक

भाषामा गलत भएको उल्लेख गरिएको छ । पुस्तकले शोधपत्र लागि केही आधारहरुको सिर्जना गरेको छ ।

८. सुरेन्द्र के.सी., *नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास (भाग १)* (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार), (ते. संस्करण) वि.सं. २०५८ ।

लेखकको यस पुस्तक नेपालमा कम्युनिस्ट पार्टीको विकासक्रम देखि २०१९ सम्मको राजनैतिक गतिवधिलाई प्रस्ट पारेर लेखिएको एक अनुसन्धानमूलक पुस्तक हो । कम्युनिस्ट पार्टीको पृष्ठभूमिबाट नेपालमा २०१९ सम्मको विस्तृत विश्लेषण गरिएको पर्याप्त स्रोतहरूको उपयोग गरी लेखिएकाले यो पुस्तक नेपालको कम्युनिस्ट सम्बन्धी जानकारी राख्ने जोसुकैका लागि अति उपयोगी रहेको छ । नेकपा मध्येको एउटा शसक्त पार्टी नेकपा माओवादीको जन्म हुनुभन्दा निकै अगाडिको मितिसम्म मात्र यो पुस्तक सीमित रहेको छ ।

९. सुरेन्द्र के.सी., *नेपाली कम्युनिस्ट आन्दोलनको विगत र वर्तमान* (काठमाडौं : पैरवी प्रकाशन), वि.सं. २०६४ ।

यस पुस्तकले नेपालमा कम्युनिस्ट पार्टीको उद्‌भव विकास साथै कम्युनिस्ट आन्दोलनको वर्तमान अवस्थासम्म आइपुगेको एक घटक नेकपा माओवादीको जानकारी विस्तृत रूपले दिइएको छ । यो शोध तयार पार्ने आधारस्तम्भ खडा गर्नसक्ने र माओवादीको विस्तृत घटनावली सङ्कलित यो पुस्तक ज्यादै उपयोगी छ । यो पुस्तकले माओवादी सम्बन्धी केन्द्रीयस्तर देखि स्थानीय स्तरसम्मका गतिवधिलाई लिइएका भए पनि यो शोध तयार गर्न स्थानीय स्तरमा नै सुक्षम रूपले दृश्य अवलोकन गर्नुपर्ने हुन्छ । सो जानकारी पाउन विशेष क्षेत्रको स्थलगत अध्ययन गर्नुपर्ने हुनाले यससम्बन्धि सम्पूर्ण जानकारी भने यो पुस्तकले दिन सक्दैन । यो पुस्तकमा दसवर्षको जनयुद्धलाई संक्षिप्त र सुस्पष्ट तरिकाले विश्लेषण गरिएको छ ।

# परिच्छेद-२

# अर्घाखाँची जिल्लामा कम्युनिस्ट आन्दोलनको पृष्ठभूमि

## २.१ जिल्ला परिचय

ऐतिहासिक रूपमा तत्कालीन खस राज्यको पतनसँगै स्थापना भएका वाइसे-चौवीसे राज्यहरूमध्येका चौबीसे राज्यअन्तर्गत पर्ने अर्घा र खाँची मिलाई अर्घाखाँची भएको पाइन्छ । यी दुई राज्यमध्ये खाँची राज्यको भुरेटाकुरे अवस्थामा पनि अर्घा राज्यको भन्दा अन्य राज्यसँगको सम्बन्ध राम्रो भएको पाइन्छ । वि.सं. १७४३ मा पर्वतका राजा मलेबम मल्लले खाँचीका राजा दल शाहकी रानी सुभद्राकी छोरी महल वसन्तासँग विवाह गरेका थिए ।[1]

दल शाहले तनहुँका राजा हम्वीर सेनकी पुहुलावती रानीतर्फकी छोरी कृष्णावलीसँग विवाह गरेका थिए । पहाडैपहाड भएको यो राज्यको दक्षिणमा पर्ने वलिवाङ राज्यको वराकद्वारको व्यापार केन्द्र नै खाँचीको बजार थियो । यस स्थानबाट खाँची, अर्घा, प्युठान, गुल्मी, पाल्पा जाने बाटो थियो । यसकारण पनि खाँचीको सम्बन्ध धेरै राज्यसँग भएको पाइन्छ ।[2]

पर्वतका राजा कृतिबम मल्लको नेतृत्वमा गोरखालीहरूका विरुद्धमा यस क्षेत्रका राज्यहरू पर्वत, गुल्मी, अर्घा, खाँची, मुसीकोट, इस्मा, धुर्कोट र गलकोट मिलाएर एउटा गठबन्धनको निर्माण भएको थियो । नेपालको एकीकरणको क्रममा वि.सं. १८४३ को आश्विन महिनामा जोगनारायण मल्लको नेतृत्वमा आएको गोर्खाली फौजसँग गठबन्धन सेनाको अर्घातोषमा घमासान युद्ध भयो । त्यस युद्धमा गठबन्धन सेनाको हार गोरखालीहरूको विजयपश्चात् वि.सं. १८४३ को आश्विन महिनामा खाँची र अर्घा दुवै नेपाल राज्य गाभिन पुगे ।[3] एकीकरणको सिलसिलामा वि.सं. १८६१ जेष्ठ

---

1 टेक बहादुर श्रेष्ठ, *पर्वत राज्यको ऐतिहासिक रुपरेखा ,* (काठमाडौं, नेपाल र एसियाली अनुसन्धान केन्द्र) वि.सं. २०५३ पृ. ४५ ।

2 *ऐजन ।*

3 कर्ण बहादुर बानीयाँ क्षेत्री, *पाल्पा राज्यको इतिहास,* (काठमाडौं : फुल्चोकी पब्लिकेशन एण्ड डिस्ट्रिब्युसन प्रा.लि., वि.सं. २०६३) पृ. ५४ ।

८ गते अमरसिंह थापाको नेतृत्वमा पाल्पामाथि आक्रमण गरिँदा पाल्पाको पराजय भयो र पाल्पा नेपाल राज्यमा समाहित भयो । पाल्पा राज्यको पतनसँगै यो क्षेत्र नेपालको एक प्रसासनिक एकाईको रुपमा थियो । खाँची र अर्घा पनि यही एकाईअन्तर्गत पर्दथे ।[4]

नेपालको एकीकरणपश्चात् दरबारीया षड्यन्त्र र भारदारी हत्या क्रममा भएको बयालीस सालको पर्वपश्चात् खड्गशम्सेरलाई वीरशम्सेरले आफुमाथि षड्यन्त्र गर्न लागेको आरोप लगाउँदै वि.सं. १९४३ को चैत्रमा श्री ३ पदच्युत र प्रधानमन्त्रीको रोलक्रमबाट हटाई पाल्पाबाट पश्चिममा पर्ने हालको अर्घाखाँचीको ठाडा गएर बस्ने अनुमति खड्ग शम्सेरले पाएका थिए ।[5]

खड्गशम्सेर ठाडा बस्दा दिन काट्नका लागि अनेक पुस्तकको अध्ययन गरेका थिए । जसमध्ये नेपोलियन बोनापार्टको जीवनी पनि थियो । उक्त पुस्तक अध्ययनपश्चात् स्थानीय स्तरबाट सैनिक शक्ति संचय गर्दै गएमा केन्द्रीय सत्ता कब्जा गर्न सकिन्छ भन्ने सोच उनमा आएको थियो । उनी ठाडामा रहँदा कहिले २ कोश तल रहेको पहारिलो ठाउँ रजीयामा र कहिले ४ कोश तल रहेको पत्थरकोटमा बस्ने गरेका र सुरक्षाका लागि दुवै ठाउँमा एक-एक चौकी राखिएको थियो ।[6]

खड्गशम्सेर ठाडामा बस्दा पनि काठमाडौतर्फको गतिविधि र भाई भारदारको बारेमा चासो लिने गरेको पाइन्छ । उनले काठमाडौं आउने मानिससँग आफुलाई कुनकुन भारदार सेनाले के के भन्छन् भनी सोध्ने गर्दथे र मानिसले चापलुसीको रूपमा त्यस्तो रुद्राक्षको माला शीरमा राखेर निसाफ गर्ने मालिक कहाँ भेट्नु भन्छन्भन्दा मखख हुन्थे ।[7] एउटा पश्चिमतर्फको जागीर छाडेको सिपाही, राजा, दरबार र राणाको समग्र गतिविधिलाई एउटा कागतमा उतारी जुत्ताको तलुवामा लुकाएर ल्याई खड्गशमसेरलाई दिने गर्दथ्यो । यसरी ठाडामा रहेर पनि काठमाडौंको समग्र

---

4 भवेश्वर पंगेनी, *'अमर सिंह थापा र पाल्पा विजय', पाल्पा दर्पण,* अंक ३, वि.सं. २०४१ पृ. २४४, ४८ ।

5 काशीनाथ आचार्य दीक्षित, *भएका कुरा* , (काठमाडौं : नरेन्द्रमणि आचार्य दीक्षित), वि.सं. २०३१, पृ. ५७ ।

6 ऐजन पृ.६३ ।

7 ऐजन पृ.७३ ।

गतिविधिको बारेमा खड्गशमसेरले जानकारी लिने गरेको पाईन्छ । वि.स. १९४३ देखि १९४८ सम्म खड्गशमसेर ठाडामा रहँदाको पाँच वर्ष सम्मको समग्र गतिविधिलाई मूल्याङकन गरेपछि वि.स.१९४८ मा उनलाई पाल्पा गौडाको तैनाथवाला बनाईएको पाइन्छ ।[8]

## २.२ शैक्षिक तथा राजनैतिक जागरणमा पाल्पाको प्रभाव

वि.सं १९४८ मा खड्ग शमशेर राणाले पाल्पाको तैनाथवाला पाउँदा कालीदेखि महाकालीसम्म मधेश रुकुम, पहाड, थाक पर्ने खानी, टकसार, तहवील, अदालतका कारिन्दाको रेखदेख गर्ने जङ्गी बन्दोबस्ती अधिकार पाल्पासँग रहेकाले २००७ सालसम्म अर्घाखाँची पाल्पाको प्रशासनिक एकाइ अन्तर्गत रहेको थियो ।[9]

वि.सं. १९४८-४९ सालतिर बनारसमा शिक्षा हासिल गरेर काठमाडौंतर्फ जान लागेका अर्घाखाँची निवासी ढुण्डिराज पोखरेललाई उनको विद्वताको कारण खड्गशमशेरले काठमाडौं जान नदिई पाल्पा राखेका थिए । पाल्पामा आएपछि उनले खड्गशमशेरका छोराछोरीलगायत पाल्पाका अन्य प्रतिष्ठित व्यक्तिका छोरा छोरीहरूलाई संस्कृत शिक्षा दिनुका साथै सर्वसाधारण जनतालाई पनि शिक्षाको महत्वबारे जानकारी गराउन थाले । यसरी पाल्पाको शैक्षिक जागरणमा प्रारम्भिक योगदान दिने व्यक्ति जो अर्घाखाँचीका विद्धान् थिए । यिनैबाट यस क्षेत्रमा शैक्षिक प्रसारणको थालनी भएको मानिन्छ ।[10]

पाल्पाली जनता एवम् पण्डित ढुण्डिराज पाखेरेलको प्रयासबाट तानेसनमा सर्वप्रथम१९७२ मा सरकारी पाठशाला खुल्यो । वि.सं १९७८ सालमा सरकारी पाठशाला हटाइ नेपाली भाषाका माध्यमबाट नेपाली पाठ्यक्रममै आधारित भएर भाषा पाठशाला खुल्यो । यस किसिमको शिक्षा सर्वसधारणलाई दिने परम्पराको विकास भने भइनसकेकोले यसमा सर्वसाधारण जनता पनि शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने

8 ऐजन पृ. ८१ ।

9 तुलसी राम बैद्य र त्रिरत्न मानन्धर, *नेपालको प्रशासनिक इतिहास,* (काठमाडौं : नेपाल र एसियाली अनुन्धान केन्द्र) वि.सं २०५३, पृ. ५५ ।

10 भवेश्वर पंगेनी, *पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन, वि. सं.२००७,* (श्रीमती निमा पंगेनी, मदनपोखरा, पाल्पा) वि.सं. २०४९, पृ १ ।

उद्देश्यले केही उत्साही युवकहरू मिली वि.सं. १९८३ मा तानसेनमा ‘पुस्तक पढ्ने दलान’ नामक एक पुस्तकालय खोले । यसको स्थापनापछि त्यहाँ मानिसहरू आउने-जाने पुस्तक तथा पत्रपत्रिकाहरू पढ्ने, एकैठाउँमा जम्मा भई विचार आदान-प्रदान गर्ने र भाषण गर्ने जस्ता क्रियाकलापहरू हुन थाले, जुन राणाविरोधी मानिन्थ्यो । तत्कालीन पाल्पाका तैनाथवाला जनरल प्रतापशमशेरले उक्त कुराको जानकारी चन्द्रशमशेरलाई गराए । यसको प्रतिउत्तरस्वरूप प्रधानमन्त्री चन्द्रशमशेरले पुस्तकालय बन्द गरी यससँग सम्बन्धित व्यक्तिहरूलाई कारबाही गर्ने आदेश पठाए । उक्त आदेशपछि पुस्तकालयसँग सम्बन्धित व्यक्तिलाई कडा चेतावनी दिएर माफी मगाई पुस्तकालय बन्द गराइयो । यसरी सर्वसाधारण जनतालाई साक्षर एवम् शिक्षित तुल्याउने पवित्र उद्देश्यबाट खोलिएको पुस्तकालय सञ्चालन गर्नबाट वञ्चित हुनुपरेकाले पाल्पाली युवाहरूमा सरकारप्रति नकारात्मक भावना जागृत भयो ।[11]

वि.सं. १९९२ मा पटनाबाट पाल्पा आएका इन्द्रलाल भारतीले अंग्रेजी शिक्षाको अध्यापन गराएपछि पाल्पाली युवाहरूमा पश्चिमी चेतनासँगको प्रारम्भिक पहिचानको प्रक्रिया पनि सुरु भयो । यसरी वि.सं. २००३ सालमा भारतमा अध्ययन गरी घर फर्केका पाल्पाली नौजवानहरू गौरीशङ्कर सैँजु, प्रयागलाल श्रेष्ठ, हिक्मतप्रसाद, डा. लोकेन्द्रमान सिह र जगतबहादुर जोशीलगायत युवाहरूले राणा शासनद्वारा गरिएको हत्या, दमन, अन्याय, अत्याचारका विरुद्ध प्रजातन्त्रको स्थापना गर्ने भावनाका साथ तानसेनको श्रीनगर डाँडामा शारीरिक व्यायाम गर्ने बहानामा राणाविरोधी जागरण ल्याउने उद्देश्यका साथ ‘धवल सङघ’ स्थापना गरे । यस संघमाथि राणाहरूको कुदृष्टि पर्‍यो । राणाहरूको बारम्बार धम्की, प्रहरी आतङ्क, र संघमाथि भएको रोकटोक हुँदाहुँदै पनि संघ ‘धवल पुस्तकालय’मा परिणत भयो ।[12]

यसले पाल्पामा राणाविरोधी राजनैतिक आधारशीला तयार गर्‍यो । यो संघसँग आबद्ध केही युवाहरू मार्क्सवादी राजनीतितर्फ आकर्षित र संलग्न रहेको पाइन्छ । २००४ सालको ‘जयतु संस्कृतम् आन्दोलन’मा कमलराज रेग्मी, एकदेव ज्ञवालीले भाग

---

11 *ऐजन,* पृ. ८ ।

12 *ऐजन,* पृ. १० ।

लिएका थिए भने २००४ सालमै कलकत्तामा बनेको 'प्रगतिशील अध्यायन मण्डल'मा प्रयागलाल श्रेष्ठ सहभागी हुनु र पछि जगतबहादुर जोशी र हिक्मत सिंह आदि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा सङ्गठित हुनाले संघ र पुस्तकालयले राणाविरोधी आन्दोलनका साथै पाल्पामा कम्युनिस्ट आन्दोलनको सुरुवातको निम्ति महत्वपूर्ण आधारसिला तयार पारेको थियो भन्न सकिन्छ ।[13]

## २.३ २००७ सालको आन्दोलनमा पाल्पामा कम्युनिस्ट पार्टीको भूमिका

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना लगत्तै पार्टीका संस्थापक महासचिव पुष्पलालसँग सम्पर्क स्थापित गरी मृगेन्द्रध्वज जोशीको सक्रियतामा चिनियालाल बज्राचार्य र पूर्णमान थैवको एक सेलले पाल्पाली कम्युनिस्ट आन्दोलनको सुरुवात गरी हस्तलिखित पत्रिका प्रकाशन गर्दै कम्युनिस्ट आन्दोलनको पक्षमा जनमत तयार गरी राणाविरोधी भावना जगाउँदै २००७ सालको आन्दोलनमा अग्रणी भूमिका खेलेको थियो ।[14] २००७ साल माघ ३ गते काशीनाथ गौतमको अध्यक्षतामा गठन भएको मन्त्रीमण्डलमा कमलराज रेग्मी र हिक्मत सिंह सहभागि भएकोले २००७ को आन्दोलनमा कम्युनिस्ट पार्टीको महत्वपूर्ण सहभागीता देखाउँछ ।[15]

नेकपाले २००७ सालको आन्दोलन दिल्ली सम्झौतामा टुङ्गाएको विरोधमा राष्ट्रव्यापी रुपमा विरोध प्रदर्शन गऱ्यो ।[16] यसैक्रममा पाल्पाली कम्युनिस्टहरूले पनि 'दिल्ली सम्झौता धोका हो', 'अपवित्र गठबन्धन मूर्दावाद', 'दिल्ली सम्झौता खारेज गर' जस्ता नारा घन्काउँदै सडकमा उत्रेका थिए । तत्कालीन अवस्थामा आन्दोलनलाई अघाडि बढाउन कमलराज रेग्मी, जगतबहादुर जोशी, हिक्मत सिंह, एकदेव ज्ञवाली, चिन्तामणि पोखरेल लगायत युवाहरूको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।[17]

---

13 २०१५ सालको आमनिर्वाचनमा कम्युनिष्ट पार्टीको तर्फबाट पाल्पा क्षेत्र नम्बर ९४ का विजयी उमेदवार कमलराज रेग्मीसँग विं सं. २०६६/६/१४ को अन्तर्वार्ता अनुसार ।

14 *ऐजन ।*

15 पंगेनी, *पूर्ववत्*. पा.टि. नं १०, पृ ६३-६४ ।

16 भीमबहादुर रावल, *नेपालमा साम्यवादी आन्दोलनको उद्‌भव र विकास,* (काठमाडौ : पैरवी प्रकाशन), वि.सं. २०४७, पृ. ३३ ।

17 रेग्मी, *पूर्ववत्,* पा.टि.नं. १३ ।

## २.४ गुल्मी जिल्लामा कम्युनिस्ट आन्दोलन (२००७ - २०१७)

२००७ सालको प्रजातन्त्र पश्चात् केन्द्रीय प्रशासनिक संरचनामा भएको परिवर्तनसँगै पाल्पाबाट बागलुङ र गुल्मी अलग गरिएपछि यसले छुट्टै पहिचान पायो र अर्घाखाँची गुल्मी अन्तर्गत रहयो ।[18] २००७ सालको आन्दोलनमा पाल्पामा महत्वपूर्ण भूमिका निर्वाह गरेका गुल्मी क्षेत्रका कम्युनिस्ट कार्यकर्ताहरु एकदेव ज्ञवाली र चिन्तामणि पोखरेलले २००७ सालको आन्दोलनपछि अर्घाखाँची गुल्मी क्षेत्रमा सङ्गठन निर्माणमा लाग्दा लाग्दै २००८ सालमा कम्युनिस्ट पार्टीमाथि लागेको प्रतिबन्धले कम्युनिस्ट पार्टीको सङ्गठन २०१६ सालसम्म गठन हुन सकेन ।[19]

२०१५ सालको आम निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवार सुवर्ण शमशेर क्षेत्र नं ९१ गुल्मी दक्षिण पश्चिम र क्षेत्र नं ५३ वारा पर्सा दुई निर्वाचन क्षेत्रबाट निर्वाचित भएका थिए । उपनिर्वाचनका लागि एक निर्वाचन क्षेत्रबाट राजीनामा दिने क्रममा क्षेत्र नं ९१ गुल्मीबाट राजीनामा दिए ।[20] रिक्त हुन गएको निर्वाचन क्षेत्रबाट तत्कालीन नेपाली काँग्रेसका कार्यकर्ता खुबीराम आचार्यले टिकट पाउलान् भन्ने आम विश्वास थियो । यसको विपरीत नेपाली काँग्रेसले गुल्मी पूर्वक्षेत्रबाट विजयी उम्मेदवार काशीनाथ गौतमको सिफारिसमा पार्टीका लागि खासै योगदान नदिएका, वनारसमा पढ्दै गरेका उनकै सानीआमाका छोरा पुष्करनाथ पोखरेललाई उम्मेदवारी दियो । यसबाट आफूलाई अन्याय भएको महसुस गर्दै खुबीराम आचार्यले कम्युनिस्ट पार्टी गठनको पहल गरेको भन्ने पाइन्छ ।[21]

## २.५ सङ्गठन निर्माण र चुनावी अभियानमा तीव्रता

गुल्मी-अर्घाखाँची जिल्लामा कम्युनिस्ट पार्टीलाई स्थापित गर्ने उद्देश्यका साथ २०१६ पुस २ गते खुबीराम आचार्यले कम्युनिस्ट भएको घोषणा गरेका थिए ।

---

18 वैद्य/मानन्धर *पूर्ववत्.* पा.टि.नं. ९, पृ. ६२ ।

19 नेकपा अर्घाखाँचीका संस्थापक ८५ वर्षीय खुबीराम आचार्यसँग २०६६/६/१८ को अन्तर्वार्ता अनुसार ।

20 ग्रीष्मबहादुर देवकोटा, *नेपालको राजनितिक दर्पण* (दोस्रो भाग), (काठमाडौं : अर्जुनबहादुर देवकोटा, वि.सं.२०३६), पृ. ७८, ८७) ।

21 आचार्य, पूर्ववत्., पा.टि.नं. १९ ।

निर्वाचनमा उमेदवारी दिनका लागि उनले केन्द्रीय समितिको सिफारिस तथा महासचिवको हस्ताक्षर समेत चाहिने भएकोले सम्पूर्ण व्यवस्था मिलाइदिन अनुरोध गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य पाल्पा क्षेत्र नं ९४ का विजय उमेदवार कमलराज रेग्मीलाई चिठी लेखी आफ्ना भतिजा बच्चूलाई पाल्पा पठाए ।[22] पत्र पाएपछि कमलराज रेग्मीले उम्मेदवार दर्ता गर्दा चाहिने सम्पूर्ण प्रमाणपत्रहरू बनाउने क्रममा अनेक कुटनीति अपनाउनु पऱ्यो । किनकि चुनाव नजिक थियो । पाल्पामा प्याड
थिएन । महासचिव  काठमाडौंमा थिए । स्ट्याम्प थिएन । यी समस्या समाधानका लागि पाल्पा तानसेनमा रहेको अम्बिकाप्रसाद लाकौलाको प्रेसमा गोप्य रुपमा प्याड छपाई स्ट्याम्प पनि त्यही बनाई केन्द्रीय सिफारिस र महासचिवको सही पनि त्यही गरी कमलराज रेग्मी गुल्मी अर्घाखाँची आएका थिए ।[23] कमलराज रेग्मीको आगमनपछि सर्वप्रथम कम्युनिस्ट पार्टीको सङ्गठन निर्माण गर्ने क्रममा २०१६ साल पुस २२ गते एउटा कमिटि गठन भयो । उक्त कमिटिको सचिवमा चिन्तामणि पोखरेल रहे । अन्य सदस्यहरूमा खुबीराम आचार्य, एकदेव ज्ञवाली, डिलाराम भूसाल, जनार्दन भुसाल, टिकाराम आचार्य, भीमलाल आचार्य आदि रहेका थिए । खुबीरामले उम्मेदवारी दिने भएकोले उनलाई पार्टी सचिव बनाइएको थिएन ।[24]

२०१६ पुस २३ गते खुबीराम आचार्यले कम्युनिस्ट पार्टीको तर्फबाट उपनिर्वाचनमा उमेदवारका रुपमा नामङ्कन दर्ता गराएका थिए । व्यवस्थित चुनाव प्रचारप्रसारका निम्ति पार्टीले चुनाव सहयोग समिति गठन गऱ्यो ।[25] कमलराज रेग्मी पार्टी विस्तार चुनाव प्रचारप्रसारका लागि केन्द्रीय समितिको तर्फबाट ३ महिनासम्म गुल्मी-अर्घाखाँचीमा खटिएका थिए ।[26] उक्त चुनावमा कम्युनिस्ट पार्टीले ३०२८ मत

22 *ऐजन ।*
23 रेग्मी, पूर्ववत्., पा.टि.नं. १३ ।
24 आचार्य, पूर्ववत्., पा.टि.नं. १९ ।
25 *ऐजन ।*
26 रेग्मी, *पूर्ववत्.* पा.टि.नं. १३ ।

प्राप्त गरेको थियो ।[27] पराजित भएपछि कप्युनिस्ट पार्टीले चुनावमा धाँधली भएको भनी मुद्दा दर्ता गराएको थियो । २०१७ साल पौष १ गते राजा महेन्द्रको प्रतिक्रियावादी कदमले उक्त मुद्दा सेलाएर गयो ।[28]

## २.६ साङ्गठनिक गतिविधि (२०१७-२०२४)

राजा महेन्द्रको कदमले मुलुकका राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाएपछि पार्टीहरू भूमिगत रुपमा सङ्गठन निर्माण गर्ने अभियानमा लागेको पाइन्छ । कम्युनिस्ट पार्टी पनि भूमिगत रुपमा सङ्गठन निर्माण गर्ने अभियानमा लागेको थियो । यसैक्रममा २०१७ साल पुस १७ गते बी. आर. राईको उपस्थितिमा बसेको कम्युनिस्ट पार्टीको बैठकले जिल्ला कमिटि पुनर्गठन गऱ्यो । पुनर्गठित कमिटिको सचिवमा खुबीराम आचार्य र सदस्यहरूमा चिन्तामणि पोखरेल, एकदेव ज्ञवाली, टिकाराम आचार्य, भूपनारायण आचार्य, भीमलाल आचार्य, लोकनाथ भुसाल, जर्नादन भुसाल रहेका थिए । २०१७ सालमा दरभङ्गामा भएको पार्टीको विस्तारित बैठकमा यस जिल्लाबाट खुबीराम आचार्यले भाग लिएका थिए । २०१९ सालमा नेकपाको तेस्रो महाधिवेशनमा अर्घाखाँची-गुल्मीबाट केशरमणि पोखरेल, विष्णुराज प्रदीपले भाग लिएका थिए ।[29]

२०१८ सालमा नेपालको प्रशासनिक संरचनामा परिवर्तन भई १४ अञ्चल ७५ जिल्लामा विभाजिन गरिँदा गुल्मीबाट अलग भई अर्घाखाँचीले छुट्टै जिल्लाको पहिचान पाएको थियो ।[30] २०२० सालमा चुत्राबेसीमा जनज्योति माध्यमिक विद्यालयको स्थापनापछि त्यहाँबाट कम्युनिस्ट विचार धारा फैलिन ठूलो सहयोग पुग्यो । त्यहाँ पढाउने धेरै शिक्षक कम्युनिस्ट पार्टीप्रति प्रतिबद्ध थिए । २०२१ सालमा प्र.अ.को रुपमा रहेका नेत्रलाल अभागीले साहित्यिक तथा अन्य रचनात्मक कार्यहरूको माध्यमद्वारा कम्युनिस्ट प्रभाव विस्तार गराउन गहकिलो भूमिका निर्वाह गरे । २०२१ सालमै केशरमणि पोखरेलले बलकोट माध्यमिक विद्यालयमा अध्यापन गराउने क्रमसँगै सङ्गठन

27 देवकोटा, *पूर्ववत्.* पा.टि.नं. २०, पृ. ९१ ।

28 आचार्य, *पूर्ववत्.* पा.टि.नं. १९ ।

29 *ऐजन ।*

30 राजाराम सुवेदी, *गुल्मीको ऐतिहासिक झलक,* (तम्घास : किरण पुस्तकालय, वि.सं. २०५५) पृ. ११ ।

निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरे । २०२१ सालसम्म नेकपा गुल्मी-अर्घाखाँची एउटै समितिद्वारा सञ्चालन हुँदै आएको थियो । २०२१ सालमा अलग अलग एरिया कमिटि बने । २०२३ सालमा नेकपा अर्घाखाँचीको जिल्ला कमिटि पुनर्गठन भयो । जसमा विष्णुराज प्रदीप, मोहनलाल आचार्य, गङ्गाधर घिमिरे, कुलानन्द बन्जाडे, बुद्धिबहादुर रायमाझीजस्ता नयाँ युवाहरू नेतृत्वमा समावेश गरिए ।[31]

तेस्रो महाधिवेशनपश्चात् राजा महेन्द्रको पञ्चायत र काँग्रेसलाई हेर्ने सवाल, अन्तर्राष्ट्रिय कम्युनिस्ट पार्टीमा आएको महाविवादले पार्टीका केन्द्रीय नेताहरूमा मतान्तर उत्पन्न गरायो । यस्तो परिस्थितिमा २०२५ सालमा भारतको गोरखपुरमा पुष्पलाल श्रेष्ठले पार्टीको तेस्रो सम्मेलन आयोजना गरे ।[32] त्यस सम्मेलनमा प्रस्तुत भएको नयाँ जनवादी कार्यक्रमले अर्घाखाँची जिल्लाको कम्युनिस्ट आन्दोलनलाई प्रभाव पार्‍यो । केही कार्यकर्ता पुष्पलालको पार्टीमा समाहित भए । यस पार्टीले नेत्र पन्थी सचिव रहने गरी आफ्नो सङ्गठन पुनर्गठन गर्‍यो । अर्घाखाँचीका कम्युनिस्ट पार्टीका कार्यकर्ताहरू पुष्पलाल पक्ष र २०१५ सालमा कम्युनिस्ट पार्टीको केन्द्रीय समितिमा निर्वाचित, अर्घाखाँचीका युवाहरुमा प्रभाव फैलाउन सफल कम्युनिस्ट पार्टीका नेता मोहनविक्रम सिंह पक्ष गरी दुई खेमामा विभाजित भए । दुवै पक्षका आ-आफ्ना पार्टी कमिटी र जनवर्गीय सङ्गठनहरू निर्माण हुन थाले ।[33]

प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको कम्युनिस्ट पार्टीको आन्दोलनको चर्चा गर्ने क्रममा अर्घाखाँचीमा अन्य कम्युनिस्टहरूको पनि सम्मानजनक उपस्थिति रहेको र तिनीहरूको महत्वपूर्ण भूमिका रहँदा रहँदै पनि एकै ठाउँमा सबै चर्चा गर्न त्यति सान्दर्भिक नभएकाले यस अनुच्छेदमा पुष्पलाल हुँदै एमालेको चर्चा गरिएको छ ।

## २.७ नेकपा पुष्पलाल समूहको गतिविधि (२०२५-२०३०)

---

31 बर्रे घटनामा सहभागी, नेकपा एमाले जि.क. सदस्य बुद्धिबहादुर रायमाझीबाट २०६६/६/२३ गतेको अन्तर्वार्ता अनुसार ।

32 सुरेन्द्र के.सी, *नेपाली कम्युनिस्ट आन्दोलनको विगत र वर्तमान* (भाग २), (काठमाडौं : पैरवी प्रकाशन, २०६४) पृ. ८२ ।

33 रायमाझी, *पूर्ववत्,* पा.टि.नं. ३१ ।

## २.७.१ फटाहा विरोधी आन्दोलन

अर्घाखाँचीमा यस पार्टीको संगठन निर्माणसँगै समाजमा सर्वसाधारण, गरिब निमुखा जनतालाई आफ्नो पक्षमा ल्याउने उद्देश्य राखी फटाहा विरोधी आन्दोलनलाई तिव्रता दिइयो । समाजमा गरिब जनतालाई श्रमशोषण गर्ने, चर्को ब्याज लिने, ठेकी समेत लिई उनीहरूको सम्पति जफत गर्दथे । तिनीहरूको विरुद्ध वि.सं. २०२७-२८ सालतिर कारवाहीको अभियान चलायो । यस अभियानको क्रममा केही स्थानीय फटाहाहरूलाई कारबाही भयो ।

यसरी कारवाही पर्नेहरूमा कुरका टिकाप्रसाद भुसाल, झनचौरका जिम्माल पदम बहादुर रायमाझी, चिदिकाका मान बहादुर ज्ञवाली, अर्घा धरमपानीका मान बहादुर र कृष्ण बहादुर, मनवाग गैनीखुट्टाका असारे प्रभु र सिद्धाराका जीवनारायण वेल्वासे थिए । यहाँ उल्लेखित कारवाही केही मात्रामा सफल भएपनि सिद्धाराका जीवनारायण वेल्वासेलाई गरिएको कारवाही सफल हुन सकेन । उनको सरकारको माथिल्लो तहसम्म विशेष पहुँच भएकोले सरकारको सहयोग लिई तत्कालीन अवस्थामा कम्युनिस्टको विरुद्धमा दमनको नीति अपनाए यस घटनापश्चात् यस क्षेत्रमा लामो समयसम्म कम्युनिस्ट पार्टीको सङ्गठन विस्तार हुन सकेन ।[34]

## २.७.२ मूर्तिकाण्ड

नेकपा(पुष्पलाल) अर्घाखाँची आन्दोलनको कार्यक्रमलाई निरन्तरता दिएको अवस्थामा २०२९ साल चैत्र महिनामा अर्घाको मन्दिरबाट मूर्ति हरायो । स्थानीय पुजेरी अर्घाली भुसालहरूले पुष्पलाल समूहका केही कार्यकर्तालाई आरोपित गरी प्रहरी प्रशासनमा उजुरी हाले । तत्कालीन अवस्थामा अर्घाखाँचीका कम्युनिस्ट कार्यकर्ता दुई खेमामा विभाजित थिए ।

मोहनविक्रम समूहका कार्यकर्ताले पुजेरीहरूलाई उकास्ने काम गरे । प्रशासनले पुष्पलाल समूहका दर्जनौं कार्यकर्तालाई गिरफ्तार गर्ने काम गऱ्यो । गिरफ्तार पर्नेहरूमा जनज्योती माध्यामिक विद्यालयका सम्पूर्ण शिक्षकहरू अर्घा गाउँ पञ्चायतका

34 *ऐजन ।*

प्रधानपञ्च पुरुषोत्तम आचार्यलाई पुजेरीले खुकुरीले घाँटी रेट्ने काम समेत गरे । यसै क्रममा ५० भन्दा धेरै पुष्पलाल समूहका कार्यकर्तालाई दुई महिनासम्म थुन्ने काम भयो । अन्त्यमा थैले (२०१६ सालमा राजा महेन्द्रको पूर्वपश्चिम सवारीको क्रममा उनको सम्पूर्ण सुरक्षा बन्दोबस्त मिलाएका व्यक्ति र जुवा खेल्दा पैसाको थैलो नै थाप्ने) थानेदारले दुईवटा कुरा बाहिर ल्यायो ।

(क) प्रतिव्यक्ति एकहजार घुसको रुपमा ल्याउने

वा

(ख) अञ्चल अदालत वुटवलमा तारिख धाउने ।

यी दुईमध्ये दोस्रोलाई रोजी कार्यकर्ता छुट्ने काम गरे । यसरी छुट्ने क्रममा थुप्रै कार्यकर्ता चल-अचल सम्पत्ति बेचेर छुटेका थिए । यसैमध्येका बुद्धिबहादुर रायमाभ्कीले खेत बेचेर पैसा तिरेको पाइन्छ ।

यस क्रममा आन्दोलनकारीमा धेरै अनुभवको कमि देखिन्छ । यस अभियोग लागेका मानिस धेरै शिक्षक थिए । विद्यालय ३ महिनासम्म बन्द भयो । यस्तो परिस्थितिमा व्यापक शैक्षिक हडताल गराएर छुट्ने काम गरेको भए जागिरदार र शिक्षकहरू मर्कामा पर्ने थिएनन् । जरिवानाको रकम तिर्न व्यापारीहरूलाई ठूलो समस्या नपरेपनि जागिरदारहरूलाई उक्त रकम तिर्न लामो समय लाग्यो ।[35]

## २.७.३ किसान र्‍याली-२०३०

नेपाल कम्युनिस्ट पार्टी पुष्पलालले आन्दोलनको दौरानमा किसानहरूको हकहित अधिकारको लागि लड्ने र किसानहरूमा आफ्नो प्रभाव विस्तार गर्ने र स्थानीय प्रशासनलाई दबाव दिने कार्यक्रम थियो । यसै क्रममा लुम्बिनी अञ्चलका ६ वटै जिल्लामा किसान र्‍याली गर्ने कार्यक्रम बमोजिम २०३० साल कार्तिक २९ गतेका दिन अर्घाखाँचीको सदरमुकाम नरपानीमा भ्कण्डै ४००० किसानहरूको उपस्थितिमा

---

35 *ऐजन ।*

विशाल ऱ्यालीको आयोजना भयो । उक्त ऱ्यालीलाई हेमन्त गौतम, शसिधर आचार्य, भक्तिपाण्डे लगायत विभिन्न वक्ताहरूले सम्बोधन गरेका थिए ।

ऱ्यालीको समापनपछि किसानहरू घर फर्कने क्रममा अर्घाखाँची सन्धीखर्कको गच्छे बजारमा जीवराज आश्रित (निलम) र मोहनलाल आचार्यले धन्यवाद ज्ञापन गरेका थिए । उक्त किसान ऱ्याली सफल भएकोले प्रशासन कम्युनिस्ट प्रति ससङ्कित हुन थाल्यो । प्रशासनबाट व्यापक रुपमा दमन, कार्यकर्ताहरूको गिरफ्तारी, वारेन्टले गर्दा थुप्रै कार्यकर्ता नेता भूमिगत रहन वाध्य भए । जसले गर्दा पार्टीको आन्तरिक जीवनमा ठूलो समस्या उत्पन्न भयो । प्रशासनले रातो कभर भएको किताबलाई माओको रेड बुक भनी जफत गर्नै काम गऱ्यो ।[36]

## २.७.४ बर्रे घटना

नेकपा पुष्पलाल लुम्बिनी अञ्चल कमिटीले पार्टीको आर्थिक समस्या हल गर्न, पञ्चायत विरुद्धको संघर्षलाई अगाडी बढाउन, प्रशासन विरुद्ध लड्नको लागि हतियार किन्नको निम्ति कोष खडा गर्ने उद्देश्यले मनीएक्सन गर्ने निर्णय गऱ्यो । उक्त अभियान सफल पार्न गण्डकी अञ्चलबाट समेत गुरील्ला आउने योजना बमोजीम २०३० साल फाल्गुण २८ गतेका दिन नेकपा पुष्पलालले कारवाहीको क्रममा अर्घाखाँची सिद्धारा गाविस को वर्रे निवासी सोभाखर वेल्वासेको घरमा कारवाही गर्ने योजना बनायो । उक्त योजना बमोजीम करिब १७ जनाको टोली केशरमणि पोखेल र देवराज भारको नेतृत्वमा कारवाही स्थल प्रस्थान गऱ्यो । सफल कारबाहीपछि उक्त कारवाही अभियानमा सहभागी शशिधर आचार्यको सुराकीमा प्रशासनले २०३० साल चैत्र १६ गते ढिकुरा गाविस नारायण प्रसाद खनालको घरबाट केशरमणि पोखेललाई र चैत्र १७ गते बुद्धि बहादुर रायमाझीको घरबाट बुद्धीबहादुर रायमाझी, हेमनाथ भुसाल लगायत लिलानाथ ढुङ्गाना, नेत्र ढुङ्गाना, वेदुराम भुसाल, रामचन्द्र पौडेल, प्रभाकृष्ण पौडेल जम्मा ९ जना गिरफ्तार भए । साबिती बयान दिएकाले जेल चलान भए ।[37] एउटा कम्युनिस्ट पार्टीको कार्यकर्ता दीर्घकालीन लक्ष्य प्राप्तिको बाटोमा पुग्नको लागि

---

36 Pनेकपा माओवादी केन्द्रीय सदस्य भक्तिपाण्डे बाट २०६६/६/२८ गते प्राप्त जानकारी अनुसार ।

37 रायमाझी, *पूर्ववत्*. पा.टि.नं. ३१ ।

कार्यनीति तय गर्ने क्रममा कम्युनिस्ट पार्टीको लुम्बिनी अञ्चल ब्युरोको निर्णयअनुसार भएको र कम्युनिस्ट पार्टीको केन्द्रीय समितिद्धारा उक्त घटना आफ्नो पार्टीले नघटाएको वक्तव्य आउँदा, केन्द्रीय समितिले कार्यकर्ताको भावनाको कदर नगरेको कारण डाँका मुद्दामा तम्घास जेल चलानपछि केशरमणिमा कम्युनिस्ट आन्दोलनप्रति वितृष्णा जाग्यो र पलायनको बाटो समाते । उक्त वर्रे संघर्ष नेकपा पुष्पलाल समूहको केन्द्रीय समितिको निर्देशन बमोजिम भएको थिएन । पुष्पलालले केसरमणिको अगुवाइमा भएको घटनालाई कतै केशरमणिले आफूलाई छायाँमा पार्ने पो हुन् कि भन्ने शंकाको दृष्टिले हेर्ने गरेको हुनसक्छ ।[38]

२०३५ सालमा पुष्पलालको मृत्यु पछि पार्टीको नेतृत्व साहनामा गयो । पछि साहना र मनमोहनबीच एकता भयो । केशरमणि जेलमा रहेको भएपनि उक्त पार्टीको उपसचिवमा नियुक्ति गरियो । पछि मनमोहनको विशेष पहलमा २०३७ सालमा केशरमणि जेलबाट छुटे ।[39] केशरमणिले जेलमा रहेका कार्यकर्ता उग्र हुन खोजेको विशेष गरि बुद्धि बहादुर रायमाझी लगायतका कार्यकर्ता माले हुन खोजेको कुरा मनमोहनलाई लगाएपछि अन्य पार्टी कार्यकर्तालाई छुटाउने प्रयास गरेनन् ।[40]

## २.७.५ वर्रेसंघर्षको उद्देश्य

(क) अर्थ संकलन गरी हतियार खरिद गर्ने र राजाको पञ्चायती तानाशाही विरुद्ध शसस्त्र संघर्ष शुरु गर्ने ।

(ख) नेपालमा कम्युनिस्ट पार्टी लगायत सबै दलहरूले राजा महेन्द्रको अगाडी आत्म समर्पण गरिसकेको र बचेका नेता तथा कार्यकर्तालाई तहलगाउन तत्कालीन पञ्चायती प्रधानमन्त्री किर्तिनिधी विष्टले पञ्चायत विरोधीहरूको विरुद्धमा मृत्युघण्टा बजाएको स्थितिमा कम्युनिस्ट पार्टी शसक्त र कृयाशिल छ भन्ने कुरा आम जनतामा सन्देश दिनु थियो ।

---

38 बर्रे घटनामा सहभागी वेदुराम भुसालसँग २०६६/६/२६ गते प्राप्त जानकारी अनुसार ।

39 *ऐजन ।*

40 रायमाझी, *पूर्ववत्.* पा.टि.नं. ३१ ।

(ग) पार्टीको लागि अर्थ संकलन गर्ने ।

यस आन्दोलन सफल भएपनि जिल्लाका अन्य ठाउँमा एक्सन सफल हुन सकेन । यसबाट पार्टीलाई जम्मा २५ हजारको जायजेथा सुन, चाँदी, नेरु,भारु, कब्जा गर्न सफल भयो ।[41]

## २.८ मार्क्सवादी लेनिनवादी पार्टीको गठन र जनमत संग्रह

वर्रे घटना पछिको दमनले पुष्पलालको संगठन विस्तारमा अवरोध उत्पन्न गरायो । धेरै कार्यकर्ता झमेलामा अल्झिन पुगे । झापाकाण्डमा सहभागी कोअर्डिनेसन केन्द्रका नेता, कार्यकर्ताहरुले उक्त घटनामा सहभागी नभएका नेता, कार्यकर्ताहरुलाई समेत सहभागी गराई २०३५ सालमा नेकपा मार्क्सवादी लेनिनवादी पार्टीको स्थापना गरे । अर्घाखाँची जिल्लामा पुष्पलाल समूहका धेरै कार्यकर्ताहरु विगतका कमीकमजोरीप्रति आत्मालोचना गर्दै जेल बाहिर रहेका गुणनिधी भूसाल लगायत केही कार्यकर्ताहरू झापा काण्डपछि गठन भएको कोअर्डिनेसन केन्द्रका नेताहरूसँग सम्पर्कमा रहँदै आएका थिए । यसैक्रममा २०३५ साल पुस ११ गते मोदनाथ प्रश्रितको उपस्थितिमा सम्पन्न भएको एउटा भेलाले मार्क्सवादी लेनिनवादी पार्टीमा समाहित हुने निर्णय गऱ्यो । जेलमा रहेका कार्यकर्ताहरूले पनि नेकपा (चौम) र मालेका दस्तावेजहरू अध्ययन गरि मालेमा समाहित हुने निर्णय गरे । यसपछि नयाँ उत्साहका साथ संगठन विस्तार अभियानको थालनी हुन पुग्यो । धेरै चाखलाग्दो कुरा के छ भने जनमत संग्रहलाई माले केन्द्रले बहिस्कार गरेपनि अर्घाखाँचीमा उक्त संगठनका कार्यकर्ताहरूले बहुदलको पक्षमा प्रचारप्रसार गरेका थिए । फलतः यस जिल्लामा बहुदल अत्याधिक बहुमतले विजय भएको थियो ।[42] २०३९ सालमा भएको पार्टी महाधिवेसनमा पार्टीभित्र उत्पन्न असामान्य स्थितिमा पार्टी स्वतन्त्रता र राजनैतिक स्वतन्त्रता भन्ने महाविवाद उत्पन्न भएको थियो ।[43] अर्घाखाँचीको पार्टी कमिटी र जेलमा रहेका कार्यकर्ताले समेत राजनीतिक स्वतन्त्रताका पक्षमा आफ्नो अभिमत

---

द्धज्ञ *वर्रे संघर्षको समीक्षा,* ने.क.पा. एमाले प्रथम जिल्ला सम्मेलनद्वारा प्रकाशित, २०४८, पृ. २१ ।

द्धद्द नेकपा माले अर्घाखाँचीका संस्थापक नेता गुणनिधी भुसालबाट २०६६/६/२९ गते प्राप्त जानकारी अनुसार ।

द्धघ के.सी., *पूर्ववत्.* पा.टि.नं. ३२, पृ १३० ।

जाहेर गरे । यसैगरि पार्टीका सानातिना कुरा व्यवस्थित हुदै गर्दा १० वर्ष ६ महिनाको जेल जीवनयापन गरि जेलमुक्त हुनासाथ तत्काल पञ्चायत पलायन भएका काशीनाथ गौतमको विशेष रिपोर्ट र निर्देशन बमोजिम जेलमुक्त माले कार्यकर्तालाई पुन पकाउ गरियो । शान्ति सुरक्षा ऐनअन्तर्गत नख्खु जेल चलान गरियो । पुनः १८ महिनासम्म माले कार्यकर्ता जेलमा रहन बाध्य भए ।[44]

## २.९ पञ्चायती चुनाव र सहभागिता-२०४३

नेकपा (माले) केन्द्रीय कमिटीले झापाकालीन उग्र चिन्तनलाई परिमार्जन गर्दै वस्तुवादी कार्यनीति अपनाउन थालेकाले पञ्चायती प्रतिकृयावादी संघ संस्थाहरूमा सहभागी बनेर देश र जनताको हितमा कार्य गर्ने लेनिनवादी नीति अपनायो ।[45] नेकपा (माले) अर्घाखाँचीबाट पनि धेरै कार्यकर्ता पञ्चायती चुनावमा जनपक्षीय उमेदवारको रुपमा सहभागी भएका थिए । उक्त निर्वाचनमा अर्घाखाँचीका चारवटा गाविस मा माले कार्यकर्ता विजय भएका थिए । विजय हुनेमा गणेश गौतम खिदिम, नेत्र बहादुर क्षेत्री सितापुर, नारायण प्रसाद श्रेष्ठ डिबर्ना, चूरामणि भुसाल मरेङ थिए । यसैगरि २०४२ सालको राष्ट्रिय पञ्चायतको चुनावमा छाता चिन्ह लिएर जयप्रकास किसान चुनावी मैदानमा उभिएको भए पनि विजय हुन सकेनन् । तत्कालीन विजयी उमेदवार काशीनाथ गौतमको निधनपश्चात् २०४४ सालमा भएको निर्वाचनमा यस पार्टीले लक्ष्मण रायमाझीलाई उमेदवार बनाएको थियो । पराजय भएपनि सम्मानजनक मतका साथ जनताको विश्वास जित्ने काम भएको थियो । पञ्चायतका विरुद्ध भण्डाफोर अभियान चलायो ।[46]

## २.१० २०४६ सालको जनआन्दोलन

२०४६ साल माघ पहिलो हप्ता गणेशमान सिंहको नेतृत्वमा पञ्चायत विरुद्ध ने.का. र वाममोर्चाको बिच संयुक्त जनआन्दोलन गर्ने सहमति केन्द्रमा भएपछि यस

---

44 रायमाझी, *पूर्ववत्* पा.टि.नं. ३१, ।

45 रावल, *पूर्ववत्* पा.टि.नं. १६, पृ ६७ ।

46 नेकपा एमाले जि.क. सदस्य, नुवाकोट गा.वि.स.का पुर्वअध्यक्ष कृष्ण पौडेलबाट २०६६/७/१ मा प्राप्त जानकारी अनुसार ।

जिल्लामा पनि जिल्ला जन आन्दोलन समन्वय समिति गठन गरियो । यस समितिमा नेकपा मालेको तर्फबाट तीनजना र नेपाली कांग्रेसको तर्फबाट तीनजना प्रतिनिधि रहेको आन्दोलन परिचालन समिति गठन भएको थियो । यसैका माध्यमबाट जिल्लाव्यापी आन्दोलन सुचारु गर्ने कार्यनीति तय गरियो । यस समितिमा निम्न पदाधिकारीहरू थिए ।

१. नेकपा माले - प्रदीप ज्ञवाली

२. नेकपा माले - लक्ष्मण रायमाझी

३. नेकपा माले - पिताम्बर भुसाल

४. नेपाली कांग्रेस - राममणि ज्ञवाली

५. नेपाली कांग्रेस - अनुपकुमार सोल्टी

६. नेपाली कांग्रेस - (प्राप्त नभएको)

यस समितिले सर्वप्रथम पञ्चायतका विरुद्ध एक विज्ञप्ति प्रकाशित गरेको थियो । यस समितिले विज्ञप्तीको माध्यामबाट फागुन ७ गते गरिन लागिएको देशव्यापी रुपमा जनआन्दोलन सफल बनाउन जिल्लाभरि जानकारी दिएको थियो ।

२०४६ साल फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा विरोध जुलुस प्रदर्शन कार्यक्रममा सदरमुकाममा धरपकड सुरु भए । त्यसबेला ने.का. रेवती प्रसाद भूसाल, राममणि ज्ञवाली, गोपाल पन्थी लगायतका कार्यकर्ता र मालेका कार्यकर्ता गुणनिधी भूसाल, लीलानाथ ढुङ्गगाना, गणेश गौतम आदिलाई प्रहरीले गिरफ्तार गऱ्यो । सदरमुकाम बाहिर पनि धरपकड भयो, यसमा टाम बहादुर पाण्डे र कुल बहादुर नेपाली लगायतका आन्दोलनकारीहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो ।[47]

२०४६ सालको जनआन्दोलनमा वाम मोर्चा र ने.का.को जिल्ला जनआन्दोलन समन्वय समितिमा ने.का.का कार्यकर्ताहरू फागुन ७ गतेको आन्दोलनमा गिरफ्तार भएपछि अर्घाखाँचीको २०४६ को जन आन्दोलनमा प्रमुख भूमिका नेकपा मा.ले. ले

[47] gेकपा एमाले जि. क. सदस्य, पूर्व जि.वि.स सभापति, २०४६ सालको संयुक्त जनआन्दोलन परिचालन समिति सदस्य पिताम्बर भूसालबाट २०६६/७/१० मा प्राप्त जानकारी अनुसार ।

लिएको थियो । कतिपय ठाउँमा संयुक्तता देखाउन मा.ले. कार्यकर्ताले कांग्रेसका कार्यकर्ताको उपस्थिति नभएको ठाउँमा चारतारे झण्डा बोकेको र कांग्रेसका कार्यकर्ताले कम्युनिस्ट कार्यकर्ताको उपस्थिति नभएको ठाउँमा हँसिया हथौडा भएको झण्डा बोकेको पाइन्छ । यसै क्रममा चैत्र १० गते जन एकता प्रदर्शनको बेला पार्टी झण्डा गाड्ने कार्यमा सदरमुकाम र गाउँ इलाकाहरूमा यूवा विद्यार्थी नेताहरूकै अग्र नेतृत्व र भूमिका थियो । जिल्लामा २०४६ सालको जन आन्दोलनको नेतृत्व मूलत कम्युनिस्ट पार्टीले गरेको थियो भन्दा अत्यूक्ति हुँदैन ।[48]

पञ्चायत विरुद्धको आन्दोलन चरम सिमामा पुगेको बेला २०४६ साल चैत्र २० गते जिल्लाका विभिन्न ठाउँमा पञ्चायती संविधान जलाउने कार्यक्रम अनुसार संविधान जलाइयो । जिल्लामा आन्दोलनका कार्यक्रम जाहेर गर्ने क्रममा ने.का.का प्रमुख कार्यकर्ता, नेताहरू जेल परेका कारण जिल्लामा कम्युनिस्ट र यसका भातृ संगठनहरू, विद्यार्थी, महिला, युवा सङ्गठन अग्रस्थानमा देखा परेका थिए । यसै दिन आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका अनेरास्ववियूका जिल्ला नेता राम बहादुर चौहानलाई समेत पुलिसले गिरफ्तार गऱ्यो । यसरी नेता कार्यकर्ता जेल चलान भएपछि संयुक्त जन आन्दोलनको नेतृत्व प्रदिप ज्ञवालीले लिनुभयो ।[49]

२०४६ साल चैत्र २८ गते पछि आन्दोलनका विशेष कार्यक्रम गर्ने घोषणा नेकपा मालेको तर्फबाट आन्तरिक सूचना जिल्ला जिल्लामा आएका थिए । तर २६ गते रातीको शाही घोषणाबाट मालेले यस प्रकारको आन्दोलन गर्नु परेको थिएन ।[50] जिल्लामा आन्दोलनले चर्को रुप लिएपछि गिरफ्तार गरिएका नेता-कार्यकर्ता जेलमा नअटेपछि केहीलाई पञ्चायतको समर्थनमा कागज गराएर जेलमुक्त समेत गरिएको थियो । आन्दोलनकारीलाई यातनाका साथ राखियो भन्ने सम्बन्धमा आन्दोलनको क्रममा जेलपरेका तत्कालीन मा.ले. सम्बद्ध विद्यार्थी राम बहादुर चौहानका अनुसार पक्रिएको एक/दुई दिन पुलिसहरूले सामान्य यातना दिएर हिरासतमा लिए । कुनै

48 *ऐजन ।*

49 अखिल नेपाल महिला संघ केन्द्रिय सदस्य, नेकपा एमाले महिला नेतृ पवित्रा पौडेलबाट २०६६/७/२२ प्राप्त जानकारी अनुसार ।

50 अनेरास्ववियु अर्घाखाँचीका पूर्वअध्यक्ष कुलबहादुर नेपालीबाट २०६६/७/२३ प्राप्त जानकारी अनुसार ।

यातना बिनानै थुनामा राखिए । आन्दोलनकारीलाई जेलमा कुनै अमानवीय कार्य भएको थिएन ।[51]

त्यतिबेला कांग्रेस र वामपन्थीहरूले आपसी रिसराग नराखी ऐक्यवद्धताका साथ संघर्ष गरेका थिए । चैत्र २६ गते शाही घोषणा पछि पनि उनीहरूले संयुक्त आम जुलुस जिल्ला सदरमुकाममा संयुक्त रुपमा गरेका थिए । पञ्चायती व्यवस्थाको अन्तपछि जिल्लामा खुसियाली मनाउने क्रममा पुराना केही पञ्चहरूलाई कालोमोसो लगाउने जस्ता क्रियाकलाप गरि आन्दोलनकारीले उत्ताउलोपन देखाएका थिए ।[52]

२०४६ को जनआन्दोलनको सफलतासँगै जिल्लामा जनसभा र ऱ्यालीहरूको माध्यमबाट नेकपा मालेका नेता-कार्यकर्ताहरूले जिल्लाव्यापी रुपमा प्रभाव फैलाउन थाले । जिल्लामा पार्टीलाई सक्रिय बनाउन कार्यकर्ताहरूले प्रत्यक्ष भूमिका खेल्न पुगेका थिए । २०४६ सालको जन आन्दोलनमा सम्पूर्ण वामशक्तिहरू दुई घटकमा एकिकृत भई आन्दोलन गरेका थिए । २०४७ मा संयुक्त वाममोर्चाबाट मा.ले. र माक्सवादीबीच एकता भई नेकपा एमालेमा संगठित भएपछि यस जिल्लामा पनि मार्क्सवादी समूहको प्रभाव नभएका कारण स्वतः माले नै नेकपा एमालेमा परिणत भई संसदीय राजनीति तर्फ लागेपछि जिल्लामा पनि नेकपा एमालेको राजनीति प्रभावकारी रुपमा विस्तार हुन पुग्यो ।[53]

## २.११ २०४७ पछि एमालेको आन्दोलन

नेकपा एमाले सङ्गठन बिस्तार र पार्टीका अन्य गतिविधिलाई अघि बढाउने क्रमसँगै २०४८ साल मंसीर महिनामा नेकपा एमालेले आफ्नो प्रथम अधिवेशन सम्पन्न गऱ्यो र उक्त अधिवेशनले प्रदिप ज्ञवाली सचिव रहेको जिल्ला कमिटी गठन

---

51 अनेरास्ववियु अर्घाखाँचीका पूर्व नेता राम बहादुर चौहानबाट २०६६/७/२३ प्राप्त जानकारी अनुसार ।

52 रायमाझी *पूर्ववत्.* पा.टि. नं. ३१ ।

53 भुसाल, *पूर्ववत्.* पा.टि.नं. ४७ ।

गऱ्यो । यही समितिको माध्यमबाट पार्टी संसदीय राजनीतिको मुलधारमा समेटिन पुग्यो ।[54]

नेकपा एमालेले अर्घाखाँचीबाट २०४८ को आम निर्वाचनमा २ वटा क्षेत्रबाट गुणनिधी भुसाल र मोदनाथ प्रश्रित, २०५१ को मध्यावधि निर्वाचनमा लक्ष्मण रायमाझी र पितम्बर भुसाल उमेदवार भएका थिए, दुवै निर्वाचनमा एमालेका उमेदवार विजय हुन सकेनन् । २०५६ को आम निर्वाचनमा अर्को कम्युनिस्ट घटक राष्ट्रिय जनमोर्चा सँगको तालमेलबाट क्षेत्र नं २ का उमेदवार डिल्लीराज खनाल विजयी भएका थिए । साथै २०४९ सालको स्थानीय निर्वाचनमा नेकपा एमालेले जि.वि.स. मा सफलता हासिल गर्न सकेन, ५४ को स्थानीय निर्वाचनमा रा.ज.मो। सँगको तालमेलबाट जि.वि.स.मा सभापति, उपसभापति र अन्य सदस्यहरूलाई निर्वाचित गर्न सफल भयो । २०५४ मा नेकपा एमाले विभाजित भई माले र एमाले दुई खेमामा विभाजन भएपछि पनि २०५६ को आम निर्वाचनमा एमालेकै उमेदवार विजयी हुनु र विभाजित माले पनि जिल्लाबाट आफ्ना उमेदवारहरू चन्द्रकान्त आचार्य, साबित्रा भुसाललाई खडागरी विजयी हासिल गर्न नसके पनि आफ्नो प्रभावकारी वर्चस्व कायम राख्न सकेको देखिन्छ । यसले गर्दा जिल्लामा नेकपा का विभिन्न घटकहरू नै जिल्लाको राजनीतिमा प्रभावकारी र सक्रिय रहेको पाइन्छ ।[55]

२०५४ मा नेकपा (एमाले) र माले विभाजित भई २०५८ मा पुन एकीकरण हुनपुगेपछि २०५८ पछि नेकपा एमाले र प्रतिगमन विरोधी आन्दोलनमा सहभागी भएपनि जिल्लामा एमालेबाट असन्तुष्ट नेकपा मालेका केही कार्यकर्ता लगायत समर्थकहरू नेकपा माओवादी तर्फ गई जिल्लामा संसदीय आन्दोलनका सट्टा जनयुद्धको माध्यमबाट जाने निर्णय गरी ने.क.पा माओवादीले शुरु गरेको जनयुद्ध तर्फ गएको पाइन्छ । एमालेको पुन एकीकरण पछि माओवादी तर्फ जाने मालेका कार्यकर्ता प्रशस्त

---

54 *ऐजन ।*

55 ने.क.पा.एमाले जि.क. सदस्य, सन्धीखर्क गा.वि.स. पूर्वअध्यक्ष कुलदिप भुसालबाट २०६६/६/२३ गते प्राप्त जानकारी अनुसार ।

भएभने जिल्लामा यस एकीकरण बाट जनयुद्धलाई प्रशस्त सघाउ पुग्न गएको थियो ।[56]

यसैगरि ने.क.पा एमालेले पनि संसदीय राजनीतिमा जिल्लामा विभिन्न आन्दोलनहरूमा सक्रिय रुपमा भाग लियो । एमाले संसदीय प्रणालीमा गएपछि धेरैपटक ने.का. सरकारको प्रतिपक्षमा रहेकाले ने.का. सरकारको विरुद्ध आन्दोलन गरेका थिए । यस अवस्थामा जिल्लामा पनि विभिन्न आन्दोलनहरू जारी राखे । पञ्चायत व्यवस्था अन्त्य पछि एमालेले टनपुर सन्धि, विरोध, कर्मचारी आन्दोलन, कांग्रेसी महङ्गी, भ्रष्टाचार विरोधी लाउडा प्रकरण, धमिजा काण्डको विरोध, दासढुङ्गा हत्याकाण्डको विरोध, विस्तार तथा सुदृढीकरण अभियान, वाङ्लामा महिलामाथि भएको अभद्र व्यवहार, बसिर मियाँ हत्या प्रकरण, प्रतिगमनविरोधी आन्दोलनका कार्यक्रममार्फत जिल्लामा प्रभावकारी आन्दोलनहरू सञ्चालन गर्दै अगाडि बढेका थिए । तर प्रतिगमनबाहेकका आन्दोलनहरू संसदीय प्रणालीमा प्रतिपक्षका रुपमा रहेर विशेषतः ने.का. सरकार विरुद्धमा गरिएका आन्दोलन भएकाले प्रतिपक्षको भूमिका निर्वाह गर्ने आन्दोलनहरू मात्रै थिए भन्न सकिन्छ ।

## २.१२ प्रतिगमन विरोधी आन्दोलन

२०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले जननिर्वाचित देउवा सरकारलाई शाही घोषणाद्वारा अपदस्थ गरि राप्रपाका लोकेन्द्र बहादुर चन्दलाई प्रधानमन्त्री नियुक्ती गरेपछि राजाको संविधान विपरीत स्वेच्छिक कदमको विरोधमा ७ संसदीय दलहरूले प्रतिगमनको संज्ञा दिंदै त्यसको विरोधमा आन्दोलन गर्न थाले । आन्दोलनलाई संयोजन र व्यवस्थापन गर्न शुरुमा नेकपा (एमाले) अर्घाखाँचीले एक्लै पार्टी सचिव चेतनारायण आचार्यको संयोजकत्वमा आन्दोलन परिचालन समिति गठन गरेको थियो । पछि आन्दोलनरत ७ दलमध्ये जिल्लामा रहेका चार राजनैतिक दल नेकपा(एमाले), जनमोर्चा नेपाल, ने.का., ने.का.(प्रजातान्तिक) का जिल्ला स्थित प्रमुखहरू रहेको आन्दोलन संयोजन समिति अर्घाखाँची यसप्रकार गठन गरिएको थियो ।

---

56 ने.क.पा एमालेको तर्फबाट असुरकोट गा.वि.स. पूर्वउपाध्यक्ष तारा वेल्वासेबाट २०६६/६/२५ गते प्राप्त जानकारी अनुसार ।

(१) चेतनारायण आचार्य - नेकपा (एमाले)

(२) सागर के.सी. - जनमोर्चा नेपाल

(३) पिताम्बर भुसाल - सभापति नेपाली काग्रेस

(४) इन्द्र बहादुर क्षेत्री - सभापति नेपाली काग्रेस (प्रजातान्त्रिक)

यसै समितिको मातहतमा रहेर आन्दोलन परिचालन समिति पनि गठन भयो जसमा

नेकपा एमाले – जनार्दन खलाल, रामजी प्रसाद घिमीरे, नरेन्द्र कुमार क्षेत्री, पिताम्बर भुसाल, पवित्रा पौडेल

जनमोर्चा नेपाल – शेरबहादुर वि.सी., पशुपति ढकाल, टेकबहादुर थापा, सिद्धिप्रसाद भट्टराई , सकुन्तला राना

नेपाली काग्रेस – विष्णु मुस्कान, लक्ष्मी श्रेष्ठ, श्रृषव अधिकारी, कृष्ण खनाल, भोज बहादुर बस्नेत

नेपाली काग्रेस (प्रजातान्त्रिक) राम बहादुर राना, बाबुराम पौडेल, नेत्र प्रसाद पौडेल थिए ।

युवा विद्यार्थी संगठनहरूका जिल्ला स्तरीय र अन्य जनसंगठनहरूका अलवा गाउँ तथा क्षेत्र स्तरीय संयुक्त समितिहरू पनि बनाइएका थिए । जिल्लामा यसै समितिको माध्यमबाट प्रतिगमन विरोधी आन्दोलन अगाडि बढाउने कार्यक्रम रह्यो ।[57]

आन्दोलनका कार्यक्रमहरू चरणबद्ध रुपमा सञ्चालन भएका थिए । २०५९ मंसीर देखी २०६० जेठ ९ सम्म पहिलो र दोस्रो चरणको आन्दोलनमा २० मिनेट मौनधारणबाट शुरु भई कालो झण्डा गाड्ने, पुत्ला दहन, मसाल जुलूसहरू गाविस एवं जि.वि.स. घेराउ जस्ता कार्यक्रम संचालन भएका थिए ।[58] यस आन्दोलनका

57 ने.क.पा. एमाले जिल्ला कार्यालयबाट प्राप्त २०६०/१२/३ गतेको माईन्युट अनुसार ।

58 ने.क.पा. एमाले जिल्ला कार्यालयबाट प्राप्त २०६०/१२/१० गतेको माईन्युट अनुसार ।

क्रममा अनेरास्ववियूका केन्द्रीय सदस्य प्रेम नारायण गैरेलाई प्रहरीले गिरफ्तार गरेको थियो ।[59]

२०६० जेठ १० गतेदेखि २०६१ वैशाख सम्म विभिन्न कार्यक्रमहरू, सरकारी तथा संस्थानका गाडी बन्द, मालपोत कार्यालय घेराउ, युवा विद्यार्थीहरूका जिल्ला स्तरीय सभा, महिलाहरूका र्‍याली सभा, जनप्रतिनिधिहरूका जिल्ला स्तरीय र्‍याली, आषाढ १० मा पुत्ला दहन, भित्ते लेखन, व्यानर प्रदर्शन, मसाल जुलूस, राजा विरेन्द्र, ज्ञानेन्द्रका सम्पत्ती सार्वजनिक गर्न हस्ताक्षर अभियान पुस १७-२० प्रतिगामी पुत्ला प्रदर्शन र दहन, पेसागत संघ संगठन, बुद्धिजीविहरूको र्‍याली, जिल्ला परिषद वैठक बहिष्कारको क्रममा प्रहरी हस्तक्षेप, प्रतिगमन विरुद्ध तिजको गित कार्यक्रम, सिठ्ठि जुलूस, घण्टी जुलूस, कालो झण्डा प्रदर्शन आदि कार्यक्रम सम्पन्न भए । फागुन २५ गते जिल्लामा विशाल सभा भयो, सभामा नेकपा एमालेका जिल्ला कमिटी सचिव चेतनारायण आचार्य, रामजी प्रसाद घिमीरे नेपाली काग्रेसका पिताम्बर भुसाल, विष्णु मुस्कान र जनमोर्चा नेपालका सागर के.सी., शेरबहादुर बि.सी. आदिले सम्वोधन गरेका थिए ।[60]

नेकपा एमाले एक्लैले पनि प्रतिगमन विरोधी आन्दोलन गरेको थियो । प्रतिगमन विरुद्धमा घरदैलो कार्यक्रम, शान्ति र प्रजातन्त्रको लागि जन अभियान उक्त अभियानमा जिल्लाका ३२ जना पार्टी सदस्यहरू प्रत्येक गाविस मा पैदल यात्रा गरि आम सभाका कार्यक्रम भएका थिए । २०६० फागुन ३० गते जिल्ला सदरमुकाममा प्रतिगमन विरोधमा विसाल सभा गरेको थियो । २०६१ वैशाख १० गते मसाल जुलूस प्रभावकारी रुपमा सञ्चालन भयो । वैशाख २१ गते जनआन्दोलन शुरु भएको १ वर्षको अवसरमा समेत विरोध सभा गरियो, वैशाख २० गतेको आमहडताल पुर्ण सफल भयो ।[61]

---

छढ अनेरास्ववियु केन्द्रीय सदस्य प्रेम गैरेबाट २०६६/७/२३ गते प्राप्त जानकारी अनुसार ।

टण ने.क.पा. एमाले जिल्ला कार्यालय, *संयुक्त जनआन्दोलन परिचालन समितिद्धारा प्रकाशित प्रतिवेदन*, (२०५९-६३), पृ. ९ ।

टज्ञ ने.क.पा. एमाले जिल्ला कार्यालय अर्घाखाँचीको २०६०/४/११ र २०६१/१/१ गतेको माइन्युट अनुसार ।

राष्ट्रव्यापी रुपमा ७ दलले गरेको प्रतिगमन विरोधी आन्दोलनको गतिविधी तथा नेकपा माओवादीले गरेको जनयुद्धको प्रत्याक्रमण चरण तय गरेपछि राजाले बाध्य भई २०६१ जेठ १८ गतेका दिन देउबा सरकारको पुनस्थापना (पुनर्बाहली) पछि प्रतिगमन आधा सच्चीएको भनी एमाले आन्दोलनबाट पछाडि हट्यो । अन्य पार्टीले आन्दोलन जारी राखे तर उक्त आन्दोलन प्रभावकारी हुन नसकेपनि इमान्दार एमाले, नेता, कार्यकर्तालाई केन्द्रमा पार्टीले गरेको गल्तीका कारण जनता समक्ष लाजमान्न पर्ने स्थिति भएको थियो ।[62] यस्तो भइरहँदा नेकपा एमाले अर्घाखाँची जिल्ला कमिटीले २०६१ साल पौष ९ गते नेकपा एमाले तत्काल सरकारबाट फिर्ता हुनुपर्ने निर्णय गरि पार्टी केन्द्रमा पठाएको थियो ।[63] एमाले भातृ संगठन अनेरास्ववियूले पार्टी सरकारबाट तत्काल फिर्ता हुनका लागि पार्टीले केन्द्रलाई दबाब दिनुपर्ने माग राखी पार्टी कार्यलय अर्घाखाँचीमा ६ दिनसम्म तालाबन्दी समेत गरेको थियो ।[64]

२०६१ साल माघ १९ गते राजाले देउवा सरकारलाई अपदस्थ गरेपछि शाही कदमको विरोधमा नेकपा एमाले पुराना सहयात्री सँगै पुन आन्दोलनमा फर्क्यो । जिल्लामा ४ दलीय संयुक्त जनआन्दोलन जिल्ला मूल संघर्ष समिति अर्घाखाँचीका नामबाट प्रतिगामी शाही सरकारको विरुद्ध नेकपा (एमाले) जि.क. सचिव चेत नारायण आचार्यको संयोजकत्वमा पुनर्गठन भयो । यस कमिटीमा निम्न प्रतिनिधी थिए ।

चेत नारायण आचार्य - नेकपा एमाले

सागर के.सी. - जनमोर्चा नेपाल

पिताम्बर भुसाल - सभापति ने.का.

इन्द्रबहादुर क्षत्री - सभापति ने.का.(प्रजातान्त्रिक)

प्रतिगामी शाही सरकारको कदम विरुद्ध जिल्लामा ४ दलीय कमिटी बनेपछि जिल्लाभरी यसैको माध्यमबाट कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय भयो । यसको

---

62 रायमाझी, *पूर्ववत्.* पा.टि.नं. ३१ ।

63 ने.क.पा. एमाले जिल्ला कार्यालय अर्घाखाँचीको २०६१ साल पौष ८ गतेको माईन्युट अनुसार ।

64 गैरे, *पूर्ववत्.* पा.टि. नं. ५९ ।

पहिलो कार्यक्रम अनुसार फागुन चैत्रभरि पर्चा छाप्ने, शाही सरकार विरुद्ध कालो झण्डा गाड्ने, मसाल जुलुस, पुत्ला दहन, अन्तरक्रिया, भित्तेलेखन, ठाउँठाउँमा छड्के जुलुस, बजार तथा कार्यालयहरू बन्द गरिने कार्यक्रम सम्पन्न भएका थिए ।[65] २०६२ जेठ १६ गते अनेरास्ववियुद्धारा सन्धिखर्कमा निकालिएको सिठी जुलुसमा प्रहरीले हस्तक्षेप गरी व्यापक दमन गर्नुका साथै अनेरास्ववियुका पाँचजना कार्यकर्तालाई गिरफ्तार गऱ्यो ।[66]

२०६२ असारदेखि कार्तिकसम्म राजनीतिक दल जनङ्गठनहरू पेशागत संघ र सङ्गठनहरूका केन्द्रिय कार्यक्रम र जिल्ला तहमा समेत आन्दोलनका कार्यक्रम तय गरी आन्दोलन गरिएको थियो । यसैक्रममा २०६२ साउन-भदौको नेकपा एमालेको केन्द्रीय बैठकले लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो लक्ष्य बनाएपछि आन्दोलनमा थप उर्जा प्राप्त भयो । नेकपा एमालेले आफ्ना छुट्टै नाराहरू जिल्लामा लेख्न थाले । यसमा निरंकुश राजतन्त्र विरुद्ध संविधान सभाको निर्वाचन गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ भन्ने भित्तेलेखन र ब्यानरहरू टाँगिएका थिए ।

२०६२ कार्तिक-मंसिरमा नेकपा एमाले पार्टीले सञ्चालन गरेको लोकतान्त्रिक जागरण अभियान सम्पन्न भयो । यसको निम्ति केन्द्रिय प्रतिनिधिको रुपमा देवी ज्ञवाली खटिएका थिए । २ महिनासम्म जिल्लाका ४२ वटै गाविसमा आमसभा, कोणसभाहरू गरी उक्त अभियान सम्पन्न भएको थियो । २०६२ मंसिर ४ गते पार्टीले बुटवलमा गर्ने जनप्रदर्शनमा भाग लिन सन्धिखर्कबाट जान लागेका दशवटा बसहरू स्थानीय प्रशासनले सन्धिखर्कमा रोकेपछि सन्धिखर्कमा विशाल प्रदर्शन भएको थियो ।[67]

प्रतिगमन विरोधी आन्दोलनलाई शसक्त बनाउने क्रममा २०६२ माघ १३ नेपाल बन्दको कार्यक्रम रहेको थियो । जिल्लामा रहेका चार पार्टीको शसक्त भूमिकाको कारण प्रशासनको व्यापक धरपकड र गिरफ्तारीको बाबजुद जिल्लामा रहेका उद्योगधन्दा, शैक्षिक संस्था, कल-कारखाना, यातायात पूर्णतया ठप्प भएका थिए । २०६२ चैत्र १३

65 *संयुक्त जनआन्दोलन प्रतिवेदन, पूर्ववत्.* पा.टि.नं. ६०, पृ ११ ।

66 गैरे, *पूर्ववत्.* पा.टि. नं. ५९ ।

67 *संयुक्त जनआन्दोलन प्रतिवेदन,* पूर्ववत्. पा.टि.नं. ६०, पृ. १३ ।

गते महंगी विरुद्ध प्लेकार्ड जुलुस प्रदर्शन भयो । चैत्र १९ गते किसान आन्दोलन भयो र चैत्र २३ गते जनआन्दोलन परिचालन समितिको बैठकले २४-२७ गतेसम्मको आमहडतालको कार्यक्रम सम्पन्न गर्नको निम्ति योजना बनाई जनार्दन खनाल, बिष्णु मुस्कान, शेरबहादुर बि.सी. सदस्य रहेको आर्थिक समिति बनायो । चैत्र २४ गते आमहडतालको पहिलो दिन बिहान सात बजेदेखि हजारौंको जनताहरू सहभागी भएको जुलुस बजार परिक्रमा गरी सन्धिखर्क बसिर स्मृति पार्कमा पुगेर सभा गरेको थियो । सभामा चार पार्टीका प्रमुख व्यक्तिहरूले सम्बोधन गरेका थिए । जिल्लाका सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालयहरू, यातायात, उद्योग व्यवसाय, शिक्षण संस्थाहरू बन्द रहे । चैत्र २५ गते जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको कार्यालयको मूल गेटमा धर्ना दिइयो भने यसैदिन जिविसका सभापति र उपसभापतिको कुर्सी जलाइयो । चैत्र २६ गते जनआन्दोलन दिवस सडकमै मनाइएको थियो । चैत्र २७ गते झण्डै दश हजारको संख्यामा जुटेका जनताहरूले नाराजुलुस सहित चुत्राबेसी बजारबाट प्रदर्शन सुरु गरी सम्पूर्ण बजार परिक्रमा गरी सभा गर्न टुँडिखेल जाँदै गर्दा बीचैमा डीएसपीको नेतृत्वमा प्रहरी र सेनाले हस्तक्षेप गरी एकाएक प्रदर्शनकारीमाथि ढुङ्गामुढा, अश्रुग्यास प्रहार र अत्यधिक मात्रामा लाठीचार्ज गरियो । यसबाट एमाले सचिव चेतनारायण आचार्य, जनमोर्चाका सिद्धिप्रसाद भट्टराई, लगायत सयौं आन्दोलनकारी घाइते भएका थिए र केही गिरफ्तार भएका थिए । यस घटनाबाट आक्रोशित आन्दोलनकारी सबै क्षेत्रबाट प्रहरीको घेरा तोडी टुँडिखेलमा प्रवेश गरी गिरफ्तारीको विरुद्ध नाराबाजी गर्दै प्रशासनमाथि दबाव दिएका कारण सोही दिन साँझको मसाल जुलुसमा सहभागी आन्दोलनकारीलाई तर्साउन एकदर्जनभन्दा बढी हवाई फायर गरिएको थियो । चैत्र २८ र २९ गते क्रमिक रुपमा आन्दोलन भए ।[68]

चैत्र ३० गतेबाट भएको आन्दोलनमा पार्टीका जनवर्गीय संगठनहरुको माध्यमबाट आन्दोलनलाई अगाडि बढाइएको थियो । यसैक्रममा चैत ३० गतेकै दिन जिल्लामा रहेका चार राजनीतिक दल सम्बद्ध महिला सङ्गठन, शिक्षक, प्राध्यापक, वन उपभोक्ता महासंघको अगुवाइमा सदरमुकाम सन्धिखर्कमा जनप्रदर्शन भएको थियो ।

---

68 *ऐजन,* पृ. १४ र १५ ।

जनप्रदर्शनपछि सभा भएको थियो । सभालाई विभिन्न वक्ताहरूले सम्बोधन गरेका थिए । चैत्र ३१ गते जिल्लाका चार राजनीतिक विद्यार्थी सङ्गठनको जुलुसमा दुईवटा कुकुरलाई राजारानी बनाई तीनको अभिनन्दन गर्दै बजार परिक्रमा गरियो । बैशाख १ गते आन्दोलनकारीले गणतन्त्रको नारा लगाउँदै नयाँ वर्ष सडकमै मनाए । बैशाख २ गते मानवअधिकारकर्मी, लेखापढी व्यवसायी संघ, बार एसोसिएसन, गैरसरकारी संस्था महासंघ, प्रकाश सचेतन समूह (प्राक) तथा पत्रकारहरूको संयुक्त अगुवाइमा प्रदर्शन भयो र उक्त प्रदर्शन सन्धिखर्कमा पुगेर सभामा परिणत भयो । सभामा हरि खड्का, रामबहादुर चौहान, खेमराज खनाल लगायतले सम्बोधन गरेका थिए ।[69]

वैशाख २ गते बसेको जनआन्दोलन परिचालन समितिको बैठकले वैशाख ३ गते हुने आन्दोलनलाई व्यवस्थित र अनुशासित रुपमा अगाडि बढाउने निर्णय गरेतापनि जनताको व्यापक उपस्थितिमा भएको आन्दोलन दलहरुको नियन्त्रणबाहिर जाँदा यो दिन अरु दिनभन्दा भिन्नै रह्यो । यो इतिहासमा साँच्चिकै नमिठो दिन हुन पुग्यो । यसदिन अर्घाखाँची जिल्लाका सबै ठाउँबाट झण्डै बीस हजार आन्दोलनकारीहरू सहभागी थिए । जुलुस अनियन्त्रित हुँदा आन्दोलनकारी नेताहरूसमेत असुरक्षित हुँदा स्वयंसेवकहरूले नेताहरूलाई अन्यत्र लानुपरेको थियो । जुलुस आउने क्रम निरन्तर रहिरह्यो । तर जुलुस सरासर मञ्चतिर जाने क्रममा कुनै चेतावनीबिना सेना, प्रहरीले घेरा हाल्यो र निहत्था जनतामाथि सेनाले अन्धाधुन्ध चारैतिरबाट गोली बर्सायो । गोली लागी प्रदर्शनकारीहरू घाइते भए । भागदौड गर्दा किचिएर दुईसयभन्दा बढी घाइते भए । गोली लागेकामध्ये चारजनालाई तत्काल भैरहवा पठाइएको थियो । अन्य घाइतेहरूलाई स्थानीय अस्पतालमा उपचार गरिएको थियो । बैशाख ३ गतेको आन्दोलनपछि बैशाख ४ गते प्रशासनले अर्घाखाँची बजारका केही क्षेत्र र टुँडिखेललाई निषेधित क्षेत्र घोषणा गरेकोमा त्यसको विरुद्धमा प्राध्यापक र शिक्षक युनियनको अगुवाइमा प्रदर्शन भयो ।[70]

---

69 *ऐजन,* पृ. १६ र १७ ।

70 *ऐजन,* पृ. १८ ।

बैशाख ५ गतेदेखि आन्दोलनको शैलीमा परिवर्तन गरी बैशाख ५ गते नै संयुक्त जनआन्दोलन परिचालन समितिले प्रतिगमनको विरुद्धमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । यस कार्यक्रमा विभिन्न पेशा, वर्ग, तह र तप्काका गरी २४१ जनाको सहभागिता रहेको थियो । बैशाख ६ गते उद्योग वाणिज्य संघको अगुवाइमा जुलुस प्रहरीको घेरा तोडी निषेधित क्षेत्रमा प्रवेश गरी टुँडिखेलमा पुगेर सभामा परिणत भएको थियो । सभामा उद्योग वाणिज्य संघका सचिव नेत्र भुसाल, निर्माण व्यवसायी संघका अध्यक्ष नारायण खनाल लगायतले बोलेका थिए । बैशाख ७ गते निषेधाज्ञा तोडी टुँडिखेलमा सभा गर्ने क्रममा प्रहरीसँगको झडपमा एमाले सचिव चेतनारायण आचार्य लगायत ने.का. का बिष्णु मुस्कान लगायतका दर्जनौं प्रदर्शनकारी घाइते भएका थिए । बैशाख ८ गते नेपाल लोकसांस्कृतिक संघले राजतन्त्रको विरोधमा निषेधित क्षेत्रमा भजनकीर्तन गरेको थियो । बैशाख ९ गते आन्दोलनकारीहरूले ८ गतेको राजाको सम्बोधनलाई अस्वीकार गर्दै अर्घाखाँचीमा पनि विद्यार्थीहरूले जुलुस प्रदर्शन गरी सभा गरे र चारपार्टीले पनि उक्त कार्यक्रममा ऐक्यवद्धता जनाए । बैशाख १० गते ४ दलका महिला संगठनहरूको अगुवाइमा विशाल प्रदर्शन भयो । प्रदर्शनपछि भएको सभालाई नेकपा एमाले लुम्बिनी अञ्चल सचिव नेत्र पन्थी, महिला नेतृ पवित्रा पौडेल, सकुन्तला राना, कमला खनाल लगायतले सम्बोधन गरेका थिए । बैशाख ११ गते किसानहरूले हलो, जुवा र कोदालो लिएर प्रदर्शन गरे । प्रदर्शनपछि भएको सभालाई किसान नेताहरू पिताम्बर भुसाल, कृष्ण खनाल, सागर के.सी. र इश्वरी खनालले सम्बोधन गरेका थिए ।[71]

बैशाख १२ गते ११ गते रातिको राजाले गरेको सम्बोधनमा संसदको पुनर्बाहाली गरेकोमा यसलाई आन्दोलनको उपलब्धिको रुपमा लिँदै सात दलको मार्गचित्र अनुरुप अगाडि बढ्न पार्टी नेतृत्वलाई दबाव दिँदै र खबरदारी गर्दै बीसौं हजार जनताले प्रदर्शन गरे । प्रदर्शनपछि शहिद बगैंचामा भएको सभामा एमाले जिल्ला सचिव चेतनारायण आचार्य, नेपाली कांग्रेसका जिल्ला सभापति पिताम्बर भुसाल, जनमोर्चा नेपालका जिल्ला अध्यक्ष सागर के.सी. र नेपाली कांग्रेस (प्रजातान्त्रिक) का

71 ऐजन, पृ. १९ ।

बाबुराम पौडेलले सम्बोधन गरेका थिए । यसैदिन शाही कदमको विरुद्धमा जिल्लाका विभिन्न क्षेत्रहरू ठाडा, धारापानी, ढाकावाङ, खिल्जी, अर्घातोस आदी क्षेत्रमा संयुक्त विजयसभाहरू भएका थिए ।[72]

शाही सरकारको विरुद्ध गरिएको आन्दोलनको क्रममा आन्दोलनकारीहरूमाथि प्रहरी र सेनाले हदभन्दा बढी शक्ति प्रयोग गर्दा झण्डै ३०० जना घाइते भएका थिए । (विस्तृत विवरण परिशिष्टमा समावेश गरिएको छ ।) यसरी १९ दिने ७ दलीय आन्दोलन रोकिएपछि जिल्लामा १९ दिने आन्दोलनमा ४ दलको संयुक्त आन्दोलनले शाही सरकारलाई परास्त गर्न वातावरण सिर्जना गरिदियो ।

72 *ऐजन,* पृ. २० ।

## परिच्छेद-३

# अर्घाखाँची जिल्लामा नेपाल कम्युनिस्ट पार्टी (मसाल)

## ३.१ अर्घाखाँची जिल्लामा नेपाल कम्युनिस्ट पार्टी (मसाल) स्थापनाको पृष्ठभूमि

वि.सं. २००६ सालमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीको वि.सं. २०१९ सालमा भएको तेस्रो महाधिवेशनसम्म एकीकृत थियो । तेस्रो महाधिवेशनमा उत्पन्न महाविवादका कारण पार्टीका नेताहरुमा मतान्तर उत्पन्न भयो । पार्टीभित्र मतभेद बढ्दै गई केन्द्र र जिल्लाबीचको सम्पर्क टुट्दै गयो । २०२३ सालसम्ममा पार्टी करिब-करिब पूर्ण विघटनको अवस्थामा पुग्यो ।[1] २०२४ साल भाद्रमा पुष्पलालले पार्टीका बहुमत नेताहरु जेल तथा निर्वासनमा भएका बेला पार्टी छिन्नभिन्न भएको अवस्थामा नेताहरुसँग कुनै प्रकारको सल्लाह, सहमति, उनीहरुलाई जानकारी समेत नगराई केन्द्रीय समिति बनाई बेग्लै पार्टी निर्माणको निम्ति यौटा "कन्भेन्सन"को आयोजना गरे ।[2] २०२५ साल जेठमा भारतको गोरखपुरमा तेस्रो सम्मेलन गरी बेग्लै पार्टी स्थापनाको घोषणा गरे । यसरी कम्युनिस्ट आन्दोलन पहिलोपटक विधिवत् रुपमा विभाजन भयो ।[3]

यस विभाजनले अर्घाखाँचीको कम्युनिस्ट पार्टीमा पनि विभाजन ल्यायो र केही कार्यकर्ता पुष्पलालको पक्षमा लागे भने उनको विचारसँग असहमति राख्ने कार्यकर्ता मोहनविक्रम जेलमुक्त भएपछि केही विचार लिएर आउने प्रतिक्षामा रहे ।[4] २०२८ सालमा मोहनविक्रमको जेलमुक्तिपछि छरिएर रहेका कम्युनिस्टहरुलाई समेटी पार्टी महाधिवेशन गरेर केन्द्रीय कमिटी गठन गर्ने उद्देश्यले २०२८ साल मंसिर २० गते

---

1 सुरेन्द्र के.सी., *नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास* (दोस्रो भाग), (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६०) पृ. ५३, १७७ ।

2 नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहसँग २०६७/१२/५ गते प्राप्त जानकारी अनुसार ।

3 के.सी., *पूर्ववत्.* पा.टि.नं. १, पृ.४९ ।

4 नेकपा अर्घाखाँचीका संस्थापक ८५ वर्षीय खुबीराम आचार्यसँग २०६६/६/१८ मा प्राप्त जानकारीअनुसार ।

मोहनविक्रम सिंह, मनमोहन अधिकारी लगायतका नेताहरु र स्थानीय समितिको संयुक्त प्रयासमा केन्द्रीय न्युक्लियसको गठन भयो ।[5] न्युक्लियसको गठनसँगै अर्घाखाँचीमा पुष्पलालको विचारसँग असहमति राख्ने कार्यकर्ता न्युक्लियसमा समाहित भए र खुबीराम आचार्य सचिव रहेको र अन्य सदस्यहरुमा कुलानन्द बन्जाडे, बिष्णुराज प्रदीप, गंगाधर घिमिरे, रामचन्द्र पोखरेल आदि रहेको न्युक्लियसको अर्घाखाँची जिल्ला कमिटी गठन भयो ।[6]

जिल्लामा पार्टी कमिटी गठन पश्चात् जन वर्गीय संगठनहरूको निर्माणसँगै फटाहा विरोधी आन्दोलन, पञ्चायत विरोधी आन्दोलनमा यस पार्टीले सक्रिय भूमिका खेल्यो । केन्द्रमा न्युक्लियसमा देखिएको अस्थिरताले यस जिल्लामा कुनै असर पारेन । चौथो महाधिवेशन हुनु पहिलेसम्म न्युक्लियसकै नामबाट आफ्ना कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

केन्द्रीय न्युक्लियसको गठनसँगै पार्टीमा मतभेद सुरु भयो । मतभेदको क्रममा केही नेता न्युक्लियससँग अलग रहन थाले । यसैक्रममा मोहनविक्रमको अगुवाइमा २०३१ साल भाद्र ३० गतेदेखि असोज ७ गतेसम्म चौथो महाधिवेशन भयो र यसै महाधिवेशनले पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी चौथो महाधिवेशन राख्यो । यसले देशभर रहेका क्रान्तिकारीहरुलाई मार्क्सवाद, लेनिनवाद, माओ विचारधारामा सङ्गठित गर्ने काम गर्‍यो ।[7]

अर्घाखाँची जिल्लामा न्युक्लियससँग असहमति राख्नेहरुको कुनै प्रभाव नभएकोले पहिलेको न्युक्लियसको जिल्ला कमिटी नै नेकपा चौथो महाधिवेशन कमिटी बन्यो । यस पार्टीले २०३६ सालको आन्दोलनमा महत्वपूर्ण भूमिका निभायो । २०३६ सालको आन्दोलनपछि पार्टीमा दुईलाइनको संघर्ष सुरु भएको पाइन्छ । यौटा निर्मल लामा पक्ष र मोहनविक्रम पक्ष । २०३६ सालपछिको पञ्चायती चुनावमा सहभागी हुने प्रस्तावलाई बहुमतबाट स्वीकृत हुने नदेखेपछि निर्मल लामाले आफ्नो पक्षका केन्द्रिय सदस्यहरुलाई

---

5 सिंह, *पूर्ववत्.* पा.टि.नं. २ ।

6 आचार्य, *पूर्ववत्.* पा.टि.नं. ४ ।

7 के.सी., *पूर्ववत्.* पा.टि.नं. १, पृ.२४३ ।

केन्द्रीय समितिबाट राजीनामा दिन लगाएपछि केन्द्रीय समिति विघटन भयो । बहुमत पक्षले अस्थायी केन्द्रीय समिति गठन गरी २०४० कार्तिकमा गोरखपुरमा पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन गरी दक्षिणपन्थी गुटलाई पार्टीबाट निष्कासन गऱ्यो । त्यही सम्मेलनले पार्टीको नाम नेकपा मसाल राख्यो ।[8]

अर्घाखाँची जिल्लामा निर्मल लामा समूहका कुनै नेता, कार्यकर्ता नभएकोले पुरानो चौमको कमिटी नै नेकपा मसालमा परिणत भयो । २०४० सालमा नेकपा मसाल अर्घाखाँचीको सचिवमा कुलानन्द बन्जाडे रही अन्य सदस्यहरु सन्तबहादुर नेपाली, जङ्गबहादुर थापा, बुद्धि आचार्य आदि नयाँ अनुहार पनि नेतृत्वमा समावेश भए । यस कम्युनिस्ट घटकले अर्घाखाँची जिल्लामा न्युक्लियस, चौम हुँदै मसालको गठन हुंदासम्म अर्घाखाँचीको कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउने क्रममा समाजमा भएका शोषक, सामन्त र फटाहाहरुको विरुद्धमा, शोषित, पिडित र निमुखा गरीबको पक्षमा विभिन्न आन्दोलन गरी सङ्गठन विस्तारको अभियानलाई तीव्रता दिएको थियो ।[9]

## ३.२ अर्घाखाँची जिल्लामा नेकपा चौथो महाधिवेशनको गतिविधि (२०३१-२०४०)

न्युक्लियसको असफलतापछि गठन भएको चौथो महाधिवेशनले अर्घाखाँचीका न्युक्लियसका कार्यकर्तालाई उत्साहित बनायो । अर्घाखाँचीको न्युक्लियसको संगठन चौममा परिणत भयो । चौमको स्पष्ट उद्देश्यको कारणले गर्दा यस जिल्लाका कार्यकर्ताहरु संगठन निर्माण र बिस्तार गर्ने क्रममा विभिन्न गतिविधिहरुमा संलग्न भए । जसले अर्घाखाँचीमा चौमको संगठनलाई पञ्चायती दमनको बाबजुद सर्वसाधारण जनतासम्म पुऱ्यायो । तत्कालीन समयमा चौमले अर्घाखाँची जिल्लामा गरेका गतिविधिहरु निम्न थिए ।

---

8 सिंह, *पूर्ववत्*, पा.टि.नं. २ ।

9 अर्घाखाँची जिल्लाबाट राष्ट्रिय जनमोर्चाको तर्फबाट समानुपातिक सभासद् सन्तबहादुर नेपालीसँग २०६६/५/२२ गते प्राप्त जानकारीअनुसार ।

### ३.२.१ सामाजिक बहिष्कारको आन्दोलन

२०३३ सालमा अर्घाखाँची जिल्लाका तत्कालीन सभापति राम प्रसाद घिमिरे, ढिकुरा गाविस निवासी हरिप्रसाद घिमिरे र मालका कर्मचारीको मिलेमतोमा ढिकुरा गाविस निवासी किसान इन्द्रेलीको ५२ मुरी धान हुने खेत जालसाजी गरी हरिप्रसाद घिमिरेको नाममा पास गरीएको थियो । स्थानीय प्रशासनको सम्पूर्ण शक्तिलाई आफ्नो पक्षमा लिई किसानमाथि ठूलो अन्याय भएको थियो । प्रशासनबाट इन्द्रेलीले न्याय पाउने सम्भावना निकै कम थियो । यस्तो अवस्थामा नेकपा चौथो महाधिवेशन अर्घाखाँचीको सक्रियता र के.स. गंगाधर घिमिरेको पहलमा स्थानीय जनतालाई सचेत गराउँदै हरिप्रसाद घिमिरेलाई सामाजिक बहिष्कार गर्ने निर्णय भयो । उक्त बहिष्कारको आन्दोलन शसक्त तरिकाबाट अगाडि बढ्यो । हरिप्रसाद घिमिरेको छोरीको विवाहमा यस आन्दोलनको महत्वपूर्ण भूमिका रह्यो । उक्त विवाहमा भात पकाउन बोलाएका बाहुनहरू आएनन्, कपडा सिलाउन बोलाएका सुजीहरू आएनन्, निमन्त्रणा गरेका छिमेकीहरू आएनन् । यस्तो अवस्थामा हरिप्रसाद घिमिरेले आफूले जालसाजी गरी जग्गा पास गरेकोमा गल्ती महशुस गर्दै सार्वजनिक रुपमा माफी मागी उक्त जग्गा फिर्ता गर्ने निर्णय गरे । यसरी प्रशासन संयन्त्र, शक्ति, कानुन आफ्नो हातमा लिई समाजका निमुखा, गरीब, किसानमाथि अन्याय गर्ने फटाहा विरुद्धमा गरीएको सामाजिक बहिष्कारको आन्दोलनले  अर्घाखाँचीको कम्युनिस्ट आन्दोलनमा महत्वपूर्ण भूमिका राख्दछ । यस आन्दोलनका योजनाकार गंगाधर घिमिरे पार्टीको कामको सिलसिलामा भारतको आछाम जाने क्रममा झाडा पखाला जस्तो सानो रोगको उपचार गर्ने पैसा नहुँदा अकालमा ज्यान गुमाउनु पर्‍यो ।[10]

### ३.२.२ २०३७ सालको गोलीकाण्ड

२०३७ साल जेष्ठ १० गते नेपालको इतिहासमा पहिलोपटक जनमत संग्रह भएको थियो । जनमत संग्रह गराउनका लागि तत्कालीन पञ्चायती सरकारले सरकारी सुरक्षाकर्मी पर्याप्त नहुने भएकोले केही म्यादी प्रहरी नियुक्ती गर्ने कार्यक्रम बनाएको

---

10 *ऐजन ।*

थियो । अर्घाखाँचीमा म्यादी प्रहरी नियुक्ती गर्दा तत्कालीन पञ्चायती नेता कार्यकर्ताको सिफारिसमा आफ्नो नजिकका मानिस राख्ने काम भयो । यसरी सुरक्षाकर्मीको नियुक्ती गरी चुनाव सहज ढङ्गबाट सम्पन्न हुन नसक्ने हुँदा निष्पक्ष तबरबाट म्यादी प्रहरी नियुक्ती हुनुपर्दछ भन्ने माग राखी सर्वसाधारणबाट म्यादी प्रहरी नियुक्तीको व्यापक विरोध भयो । उक्त विरोध अभियानमा नेकपा चौथो महाधिवेशनले नेतृत्वदायी भूमिका निभायो । चौमको समर्थन पश्चात आन्दोलनले व्यापक रुप लियो । जनता सडकमा उत्रिएर नियुक्तिको विरुद्धमा नारा जुलूस गर्न थाले । पञ्चायती सरकारले सर्वसाधारणको माग पूरा नगरी उल्टै आन्दोलनकारीलाई दबाउन अनेक धरपकड र गोली समेत चलायो । सुरक्षाकर्मीले चलाएको गोली लागी धेरै सर्वसाधारणले ज्यान गुमाउनु पर्‍यो र धेरै अपाङ्ग भए । मर्नेहरूमा मान बहादुर श्रेष्ठ, धन बहादुर कुमाल लगायत थिए । घाइतेहरूमा गणेश नेपाली लगायत थिए । गणेश नेपाली हालसम्म पनि अशक्त अवस्थामा छन् । सरकारबाट उनलाई कुनै क्षतिपूर्ति दिइएको छैन ।

उक्त गोली काण्डको विरोधमा जिल्लाव्यापी रुपमा आन्दोलन भयो । जिल्ला सदरमुकाम सन्धिखर्कमा निस्किएको विरोध र्‍यालीलाई व्यापक सुरक्षाकर्मी परिचालन गरी दबाउने काम सरकारबाट भयो । प्रहरीले राम बहादुर, इश्वरी बञ्जाडे, गुणनिधी भुसाल लगायतका कार्यकर्तालाई जेल चलान गर्‍यो ।[11]

## ३.२.३ चुनाव बहिष्कार आन्दोलन

नेकपा चौथो महाधिवेशनको केन्द्रिय समितीमा पञ्चायती चुनावलाई क्रान्तिकारी उपयोग गर्ने कि बहिष्कार गर्ने विषयमा मतभेद थियो । नेकपा चौम अर्घाखाँचीले पञ्चायती चुनाव सक्रिय बहिष्कार गर्ने निर्णय गरी २०३८ सालको चुनावलाई बहिष्कारको आन्दोलनलाई शसक्त ढङ्गबाट अगाडि वढायो । आन्दोलनको क्रममा सर्वसाधारणलाई भ्रष्ट पञ्चायती सरकारले गरेको चुनावलाई बहिष्कार गरी यस व्यवस्थाको पक्षमा नेपाली जनता छैनन् भन्ने सन्देश दिनुपर्दछ । यस चुनावमा भोट हाल्नु भ्रष्ट पञ्चायती सरकारलाई समर्थन गर्नु हो । यस व्यवस्थाको पक्षमा

11 नेकपा मसालका पोलिटब्युरो सदस्य झलक सिंहसँग २०६६/१०/२३ मा प्राप्त जानकारीअनुसार ।

जनताहरु छैनन् भन्ने सन्देश दिने कुराहरूलाई जनता समक्ष राखी सचेतना अभियान चलाएको थियो ।

सचेतना कार्यक्रमबाट जिल्लामा प्रभाव पर्दै गएको थियो । बहिष्कारको आन्दोलनले धेरै सर्वसाधारणको मन जितेको थियो । यस कार्यक्रमलाई नेकपा (चौम) अर्घाखाँचीका नेता, कार्यकर्ता, शिक्षकहरूले सक्रिय भूमिका निर्वाह गरेका थिए । पञ्चायती सरकारले आन्दोलनलकारीका कार्यक्रम विफल पार्न व्यापक सुरक्षाकर्मी परिचालन गरी धरपकड, गिरफ्तार, यातना र मार्नेसम्मका काम गरेको थियो । सरकारको यस्तो कदमको सामना गर्दै अप्ठ्यारो परिस्थितिमा पनि आन्दोलन शसक्त ढङ्गले अगाडि वढ्यो । २०३८ सालको चुनाव बहिष्कारको आन्दोलनलाई शसक्त ढङ्गबाट अगाडि बढायो । आन्दोलनको क्रममा अर्घाखाँचीका विभिन्न गाविसमा सफलता हासिल भयो । आन्दोलनको प्रभाव पर्ने क्रममा ढाकावाङ गाविस मा जनताले एक भोट पनि हालेनन् । अन्य गाविसमा पनि न्यून मत खसेका थियो ।[12]

## ३.२.४ टंक प्रसाद भुसाल हत्या प्रकरण

२०३८ सालको पञ्चायती चुनावको कार्यक्रमलाई सक्रिय बहिष्कार गर्ने नेकपा (चौम) निर्णय बमोजिम अर्घा गाविसका शिक्षक टंक प्रसाद भुसालले कार्यक्रमको अगुवाई गरेका थिए । यही अभियोग लगाउँदै उनलाई पञ्चायती प्रशासनको निर्देशनमा प्रहरीले घरैबाट गिरफ्तार गऱ्यो । २०३९ साल जेष्ठ २ गते स्थानीय प्रहरी प्रमुख नवराज बहादुर सिंहको प्रत्यक्ष पिटाईबाट उनको हत्या भयो । हत्यापछि उनको शवलाई गायब गराउने काम स्थानीय प्रशासनबाट भयो । यस घटना पश्चात् हत्याको विरोधमा जनताको व्यापक उपस्थिति, दबावका कारण शवलाई जनतासमक्ष बुझाइयो । स्थानीय प्रहरी प्रमुख नवराज बहादुर सिंह फरार भए । प्रमुख जिल्ला अधिकारीबाट जनता समक्ष माफी माग्ने काम भयो ।[13] हत्यामा संलग्न तत्कालीन

---

12 ढाकावाङ गा.वि.स. पूर्वअध्यक्ष शिव खनालसँग २०६६/६/२८ मा प्राप्त जानकारीअनुसार ।

13 आचार्य, *पूर्ववत्.* पा.टि.नं. ४ ।

जिल्ला प्रहरी प्रमुख अवकासप्राप्त नवराज बहादुर सिंहलाई माओवादी जनयुद्धको समयमा पश्चिम नेपालमा सफायाको नाममा हत्या गर्ने काम भयो ।[14]

## ३.२.५ कार्यकर्ताको पञ्चायत प्रवेश

नेकपा (चौम) अर्घाखाँचीको पञ्चायतविरोधी आन्दोलन शसक्त रुपमा अगाडि बढिरहेको र चुनाव बहिष्कारको आन्दोलनले आंशिक रुपमा सफलता हासिल गरेको अवस्थामा पञ्चायती प्रशासनबाट व्यापक दमन, धरपकड, गिरफ्तारी बढ्दै गएकोले पार्टीका केही जिल्ला स्तरीय नेता कार्यकर्ता पञ्चायत पलायन भए । पलायन हुने तत्कालीन नेताहरूमा पिताम्बर रायमाझी, तोक नारायण खनाल, गणेश थापा लगायत थिए । ती व्यक्तिमध्ये पिताम्बर रायमाझी अर्घागाउँ पञ्चायतको चुनावमा प्रधानपञ्चमा निर्वाचित र तोक नारायण ढाकावाङ्ग गाउँ पञ्चायतको उपप्रधानपञ्चमा निर्वाचित भएका थिए । नेकपा चौमको चुनावमा भाग लिने कार्यक्रम थिएन । यी कार्यकर्ताको पञ्चायत पलायनले पार्टीलाई केही धक्का लागेको थियो ।[15]

यसरी २०३१ सालमा गठन भएको नेकपा चौथो महाधिवेशन अर्घाखाँचीले २०४० सम्म शसक्त तरिकाले चलाएको सांगठनिक गतिविधिले स्थानीय फटाहा र पञ्चायती व्यवस्था पक्षमा अर्घाखाँची जिल्लामा जनताहरू छैनन् भन्ने सन्देश दिन सफल भएको थियो । नेकपा चौम अर्घाखाँची पञ्चायती व्यवस्थाको विरुद्धमा अरु नयाँ कार्यक्रमसहित अगाडि बढिरहेको अवस्थामा चौमको केन्द्रिय समितिमा व्यापक मतभेद उत्पन्न भएको थियो । २०४० साल कार्तिक सम्म आईपुग्दा धेरै मुद्दाहरूमा एकरुपता आउन नसक्दा नेकपा चौम दुई खेमामा विभाजित भई मोहन विक्रम समूह र निर्मल लामा समूहमा विभाजित भए । मोहन विक्रम समूहले २०४० साल कार्तिकमा गोरखपुरमा पार्टीको तृतीय सम्मेलन गरी पार्टीको नाम नेकपा (मसाल) राखे ।[16]

---

14 ने.क.पा. माओवादी अर्घाखाँची इन्चार्ज चन्द्र बहादुर खड्कासँग २०६६/८/२२ गते प्राप्त जानकारीअनुसार ।

15 सिंह, *पूर्ववत्.* पा.टि.नं. ११ ।

16 सिंह, *पूर्ववत्.* पा.टि.नं. २ ।

## ३.३ नेकपा मसालमा विभाजन र गतिविधि

अर्घाखाँची जिल्लाको चौम कार्यकर्ता नेकपा (मसाल) मा समाहित भए । पुरानो चौमको जिल्ला कमिटी नै (मसाल) को जिल्ला कमिटीमा परिणत भयो ।[17] नेकपा (मसाल) को तृतिय राष्ट्रिय सम्मेलन भएको एकवर्ष पछि २०४१ मंसिर १ गते देखि १६ सम्म भारतको अयोध्यामा पार्टीको पाचौं महाधिवेशन आयोजना गर्‍यो । उक्त महाधिवेशनमा दुईवटा प्रतिवेदन प्रस्तुत भएका थिए । रण बहादुर थापा (चित्र बहादुर के.सी.) द्वारा प्रस्तुत मध्यपन्थी कमजोरी र किरण (मोहन वैद्य) द्वारा प्रस्तुत गल्तीको ढाकछोप थिए । देशभर र प्रवासबाट गरी जम्मा १०८ जना प्रतिनिधीहरूको सहभागीता रहेको महाधिवेशनमा रण बहादुर थापाद्धारा प्रस्तुत राजनैतिक प्रतिवेदन बहुमतले पारित भएपनि महामन्त्री किरण बनेका थिए ।[18]

अर्घाखाँची जिल्लाबाट यस महाधिवेशनमा ३ जना प्रतिनिधीहरू जंग बहादुर थापा, बुद्धि आचार्य, सन्त बहादुर नेपाली ले भाग लिएका थिए । तिनीहरूमध्ये सन्त बहादुर नेपाली रण बहादुरको पक्षमा, बुद्धि आचार्य किरणको पक्षमा र जंग बहादुर थापा तटस्थ रहेका र पछि रण बहादुरमा समाहित भएका थिए । प्रवासबाट आएका दुई जना प्रतिनिधीहरू डिलाराम आचार्य र विष्णुहरि पौडेल पनि अर्घाखाँचीकै थिए । तिनीमध्ये डिलाराम आचार्य रण बहादुरको पक्षमा विष्णुहरि पौडेल पहिला रण बहादुर र पछि किरण पक्षमा समाहित भए । यसरी महाधिवेशन हलमा अर्घाखाँचीका प्रतिनिधीहरू दुई खेमामा विभाजित भए र यही मनस्थिति लिएर फर्किए ।[19]

नेकपा मसालको उक्त महाधिवेशन हुनुपूर्व नै चारित्रिक कुरालाई उठाएर मोहन विक्रम सिंहलाई पार्टीले कारबाही गरेको थियो । उक्त कारबाही कति समयको लागि गरीएको र कहिले फिर्ता लिने निश्चित गरेको थिएन । जुन उनको राजनीतिक जीवनमाथि गरिन लागेको ठूलो षड्यन्त्र थियो । उक्त महाधिवेशनद्धारा रणबहादुर

---

17 राजमोको तर्फबाट पूर्व जिविस सदस्य जंगबहादुर थापासँग २०६६/८/२६ गते प्राप्त जानकारीअनुसार ।

18 सुरेन्द्र के.सी., *नेपाली कम्युनिस्ट आन्दोलनको विगत र वर्तमान,* (काठमाडौं : पैरवी प्रकाशन, (वि.सं. २०६४), पृ.२२३ ।

19 नेपाली, *पूर्ववत्.* पा.टि.नं. ९ ।

थापाद्धारा प्रस्तुत राजनितिक लाइन पास गरीए पनि महाधिवेशनबाट किरण महामन्त्री भए । किरण पक्षका नेताहरुले महाधिवेशनद्धारा पारित भएका दस्तावेजलाई स्वेच्छाचारी तबरले संशोधन गर्न थाले । श्रीलंकालाई हेर्ने दृष्टिकोण बदले । अल्पमतका साथीहरुलाई नोकरशाही तरिकाले कारबाही गर्न थाले । यहाँसम्म कि महामन्त्री किरणले महाधिवेशनमा गरेका निर्णयलाई बाहिर लान नपाउने निर्देशन समेत दिएका थिए । उक्त कुरा महाधिवेशनले निर्णय गरेको थिएन । निर्णय विपरीत थियो ।[20]

नेकपा (मसाल) को महाधिवेशन पश्चात भएको अर्घाखाँची जिल्लाको जिल्ला अधिवेशनको उद्घाटन महामन्त्रीबाट गर्ने निर्णय भएको थियो । उक्त अधिवेशनको उद्घाटन गर्न अर्घाखाँची आउने क्रममा बाटोमा एकजना सामान्य कार्यकर्ताले महाधिवेशनले के निर्णय गऱ्यो कमरेड भनी प्रश्न गर्दा महामन्त्री किरणले मोहन विक्रमको यौन प्रवृत्तिलाई जनता सम्म लाने निर्णय भएको छ भनि उत्तर दिएको र महामन्त्रीको यस्तो जवाफ अर्घाखाँचीका पार्टी सचिव कूलानन्द बञ्जाडेले ती कार्यकर्ताबाट जानकारी पाए । किरणले उक्त कुरा ती कार्यकर्तासँग भनेको स्वीकारेपछि कूलानन्द बञ्जाडेले सोध्ने क्रममा किरणजी तपाईं पार्टीको महामन्त्री जस्तो व्यक्तिले ती सामान्य कार्यकर्तासँग पार्टीको महाधिवेशनमा निर्णय नभएको कुरा गर्न मिल्छ भनि प्रश्न सोधेपछि केही नबोली अर्को दिन बिहानै अधिवेशनको उद्घाटन नगरी हिँडेका थिए ।

यसरी राजनैतिक प्रतिशेध र वैचारिक मतभिन्नताका कारण व्यक्तिको चरित्र हत्या गर्ने मनशायबाट महामन्त्री जस्तो उच्च व्यक्तिबाट आउनु दुखदायी कुरा थियो । जसबाट महामन्त्री पाचौं राष्ट्रिय महाधिवेशनले गरेका निर्णयलाई इमान्दारीपुर्वक ख्याल नगरी उल्टै नभएको कुरालाई अतिरञ्जित बनाउँदै कार्यकर्तालाई भन्ने गरेकोले नेकपा मसाल अर्घाखाँचीको अधिवेशनले खेद प्रकट गरेको थियो ।[21]

---

20 ने.क.पा. मसालका केन्द्रीय सदस्य संयुक्त राष्ट्रिय जनआन्दोलन २०४६ का सदस्य भैरव रेग्मीसँग २०६७/५/२२ मा प्राप्त जानकारीअनुसार ।

21 नेपाली, *पूर्ववत्.* पा.टि.नं. ९ ।

यसरी नेकपा मसालको केन्द्रिय समितीले पाचौ महाधिवेशनले गरेका निर्णयलाई इमान्दारी साथ पालन नगरेको र बहुमतले स्वेच्छाचारी तबरले संशोधन गर्न थालेको र पार्टी नीतिहरूको रक्षाको लागी भनि २०४२ साल चैत्र २५ देखि २८ सम्म छुट्टै चौथो राष्ट्रिय सम्मेलन गरी पार्टीको नाम नेकपा (मसाल) राख्यो ।[22] अर्घाखाँचीका धेरै नेता कार्यकर्ता यहि (मसाल) मा समाहित भएका थिए ।

नेकपा (मसाल) चौथो राष्ट्रिय सम्मेलन पश्चात् अर्घाखाँची जिल्ला पार्टीले पञ्चायती व्यवस्थाको विरुद्ध शसक्त तरिकाले पार्टीलाई परिचालन गर्ने निर्णय गर्‍यो । अर्घाखाँची जिल्लाका विभिन्न गाउँ पञ्चायतहरुमा जनताहरुलाई पञ्चायतको विरुद्धमा उत्रन आव्हान गर्दै सभा, सम्मेलन, सैद्धान्तिक क्लास, सांस्कृतिक कार्यक्रम आदिको माध्यमबाट पञ्चायतको विरोधमा सचेतना अभियान चलायो ।[23]

## ३.४ अर्घाखाँची जिल्लामा नेकपा मसालका गतिविधि २०४२-२०६३

### ३.४.१ असुरकोट चौकी आक्रमण

पञ्चायत विरोधी आन्दोलनको दौरानमा अर्घाखाँची जिल्लामा पार्टीहरुको गतिविधि बढ्दै गइरहेको थियो । यस्तो अवस्थामा पार्टीहरुका गतिविधिहरुलाई नियन्त्रण गर्न पञ्चायती प्रशासनले अर्घाखाँचीका संवेदनशील ठाउँहरुमा सुरक्षाको नाममा प्रहरी चौकी राखेको थियो । प्रहरी चौकीबाट आन्दोलनकारीका गतिविधिहरुमा रोक लगाउनुको साथै पञ्चायतविरोधी नेता, कार्यकर्ताहरुलाई धरपकडसमेत गर्ने काम भैरहेको थियो । यसैक्रममा अर्घाखाँचीको असुरकोटमा पनि चौकी स्थापना भएको थियो । असुरकोट गाविसमा रहेको चौकी अति संवेदनशील ठाउँमा थियो । यसबाट अर्घाखाँची, प्यूठानसम्मका विभिन्न गतिविधि, नेता, कार्यकर्ताको आवतजावतका लागि निकै अप्ठ्यारो पर्नुका साथै कार्यकर्ताको सुराकी र गिरफ्तारी, धरपकड पनि व्यापक भइरहेको थियो । यसबाट संगठन निर्माण, कार्यकर्ताको सुरक्षा, आवतजावत गर्नको लागि र तत्कालीन पञ्चायत प्रशासनलाई शसक्त धक्का दिने उद्देश्यले नेकपा (मसाल)

---

22 सिंह, *पूर्ववत्,* पा.टि.नं. २ ।

23 रा.ज.मो. अर्घाखाँचीका अध्यक्ष सागर के.सी.सँग २०६६/७/१३ प्राप्त जानकारी अनुसार ।

क्षेत्रीय व्यूरोको निर्णय बमोजिम २०४६ साल पुष २६ गते अर्घाखाँची जिल्लाको असुरकोटमा गा.प. रहेको चौकीमा आक्रमण भयो । सयौंको संख्याका आएका कार्यकर्ताले रातको समयमा चौकी कब्जा गर्न सफल भए । केही प्रहरीहरू भाग्न सफल भएपनि एकजना प्रहरी हवल्दार मरणासन्न हुने गरी घाइते भए । नेकपा मसालका कार्यकर्ताले चौकीमा रहेका हतियार र बन्दोबस्तीका सामानहरू जफत गरी सुरक्षित तवरबाट भाग्न सफल भए ।

आक्रमणको अर्को दिन सुरक्षाकर्मीको व्यापक उपस्थितिमा गाउँका सामान्य जनता, शिक्षक, विद्यार्थी, किसान, मजदुरहरुलाई धरपकड गर्ने काम भयो । कैयौं सर्वसाधारण प्रहरी कार्यलयमा तारिख धाउन थाले । गाउँमा रहेका शिक्षक विद्यार्थीलाई प्रहरीले गिरफ्तार गरे र केहीलाई मुद्दा चलायो । केही स्थानीय कार्यकर्ता विस्थापित भए । बहुदलीय व्यवस्थाको स्थापना भएको वर्षौं दिनसम्म पनि उक्त आक्रमण संलग्न रहेको आरोपमा मुद्दा लगाइएका व्यक्तिहरुको मुद्दा कायमै रह्यो । उक्त मुद्दाको झमेलामा परेका पीडितहरू जनप्रिय मा.वि. असुरकोटका शिक्षक हिमलाल बेल्वासे, नेकपा (मसाल) की महिला कार्यकर्ता सारदा राना, अर्का कार्यकर्ता चेत बहादुर बमरेल थिए ।[24]

## ३.४.२ २०४६ को जनआन्दोलनमा मसालको भूमिका

आन्दोलनको दौरानसँगै २०४६ साल पौष महिनामा नेकपा मसालको बिस्तारित बैठक बस्यो । उक्त बैठकले जनआन्दोलनमा अन्य समूहसँगको कार्यगत एकतालाई खुकुलो पार्ने नीतिगत निर्णय गरे बमोजिम २०४६ सालको संयुक्त जन आन्दोलनमा स्वच्छाचारी शाही हुकुमी शासन विरुद्धको संघर्षमा आफ्नै खुल्ला मोर्चा राष्ट्रिय जनमोर्चाले पहिलो प्राथमिकता संयुक्त राष्ट्रिय जनआन्दोलन पक्षधर वाम घटकहरुसँग

[24] प्रहरी चौकी आक्रमणको अभियोगमा मुद्दा लगाइएका जनप्रिय मा.वि. असुरकोटका पूर्वशिक्षक हिमलाल बेल्वासेसँगको २०६६/७/१५ गते प्राप्त जानकारीअनुसार ।

र यससँग सम्बन्धित आन्दोलनकारी नभएको ठाउँमा अन्य वामघटकसँग तथा कांग्रेससँग पनि कार्यगत एकता गरी आन्दोलनमा सहभागी हुने निर्णय गऱ्यो ।[25]

नेकपा मसालले अर्घाखाँचीमा उक्त मोर्चासँग सम्बन्धित अन्य घटकहरु नभएकोले शुरुमा एक्लै र पछि अर्को वामघटक एमालेसँग सहकार्य गरी आन्दोलनलाई अगाडि बढायो । सन्त बहादुर नेपाली  र प्रदिप ज्ञवालीको नेतृत्वमा आन्दोलन परिचालन भयो । आन्दोलनको कममा जिल्ला व्यापी रुपमा पञ्चायती व्यवस्था र यसका भरौटे मण्डलेहरूको विरुद्धमा आफ्ना कार्यकमहरूलाई शसक्त बनायो । यीबाहेक वाल पेन्टिङ, मसाल जुलूस, जिल्ला बन्द जस्ता कार्यकमहरू गरी पञ्चायतको विरोधमा आन्दोलन गऱ्यो । आन्दोलनको कममा प्रशासनले यस पार्टीका कार्यकर्ताहरूलाई गिरफ्तार गरी यातना सहित थुनामा राखेको थियो । डिलाराम आचार्यलाई प्रहरी प्रशासनले गिरफ्तार गरी चारपाटा मुड्नेजस्तो अमानवीय कार्य गरेको थियो । उनी लगायत अनेरास्ववियु छैठौंका जिल्लास्तरीय कार्यकर्ता प्रेम आचार्यलाई महिनौंसम्म थुनामा राखी यातना दिएका कारण महिनौंसम्म औषधी उपचार गर्नु परेको थियो । अन्य कार्यकर्ताहरु सकुन्तला राना, तिलक राना,  हम्वीर राना, शिक्षक माधव बञ्जाडे लगायतका पचासौं कार्यकर्तालाई थुनामा राखी यातना दिएको थियो । प्रसाशनको यसप्रकारको दमनको बाबजुद आन्दोलन अगाडि बढिरहेको थियो ।[26]

२०४६ साल चैत्र २४ गते संयुक्त राष्ट्रिय आन्दोलन संयोजन समितिको आयोजनामा भएको नेपाल बन्द जिल्लामा नेकपा (मसाल) तथा अन्यपार्टीहरू समेतको सहभागितामा सफल भएको थियो । आन्दोलनको दबावको कारण २०४६ साल चैत्र २६ गते राजा विरेन्द्रले बहुदलीय व्यवस्थाको घोषणा गरे । वाममोर्चा, नेपाली कांग्रेस र राजा बीच त्रिपक्षीय सम्झौता भयो । वाममोर्चा, नेपाली कांग्रेस र राजा बीच भएको त्रिपक्षीय सम्झौतालाई धोकाको संज्ञा दिंदै केन्द्रमा पार्टीले विरोधका कार्यक्रमहरूलाई

---

25 के सी. *पूर्ववत्.* पा.टि.नं. १८, पृ.२२२,२२५ ।

26 अखिल नेपाल महिला संघ केन्द्रीय सदस्य, २०४६ सालको आन्दोलनमा गिरफ्तार भएकी महिला कार्यकर्ता सकुन्तला रानासँग २०६६/७/२३ गतेको जानकारीअनुसार ।

देशव्यापी रुपमा अगाडि बढायो । यसैक्रममा अर्घाखाँची जिल्लामा पनि पार्टीले विरोधका कार्यक्रमहरुलाई शसक्त बनायो ।[27]

### ३.४.३ त्रिपक्षीय सम्झौताको विरोध

२०४६ साल चैत्र २६ गते राति राजाबाट बहुदलीय व्यवस्थाको घोषणा भएको थियो । नेपाली कांग्रेस, संयुक्त वाममोर्चा र राजाबीचको सम्झौताले राजालाई संवैधानिक राजाको रुपमा कायम राख्ने व्यवस्था गरेको थियो । सम्झौता बमोजिम एउटा संविधान सुझाव आयोग बनाएर संविधान बनाउने निर्णय गरे । नेकपा (मसाल) संविधान सुझाव आयोगबाट संविधान निर्माण प्रक्रियाको विरोध गऱ्यो । संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्रलाई संस्थागत गर्नका लागि पनि राजाबाट सार्वभौमसत्ता जनतामा हस्तान्तरण गरीनुपर्दछ । त्यसका लागि संविधानसभाद्धारा संविधान बनाइनुपर्दछ र संवैधानिक सुझाव आयोगबाट बनेको संविधानले सार्वभौमसत्ता जनतामा आउन सक्दैन, सार्वभौमसत्ता जनतामा आउनको लागि संविधानसबाट बनेको संविधानले मात्र पूर्ण अधिकार जनतामा आउँछ । त्यसका लागि संविधानसभा चुनाव हुनुपर्छ भन्ने ठहर नेकपा मसालले गऱ्यो । नेकपा मसाल अर्घाखाँचीले आफ्नो खुल्ला मोर्चा राष्ट्रिय जनमोर्चाको नामबाट जिल्लामा संविधान सभाको चुनावको माग गरीएका प्रचा, भित्तेलेखन, आमसभा, जुलुस, सांस्कृतिक कार्यक्रम गरी त्रिपक्षीय सम्झौताको विरोध गरेको थियो । यस पार्टीको सांस्कृतिक मोर्चा रक्तिम सांस्कृतिक टोलीले गाउँगाउँमा गीतको माध्यमबाट त्रिपक्षीय सम्झौताको विरोध गर्दै बहुदलीय व्यवस्थाको स्वागत र संविधानसभाको चुनावको माग गरेको थियो । जनताको एकता बल, कांग्रेस-वाममोर्चा-राजा सम्झौता धोका हो, पञ्चायतै सलल जस्ता गीतहरु गाएर जनतालाई सचेत गराएका थिए । २०४७ साल कार्तिक २३ गतेको संविधानलाई कालो संविधानको संज्ञा दिंदै यस जिल्लामा मसाल जुलुस, ब्ल्याकआउट गरी आन्दोलनलाई शसक्त बनाएको थियो । पार्टीसँग आन्दोलनलाई निरन्तरता दिएर निष्कर्षमा पुऱ्याउन

---

27 नेपाली, *पूर्ववत्*. पा.टि.नं. ९ ।

सक्ने जनआधार थिएन । आन्दोलनका मागहरु जायज भएको इतिहासले सही ठहर गरेपनि तत्कालीन अवस्थामा आन्दोलन केवल मागका रुपमा रह्यो भन्न सकिन्छ ।[28]

## ३.४.४ चौथी काण्ड (२०४७ साल कार्तिक ९ गते)

नेकपा मसालको भातृ संगठन रक्तिम सांस्कृतिक परिवार अर्घाखाँचीको खिल्जीमा पञ्चायतकालदेखि नै तिहारको चौथीको दिन सांस्कृतिक कार्यक्रम गर्दै पञ्चायतको विरुद्ध शसक्त भूमिका निर्वाह गर्दै आएको थियो । २०४६ साल चैत्र २६ गते त्रिपक्षीय सम्झौता बमोजिम राजाबाट बहुदलीय व्यवस्थाकोघोषणा भएपश्चात् सम्पूर्ण पार्टीहरु खुल्लारुपमा आफ्ना कार्यक्रमहरु लिएर जनतासमक्ष गइरहेका थिए । यसैक्रममा नेकपा मसालले रक्तिम सांस्कृतिक टोलीले आयोजना गरेको कार्यक्रममा मसालका केन्द्रीय प्रतिनिधिहरुले पार्टीको नीति, वर्तमान र भावी कार्यक्रमको बारेमा बोल्ने कार्यक्रम तय गरेको थियो । कार्यक्रममा नेकपा मसालका केन्द्रीय प्रतिनिधिको रुपमा टोप बहादुर रायमाझी, डिलाराम आचार्य, केशरबहादुर गुरुङ र सागर के.सी.ले बोल्ने कार्यक्रम बमोजिम केन्द्रीय प्रतिनिधि टोप बहादुर रायमाझीले सम्बोधन गरिरहेको अवस्थामा कांग्रेसका केही स्थानीय नेताको निर्देशनमा केही कांग्रेसी उच्छृङखल कार्यकर्ताले कार्यक्रममा ढुङ्गामुढा फाल्न थाले तरपनि मसालका प्रतिनिधि रायमाझीले संयमित हुन आग्रह गर्दागर्दै पनि संयमित नभएपछि उनले "हामीलाई बहुला कुकुरले टोक्यो भने हामी कुकुरलाई टोक्न जाँदैनौं तर टोक्न आउने कुकुरलाई तह लगाउने तरिका आफूलाई थाहा छ ।" भनी सम्बोधन गरेका थिए । यसैक्रममा कांग्रेसी कार्यकर्ताबाट भाला, तरबार, ढुङ्गा, खुकुरी आदि प्रयोग गरी कार्यक्रम बिथोल्ने र स्टेजमा आगजनी गर्ने, माईक फोर्ने, कलाकारका गितार, हारमोनियम, मादल फुटाउने, केही सर्वसाधारणलाई पिट्ने जस्ता कार्यले कार्यक्रम बिथोलियो । नेकपा मसालका कार्यकर्ता संयमित भई कार्यक्रमस्थल छाडी आ-आफ्नो घरतर्फ लागे ।[29]

---

28 *ऐजन ।*

29 बेल्वासे, *पूर्ववत्* पा.टि.नं. २४ ।

२०४६ साल कार्तिक १० गते नेकपा मसाल जिल्ला कार्यसमिति अर्घाखाँची र खिल्जी गाविसले संयुक्त वक्तव्य निकाली उक्त घटनाको भर्त्सना गर्दै दोषीमाथि सशक्त कारबाही गर्नुपर्ने निर्णय गरी उक्त दिन कार्यक्रम बिथोल्ने उच्छृङ्खल कांग्रेस कार्यकर्ताहरुलाई कब्जामा लिई उनीहरुलाई निर्देशन दिने कांग्रेस नेताहरुलाई समेत झण्डै पाँच हजार जनताको सामु उपस्थित गराई सार्वजनिक रुपमा माफी मगाई घटनामा भएको क्षति अनुसारको रकम जरिवाना गरी छोड्ने काम गऱ्यो । अर्घाखाँची जिल्लाको खिल्जीको यस घटना र कारबाहीले नेपाली कांग्रेस अर्घाखाँचीलाई मसाल कस्तो शक्ति हो भन्ने राम्रो परिचय गराएको थियो । २०४७ साल साउनमा नेकपा एमालेका महिलाहरुले तीजको गीत गाउने कार्यक्रममा वाङ्ला गाविसमा एमाले समर्थित महिलाहरुलाई अभद्र व्यवहार गरेका कांग्रेस कार्यकर्ता सोही समयमा गरेको नेकपा मसालको कार्यक्रममा हस्तक्षेपभन्दा पनि झुक्नुपरेको थियो । यस घटनाले नेकपा मसालका कार्यकर्ताहरुमा उत्साह थपेको थियो ।[30]

## ३.४.५ कार्यकर्तालाई शारीरिक र सैद्धान्तिक प्रशिक्षण

नेकपा मसाल क्षेत्रीय ब्यूरोको निर्णय अनुसार संगठनलाई जुझारु र मिलिट्यान्ट बनाउने तथा आवश्यक परे प्रतिकारसमेत गर्ने उदेश्यले कार्यकर्ताहरुलाई शारीरिक प्रशिक्षण र सैद्धान्तिक क्लासको आवश्यकता भएको ठहर गरी २०४७ साल मंसिर १ देखि १० गतेसम्म प्युठान र अर्घाखाँचीको बीचमा पर्ने खिल्जी दुरबाङको सानीचौर भन्ने विशाल चौरमा भण्डै चार हजार युवालाई नेकपा मसालका प्रतिनिधिहरु टोप बहादुर रायमाझी, डिलाराम आचार्य, धनबहादुर थापा आदिले शारीरिक प्रशिक्षण दिएका थिए । नेकपा मसालका पोलिटब्युरो सदस्य रामसिंह श्रीस र महामन्त्री मोहन विक्रम सिंहबाट सैद्धान्तिक प्रशिक्षण दिई जिल्लाभरका कार्यकर्तालाई शारीरिक र सैद्धान्तिकरुपमा चुस्त बनाई जिल्लामा संगठन बिस्तार लगायत विभिन्न कार्यक्रममा सहभागी गराइएको थियो । यस कार्यक्रममा हजारौं युवाहरुको उपस्थिति र

---

30 *ऐजन ।*

सहभागिताले अर्घाखाँचीको प्रशासन समेत सशङ्कित भई मसालका कार्यकर्ताहरुलाई शंकाको दृष्टिले हेर्न थालेको थियो ।[31]

## ३.४.६ पार्टी विभाजन र चुनाव बहिष्कारको आन्दोलन-२०४७

संविधानसभाको चुनावको नारालाई मुख्य मुद्दा बनाएर आन्दोलन अघि बढिरहेको अवस्थामा यस पार्टीका मागहरुको सम्बोधन भएन । कांग्रेस, वाममोर्चा र राजाबीच भएको सम्झौता बमोजिम २०४६ साल चैत्र २६ गते राजाको घोषणाले बहुदलीय व्यवस्थाको घोषणा गऱ्यो र नेकपा मसालको तर्फबाट यस सम्झौताको विरोध गरी जनतालाई दिएको धोका भयो । जनताका आधारभूत समस्याहरूको वास्तविक समाधान जनताको गणतन्त्रले मात्र गर्न सक्ने हुँदा पञ्चायती व्यवस्थाको अन्त्य गरी त्यसको ठाउँमा संसदीय व्यवस्था ल्याउनु होइन, जनताको गणतन्त्र स्थापित गर्नु नै नेपाली जनताको ऐतिहासिक माग तथा सहि राजनीतिक विकल्प भएको ठहर गऱ्यो । यही मान्यतालाई आत्मसात गर्दै २०४७ साल कार्तिक २३ गतेको संविधानलाई कालो संविधानको संज्ञा दिई यस संविधानअन्तर्गत रहेर हुने चुनावले जनताको पक्षमा केही गर्न नसक्ने ठहर गऱ्यो ।[32]

२०४७ साल चैत्र महिनामा नेकपा(मसाल) को केन्द्रिय समितिको बैठकमा तत्काल हुन गएको संसदीय चुनावमा भाग लिने कि नलिने भन्ने विषयमा गम्भीर बहस भयो । व्यापक बहस र छलफलपछि यस संविधान जनताको पक्षमा नभएकोले यस परिधिभित्र रहेर हुने चुनावबाट जनताका मागलाई समाधान गर्न नसकिने हुँदा चुनावमा भाग लिनुको औचित्य हुदैन भन्ने ठहर गर्दै बहुमतले संसदीय चुनावको बहिष्कार गर्ने निर्णय गऱ्यो । निर्णय भएको केही दिनपछि अल्पमत पक्षका हरिबोल गजुरेल (सित्तल कुमार) को नेतृत्वमा बाबुराम भट्टराई, सिन्धुनाथ प्याकुरेल र अर्घाखाँचीका युवा नेता टोप बहादुर रायमाझी लगायतले मसालबाट विद्रोह गरी पार्टीको नाम नेकपा मसाल राखी संसदीय चुनावमा भाग लिने निर्णय गरे । यसरी

31 के.सी., *पूर्ववत्.* पा.टि.नं. २३ ।

32 रेग्मी, *पूर्ववत्.* पा.टि.नं. २० ।

पार्टीको विभाजन भयो ।[33] केन्द्रीयस्तरमा पार्टीको विभाजन भएपछि यस जिल्लामा पनि कार्यकर्ताहरू बाबुराम पक्ष र मोहनविक्रम पक्ष गरी दुई खेमामा विभाजित भए ।[34]

नेकपा (मसाल) अर्घाखाँचीका बहुसंख्यक नेता कार्यकर्ता मोहन विक्रमले नेतृत्व गरेको नेकपा(मसाल) मा समाहित भए । पार्टीको निर्णय अनुसार नेकपा (मसाल) तत्काल हुन गइरहेको संसदीय चुनावलाई बहिष्कार गर्नको लागि शसक्त कार्यक्रम जनतामा लैजाने निर्णय गऱ्यो । यस पार्टीले आफ्नो खुल्ला मोर्चा राष्ट्रिय जनमोर्चाको नामबाट भित्तेलेखन, ब्यानर, प्रदर्शन, मसाल जुलूस, सैद्धान्तिक क्लास, विरोधसभा आदि गरी नयाँ जनवादी क्रान्तिको प्रचारात्मक आन्दोलनको तयारीको लागि संसदीय चुनावलाई बहिष्कार गरौं भन्ने मुख्य नारालाई अगाडि सारी बहिष्कारको पक्षमा लाग्न जनतालाई आह्वान गरेको थियो ।[35] यस पार्टीको भातृ संगठन रक्तिम सांस्कृतिक टोलीले जिल्लाका प्रत्येक गाविस मा सांस्कृतिक कार्यक्रम गरी बहिष्कारको पक्षमा लाग्न जनतालाई आह्वान गरेको थियो । प्रत्येक गाविस लाई सम्बोधन गर्ने गित गाएर जनतालाई आफ्नो कार्यक्रममा आकर्षित गरेको थियो ।[36] यस पार्टीले गीतको क्रममा धारापानी, अर्घा र आपरखोला भोट नदिए हामीलाई केहोला, खिल्जी र असुरकोट भोट माग्न आउनेलाई दिनुहोला चोट जस्ता गीत गाउँदा जनतामा डर-त्रास समेत फैलिएको थियो ।[37]

नेकपा (मसाल) अर्घाखाँचीको बहिष्कारको कार्यक्रमलाई  जिल्ला व्यापी रुपमा शसक्त रुपमा सञ्चालन गरेको थियो । यस्तो अवस्थामा चुनावलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्नको लागि तत्कालीन सरकारले अर्घाखाँची जिल्लाका पश्चिमी क्षेत्रमा सेना परिचालन गऱ्यो । सेना परिचालनसँगै नेकपा मसालका कार्यकर्ताको गिरफ्तारी, धरपकड आदि भयो । त्यसका बावजुद मसालले बहिष्कारको कार्यक्रम अन्तिमसम्म

---

33 *ऐजन ।*

34 के.सी., *पूर्ववत्* पा.टि.नं. २३ ।

35 *ऐजन ।*

36 रक्तिम सांस्कृतिक परिवार अर्घाखाँचीका नेता डिल बहादुर भण्डारीसँग २०६६/७/२६ गते प्राप्त जानकारीअनुसार ।

37 जनप्रिय मा.वि. असुरकोटका शिक्षक कविराम बञ्जाडेसँग २०६६/५/१२ गते प्राप्त जानकारीअनुसार ।

जारी राख्यो । चुनावको दिन आफ्ना कार्यकर्तालाई जिल्लाव्यापी रुपमा परिचालन गऱ्यो । धारापानीमा मसालका दर्जनौ कार्यकर्तालाई सेनाले आफ्नो कब्जामा लिई यातना  दिने काम गऱ्यो, जसमा डिल प्रसाद श्रेष्ठ, लाल बहादुर थापा, मोहन श्रेष्ठ, कृष्ण बेल्वासेलाई बैशाखको चर्को घाममा हात खुट्टा एकै ठाउँ बाधेर सडकमा पल्टाई दियो । हजारौं जनताको विरोध र दबाबका कारण चुनाव समापनको समयपछि ती व्यक्तिहरूलाई सुरक्षाकर्मीबाट छुटाउने काम भएको थियो ।[38]

अर्घाखाँची खिल्जी असुरकोटको सिमानामा पर्ने प्यूठानको दाङवाङमा चुनावी बुथ कब्जा गरी सुरक्षाकर्मीलाई हात बाधीँ मतपेटीका जफत गरेको समाचारपछि अर्घाखाँचीका पश्चिम गाविसमा सेनाका गाडीहरूले व्यापक गस्ती शुरु गर्दा त्यहाँको वातावरण सशस्त्र युद्ध भइरहेको जस्तो देखिन्थ्यो । चुनावमा यस जिल्लाका केही गाविसमा जनताले भोट नहाली चुनाव गराउने कर्मचारी र सुरक्षाकर्मीले मात्र भोट खसालेका थिए । ढाकावाङ, धारापानी गाविसमा भएको चुनावमा १०० भोट नपर्नु र खिल्जी, असुरकोट, हंसपुर, गोखुङ्ग, किमडाका बाँगीमा २० प्रतिशत भोटपनि नखस्दा बहिष्कारको आंशिक असर परेको थियो भन्न सकिन्छ ।  यस बहिष्कारको आन्दोलनले यस पार्टीलाई फाइदा भन्दा बेफाइदा नै बढी भएको पाइन्छ । तीस वर्ष लामो पञ्चायती व्यवस्थाबाट मुक्त भई खुल्ला राजनैतिक वातावरणमा आउँदा जनताको वास्तविक मनस्थिति र चेतनाको स्तरलाई ख्याल नगरी पार्टी केन्द्रले गरेको निर्णय समय अनुसार ठिक भएन कि भन्ने कार्यकर्ताको ठहर रह्यो ।[39]

यसै चुनावको क्रममा सरकारबाट भएको दमन र पार्टीले सही निर्णय गर्न नसक्दा धेरै कार्यकर्ताहरु विचलित र केही कार्यकर्ताहरु एमाले लगायत अन्य पार्टीमा प्रवेश गरे । यसबाट पार्टीलाई ठूलो धक्का लाग्यो । नेकपा (मसाल) ले आफ्ना कमी-कमजोरीहरुलाई आत्मसाथ गर्दै सांगठनिक गतिविधिलाई अगाडि बढायो ।[40]

---

38 चुनाव बहिष्कारको आन्दोलनमा गिरफ्तार भई सेनाबाट यातना पाएका अर्घाखाँची खिल्जी-३ निवासी डिल प्रसाद श्रेष्ठसँग २०६६/५/१३ गते प्राप्त जानकारीअनुसार ।

39 नेपाली, *पूर्ववत्.* पा.टि.नं. ९ ।

40 रेग्मी, *पूर्ववत्.* पा.टि.नं. २० ।

### ३.४.७ टंकी काण्ड-२०४८

नेकपा मसाल संसदीय चुनाव बहिष्कारको कार्यक्रमलाई विभिन्न तरिकाबाट प्रचार-प्रसार गरेको थियो । भित्तेलेखन, ब्यानर प्रदर्शन आदि गर्ने क्रममा अर्घाखाँची जिल्ला नुवाकोट गाविसको कमिरेमा रहेको पानीको टंकीको भित्तामा पार्टीको निर्णयअनुसार मसालका कार्यकर्ताहरुले चुनाव बहिष्कारको नारा लेखेका थिए । सुरुका दिनमा कांग्रेसीहरुबाट केही प्रतिक्रिया आएको थिएन । चुनावको समापन र केन्द्रमा कांग्रेसको बहुमतको सरकार गठन भएपछि स्थानीय कांग्रेसी नेता, कार्यकर्ताको पहलमा केन्द्रिय नेताहरुको दबावमा मसालका दर्जनौं कार्यकर्तामाथि सार्वजनिक मुद्दा प्रशासनले लगायो ।

सार्वजनिक मुद्दा लगाइएपछि नेकपा मसालका नुवाकोट गाविसका टेक बहादुर थापा लगायत दर्जनौं कार्यकर्ताहरु मुद्दाको झमेलामा फसे । नेकपा मसालले आफूलाई प्रजातान्त्रिक पार्टी ठान्ने नेपाली कांग्रेसले भित्तामा लेखेका नारालाई विषयवस्तु बनाएर आफ्ना कार्यकर्तालाई सार्वजनिक मुद्दा लगाएकोले त्यसको विरोधमा भण्डाफोर अभियान चलायो । व्यापक विरोधको कारणले पार्टीहरुको सम्बन्ध असामान्य हुने देखि कांग्रेसबाट उक्त मुद्दा फिर्ता भयो ।

यस मुद्दाको कारण नेपाली कांग्रेसलाई ठूलो क्षति भयो । तत्कालीन अवस्थामा कम्युनिस्टहरु आपसमा मिलेर जानसक्ने अवस्थामा थिएनन् र यस घटनाले कम्युनिस्टहरुको बीच सहकार्य हुन थाल्यो । जसका कारण यस क्षेत्रका गाविसमा नेपाली कांग्रेसले त्यसपछिका चुनावमा पराजय भोग्नुपऱ्यो । यस घटनामा नेपाली कांग्रेसले सत्ताको चरम दुरुपयोग गरी विपक्षमाथि मनोमानी रुपमा प्रहार गरको थियो भन्न सकिन्छ ।[41]

### ३.४.८ चुनावमा सहभागिता (२०४९-२०५६)

नेकपा(मसाल) ले यौटा क्रान्तिकारी कम्युनिस्ट पार्टीको मुख्य उद्देश्य बुर्जवाहरुले गरेको चुनावमा भाग लिएर सत्तामा जाने होइन, चुनाव यौटा कार्यनैतिक

41 राष्ट्रिय जनमोर्चा जि.क. सदस्य टेक बहादुर थापासँग २०६६/७/२६ गते प्राप्त जानकारीअनुसार ।

कार्यक्रम हो र पार्टीलाई फाईदा हुँदा चुनावमा भाग लिने र फाइदा नहुँदा भाग नलिने जस्ता कुराहरुलाई जनतासमक्ष राखी २०४८ को संसदीय चुनाव बहिष्कारको कार्यक्रमलाई तत्कालीन अवस्थामा गलत ठहर गर्दै ठोस परिस्थितिको ठोस विश्लेषण भन्दै स्थानीय चुनावलाई उपयोग गर्ने निर्णय गऱ्यो । स्थानीय जनताको समस्या बुझ्न र समाधान गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने मान्यताका साथ नेकपा मसालले आफ्नो भातृ संगठन अखिल नेपाल किसान संघलाई अगाडि सारी उक्त चुनावी कार्यक्रममा भाग लियो ।[42]

पार्टीको निर्णयअनुसार चुनावी कार्यक्रममा यस पार्टीले सहभागिता जनाउने क्रममा अर्घाखाँची जिल्लाबाट अधिकांश गाविसमा नामाङ्कन दर्ता गराए तापनि २०४९ सालको स्थानीय चुनावमा ४ अध्यक्ष, ६ उपाध्यक्ष र २ जि.वि.स. सदस्य सहित सयौं गाविस सदस्यहरू निर्वाचित भएका थिए । ढाकावाङ, धारापानी, असुरकोट र किमडाँडामा अध्यक्ष र  ढाकावाङ, धारापानी, गोखुङ्गा, नुवाकोट सन्धीखर्कबाट उपाध्यक्ष विजयी गराएको थियो । यस चुनावमा किसान प्रतिनीधिले भाग लिएको भनिए तापनि अधिकांश उमेदवारहरु स्थानीय शिक्षक, बुद्धिजीवीहरू नै रहेका थिए । वास्तविक किसानहरु वडा सदस्यमा मात्र सीमित थिए । यस पार्टीले स्थानीय चुनावमा भाग लिने कार्यलाई केही कार्यकर्ताले ठूलो सुँगुर खान नहुने र सानो सुँगुर खान हुने जस्तो निर्णय पार्टीले गरेको भनी आक्रोस समेत पोखेका थिए । पार्टीको स्थिर र स्पष्ट नीति नहुँदा जनतामा ठोस कुरा राख्न नसक्दा चुनावमा सोचे जति सफलता भएन ।[43]

नेकपा मसालले २०५१ साल जेष्ठ ११-२० सम्म पार्टीको छैठौं महाधिवेशन गरी पार्टीको अन्तिम उद्देश्य तथा जनवादी क्रान्ति, समाजवाद र साम्यवादमा पुग्नको लागि चुनावलाई कार्यनीतिको रुपमा उपयोग गरी त्यसैको आधार सृजना गर्न संसदको भण्डाफोर गर्ने उद्देश्य अनुरुप चुनावमा भाग लिंदैं जाने निर्णय गऱ्यो । यसै निर्णयअनुसार २०५१ को मध्यावधि निर्वाचनमा भाग लियो ।[44]

---

42 नेपाली, *पूर्ववत्.* पा.टि.नं. ९ ।

43 के.सी., *पूर्ववत्.* पा.टि.नं. २३ ।

44 रेग्मी, *पूर्ववत्.* पा.टि.नं. २० ।

नेकपा मसालको निर्णय अनुसार पार्टीको खुल्ला मोर्चा अखिल नेपाल राष्ट्रिय जनमोर्चाको नामबाट आफ्नो उपस्थिति भएका जिल्लाहरुमा उमेदवारहरुले नामाङ्कन दर्ता गराए । अर्घाखाँचीमा भएको चुनावको क्रममा क्षेत्र नं १ बाट डिलाराम आचार्य र क्षेत्र नं २ बाट महिला कार्यकर्ता सारदा रानाको उमेदवारी दिएको थियो । यस चुनावमा नेपाली कांग्रेसका रेवतीप्रसाद भुसाल र ढुण्डीराज शास्त्री विजयी भएका थिए । राजमोका उमेदवारहरु विजयी हुन नसकेपनि सम्मानजनक भोट ल्याई आफ्नो शसक्त उपस्थिति जनाएका थिए । चुनावमा भएको असफलतालाई अनुभवको कमी, सरकार पक्षबाट भएको धाँधलीजस्ता आरोप लगाई मन बुझाएको पाइन्छ ।[45] २०५४ को स्थानीय निर्वाचनमा ४ अध्यक्ष र ५ उपाध्यक्ष, ३ जि.वि.स. सदस्य सयौंको संख्यामा अन्य वडा सदस्यहरूमा विजयी हासिल गरी पहिलेभन्दा यस पार्टीले राम्रो नतिजा ल्याएको थियो । २०५६ सालको संसदीय निर्वाचनमा नेकपा एमाले सँगको तालमेलबाट अर्घाखाँची क्षेत्र नं १ बाट डिलाराम आचार्य विजय भएका थिए । २०५६ सालमा दिनानाथ शर्माको यस पार्टी परित्यागले यस जिल्लामा कुनै कार्यकर्ता सामेल नभएकोले त्यसको असर परेन ।[46]

नेकपा मसाल राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने जनमत भएको पार्टी थिएन । २०५६ सालको संसदीय चुनावमा अर्घाखाँचीको १ सिट सहित देशभरबाट ५ जना प्रतिनिधी संसदमा पठाउन सफल भएपश्चात् पार्टीले गरेका महाधिवेशनको निर्णयहरू केवल प्रतिवेदनमा मात्र सीमित रहेको, पार्टी पूर्णतया संसदीय दलदलमा फसेको जस्ता आरोप लगाउँदै केही नेता कार्यकर्ता निष्क्रिय भई रहन थाले र यस पार्टीको सांगठनिक सक्रियतामा कमी आउन थाल्यो ।[47] राष्ट्रिय जनमोर्चाको सरकारमा जाने नीति नभएकोले संसदमा सरकारका गुण र दोषका आधारमा सरकारलाई समर्थन गर्ने र विरोध गर्ने काम गऱ्यो । यसै अनुरुप अर्घाखाँची जिल्लामा पनि अन्य पार्टीसँग राष्ट्रिय मुद्दाहरूमा एकरुपता हुँदा सहकार्य गऱ्यो र मुद्दाहरूमा विमति हुँदा विरोध

---

45 राजमो जि.क. सदस्य, गोखुङ्गा गा.वि.स पूर्व उपाध्यक्ष कृष्ण खनाल सँग २०६६/५/२३ गते प्राप्त जानकारीअनुसार ।

46 राजमो केन्द्रीय सदस्य, शेर बहादुर बि.सी. सँग २०६६/५/२३ गतेको जानकारी अनुसार ।

47 नेपाली, *पूर्ववत्.* पा.टि.नं. ९ ।

गऱ्यो । यस पार्टीले महाकाली सन्धीको विरोधमा आन्दोलन, भ्रष्टाचार विरोधी आन्दोलन गरेर प्रतिपक्ष दलको भूमिका निर्वाह यस जिल्लामा गरेको थियो ।[48]

एकता केन्द्रसँगको लामो बहस र छलफल पश्चात २०५९ साल श्रावण २४ गते नेकपा एकताकेन्द्र र नेकपा मसालबीच पार्टी एकता भई पार्टीको नाम नेकपा एकताकेन्द्र मसाल राखियो र ती दुवै पार्टीका खुल्ला मोर्चाहरु अखिल नेपाल राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चा बीचको एकीकरणले पार्टीको नाम जनमोर्चा नेपाल रहन गयो ।[49] यस अर्घाखाँची जिल्लामा एकताकेन्द्रका कुनै नेता कार्यकर्ता नभएकोले नेकपा मसाल नै एकताकेन्द्रमा र राष्ट्रिय जनमोर्चा, जनमोर्चा नेपालमा परिणत भयो । यस एकताले सांगठनिक रुपमा जिल्लामा केही सुधार नभए पनि मनोवैज्ञानिक प्रभाव पार्न सफल भयो, केही निष्क्रय कार्यकर्ता सक्रिय भई आन्दोलनमा सहभागी हुन थाले ।[50]

नेकपा एकता केन्द्र (मसाल) आफ्नो निर्माणकालदेखि नै कम्तीमा १६ वटा भन्दा बढी विषयमा मतभेद राख्दै अघि बढ्दै थियो । यसैक्रममा बेग्लाबेग्लै सोच र पृष्ठभूमिका नेता र समूहका बीच बहस विवाद चल्दै आएका थिए । तदनुरुप ती विषयमा पार्टी भित्र तलसम्म चलाउनु, फोरम चलाउनु, पार्टीलाई अधिवेशनका दिशातर्फ लैजानु सहि काम हुन्थ्यो तर नेकपा एकताकेन्द्र मसालभित्र तीव्र अन्तरसंघर्ष चल्यो । त्यो अन्तरसंघर्ष मूलतः सकेसम्म पार्टीलाई माओवादीकरण गर्ने र नसके माओवादीको पिछलग्गु बनाउने प्रवृत्ति तथा पार्टीलाई स्वतन्त्र तथा क्रान्तिकारी धारका साथ अगाडि बढाउने विचारका बीच भीषण संघर्ष चल्यो । त्यो संघर्षको दौरानमा पार्टीभित्र दुईविपरीत लाइनहरुका बीच पार्टी एकताको नाममा मेलमिलाप तथा सम्झौतामा जोड दिने मध्यपन्थी प्रकारको धारले पनि जन्म लियो ।[51]

पार्टीभित्रको गत्यावरोधलाई अन्त्य गर्न कपिवस्तु जिल्ला पार्टीले विशेष महाधिवेशनको माग गऱ्यो । त्यो मागलाई देशभरका कुल पार्टी सदस्यहरुको एक

---

[48] थापा, *पूर्ववत्.* पा.टि.नं. ४१ ।

[49] के.सी. *पूर्ववत्.* पा.टि.नं.१८, पृ.२२४ ।

[50] बि.सी., *पूर्ववत्.* पा.टि.नं.४६ ।

[51] के.सी., *पूर्ववत्.* पा.टि.नं.१८, पृ.२२५ ।

तिहाइभन्दा बढीले समर्थन गरेको कारण राष्ट्रिय भेलाको आयोजना गरियो । त्यस भेलामा एकताकेन्द्र र मध्यपन्थीहरुलाई आमन्त्रण गरिए पनि दुवै पक्ष सामेल नभएकोले २०६३ फागुन २९ गतेदेखि कपिलवस्तुमा महाधिवेशन सम्पन्न भयो ।छद्द अर्घाखाँची जिल्लामा एकताकेन्द्रसँग सम्बन्धित कार्यकर्ता नभएकोले र मध्यपन्थी धारका कार्यकर्ताहरु रहेकोले अर्घाखाँची पार्टी कमिटी पनि विभाजन भयो ।छ्घ यसरी विभिन्न मुद्दाहरुलाई कायमै राखी एकता भएको एकताकेन्द्र मसालमा भावनात्मक एकता हुन सकेन । पार्टीका महामन्त्री मोहन विक्रम सिंह र सहमहामन्त्री प्रकाश पार्टीलाई बलियो बनाउनुभन्दा आ-आफ्ना गुट र उपगुटहरूलाई बलियो बनाउन तर्फ लागे । माओवादीलाई हेर्ने दृष्टिकोणमा विवाद रहेको अवस्थामा माओवादीले नेकपा एकताकेन्द्र मसालका नेता, कार्यकर्ताको सम्पत्ति जफत गर्ने, अर्घाखाँचीका शिव खनालको लगायत अन्य जिल्लाको सम्पत्ति जफत जस्ता कृयाकलापको विरुद्धमा पोष्टर र प्रकाशन गर्ने निर्णयको प्रकाशबाट विरोध भएकोले दुवै पक्षलाई समेटेर लाने उद्देश्यले राजवीर समूहले सम्वाद शुरु गर्‍यो । त्यसले निकास दिएन । २०६३ साल मंसीर २३ गते मोहन विक्रम पक्षले एउटा भेला गरी सम्बन्धविच्छेदको नीति लियो ।[54] यस भेलाले अर्घाखाँचीको मसालको संगठन फुट्यो, यस जिल्लामा प्रकाश समूहको कुनै कार्यकर्ता नभएपनि पुरानो मसाल समर्थीत राजवीर समूहमा केही नेता कार्यकर्ता संगठित हुँदा पार्टी दुई खेमामा बाँडियो । एउटा नेकपामसाल र अर्को नेकपा एकिकृतको नामले जिल्लामा छुट्टाछुट्टै जनवर्गीय संगठनहरु स्थापना भए ।[55]

## ३.४.९ माओवादी विरुद्ध भण्डाफोर अभियान

नेकपा मसालले माओवादीको जनयुद्धलाई कहिल्यै पनि जनयुद्धको रुपमा स्वीकार नगरी सुरुदेखि नै उग्रवामपन्थी भड्काबको संज्ञा दिँदै माओवादी नेताहरुको शहिदको खेती गरी क्यारियर निर्माण गर्ने क्यारिरिस्ट प्रवृत्ति हो र यसलाई नेकपा

---

52 नेपाली, *पूर्ववत्.* पा.टि.नं.९ ।

53 राजमो अर्घाखाँची जिल्ला अध्यक्ष, झविलाल थापासँग २०६६/५/२३ गते प्राप्त जानकारी अनुसार ।

54 रामसिंह श्रीस (राजवीर), *पार्टी फुट किन र कसरी ?,* (काठमाडौं : सागर मिडिया नेटवर्क, (२०६४), पृ. ३१) ।

55 बि.सी. *पूर्ववत्.* पा.टि. नं. ४६ ।

मसालका महामन्त्री विभिन्न समयमा आफ्नो पार्टीको मुखपत्र 'हाँक'मा माओवादीको जनयुद्धलाई संकेत गर्दै उग्रवामपन्थी भड्काव, कान्तिकारी लफ्फाजी भनी आफ्ना लेखहरु मार्फत् पार्टीको दृष्टिकोणलाई बाहिर ल्याउने काम गरेका थिए ।छट यसरी माओवादी र नेकपामसालबीच अन्तरद्धन्द चर्कँदै गयो । माओवादीले मसालका कार्यकर्ताहरुलाई वर्गीय दुस्मनको जस्तो व्यवहार गर्न थाले । यसैक्रममा माओवादी जनयुद्धको क्रममा अर्घाखाँचीमा चन्दा संकलन र कारबाहीमा केही राष्ट्रिय जनमोर्चाका कार्यकर्तासमेत परेकोले राष्ट्रिय जनमोर्चाको केन्द्रको निर्णय अनुसार चन्दाको नाममा 'न सुराकी नखुराकी'को नीति अनुसार चल्न थाल्यो । यसप्रकार जिल्लामा राष्ट्रिय जनमोर्चाले माओवादीको विरोधको नीति लिएको थियो । यसै क्रममा माओवादीबाट रा.ज.मो का कार्यकर्ता ढाकावाङ गाविस पुर्व अध्यक्ष शिव खनालको सम्पत्ति जफत गरेकोले रा.ज.मो जिल्ला समितिले जिल्लाव्यापी भण्डाफोर अभियान चलायो । यस अभियानको क्रममा रा.ज.मो. को व्यापक विरोध र दबाबका कारण उनको सम्पत्ति माओवादीबाट फिर्ता भयो र माओवादीले रा.ज.मो.को नीति अनुसार स्वेच्छिक बाहेक कुनै पनि रा.ज.मो. कार्यकर्तासँग चन्दा लिएन । यसरी भण्डाफोर अभियान केही सफल भएको थियो ।[57]

## ३.४.१० प्रतिगमन विरोधी आन्दोलन

२०५९ असोज १८ गतेको राजा ज्ञानेन्द्रको कदमलाई तत्कालीन सातदलले प्रतिगमनको संज्ञा दिई त्यसको विरोधमा आन्दोलन गर्ने निर्णय गरे । जनमोर्चा नेपालको केन्द्रीय समितिले पनि उक्त आन्दोलनमा सहभागी हुने निर्णय गर्‍यो । यसैक्रममा अर्घाखाँची जिल्लामा आन्दोलनरत चार पार्टीहरुमध्ये जनमोर्चा नेपालले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । २०५९ सालको प्रतिगमन विरोधी आन्दोलनमा जिल्लाका ४ प्रमुख दलहरूद्वारा घोषणा गरीएको प्रतिगमन विरुद्ध जनआन्दोलन

---

56 हाँक साप्ताहिक, वर्ष १६, अंक ३०, भाद्र १६ २०५६ ।

57 थापा, *पूर्ववत्.* पा.टि.नं. ५३ ।

परिचालन समिति अर्घाखाँचीमा जनमोर्चा नेपालका जि.क. अध्यक्ष सागर के.सी. पनि सहभागी भई जिल्लामा संयूक्त प्रतिगमन विरोधी समिति गठन भएको थियो ।[58]

विभिन्न समयमा विभाजन र एकीकरण हुँदै राष्ट्रिय जनमोर्चा नेपाल र संयुक्त जनमोर्चा नेपाल एकीकरण पछि बनेको जनमोर्चा नेपालको गठनले संसदीय प्रणालीमा जिल्लामा सहभागी हुँदै आइरहेकोमा यस दलले २०५९ सालको प्रतिगमन विरोधी आन्दोलनमा सहभागी भई जिल्लाको राजनीतिमा आफ्नो महत्वपूर्ण भूमिका त्यसबेला देखायो जब २०६१ जेठ १८ गतेदेखि प्रतिगमन आधा सच्चिएको भनी नेकपा एमाले लगायत अन्य दलहरूले जिल्लामा जनआन्दोलन संचालन समिति आन्दोलनमा निष्कृय भएकोले यस दलले प्रतिगमन नसच्चिएको र पार्टीहरु राजाको षड्यन्त्रमा फसेको भनी अन्य दलहरूको पलायन हुने नीतिका विरुद्ध जिल्लामा भण्डाफोर अभियान तथा विरोधसभा गरी जनताहरु र दलहरूलाई सजग बनाएको थियो । जिल्लाव्यापी रुपमा आफ्ना कार्यक्रमहरुलाई अगाडि बढाएको थियो । राष्ट्रिय राजनीतिमा ठूलो जनमत भएको पार्टी नभएकोले यस आन्दोलनले केही सकारात्मक सन्देशचाहिँ दिएको थियो । राजा ज्ञानेन्द्रको माघ १९ को कदमले एमालेलगायतका पार्टीहरु सत्ताबाट बाहिर आई पुनः प्रतिगमनविरोधी आन्दोलनमा सहभागी भए । यसपछि भने जिल्लामा ४ दलको संयुक्त जनआन्दोलन जिल्ला मूल संघर्ष समिति अर्घाखाँचीको गठन भयो । उक्त समितिमा जनमोर्चा नेपालका जिल्ला अध्यक्ष सागर के.सी. सहितको ४ दलीय संयुक्त प्रतिगामी शाही सरकार विरोधी कमिटी बन्यो । यसआन्दोलनमा ४ दलकै मातहतमा जिल्लामा १९ दिने आन्दोलनको क्रममा राष्ट्रिय जनमोर्चा समर्थित नेता, कार्यकर्ता, महिला, विद्यार्थी, किसान आदि हरेक तह र तप्काका शुभचिन्तकहरुको सहभागिता थियो । यस आन्दोलनमा यस पार्टीका ५० जनाभन्दा बढी नेता, कार्यकर्ताहरु घाइते भएका थिए । यसरी १९ दिने प्रतिगामी शाही सरकार विरोधी ४ दलीय आन्दोलन राजा ज्ञानेन्द्रको वैशाख ११ गतेको शाही घोषणासँगै समापन हुन पुग्यो ।[59]

---

58 राजमो कार्यालय अर्घाखाँची, *संयुक्त जनआन्दोलन प्रतिवेदन,* २०५९-६३, पृ.३ ।

59 के.सी., *पूर्ववत्.* पा.टि.नं. २३ ।

सोधशिर्षक अनुसार जनमोर्चा नेपालको आन्दोलनमा यसको सबैभन्दा प्रमुख भूमिका आन्दोलनरत केही पार्टीहरू प्रतिगमन सच्चियो भनी केही सरकारमा र केही निष्कृय रहेको अवस्थामा जनतालाई सजग गराउनु रहेको थियो । जिल्लामा यस दलका कार्यकर्ताहरू र जनवर्गीय संगठनहरू पर्याप्त भएपनि राष्ट्रिय राजनीतिमा एमालेको जस्तो व्यापक जनप्रदर्शन गर्न नसकेतापनि अर्घाखाँची जिल्लामा शाही सरकारका विरुद्ध आन्दोलनमा सकृय सहभागी भई जिल्लामा कम्युनिस्ट घटकले महत्वपूर्ण भूमिका खेल्न पुग्यो ।

जिल्लामा १९ दिने आन्दोलनमा यस दलले आफ्ना कार्यकर्ताहरू व्यापक रुपमा उतार्न सफल भएको थियो । ४ दलले गरेको संयुक्त आन्दोलनमा अन्य पार्टीहरू सरह उत्रिएर जिल्लाको १९ दिने आन्दोलनमा भूमिका खेल्न पुगेको थियो । केन्द्रमा  सात दल र माओवादी बिचको १२ बुँदे सहमति पछि जिल्लामा भएको चारदलले पनि आन्दोलनलाई सक्रिय सहभागी भई अगाडि बढाए ।[60]

अर्घाखाँची जिल्लाको कम्युनिस्ट आन्दोलनमा मसालले पञ्चायतकालमा पञ्चायतको विरोधमा, बहुदलीय व्यवस्था स्थापनापश्चात् त्रिपक्षीय गठबन्धनको विरोध, संसदीय चुनावको बहिष्कार, महँगी, टनकपुर सन्धि, महाकाली सन्धि, माओवादीको भण्डाफोर अभियान र प्रतिगमनविरोधी आन्दोलनमा सहभागि भएको थियो । पञ्चायतविरोधी आन्दोलन र प्रतिगमनविरोधी आन्दोलनबाहेक अन्य आन्दोलनमा यस पार्टीले घोषणा गरेको सिद्धान्त र उदेश्यअनुरुप स्थिर रुपमा अगाडि बढ्न नसकेकोले यस पार्टीका आन्दोलनले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिँदैन । ती आन्दोलनहरु तत्कालीन पार्टी कार्यकर्ताहरुको लागि आत्मसन्तुष्टि दिने किसिमका मात्र थिए । अन्य कम्युनिस्ट घटकहरूको अस्तित्व जिल्लामा रहेपनि आन्दोलनमा विशेष भूमिका खेलेको देखिँदैन । संविधानसभाको चुनावको लागि नेकपा(मसाल) राष्ट्रिय जनमोर्चाको नामले चुनावी मैदानमा जाने निर्णय गरेको पाइन्छ । जिल्लामा कम्युनिस्ट जनआन्दोलनको वातावरण तयार गर्ने क्रममा नेकपा माओवादीको जनयुद्धको उल्लेख गर्नु सान्दर्भिक छ । केन्द्रिय राजनीतिमा १२ बुँदे सहमति भएपछि

60 *ऐजन ।*

जिल्लामा संसदीय दल र माओवादीबीच सहमति नभएपनि ग्रामीणस्तरमा अन्य पार्टीका निष्कृय कार्यकर्तालाई आन्दोलनमा जाने वातावरण सृजना गर्न माओवादीको पनि भूमिका रहेकोले जनआन्दोलन र जनयुद्धको निष्कर्षबाट जिल्लामा राजतन्त्रलाई अन्त्य गर्न दुवैको उत्तिकै भूमिका भएकोले यस परिच्छेदमा अर्घाखाँचीको कम्युनिस्ट आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको नेकपा(मसाल) अर्थात् राष्ट्रिय जनमोर्चाको भूमिका र अर्को परिच्छेदमा माओवादी जनयुद्ध सम्बन्धी विश्लेषण गरिएको छ ।

# परिच्छेद-४

# अर्घाखाँची जिल्लामा माओवादी जनयुद्ध

## ४.१ जिल्लामा माओवादी जनयुद्धको पृष्ठभूमि

अर्घाखाँचीमा केन्द्रिय शासकहरूद्वारा जनतालाई खेलौनाको रुपमा व्यवहार गरेपछि अन्याय अत्याचारको मात्रा बढाउँदै लगिएको पाइन्छ । शोषित वर्गलाई शोषक वर्गको पञ्जाबाट मुक्त गर्ने क्रममा केन्द्रिय सत्ताको विरुद्ध विभिन्न प्रकृतिका आन्दोलनहरू हुँदै आएका थिए । ती आन्दोलनको प्रभावकारीता व्यापक नदेखिए तापनि २०१६ सालमा कम्युनिस्ट पार्टीको गठनसँगै आन्दोलनमा केहि सक्रियता बढेको थियो ।

२०१७ सालको राजा महेन्द्रको प्रतिक्रियावादी कदमले नेपाल कम्युनिस्ट पार्टीका विभिन्न आन्दोलन जारी रहेको भएपनि प्रभावकारी हुन सकेको देखिदैन । २०१९ सालको तेस्रो महाधिवेशनपछि कम्युनिस्ट पार्टीको मतभेदले झन आन्दोलनहरू सेलाएजस्तै भएको थियो । २०२५ सालपछि कम्युनिस्टहरू शोषकको विरुद्ध सक्रिय हुन थाले ।

२०२८ सालमा केन्द्रिय न्यूक्लियसको गठनले केहि कार्यकर्ता सक्रिय देखिएतापनि यसको विघटनले निराशा थपिँदै गएको थियो । यसैक्रममा २०३१ सालमा केन्द्रिय तहमा नेकपा चौमको स्थापना भएपछि अर्घाखाँचीमा चौमको प्रभाव पर्न थाल्यो । २०४० मा चौमबाट नेकपा (मशाल) विभाजित भएपछि पनि पुन २०४१ को अन्त्यतिर नेकपा मसालमा विभाजनले मसालबाट विभाजित भएको मशालको राजनीति शुरु भयो । २०४६ को जनआन्दोलन पछि बनेको नेकपा एकताकेन्द्रमा २०४७ सालमा मशालबाट विद्रोह गरेका नेता कार्यकर्ताको सहभागिता भएपछि पुन २०५१ सालमा एकताकेन्द्र विभाजनपछि नेकपा मशालले आफ्नो पार्टीको नामाकरण नेकपा माओवादी गरेपछि यसले नेपालमा शसस्त्र जनयुद्धको नामबाट युद्ध शुरु गऱ्यो । त्यसैगरी सोही प्रक्रिया अनुरुप नै

अर्घाखाँचीमा पनि नेकपा माओवादीको स्थापना भई शसस्त्र जनयुद्ध गर्नुपर्ने मान्यताको विकास भयो ।

## ४.२ जिल्लामा माओवादी घटकको स्थापना

२०१७ सालको शाही कदमपछि केन्द्रिय तहमा नै कम्युनिस्ट पार्टीको विवादले विभाजनको शुरु गरेपछि २०२८ मा मोहनविक्रम सिंह लगायत केही नेताहरूले कम्युनिस्ट आन्दोलनलाई प्रभावकारी बनाउन केन्द्रिय न्यूक्लियसको गठन गरि देशभक्त जनतान्त्रिक शक्तिको निर्माण गर्ने  न्यूनतम कार्यक्रमको कम्युनिस्टहरूको अलगै केन्द्र निर्माण हुन पुगेको थियो ।[1] यस केन्द्रले २०३१ सालमा नेपाल कम्युनिस्ट पार्टी (चौथोमहाधिवेशन) नामाकरण गरी अलग धारको निर्माण गर्न पुगे, जुन धारबाट विकास हुँदै नेकपा माओवादीको निर्माण भई जनयुद्धको बाटोमा शसस्त्र संघर्ष गर्न पुगे ।

अर्घाखाँचीमा चौथोमहाधिवेशन पार्टी स्थापनासँगै यस लाईनको राजनैतिक विचार औपचारिक रुपमा भित्रियो । यस जिल्लामा यो लाइनका पूर्णकालीन कार्यकर्ताहरू व्यापक भएकाले यसको प्रभाव जिल्लाका धेरै ठाउँहरूमा थियो । नेकपा चौमका प्रभावहरू जिल्लाका ढाकावाङ, धारापानी, खिल्जी, असुकोट, अर्घा, बाँगी, गोखुङ्गा, हंसपुर, किमडाँडा, नुवाकोटमा अत्यधिक थियो । यस क्षेत्रमा कुलानन्द बञ्जाडे, विष्णुराज प्रदिप, गंगाधर घिमिरे, जंगबहादुर थापा, खुबीराम आचार्यले नेकपा चौथो महाधिवेशनका गतिविधि संचालन गर्ने काम गरे । यस पार्टीले आफ्नो आन्दोलनका कार्यक्रमलाई प्रभावकारी बनाउँदै २०३६ सालको जनमत संग्रहमा बहुदलको पक्षमा भोट हाल्न आमजनतालाई सचेत बनाउने काम गर्‍यो । २०३६ को जनमत संग्रहमा यस जिल्लाबाट बहुदलको विजय भयो ।[2]

---

1 *रातो तरबार*, दस्तावेज विशेषाङ्क, (काठमाडौं : ने.क.पा.मसाल केन्द्रिय कार्यालय, २०५९), पृ. ३१ ।

2 नेपाल कम्युनिस्ट पार्टी, अर्घाखाँचीका संस्थापक खुबीराम आचार्यसँग २०६६/५/१८ गते प्राप्त जानकारी अनुसार ।

अर्घाखाँचीमा चौमको गठन भई खुबीराम आचार्य र गंगाधर घिमिरे केन्द्रिय सदस्यमा नियुक्ति भएपछि जिल्लामा पार्टी सचिवको जिम्मेवारी कुलानन्द बञ्जाडेमा आयो र पछि स्थानीय झडपका कारण पदबाट राजीनामा दिनुपरेकाले चौमको संगठनमा अप्ठ्यारो परेको थियो । २०४० सालमा नेकपा चौम केन्द्रिय तहमा विभाजन हँदा नेकपा चौम र नेकपा (मशाल) मा विभाजित भएको थियो । यस जिल्लामा चौमसँग सम्बन्धित कुनै नेता, कार्यकर्ता नभएकोले पुरानो चौमको संगठन मशालमा परिणत भयो ।[3]

यसैक्रममा २०४२ सालमा (मशाल) मा पनि विभाजन भई पातलो (मशाल) र मोटो (मशाल) मा विभाजनपछि जिल्लामा मोटो मशाल अन्तर्गत खुबीराम आचार्य, उनकै छोरा बुद्धि आचार्य र प्रवासमा रहेका विष्णुहरी पौडेल र विद्यार्थी नेतृ पम्फा भूसाल मात्र यस संगठनसँग आवद्ध भएको देखिन्छ । मशालको जिल्ला नेतृत्वको भूमिका बुद्धि आचार्यले गरेका थिए ।[4] जिल्लामा पार्टी विभाजनको क्रममा मोहनविक्रमले नेतृत्व गरेको मशालमा बहुसंख्यक कार्यकर्ता समावेश भएकोले यस पार्टीको प्रभाव फैलिएको पाइँदैन तर अस्तित्व भने रहिरहेको पाइन्छ ।[5]

पञ्चायती सरकारले सम्पूर्ण पार्टीहरुलाई प्रतिबन्ध लगाएकाले कम्युनिस्टहरू पनि पञ्चायती दमनका कारण भूमिगत अवस्थामा नै गठन भएका थिए । यस्तै अवस्थामा नेकपा मशाल गठन हुन गयो । भर्खर संगठित नेकपा मशालले एक्लै पञ्चायत विरुद्ध आन्दोलनका कार्यक्रम गर्न सकिरहेको थिएन । यस समयमा मोहनविक्रम पक्ष मसाल पञ्चायत विरुद्ध सक्रिय रहेको थियो । यसै क्रममा नेकपा मशालका पार्टी कमिटी प्रमुख

---

3 *ऐजन ।*

4 नेपाल कम्युनिस्ट पार्टी मशाल, अर्घाखाँचीका तत्कालीन पार्टी सचिव बुद्धि आचार्यसँग २०६६/५/१८ गते प्राप्त जानकारी अनुसार ।

5 नेपाल कम्युनिस्ट पार्टी मसाल, अर्घाखाँचीका तत्कालीन पार्टी सचिव सन्त बहादुर नेपालीसँग २०६६/५/२२ गते प्राप्त जानकारीअनुसार ।

बुद्धि आचार्य, विष्णुहरी पौडेल र विद्यार्थी नेतृ पम्फा भूसाल समेत बसाइँसराइ गरी कपिलवस्तु गएपछि अर्घाखाँचीमा मशालको राजनीति निष्क्रिय रहन पुग्यो ।[6]

जिल्लामा मशालको राजनीति निष्क्रिय भईरहेको अवस्थामा कपिलवस्तु बसाइँ सरेका बुद्धि आचार्य कहिले काहीँ अर्घाखाँचीमा पुराना शुभचिन्तकसँग सम्पर्कमा रहिरहेका थिए । २०४६ सालको जनआन्दोलनमा अर्घाखाँचीमा नेकपा मशालको उपस्थिति नरहेतापनि नैतिक समर्थन थियो । आन्दोलन पश्चात् संगठन निर्माणमा बुद्धि आचार्य, विष्णुहरी पुनः अर्घाखाँची आई केही कार्यकर्ता संगठित गरेको देखिन्छ ।[7]

२०४६ सालको संयुक्त  जनआन्दोलनपछि प्राप्त संसदीय व्यवस्थालाई पञ्चायती व्यवस्था भन्दा सैद्धान्तिक भिन्नता नरहेको निर्णय गर्दै केन्द्रिय तहमा मशाल, चौम सर्वहारा श्रमिक संगठनबीच एकता भई एकता केन्द्रको गठन हुने क्रममा २०४७ सालमा मोहनविक्रमले नेतृत्व गरेको मसालबाट शितल कुमारको नेतृत्वमा बाबुराम भट्टराई, सिन्धुनाथ प्याकुरेल, टोप बहादुर रायमाझीले विद्रोह गरी पार्टीको नाम मसाल नै राखेका थिए । यो पार्टी पनि एकता केन्द्रमा सामेल भयो ।[8]

नेकपा मशालको विभाजनको क्रममा यस पार्टीका केहि कार्यकर्ता विद्रोही मसालमा सहभागी भएको र विद्रोही मसाल एकताकेन्द्रमा संलग्न भएपछि यस जिल्लाका मोटो मशाल र विद्रोही मसालका कार्यकर्ताको सक्रियतामा २०४७ साल भाद्रमा नेकपा एकताकेन्द्रको जिल्ला कमिटी गठन भयो । एकताकेन्द्रको जिल्ला कमिटीमा बुद्धि आचार्य, के.बी. भूसाल, विष्णुहरी भूसाल, वसन्त वेल्वासे, उमाकान्त खनाल, चन्द्र बहादुर खड्का, विष्णु खनाल, राम बहादुर रायमाझी, डोरप्रसाद, मानबहादुर पाण्डे लगायत थिए । २०४८ सालको संसदीय आम निर्वाचनमा संयुक्त जनमोर्चा नेपालको नामबाट निर्वाचनमा भाग लिएपछि अर्घाखाँचीमा दुई क्षेत्रहरूमध्ये १ निर्वाचन क्षेत्रमा उमेदवार उठाएको थियो तर

---

6 आचार्य, *पूर्ववत्.* पा. टी. नं. २ ।

7 आचार्य, *पूर्ववत्.* पा. टी. नं. ४ ।

8 सुरेन्द्र के.सी., *नेपालको कम्यूनिस्ट आन्दोलनको विगत र वर्तमान* (दोस्रोखण्ड), (काठमाडौं : पैरवी प्रकाशन, २०६४) पृ.२३० ।

दुईवटै निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका रेवती प्रसाद भूसाल र ढुण्डीराज शास्त्री विजयी भए भने नेकपा एकताकेन्द्रले क्षेत्र नं १ बाट उठाएका उमेदवार टोप बहादुर रायमाझीले पराजित हुनुपरेपनि २०४९ सालको स्थानीय निर्वाचनमा भने केही भूमिका खेल्न पाए । अर्घाखाँचीमा एकताकेन्द्रले २०४९ सालको स्थानीय निर्वाचनमा अर्घा गाविसमा अध्यक्ष जिताउन सफल भएको थियो र एक जना जि.वि.स. सदस्य समेत विजयी भएका थिए । यस स्थानीय निर्वाचनमा अर्घा र बाँगीमा यस पार्टीको स्पष्ट प्रभाव पर्न गयो । यसै स्थानीय निर्वाचनपछि नै केन्द्रिय तहमा एकताकेन्द्रले जनयुद्धको तयारी गर्न थालेपछि यी स्थानीय निर्वाचनको आधारबाट नै जिल्लामा जनयुद्धको खाका तयार हुन गयो ।[9]

## ४.३ जिल्लामा जनयुद्धको तयारी

२०४९ सालको स्थानीय निर्वाचनको आधारमा नेकपा एकताकेन्द्रले आफ्ना पकड क्षेत्रलाई आधार मानेर जिल्लामा जनयुद्धको व्यापक तयारी गर्न थाले । अर्घाखाँचीको जनयुद्धको तयारीको शुरुमा दुईप्रकारका क्रियाकलाप अगाडि बढाए । ती यसप्रकार रहेका छन् ।

**(१) आन्तरिक क्रियाकलाप**

नेकपा एकताकेन्द्रले जिल्लाका केही गाविस सम्पत्तिका आधारमा वर्ग छुट्टाउने काम गऱ्यो ।

9 नेपाल कम्युनिस्ट पार्टी माओवादी अर्घाखाँची जिल्ला इन्चार्ज चन्द्र बहादुर खड्कासँग २०६६/६/८ गते प्राप्त जानकारी अनुसार ।

(२) **बाह्य क्रियाकलाप**

यस क्रियाकलाप अन्तर्गत पार्टीगत कार्यक्रमहरू सञ्चालन गर्ने, श्रम शिविर, संगठन बिस्तार आदि विभिन्न क्रियाकलापका आधारमा जनताहरूको राय अनुसार जनयुद्ध अनिवार्य हुनु पर्ने निष्कर्ष निकालेको थियो ।[10]

पार्टी केन्द्रिय तहमा एकताकेन्द्रको जनयुद्धबारे विवाद हुन गएपछि अर्घाखाँचीमा एकताकेन्द्र पार्टी भित्र जनयुद्धबारे पक्ष र निष्कृयको रुप लियो अर्थात् यस पार्टीसँग सम्बन्धी केही यस जिल्लाका नेता कार्यकर्ता वर्ग दुस्मन कमजोर हुँदा सक्रिय हुने दुस्मन बलियो हुँदा निष्क्रिय हुने पलायन नहुने यही कारणले दुई रुप लियो ।[11] २०४७ सालमा एकताकेन्द्र निर्माण हुँदा मशालसँग चौम र सर्वहारा श्रमिक संगठन र मोहन विक्रमको मसालबाट विद्रोह गरेको मसाल जुटेका थिए ।[12] यस जिल्लामा चौम र श्रमिक संगठनको कुनै अस्तित्व नभएकाले विद्रोही मसालका कार्यकर्ताको नै अस्तित्व देखिन्थ्यो । पहिलेको मशाल र विद्रोही मसाल माओवादी बन्न पुगेपछि अर्घा लगायतका गाविसलाई आधार क्षेत्र मानेको थियो ।[13]

केन्द्रिय राजनीतिमा माओवादीको स्थापना हुनुभन्दा पहिला एकताकेन्द्रभित्रका दुईवटा घटक नेकपा मशाल र विद्रोही मसालले क्रान्तिकारी आमूल परिवर्तनको नाममा शसस्त्र संघर्ष गरेर आएको माले पछि एमालेको राजनैतिक सफलताको पृष्ठभूमिको उच्च मूल्याङ्कन गरी त्यसैअनुरुपको शसस्त्र संघर्षको थालनी गर्न चाहन्थ्यो ।[14] त्यसैअनुरुप माओवादीको स्थापनापछि संवैधानिक राजतन्त्र र संसदीय प्रणालीमा नभई जनसेनाको माध्यमबाट राज्यसत्ता कब्जा गर्ने नीति लिन पुगे । २०५१ को चितवनमा भएको प्रथम सम्मेलनमा नेकपा माओवादीले जनयुद्धको तयारीलाई मेरुदण्डमा राखी काममा सबै

---

10 *ऐजन ।*

11 खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

12 के.सी. *पूर्ववत्.* पा.टि.नं. ८, पृ. २६४ ।

13 खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

14 हरि रोका, *नेपालमा राजनीतिक सम्झौता प्रक्रियाका अनुभवहरु,* (काठमाडौं : मार्टिन चौतारी, वि.सं. २०६१), पृ. ७ ।

शाखाहरूलाई व्यवस्थित गरौं भन्ने नारा तय गरी पार्टी भिषण जनयुद्धमा हामफाल्यो । फलतः सैनिक अभियान र परिचालन नै पार्टीको मूल प्रवृत्ति बन्यो ।[15] राष्ट्रव्यापी रुपमा नेकपा माओवादीले जनयुद्धको तयारी गर्न थालेपछि अर्घाखाँचीमा पनि माओवादी जनयुद्धको लागि तयारी हुन थाल्यो ।

## ४.४ जनयुद्धको घोषणा

नेकपा माओवादीले जनयुद्धमा जाने निर्णय गरेपछि पार्टीले अर्घाखाँची जिल्लामा पनि शसस्त्र युद्धको लागि तयारी अभियानमा लागे । जनयुद्धको घोषणा अगाडि जनयुद्धका बारेमा जनतालाई पार्टीको रणनीतिबारे सुचित गर्न जनचेतना अभियानको कार्यक्रम अनुसार नेकपा माओवादी अर्घाखाँचीको विशेष पहलमा केन्द्रिय नेताहरू यस जिल्लामा आएका थिए । पार्टी महामन्त्री प्रचण्डबाट अर्घाको घेरवाङमा जिल्ला स्तरीय नेता कार्यकर्तालाई जनयुद्धमा जानुपर्ने कारण, महत्व र उद्देश्य छर्लङ्ग पारी कार्यकर्तामा उत्साह थप्ने काम भएको थियो । जिल्ला पार्टीले जिल्लाका गाउँ-गाउँमा आमसभा गरी माओवादीले गर्न लागेको जनयुद्धको चर्चा गर्दै अर्घाखाँचीका जनतालाई जनयुद्धमा होमिन आग्रह गरेका थिए ।[16] जनसभाका कार्यक्रमहरुपछि नेकपा माओवादीको सांस्कृतिक टोलीले जिल्लाका विभिन्न ठाउँमा युद्ध सम्बन्धी नाटक, गीत, नृत्य निकै आकर्षण ढङ्गबाट प्रस्तुत गर्दै जनतालाई युद्धमा सहयोग गर्न आह्वान गरेका थिए । कार्यक्रमबाट जनयुद्धको उद्घोष गरिए तापनि सबैजसो जनताले जनयुद्धबारे विश्वास गरेका थिएनन् भन्ने प्रत्यक्ष कार्यक्रममा सहभागी भएका व्यक्तिहरूका भनाई रहेको छ ।[17]

---

15 के.सी., *पूर्ववत्.* पा.टि.नं. ८, पृ. २०७, २४५ ।

16 खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

17 जनप्रिय माध्यामिक विद्यालय, असुरकोटका शिक्षक कविराज बन्जाडेबाट २०६६/५/२७ मा प्राप्त जानकारीअनुसार ।

## ४.५ जनयुद्धको थालनी

नेकपा माओवादीले ग्रामीण वर्गसंघर्षको नाममा जनयुद्धको तयारी गर्न भनेर २०५१ साल पुष १७ गते नेकपा एमालेको सरकार रहेको अवस्थामा ३८ सुत्रीय माग राखी सरकारलाई देशव्यापी रुपमा ज्ञापन पत्र बुझायो ।[18] यसैक्रममा अर्घाखाँची जिल्लापनि चन्द्र बहादुर खड्काको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा ज्ञापनपत्र बुझायो । करिब एकपर्षपछि पुनः माओवादीले दुईवटा माग थपी २०५२ साल माघ २१ गते नेपाली कांग्रेसको नेतृत्वमा रहेको संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष ४० सुत्रीय माग राखी ज्ञापनपत्रमा २०५२ फागुन ५ गते सम्म मागलाई पूरा गर्न आह्वान गरिएको थियो । ती माग पूरा नभएमा शसक्त आन्दोलन गर्ने शर्त थियो । देशभरका माओवादी उपस्थित भएका जिल्लामा जिल्ला प्रशासन समक्ष बुझाउने कार्यक्रम अनुसार अर्घाखाँचीमा चन्द्र बहादुर खड्काको नेतृत्वमा बुझाइएको थियो ।[19]

ती मागलाई देउवा सरकारले कुनै वास्ता नगरेको कारण नेकपा माओवादीले २०५२ फागुन १ गते रुकुम, रोल्पा, जाजरकोट, गोरखा आदि ठाउँमा एकैपटक हमला र विस्फोट गराएर जनयुद्धको घोषणा गऱ्यो ।[20] नेकपा माओवादीको जनयुद्धको घोषणा भएपनि अर्घाखाँचीमा पूर्ण रुपमा युद्धको लागि फौजी तालिम पहिले नै गरिएको थिएन । पार्टीले गरेको युद्धको घोषणा बमोजिम यस जिल्लामा पनि युद्धको तयारीको लागि विभिन्न योजना बुद्धि आचार्य, चन्द्र बहादुर खड्काको नेतृत्वमा २ किसिमबाट भएको थियो ।

**(१) आन्तरिक प्रचार**

युद्ध तयारीको निम्ति जनसेना तयार गर्नु र जिल्ला स्थित माओवादी कति पार्टी सदस्य छन्, तीमध्ये कतिलाई पूर्णकालीन बनाउने र जिल्लास्थित माओवादी क्षेत्रमा रहेका

---

18 रोका, *पूर्ववत्.* पा.टि.नं. १४, पृ. ९ ।

19 खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

20 *अन्तर्राष्ट्रिय मञ्च,* मासिक २०६४/५/१ ।

व्यक्तिहरूको वर्ग छुट्याउने त्यसको आधारमा माओवादीले युद्धको समयमा कारबाही गरेका थिए ।

**(२) बाह्य प्रचार**

शसस्त्र जनयुद्धको अर्को विकल्प छैन साथै जनयुद्धले नै क्रान्तिकारी परिवर्तन गर्न सक्दछ भन्ने प्रचार-प्रसार भएको थियो । यस प्रचारका लागि पर्चा छर्ने, पोष्टर टाँस्ने, भित्तेलेखन, मशाल जुलूस निकाल्ने, आमसभा, सांस्कृतिक कार्यक्रम आदि गरे, देशव्यापी रुपमा माओवादीको प्रथम योजनाका मूलनारा प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटो अगाडि बढौं भन्ने नारा भएको पोस्टर ब्यानर र भित्तेलेखन गरि माओवादी जनयुद्धको थालनी भयो ।[21]

२०५२ सालमा नेकपा माओवादीले जनयुद्धको थालनी गरेपछि केन्द्रियस्तरमा प्रशस्त लेख, रचना साथै जनयुद्ध सम्बन्धि प्रशस्त जानकारी दिने प्रकाशित स्रोतहरू पाइन्छ तर अर्घाखाँची जिल्लाका सम्बन्धमा माओवादी जनयुद्ध सम्बन्धी जानकारी दिने दस्तावेजहरू प्राप्त छैनन् । कुनै पनि विषयमा तथ्यात्मक इतिहास लेखनमा स्रोत सामग्री हुनुपर्दछ । ती स्रोत सामग्रीको विश्लेषणबाट मात्र तथ्यको ज्ञान लिन सकिन्छ । ऐतिहासिका स्रोत सामग्रीको अभावका कारण तत्कालीन माओवादी जनयुद्धसँग सम्बन्ध राख्ने व्यक्तिहरूबाट पाईएका जानकारीहरू केही थोरै सामग्री दस्तावेजहरू नै यस सोधपत्रका स्रोत हुन् । उनीहरूले कुनैपनि लिखित स्रोत नदिएर संस्मरण मात्रै जानकारी गराएका हुन् । कुनैपनि संस्मरणका आधारमा मात्रै सबै तथ्य हुन्छ भन्न सकिंदैन, जबसम्म ऐतिहासिक स्रोतहरूको विश्लेषणत्मक पुष्टि गरिंदैन तबसम्म यथार्थ विश्लेषण हुन सक्दैन । यस शोधपत्र अर्घाखाँचीमा माओवादी जनयुद्धसँग सम्बन्धित स्रोत व्यक्तिहरूका आधारमा लेखिएको हुनाले भविष्यमा पाईएका आधिकारिक स्रोतहरूका आधारमा विश्लेषण हुनु जरुरी छ । हाललाई माओवादी जनयुद्ध सम्बन्धी जानकार र आधिकारिक व्यक्तिहरूले

---

[21] नेकपा माओवादी, अर्घाखाँची पार्टी सचिव ठाकुर नेपालसँग २०६६/५/२७ गते प्राप्त जानकारी अनुसार ।

दिएका आ-आफ्ना संस्मरणलाई आधार मान्नुबाहेक यस सोध ऐतिहासिक लेखनमा अर्को विकल्प छँदै छैन ।

त्यसैले अर्घाखाँची जिल्लामा माओवादी जनयुद्ध सम्बन्धी शीर्षकमा माओवादी गतिविधिलाई सञ्चालन गरी निरन्तरता दिने व्यक्तिहरू चन्द्रबहादुर खड्का, राजु नेपाली, बुद्धि आचार्य, ठाकुर नेपाल, हुमलाल पाण्डे, तारा वेल्वासे, विजय लगायतका मौखिक स्रोत र केही छिटफुट दस्तावेजहरू नै यस सोधपत्रका स्रोत हुन् ।

## ४.६ अर्घाखाँची जिल्लामा माओवादी जनयुद्धको बिस्तार

### ४.६.१ राजनैतिक गतिविधि

जनसेना, पार्टी र सर्वहारा वर्गको नेतृत्वमा बनेको संयुक्त मोर्चा विकास गरेर नै जनवादी क्रान्ति सफल गर्न सकिन्छ भन्ने नेकपा माओवादीको अवधारणा अनुरुप रणनीति सम्पन्न गर्न कार्यनीति तय गरियो । यसैक्रममा अर्घाखाँची जिल्लामा पनि आफ्नो लक्ष्य प्राप्त गर्न यस पार्टीले कार्यनीति अगाडि बढाउन थाल्यो । पार्टीले दिएको निर्देशनमा जनसेनाको माध्यमबाट सर्वहारा वर्गले सत्ता कब्जा गर्ने लक्ष्य अनुसार पार्टी जनसेना, सर्वहारा वर्गको नेतृत्व यी ३ वटै साधनलाई सन्तुलनमा राखेर समानस्तरले गतिशिल बनाउन यस जिल्ला सक्षम भई जनयुद्धलाई अगाडि बढाएको पाईन्छ ।[22]

### ४.६.२ पार्टी बिस्तार

२०५२ साल फागुनमा नेकपा माओवादीले जनयुद्धको थालनी गरेपछि अर्घाखाँचीमा पनि जनयुद्धको शुरुवात भयो । त्यसबेलासम्म जिल्लामा पार्टी सीमित क्षेत्रमा विशेषतः जिल्लाको पश्चिम उत्तरी क्षेत्रमा मात्र प्रभावशाली थियो । २०५२ साल दशैंमा अर्घाको पूर्णिमाको दिन केन्द्रिय नेताले सम्बोधन गरिएको विशाल आमसभाबाट जनताहरू जनयुद्धतर्फ आकर्षित भएका थिए । जनयुद्धको शुरुदेखि नै पार्टी क्रियाशील रहन पुगेको

[22] खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

थियो । २०५३ अन्त्यतिरबाट केही नेता, कार्यकर्ता निष्क्रिय भई दिंदा पार्टी बिस्तारमा केही कमजोरीहरू देखापरे २०५२-५५ सम्म नेकपा माओवादीले अर्घाखाँचीमा खुल्लै रुपमा आफ्ना कार्यक्रम संयुक्त जनमोर्चाको नामबाट सञ्चालन गऱ्यो । २०५५ सालमा अ.ने.रा.स्व.वि.यू. क्रान्तिकारीको अर्घाखाँची जिल्ला सम्मेलनलाई संबोधन गर्न उपस्थित भएका जिल्लाभरका नेता, कार्यकर्तालाई प्रहरीले पकलेबाट गिरफ्तार गऱ्यो । केही कार्यकर्ता तत्काल छुटेपनि जिल्ला इन्चार्ज चन्द्र बहादुर खड्का लगायत अन्यलाई ३ महिनासम्म भैरहवा जेल चलान गरी ३ महिनापछि प्रशासनले रिहा गऱ्यो । प्रशासनको धरपकडले पार्टीको बिस्तारमा झनै शिथिलता आयो ।[23]

सरकारबाट भएको पकले दमन र गिरफ्तारले नेकपा माओवादी अर्घाखाँचीका कार्यकर्ता भूमिगत हुन थाले । भूमिगत रुपमा पार्टी बिस्तार र चुस्त बनाउनको लागि कार्यकर्तालाई एरिया छुट्टाएर जिम्मेवारी दिने काम भयो ।[24] २०५७ साल फागुनमा भारतको पञ्जाब भटिण्डामा भएको बैठकले नेकपा माओवादीले आफ्नो मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्डपथको दर्शनलाई ग्रहण गरेपछि जिल्लामा केही उत्साह थपिएको थियो ।[25]

यसै क्रममा २०५८ को शुरुदेखि नेकपा माओवादी अर्घाखाँची, गुल्मी, बाग्लुङ्गले संयुक्त रुपमा संगठन बिस्तार, जनसेना भर्ना प्रक्रिया, चेतना जगाउने उद्देश्यले अगुवा अभियान नै चलायो । जसबाट जनतामा तत्कालीन सरकारको गलत क्रियाकलापको भण्डाफोर गर्ने र जनतालाई आफ्ना विचार प्रस्तुत गरी संगठित गर्ने कार्यले अर्घाखाँचीमा राम्रो प्रभाव पाऱ्यो । यसै अभियानको क्रममा अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कबाहेक प्रत्येक गाविसमा कार्यक्रम गरिएको थियो । गुल्मी र बाग्लुङ्ग अभियानको क्रममा गुल्मी पुरकोटको पाँच कटेरामा सरकारी सुरक्षाकर्मीबाट गिरफ्तारी गरी निर्मम यातना दिई कैयौं

---

23 *ऐजन ।*

24 नेपाल, *पूर्ववत्.* पा.टि.नं. २१ ।

25 *ऐजन ।*

कार्यकर्तालाई थुनामा राखी महिनौं दिनपछि धरौटी राखी तारेखमा छुटे यसरी बाग्लुङ्ग अभियान स्थगित भयो ।[26]

२०५८ सालमा सरकार र माओवादीबीचको वार्ता प्रक्रियाको क्रमसँगै अर्घाखाँचीमा माओवादीको संगठन व्यापक हुँदै गएको थियो । यसैक्रममा अर्घाखाँचीमा विशाल आमसभा गरी केन्द्रिय नेताद्वारा ५ वर्षसम्म गरेको शसस्त्र संघर्षको औचित्यलाई पुष्टि गर्दै आमजनतालाई माओवादीलाई सहयोग गर्न आह्वान गरेका थिए । यसै क्रममा अर्घाखाँचीका समग्र गाविसमा माओवादीको संगठन निर्माण भयो । यसैक्रममा २०५४ मा एमालेमा आएको विभाजनले र २०५८ मा भएको एकिकरणपछि पनि केही माले कायकर्ता माओवादीमा प्रवेश गरेका थिए । २०५८ साल मंसिर ११ गतेदेखि माओवादीविरुद्ध लगाइएको संकटकालबाट उत्पन्न सरकारी सुरक्षा निकायको सर्वसाधारणमाथि चर्को दमनका कारण त्यसको बदला लिनको लागि केही जनताहरू माओवादीमा गएका कारण पार्टी बिस्तारमा थप सहयोग पुगेको थियो ।[27]

२०५८ सालमै अर्घाखाँचीको संगठनलाई अझै सबल, सक्षम बनाउनको लागि पार्टीले एकीकृत प्रतिरोध अभियान र विकेन्द्रित कार्यान्वयन अन्तर्गत मुख्य-मुख्य आधार इलाका रोल्पा, रुकुम, सल्यान, प्यूठानबाट १०० जना कार्यकर्ताको टिम अर्घाखाँची प्रवेश गर्‍यो । ४२ गाविसमा विकेन्द्रित गरियो । यसले संगठन बिस्तारमा महत्वपूर्ण भूमिका खेल्नुका साथै समस्त  जिल्लामा फौजी कारबाही र सदरमुकाम कारबाही अभियानमा लाग्यो ।[28]

२०६१ साल असार ८ गते क. उज्वल (चन्द्र बहादुर खड्का) को अध्यक्षतामा अर्घाखाँची जिल्ला जनसरकार गठन भएपछि जिल्लामा पुरानो सत्ताको महत्व दिनानुदिन घट्दै जान थाल्यो । जिल्ला जनसरकारको मातहतमा गाउँ जनसरकारहरू गठन भएपछि

---

26 खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

27 नेकपा माओवादी असुरकोट गाउँ विकास समिति इन्चार्ज तारा बेल्वासेसँग २०६६/६/२५ गते प्राप्त जानकारी अनुसार ।

28 खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

पहिलेका पुरानोसत्ता जिल्लामा निष्क्रिय रहन पुग्यो । यस सरकारले जिल्लाका सानातिना मुद्दा मामिला, विवादहरू सुल्झाउन सफल भयो ।[29]

जिल्लामा माओवादी पार्टी बिस्तार समग्रमा भन्नुपर्दा जनतामाथि सरकारी दमन, ढिलासुस्ती, अन्याय-अत्याचार, जातीय भेदभाव नै थियो । यस क्रममा विभिन्न जनवर्गीय संगठनहरू पार्टीमा समाहित हुन गएपछि उसको संगठन झनै मजबुत हुन गयो । माओवादीले थालेका जनयुद्धका तीन चरणहरू रणनैतिक सन्तुलन, रणनैतिक सुरक्षा र रणनैतिक प्रत्याक्रमणलाई थालनी, निरन्तरता र विकास जस्ता उपचरणहरुमा क्रियाशिल गरी युद्धका ३ वटा तरिका छापामार युद्ध, युद्धबन्दी मोर्चा र चलायमान युद्धको विकास गरी विभिन्न समयमा बनेका योजनाबद्ध ढङ्गले तय गरिएका मूल नारालाई कार्यान्वयन गर्दै यस जिल्लामा शसस्त्र जनयुद्धलाई अगाडि बढाई सफलताका साथ सम्पन्न गरिएका थिए ।[30]

## ४.६.३ अर्घाखाँची जिल्लामा माओवादी सेनाको बिस्तार

नेकपा एकताकेन्द्र विभाजनपछि निर्माण भएको नेकपा माओवादीले जनयुद्ध प्रवेश गरेर जनयुद्धका लागि चाहिने ३ तत्वहरू पार्टी, सेना र सर्वहारावर्गको नेतृत्वको अनिवार्य ३ तत्वहरूको तर्जुमा गर्नु अति आवश्यक रह्यो । जसका लागि नेकपा माओवादीका महामन्त्री प्रचण्ड र टोप बहादुर रायमाझी जनसेना सम्बन्धी प्रशिक्षण दिन अर्घाखाँची आएका थिए । नेकपा माओवादीको युवासंगठन जनवादी युवालिगलाई परिचालन गरी जनसेनाको विकास गर्ने क्रममा पार्टीले गरेको राजनीतिलाई सहयोग गर्नु प्रशिक्षणको मुख्य उद्देश्य थियो । प्रशिक्षण पछि युवालिगका सदस्यहरूलाई सैन्य विज्ञानको अध्ययन गराई संघर्षको नेतृत्व युवा शक्तिहरूमा विकास गराउनु रहेको थियो । २०५२ सालमा माओवादीको युवासंगठन जनवादी युवालिगलाई योङ्ग कम्युनिस्ट लिग (वाईसिएल) मा परिणत गर्ने राष्ट्रव्यापी अवधारणा अनुसार माओवादीको राजनीति अघि बढाउन

29 *ऐजन ।*
30 *ऐजन ।*

वाईसिएलको मातहतमा लडाकुदल निर्माण गरियो । वाईसिएल निर्माण भएतापनि २०५२-५५ सम्म यस जिल्लामा खुल्लारुपमा कार्यक्रम गरेर जनतालाई शोषक, सामन्त र सुदखोरबाट सजग गराउँदै आफ्ना सैद्धान्तिक, राजनैतिक र सांस्कृतिक कार्यक्रमबाट युवाहरूलाई जनताको पक्षमा लड्नुपर्छ भन्ने भावना जागृत गरायो ।[31] यसै क्रममा २०५५ सालमा वाईसिएलले युद्धको तयारी गर्ने भनी फौजी कारबाहीको लागि गाउँमा भएका बन्दुक केन्द्रित गर्ने काम गऱ्यो । किमडाँडाको लमलमेबाट दर्जनौं भरुवा बन्दुक, सिसाका गोली र खुकुरीहरू जम्मा गर्न सफल भयो । जनयुद्धको शुरुको अवस्थामा अर्घाखाँचीमा लडाइँको लागि भनेर सेनाको गठन गरिएको थिएन यिनै वाईसिएलबाट कामकारबाही गरिंदै आएकाले बिस्तारै स्थानीय आवश्यकता र केन्द्रिय दबाबका कारण सेना गठन गर्न सक्रियता बढायो । वाईसिएलमा संलग्न केही कार्यकर्तलाई शारीरिक प्रशिक्षण र हतियार चलाउने तालिम गराउन गोप्य ठाउँको खोजी गरी तालिम दिने योजना बनायो । योजना अनुसार अर्घाखाँची सीतापुर गाविसमा पर्ने मसिनाको लेकलाई पार्टीले छान्यो । यहाँबाट सुरक्षाकर्मीको बेसक्याम्प ६ कि.मि. टाढा थियो । सदरमुकाम २५ कि.मि. मात्र थियो, बाटो नजिक थियो र डाँडामा रहेको विशाल चौर त्यही चौरमा गएर, माथि आकाशबाट मात्र चौरलाई देख्न सकिने तथा आपत्कालीन स्थितिमा त्यहाँबाट सुवर्णखाल गाविस हुँदै कपिलवस्तु केही घण्टामै पुग्न सकिने र चारैतिर जान सजिलो तर आउन अप्ठ्यारो भएकोले यसै ठाउँलाई माओवादीले छानेको थियो । यसै क्रममा २०५८ साल असोज १२ गते क. बलदेव (चन्द्रप्रकाश खनाल) को उपस्थितिमा विशेष फौजी तालिम भयो । त्यति धेरै कार्यकर्ताको उपस्थिति भएपनि तालिम निकै गोप्य रह्यो । यस तालिमको बारेमा सुरक्षाकर्मीले थाहा पाउने सम्भावना थिएन । त्यहाँका स्थानीयवासीले समेत थाहा

[31] नेपाल, *पूर्ववत्.* पा.टि.नं. २१ ।

पाएनन् । यसरी १५ दिने फौजी तालिमले अर्घाखाँचीमा  फौजी कार्यकर्ता र जनमुक्ति सेना संख्याको शुरुवात, विकास र बिस्तार हुँदै गयो ।[32]

२०५८ साल माघमा माओवादीले अर्घाको मूलिङकोटमा सरकारी सुरक्षाकर्मी, सरकार पक्षीय पार्टीका कार्यकर्ता र आफ्ना विरोधीहरूलाई मनोवैज्ञानिक रुपमा त्रास फैलाउने र शुभचिन्तकलाई उत्साह जगाउने उद्देश्यले पत्रकारको उपस्थितिमा हतियार र जनसेनाको प्रदर्शन गरेको थियो । उक्त प्रदर्शनीमा भरुवा बन्दुक, पेस्तोल, ग्रिनेट केही बाँसका ढुङग्रालाई  नक्कली राईफल जस्ता बनाई प्रदर्शन गरिएको  थियो । उक्त प्रदर्शनको सम्पूर्ण गतिविधि पत्रकार निम बहादुर रिजालले आफ्नो क्यामेरामा कैद गरेका थिए । यस प्रदर्शनीपछि जिल्लामा माओवादीविरोधी ससंकित हुँदै माओवादीलाई कमजोर ठान्न छाडेका थिए । यसरी अर्घाखाँची जिल्लामा सेनाको संख्या वृद्धि, सेनालाई शसक्त, चुस्त र नियमित बनाएपछि पार्टी योजनाबद्ध रुपमा जिल्लामा सुदखोरलाई कारबाही, सुरक्षा पोष्टमाथि कारबाहीमा लाग्यो । अर्घाखाँचीका सिमलपानी, खिदिम लगायतका चौकीमा शसक्त कारबाही भए । जनमुक्ति सेनाको विकास र बिस्तारसँगै यस जिल्लाका जनसेना अन्य आक्रमणका लागिसमेत आपूर्ति हुन थाले । नेकपा माओवादी अर्घाखाँचीले जनमुक्ति सेना निर्माण र बिस्तारको क्रममा महत्वपूर्ण भूमिका  निर्वाह गरेको थियो भन्न सकिन्छ ।[33]

## ४.६.४ जनयुद्धका तीन चरण

जनयुद्धका तीन चरणहरूलाई सक्रियरुपमा सम्पन्न गर्न पार्टीले मूल नाराहरू तय गर्दै अगाडि बढायो । यस सम्बन्धमा अर्घाखाँचीको जनयुद्धबारे संक्षिप्त चर्चा तल गरिएको छ ।

---

32 खड्का, *पूर्ववत्.* पा.टि.नं. ९ ।

33 नेपाल, *पूर्ववत्.* पा.टि.नं. २१ ।

### ४.६.४.१ रणनैतिक सुरक्षा (२०५२-२०५८)

२०५२ मा नेकपा माओवादीले जनयुद्धको थालनी गरेपछि युद्धलाई चरणबद्ध रुपमा अगाडि बढाउने क्रममा पहिलो चरण रणनैतिक सुरक्षा रह्यो । जनयुद्धको यस चरणमा जनसेनाको माध्यमबाट शत्रुलाई क्रमशः कमजोर पार्दै आफ्नो शक्तिलाई रक्षा गरी विकास गर्दै लैजाने यस चरणको प्रमुख लक्ष्य थियो । यस अनुसार युद्धका कार्यनैतिक हिसाबले आक्रमण र रणनैतिक हिसाबले प्रतिरक्षा थियो । यसलाई कार्यान्वयन गर्न जिल्लामा जनसेना निर्माण गर्न जोड दिइयो । यस चरण अन्तर्गत जिल्लामा सुदखोर कब्जा, सामन्ती हमला, फौजी चेतावनीहरू भए । २०५५ तिर जिल्लामा स्थानीय हतियार सकेट बम निर्यात भएका थिए । सकेट बमहरू तराईदेखि पहाडी जङ्गल हुँदै जिल्लामा हतियार भित्र्याउने काम व्यापक मात्रामा भएको थियो ।[34]

यसै चरणमा धक्का अन्तर्गत २०५५ साल माघ महिनामा नेकपा माओवादी अर्घाखाँची, गुल्मी संयुक्त रुपमा गुल्मीको सुफलमा स्थानीय सुदखोरको कारबाहीको क्रममा केही तमसुक जलाउन सफल भएपनि पूर्ण सफलता हासिल हुन सकेको थिएन । यस घटनाले सुदखोर र सामन्तीहरू विस्थापन तर्फ सोच बनाएका थिए । पार्टीले लिएको आधार इलाका निर्माणको दिशामा अघि बढौं भन्ने मूल नारालाई कार्यान्वयन गर्न जिल्लालाई आधार इलाका घोषणा गर्ने क्रममा जिल्ला उत्तरपश्चिम क्षेत्रका अर्घा, बाँगीलाई लिइयो । यिनै योजनाबाट मोर्चा सम्बन्धी बैठक, नेताहरूसँग भेटवार्ता, पार्टीका योजनाहरू निर्माण गरिन्थ्यो । २०५५ को पकले दमनपछि पार्टी र पार्टीका जनवर्गीय संगठन भूमिगत रहन थाले । जिल्लामा विद्यमान भेदभावका विरुद्ध माओवादी त्यस कलङ्कलाई अन्त्य गर्न सक्दछ भन्ने मानसिकता बोकेका जनताहरू अन्य पार्टीहरूबाट आई क्रान्ति गर्न चाहेकाले जनयुद्धको पहिलो चरण सफल हुन थाल्यो ।[35]

---

34 खड्का, *पूर्ववत्.* पा.टि.नं. ९ ।

35 नेकपा माओवादीका केन्द्रीय सल्लाहकार राजु नेपालीसँग २०६६/५/२७ गते प्राप्त जानकारीअनुसार ।

यस चरणमा माओवादीले जनयुद्ध थाल्नु अगाडि व्यक्तिगत रुपमा हुने हत्या र हिंसालाई पार्टीले राजनैतिक लक्ष्य दिएपछि त्यसको आडमा माओवादीले नेतृत्व प्रदान गर्दै जनयुद्ध अगाडि बढेको थियो । सामन्ती संस्कार, सरकारी फौजी कारबाहीबाट मुक्त हुन जिल्लाका सर्वसाधारण जनताहरू सांगठनिक विकासका लागि माओवादीमा आएका कारण माओवादी बिस्तार हुन गयो ।[36]

यस क्रममा माओवादीको सैन्य गतिविधिका कारण केही गाविसमा रहेका चौकीहरू जिल्लामा केन्द्रित भएका थिए । २०५७ साल फागुनमा पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले माओवादीको मार्गदर्शक सिद्धान्त, मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्डपथ प्रस्ताव पारित गरेपछि पार्टी रणनैतिक सुरक्षाबाट रणनैतिक सन्तुलनतर्फ अघि बढेकाले यस जिल्लामा पनि सो चरण पूरा गर्दै अर्को दोस्रो चरण रणनैतिक सन्तुलनतर्फ प्रवेश गरेको थियो ।[37]

## ४.६.४.२ रणनैतिक सन्तुलन (२०५८-६१)

जनयुद्धको ५ वर्षसम्म पहिलो चरणपछि दोस्रो चरणको शुरुवातसँगै पुरानो सत्ताका शाहीसेनासँग भिड्ने रणनीतितर्फ केन्द्रित हुन गयो । युद्धका नियम र विजयका लागि केन्द्रिय सत्ता कब्जा गर्नु अत्यावश्यक थियो र त्यसका लागि जनसेनाको गठन अनिवार्य थियो । यसका लागि पार्टीले आफ्नो जनसेनालाई जनमुक्तिसेना घोषणा गरेलगत्तै २०५८ असार २८ गते रोल्पाको होलेरी त्यसपछि सोलु सल्लेरी सेनाको शिविरमाथि आक्रमण गरेपछि जनयुद्ध रणनैतिक सन्तुलनको चरणमा पुगेको थियो । यस अवस्थामा राज्यले विद्रोहको दमन गर्न नसक्नु र विद्रोही पक्षले राज्यसत्ता कब्जा गर्न नसक्नु रणनैतिक सन्तुलन थियो ।[38] पार्टीले आफ्नो जनसेनाको नयाँ नामाकरण गरेकै दिन अर्घाखाँची

---

36 *ऐजन ।*

37 खड्का, *पूर्ववत्.,* पा.टि.नं. ९ ।

38 के.सी., *पूर्ववत्.,* पा.टि.नं. ८, पृ. २३७ ।

जिल्लाका विभिन्न ठाउँमा बम विस्फोट गराएर जिल्लामा रणनैतिक सन्तुलनको सङ्केत देखाएको थियो ।[39]

जनयुद्धको यस चरणमा पार्टीलाई पर्नसक्ने आर्थिक संकटबाट बच्न व्यापक रुपमा आर्थिक संङ्कलन गर्न थालियो । पुराना सत्ताका केही गाविस र गैरसरकारी संस्था, व्यापारी, शिक्षक र किसानहरूसँग समेत उनीहरूको क्षमताअनुसारको सहयोगबाट पार्टीलाई पर्नसक्ने आर्थिक संकट टर्न गएको थियो । यस समयमा माओवादीले केही गाविस भवन जलाउने, बम पड्काउने, ताला लगाउने र गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजनाको काम रोक्ने र उक्त संस्थाको गाडीसमेत जलाए ।[40]

## ४.६.४.२.१ सिमलपानी चौकी आक्रमण

२०५८ साल असार महिनामा नेकपा माओवादी क्षेत्रीय ब्यूरोको निर्णय अनुसार पाल्पा, कपिलवस्तु र अर्घाखाँची सुरक्षा पोष्ट केन्द्रित आक्रमणलाई बढाउँदै लाने क्रममा अर्घाखाँचीको सिमलपानी चौकीमा आक्रमण गऱ्यो । उक्त आक्रमणको क्रममा रातभरको आँधी, हुरी-बतास, मुसलधारे पानी  र अनुभवको कमी आदिका कारण सफल हुन सकेन । यस आक्रमणमा क. सागरले सहादत प्राप्त गरेका थिए । आक्रमणपश्चात् सेल्टर लिने क्रममा कपिवस्तुको जंगल क्षेत्र, पाको हुँदै अर्घाखाँचीको मैदानमा आएर सम्पूर्ण छापामारहरु आक्रमणको असफलताको समीक्षा गर्दै विकेन्द्रित भए । यस आक्रमणको परिणाम पार्टीलाई असफलता नै भएपनि चौकी आक्रमणको अभ्यास र छापामार कारबाहीबाट मोर्चाबद्ध कारबाहीतिर प्रवेश गर्ने ऐतिहासिक कारबाही थियो । सिमलपानी माथिको कारबाहीमा असफलता भएपनि अन्य आक्रमण र ती आक्रमणमा विजय पाउने आधारहरु तयार भए ।[41] यस आक्रमणपछि केही प्रहरी चौकी सन्धिखर्कमा विस्थापित भए र केहीमा धेरै संख्यामा सुरक्षाकर्मी रहन थाले । यसैक्रममा २०५८ सालको भाद्र महिनामा

---

39 खड्का, *पूर्ववत्.,* पा.टि.नं. ९ ।

40 नेपाली, *पूर्ववत्.,* पा.टि.नं. ३५ ।

41 *ऐजन ।*

अर्घाखाँचीको खिदिममा रहेको प्रहरी चौकीमा आक्रमण गरी आधा दर्जनभन्दा धेरै सुरक्षाकर्मीको मृत्यु भयो । यस आक्रमणबाट हतियार र बन्दोवस्तीका सामान जफत गर्न विद्रोही सफल भए । यस आक्रमणले जिल्लामा रहेका सम्पूर्ण प्रहरी चौकी सदरमुकाम केन्द्रित भए र सदरमुकाम बाहिर सेनासहितको क्याम्पमा मात्र प्रहरी राखियो । यसरी जिल्ला सदरमुकामबाहेक सम्पूर्ण क्षेत्र माओवादीको नियन्त्रणमा आयो ।[42]

## ४.६.४.२.२ अर्घाखाँची सदरमुकाम आक्रमण

२०५८ सालमा नेकपा माओवादी केन्द्रिय समितिको निर्णयले तत्कालीन देउवा सरकारलाई विशेष धक्का दिने उद्देश्यले सेनासहितको सुरक्षाकर्मीको क्याम्पमा आक्रमण गर्ने निर्णय भएको थियो । तत्कालीन निर्णय अनुसार कुन क्याम्पमा आक्रमण गर्ने निश्चित भएको थिएन । पार्टीको निर्णयले क्याम्प छान्ने क्रममा अर्घाखाँची सदरमुकामलाई छानेको अर्घाखाँची पार्टी इन्चार्ज उज्वललाई मात्र जानकारी गराई उनलाई कारबाहीको योजना सफल पार्नको लागि विभिन्न प्रश्नहरु सोधिएको थियो ।

(क) हजारौंको संख्यामा आउने छापामारलाई खाना खुवाउने व्यवस्था गर्न सकिन्छ, सकिंदैन ?

(ख) गोपनीयता राख्न सकिन्छ, सकिंदैन ?

(ग) म्यासको लागि कुन ठाउँ उपयुक्त छ ?

(घ) सामरिक दृष्टिले त्यो ठाउँ कस्तो छ ?

मथि उल्लेखित प्रश्नको अर्घाखाँची इन्चार्जले सकारात्मक जवाफ दिएपछि सिङ्गो पार्टी पंक्ति तयारीमा लाग्यो । यसै क्रममा मुख्य-मुख्य आधार इलाकाबाट आएका १०० जनाको टोलीलाई ४२ गाविसमा विकेन्द्रित गरी समस्त जिल्लामा फौजी कारबाही र सदरमुकाम कारबाहीमा लाग्यो । नेकपा माओवादी यसका लागि विभिन्न तयारीमा

---

[42] खड्का, *पूर्ववत्.,* पा.टि.नं. ९ ।

लाग्यो । तयारीको क्रममा आर्थिक अभियान, वालपेन्टिङ, सांस्कृतिक कार्यक्रम आदि गरी जनतालाई संगठित गर्दै मुख्य उद्देश्य सदरमुकाम आक्रमणको योजनालाई गोप्य नै राखिएको थियो । मुख्य काम फौजी तयारी पार्टी केन्द्रले मुख्य आधार इलाकामा नै गरेको थियो ।[43] यसका लागि २०५९ साल भाद्र २३ गते तिजको पहिलो दिन आक्रमणको लागि पार्टीले छान्यो । यसका लागि छापामारलाई तालिम, हतियार सङ्कलन, हतियार निरीक्षण लगायत पूर्ण तयारीको साथ २०५९ भाद्र १७ गते रोल्पाको उवाबाट अर्घाखाँची सदरमुकाम आक्रमणको लागि एउटा लङ्गमार्च शुरु भयो ।

जसमा

(क) डिभिजन १. बाट १५० जना तालिम प्राप्त हतियार सहित छापामार थिए ।

(ख) डिभिजन २. रुकुमबाट १०० जना

(ग) विशेष जिल्लाबाट १५० जना

ठाउँठाउँमा थपिंदै विविध तयारी गर्दै उक्त मार्च प्यूठानको स्याउलीवाङ, ओखरकोट हुँदै भाद्र २३ गते अर्घाखाँचीमा आइपुग्यो । सम्पूर्ण तयारी साथ राती १० बजे सेना, शसस्त्र प्रहरी र जनपथ प्रहरीको क्याम्पमा एकैपटक आक्रमण शुरु भयो । आक्रमणको दुई घण्टामै प्रहरी क्याम्प कब्जा भयो । पुन दुई घण्टापछि सेनाको क्याम्प र बैङ्क कब्जापछि पैसा नभेटीएपछि एकजना सेनालाई विशेष केरकार पछि ब्यारेकको ट्वाइलेटमा पैसा लुकाएको जानकारीपछि पैसा समेत कब्जा भयो ।[44]

अप्रेशन भइरहेको समयमा माओवादी विरुद्ध हेलिकप्टरबाट फायर गर्नुका साथै बमिङ पनि भयो । घाइते, बिरामी, सहादत भएका शव अन्य युद्ध सामग्री पार गरी कारबाही सम्पन्न गरी विजयको नारा लगाई फिर्ता हुने क्रममा अपहरण परेका सिडिओ, जि.सि.अ., एलडियो र केही सुरक्षाकर्मीलाई सम्मानपूर्वक सुरक्षित किसिमले हिंडाउदै

43 *ऐजन ।*

44 नन्दकिशोर पुन 'पासाङ', *इतिहासका रक्तिम पाइला,* (काठमाडौंः ऐरावती प्रकाशन, २०६३), पृ. ६८,७४ ।

हंसपुरमा आई बाटोखर्च समेत दिई सम्मानपूर्वक छाडिए । ठाउँठाउँमा हेलिकप्टरबाट बमवारी भइरहेको अवस्थामा पनि भिडन्त जारी नै थियो । अर्घाखाँचीको हंसपुर, प्यूठानको नारीकोट, ठूलाबेसी, रजवारा, स्याउलीबाङ सम्म भिडन्तको सामना गर्दै रोल्पाको थबाङमा विशेष कार्यक्रम गरी अर्घाखाँची कारबाहीको प्रक्रिया अन्त्य भएको घोषणा गर्दै छापामारहरु विकेन्द्रित भए ।[45]

यस कारबाहीको क्रममा जिल्लामा ठूलो क्षति भएको थियो । २०५९ साल भदौ २३ गतेको सदरमुकाम आक्रमणले जिल्लास्थित अस्पतालबाहेकका सम्पूर्ण सरकारी र गैरसरकारी कार्यालयहरूमा जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय वाणिज्य बैङ्क, कृषि विकास बैङ्क, मालपोत कार्यालय, घरेलु, हुलाक, नापी, खानेपानी लगायतका सम्पूर्ण सरकारी कार्यालय साथै गाडैप भवन समेत पूर्ण रुपले क्षति भएका थिए । यस आक्रमणले जिल्लाको जनयुद्धको यस चरणलाई विशिष्ट तहमा पुराईदियो । यस आक्रमणबाट पाएका सफलताले माओवादी जनयुद्धमा मानसिक र भौतिक खुराक वृद्धि भएको थियो भने पुराना सत्ताका सरकार र सरकारी निकायका अनेकौं पक्षहरू यस आक्रमणबाट हतोत्साहित हुँदै गइरहेका थिए भन्ने प्रकाशित अभिव्यक्तिबाट थाहा पाइन्छ ।

यस घटनापछि गोरखापत्र दैनिकमा छापिएको बन्दुकको भरमा शासन लाद्न खोज्नेको भविष्य छैन शीर्षकमा कट्टर साम्यवादको कुरा गरेर बन्दुकको नाल जबरजस्ती तेर्स्याउँदैमा माओवादीको सपना पुरा हुँदैन भन्ने अभिव्यक्तिले अर्घाखाँची सदरमुकाम आक्रमणबाट पुरानो सत्तामा रमाउने व्यक्तिहरूको मस्तिष्कमा भुकम्प गएको थियो भन्ने जानकारी पाइन्छ ।[46] त्यसैगरी तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा अर्घाखाँची निरीक्षण पुनः निर्माण प्रक्रिया तत्काल थालिने शीर्षकमा प्रधानमन्त्रीद्वारा दिएको अभिव्यक्ति विश्वासिलो वातावरण बने सरकार वार्ता गर्न तयार छ । यस आक्रमणको प्रतिक्रया स्वरुप सरकार माओवादीसँग आफूलाई कमजोर महसुस गरिरहेको थियो भन्ने

---

45 *ऐजन,* पृ. ७५-८६ ।

46 *गोरखापत्र* दैनिक, २०५९ भाद्र २५ गते ।

अभिव्यक्तिबाट प्रष्ट हुन्छ ।[47] त्यसैगरि सुरक्षा निकायले प्रतिकार गर्ने क्रममा सुरक्षा पोष्ट सामरिक दृष्टिले कमजोर ठाउँमा रहेकोले आफूले ठूलो क्षति व्यहोर्नु परेको हो ।[48] भन्ने अभिव्यक्ति सरकारी सुरक्षाको कमजोर मानसिकता बोलिरहेको थियो भन्ने महसुस हुन्छ । यस आक्रमणपछि पुरानो सत्ताको सेनाले सर्वसाधारणमा डर, त्रास, धम्की र सुरक्षाको कारण देखाई ब्यारेकको वरिपरि रहेको अन्नबालीसमेत नष्ट गरेका थिए ।[49]

यस आक्रमणमा दुवैतर्फ कति क्षति भयो भन्ने सन्दर्भमा त्यस बखतका स्रोतमा विभिन्न तथ्याङ्क दिइएको छ । हालैको तथ्याङ्कअनुसार माओवादीमा कम्पनी कमाण्डरसहित ६४ जना १५० जना भन्दा धेरै घाइते ६८ जना गम्भिर घाइते भएका थिए । तर यस तथ्याङ्कको वास्तविकता के हो भन्ने बारेमा कसैले ठोस प्रमाण दिन सकेको छैन । माओवादीको जिल्ला आक्रमणको भिडन्तमा शाही सेना र प्रहरीतर्फ ७४ जनाको मृत्यू, ५ जना घाइते भएका थिए । यस आक्रमणबाट १० वटा एल.एम.जी., २ टु इन्च मोर्टार, एस.एम.जी., एस.एल.आर, थ्रिनट थ्रि राइफल, सटगन, म्यागनम रिभल्वर, पेस्तोल, ग्रिनेट, माइन, गोलीहरू, बैङ्कबाट ५ करोड ८९ लाख नगद २० लाखको सुन लगायत सञ्चार सेट माओवादीले कब्जा गरे ।[50]

यी कब्जा गरिएका हतियारले जनयुद्धको दोस्रो चरणलाई तेस्रो चरणमा लान मद्दत गऱ्यो । यस आक्रमणपछि माओवादी जनमुक्तिसेनाले ४० जना सुरक्षाकर्मी र सरकारी कर्मचारीहरू सहायक सि.डि.यो. लगायतका कब्जामा लिएको थियो । शत्रुको सेनालाई पहिले कब्जामा लिएपछि केन्द्रिय निर्देशन अनुसार मार्ने गरिएतापनि पछि कब्जामा लिएका जुसुकै भएपनि आत्मसमर्पण गर्नेलाई मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा छाडी दिने नीति रहेकोले ती सम्पूर्णलाई अर्घाखाँचीको हंसपुरबाट मुक्त गरे । यस जनयुद्धमा अर्घाखाँचीमा आम जनता सयौं स्वयमसेवक र पार्टी कार्यकर्ताको भारी सहयोगले उक्त

---

47 *कान्तिपुर* दैनिक, २०५९ भाद्र २६ गते ।

48 *गोरखापत्र* दैनिक, २०५९ भाद्र २५ गते ।

49 सन्धिखर्क भिडन्तको प्रत्यक्षदर्शी, सन्धिखर्कबासी गिरीप्रसाद भुसालबाट २०६६/६/८ गते प्राप्त जानकारीअनुसार ।

50 पासाङ, *पूर्ववत्,* पा.टि.नं. ४४, पृ. ८४ ।

विजय प्राप्त भएको थियो । यस चरणको अवधिमा जिल्ला छापामार युद्ध र चलायमान युद्ध पनि लड्न पुगेका थिए । यसअघिका युद्धहरू छापामार र मोर्चाबन्दी युद्धहरू थिए भने २०६१ मा सिद्धाराको लामीदमारमा र दमारवेसीमा चलायमान यद्ध लडेका थिए र यस युद्धमा सेनालाई हराउँदै हतियार कब्जा गरी सफलता समेत हासिल गरेका थिए । जिल्लामा जनयुद्धको दोस्रो चरणको युद्धमा नै छापामार मोर्चाबन्दी चलायमान युद्ध सञ्चालन गरेका थिए । २०६१ भदौ देखि पार्टीले जनयुद्धको तेस्रो चरण थालनी गरेपछि जिल्लाले पनि सोही रणनीति अनुसार जनयुद्धको तेस्रो चरण रणनैतिक प्रत्याक्रमणलाई अगाडि बढाएका थिए ।[51]

## ४.६.८ जनसरकारको गठन

जनयुद्धको दोस्रो चरणमा जनतालाई तल्लो तहदेखि नै सरकारको अनुभूति होस् भन्ने अभिप्रायले प्रत्येक जिल्लामा जनसरकारको अवधारणा अनुसार यस जिल्लामा पनि २०६१ साल असार ८ गते जिल्लाको उत्तरी भेगमा चन्द्र ब.खड्का (उज्वल) को अध्यक्षतामा ठाकुर नेपाल, गोविन्द के.सी., विजय लगायतका व्यक्तिहरु समावेश भएको जिल्ला जनसरकार घोषणा भयो । जून पार्टीको सातौं योजनाले दिएको मूल नारा आधार इलाका सुदृढ र बिस्तार गरी केन्द्रिय जनसरकार निर्माणको दिशामा अघि बढौं भन्ने आधारमा गठन भएको थियो । जिल्ला जनसरकारका अन्य सदस्यमा ठाकुर नेपाल लगायत रहे । न्याय सम्पादन गर्न जिल्ला जनअदालतको गठन स्थायीरुपमा गरिएको थिएन । जिल्लामा कुनै कारबाही सञ्चालन गर्नुपरेमा जिल्ला जनसरकारको निर्देशनमा उक्त ठाउँमा तत्कालै जनअदालतको गठन गरी न्याय सम्पादन गर्ने गरिएको थियो ।[52]

जनयुद्धको अभियान चरणमा जिल्ला जनसरकारको गठन नै पुरानो सत्ताको निम्ति महत्वपूर्ण दबाब थियो । जिल्ला जनसरकारको गठनपछि पुरानो सत्ताका प्रशासन भन्दा छिटो र छरितो ढङ्गले जनताका कार्यहरू गरिएकाले सम्पूर्ण जनताहरू जिल्ला प्रशासन

51 खड्का, *पूर्ववत्* पा.टि.नं. ९ ।

52 *ऐजन ।*

कार्यालयमा नगई जिल्ला जनसरकार समक्ष आउन थालेकाले जिल्लामा माओवादी पार्टी ज्यादै प्रभावशाली हुन गयो । जिल्ला जनसरकारको सबैभन्दा जनतामा प्रभावकारी ढङ्गले न्याय सम्पादन गर्ने काममा जिल्लामा जनअदालतले गऱ्यो । न्याय सम्पादन पारदर्शी र जनसहभागिताका आधारमा हुने भएकाले जनताले दिएका रायका आधारमा जनअदालतले काम गर्ने हुँदा जस्तो सुकै मुद्दा पनि सजिलै समाधान गरिएका थिए ।[53] उदाहरणका लागि दशौं वर्ष पहिलेदेखि खिल्जी गाविसका बालानन्द बेल्वासे असुरकोट गाविसका रुक्मागत बेल्वासेको लेनदेनको मुद्दा सरकारी अदालतले फैसला गर्न नसकेको अवस्थामा जन अदालतले यो मुद्दा पारदर्शी ढङ्गबाट समाधान भई दुवै पक्षलाई सहि न्याय दिई मुद्दा छिनिएको थियो ।[54] जनअदालतबाट ज्यानकेश, बालविवाह, बहुविवाह आदि सबैको सही ढङ्गले न्याय दिइने हुनाले त्यस समयमा पुरानो सत्ताका जिल्ला अदालतमा मुद्दा जान छाडेका थिए । गाविस जिल्लाका भौगोलिक आधारमा गठन गरिएको यस जनसरकारबाट स्थानीय स्वायत्तता प्रदान गरिएका थिए । हाम्रो विकास हाम्रो प्रयास जनताको सुरक्षा जनमिलिसीया भन्ने नारा लिई जिल्लामा गाविसको माध्यमबाट गरिएका काम कारबाहीहरू तथा प्रशासनिक व्यवस्थाले जनयुद्धको दोस्रो चरण जनतासामु स्पष्ट र प्रभावकारी रहन पुग्यो ।[55]

## ४.६.९ रणनैतिक प्रत्याक्रमण

माओवादी जनयुद्धले प्रादेशिक र स्थानीय स्वायत्त शासनको नारा अगाडि सारी जातीय आधारमा मुलुकलाई विभिन्न प्रादेशिक गणतन्त्रका जनसरकारमा विभाजन गरी सबै क्षेत्रमा स्थानीय जनसेना गठन गर्ने नीति कार्यान्वयनलाई पार्टीले रणनीतिक प्रत्याक्रमणको संज्ञा दियो । यस चरणलाई कार्यान्वयन गर्न क्रान्तिकारी रुपान्तरणको प्रक्रियालाई नयाँ उचाइमा उठाउँदै रणनैतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरौं भन्ने मूल

---

53 *ऐजन ।*

54 तत्कालीन खिल्जी, असुरकोट गाउँ जनसरकार प्रमुख हुमलाल पाण्डेसँग २०६६/६/८ गते प्राप्त जानकारीअनुसार ।

55 नेपाल, *पूर्ववत्.* पा.टि.नं. २१ ।

नाराका साथ योजनाबद्ध ढङ्गले शुरु गरियो । कुनैपनि जनयुद्ध सामान्यतया रणनीतिक प्रत्याक्रमण लक्ष्य प्राप्तिको अन्तिम खुड्किलो हुन्छ । यस लक्ष्यलाई प्राप्त गर्न पहिलो प्रत्याक्रमणको पहिलो योजना सफल पारौं वैदेशिक हस्तक्षेपको विरुद्ध व्यापक तयार गरौं भन्ने नारा तय गरियो । जिल्लामा यस प्रत्याक्रमणको योजना कार्यान्वयनका लागि किसानको सम्मेलन गरी किसानलाई यस योजना कार्यान्वयनमा सक्रिय सहयोग गराउने क्रममा कार्यक्षेत्र आउँदै गरेका तेजमान घर्तीलाई २०६१ साल असोज ३१ गते अर्घाखाँचीको बाङ्गेतालमा सेनाद्वारा हत्या गरियो ।[56] पार्टीको योजना यसको बदला लिन जिल्लाका दर्जनौ भुगोलहरूमा हजारौं सुरुङहरू जनमुक्ति सेना, स्थानीय पार्टी र जनसमुदायको संयुक्त सहभागितामा निर्माण गरी प्रत्याक्रमणको चरणलाई अगाडि बढाए । प्रत्याक्रमणको पहिलो चरणलाई सफल बनाउने क्रममा केन्द्रिय योजना अनुसार आर्थिक महाअभियान २०६१ को कार्यक्रमलाई जिल्लाभरी चलाइयो । यस अभियानमा पार्टीले जिल्लाका हरेक तहतप्काबाट चन्दा संकलन गरेको थियो ।[57]

राष्ट्रिय राजनीतिमा देउवा सरकारले संसदीय निर्वाचन गरी राजनैतिक निकास र राजाको व्यापक पुन संरचना गर्न संसदीय निर्वाचन गराउने हल्ला चलेको थियो । यस पुरानो सत्ताको षड्यन्त्रलाई पार्टीले असफल पार्ने राजनैतिक लक्ष्य अनुसार फौजी लक्ष्यहरू तय भएका थिए । तर २०६१ माघ १९ मा देउवा सरकारलाई राजाले हटाई राष्ट्रको शासनभार आफ्नो हातमा लिए । प्रत्याक्रमणको पहिलो योजनाको समयमा अर्घाखाँची सिद्धाराको दमारबेसीमा चलायमान युद्धमा माओवादीलाई सफलता प्राप्त भयो । नेकपा माओवादीको आन्तरिक फुट र रणनीतिक प्रत्याक्रमण असफल भएपछि राजाको प्रत्यक्ष शासन विरुद्ध आन्दोलन गरिरहेका ७ दलसँग सामिप्यता बढ्यो । २०६२ असारमा ७ दल र माओवादीबीच प्रस्ताव आदानप्रदान गरेका थिए । २०६२ असोज कार्तिकमा रुकुमको चूनवाङमा बसेको माओवादी पार्टी बैठकले प्रत्याक्रमणको दोस्रो योजना तय गर्दै

---

56 खड्का *पूर्ववत्.* पा.टि.नं. ९ ।

57 *ऐजन ।*

"लोकतान्त्रीक गणतन्त्रको पक्षमा व्यापक मोर्चा कायम गरौं राजनैतीक र फौजी प्रत्याक्रमणलाई नयाँ उचाइमा उठाउँ" भन्ने मूल नारा तय गरेर संसदीय दलहरुको आन्दोलन र माओवादीको जनयुद्धबीच दुरी नजिकिन पुगेपछि माओवादी र संसदीय दलबीच केन्द्रमा सम्बन्ध नजिकिन पुगेपनि यस जिल्लामा पार्टीहरुका बीच निकटता भएको देखिँदैन र केन्द्रमा जस्तै अन्य पार्टीसँग कुनै किसिमको समझदारी वा सम्झौता भएको थि्एन । तर पार्टीहरुले गरेको आन्दोलनको क्रममा अघोषित रुपमा माओवादीबाट सहयोग भएको देखिन्छ । यस्तो वातावरणमा २०६२ मंसिर ७ गते ७ दल र माओवादी बीच १२ बुँदे सहमति हुन गयो ।[58]

जिल्लामा ४ आन्दोलनरत दलहरु ने.का, ने.का प्रजातान्त्रीक, ने.क.पा एमाले, जनमोर्चा नेपाल आदिको आन्दोलन जारी रहेको अवस्थामा गाँउवाट निष्कृय जनतालाई आन्दोलनमा जाने वातावरण माओवादी कार्यकर्तावाट भयो । माओवादीको जनयुद्धको प्रत्याक्रमणको यस चरणलाई दुस्मनको ढाडमा टेकेर टाउकोमा हान्ने (संसदीय दलको साथ लिएर राजतन्त्रमाथि आक्रमण गर्ने) नीतिलाइ जिल्लामा क्रियाशील गराइयो । यद्यपी यस जिल्लामा माओवादी र ४ पार्टीबीच कुनै सहमति भएको थिएन । माओवादीवाट अघाषित रुपमा सहयोग भएको थियो । जिल्लामा जनयुद्धको रणनैतिक र फौजी लक्ष्य पुरा गर्न आम जनतालाई मिलीसियाकरण गर्नका लागि आवश्यक तालिमहरु विभिन्न क्षेत्रमा सम्पन्न गरिए । जनसेनाका कौसलताका कारण दुस्मन पंक्तिवाट विस्थापित हुनेको संख्या बढ्दै गयो ।

प्रत्याकमणको दोस्रो चरणमा दलहरु र माओवादीबीच सम्बन्ध नजिकिंदै गएपछि एक मात्र सत्रु अब राजतन्त्र रह्यो, राजा र उसका सेनाहरु मात्र उनीहरुका शत्रु थिए र त्यसलाई परास्त गर्न बाँकी थियो । यसैक्रममा जिल्लामा २०६२ साल असार महिनाको १२ गते अर्घाखाँचीको खनदहमा भएको भिषण युद्धमा एक जना लेफ्टीनेन्ट सहिद १९ जना

58 नेपाली, *पूर्ववत्.,* पा.टि.नं. ३५ ।

सेनाको ज्यान गयो । माओवादीलाई ठूलो सफलता मिल्यो ।[59] संसदीय दलहरुले गरेको आन्दोलनको चरम उत्कर्षले निरंकुश राजतन्त्र बिस्तारै बिफल हुँदै थियो । २०६३ साल वैशाख ११ गते राजाको साही सम्बोधनपछि राष्ट्रमा जनआन्दोलन र जनयुद्धको निष्कर्षवाट प्रत्याक्रमणको लक्ष्य प्राप्त हुन गयो ।

माओवादीको जनयुद्धको ३ चरणहरूमध्ये अन्तिम चरण प्रत्याक्रमणको चरणले जिल्लामा शाही घोषणा सँगै आफ्नो लक्ष्य प्राप्त गर्न पुग्यो । समग्रमा अर्घाखाँची जिल्लाले १० वर्षे जनयुद्धमा ७६ जना आफ्ना कार्यकर्ता गुमाउनु पऱ्यो र १ जना हालसम्म बेपत्ता रहेका छन् । अन्य जिल्लाका तुलनामा थोरै मानवीय क्षति भई धेरै उपलब्धि यस जिल्लाले जनयुद्धको अवधिमा अर्घाखाँचीले लिन सफल भयो । जिल्लामा गठन भएको जनसेनाले मकवानपुरको फापरबारी, म्याग्दी सदरमुकाम बेनी आक्रमणदेखि पश्चिमको खाराको मोर्चासम्म पनि भाग लिई जनयुद्धमा सहभागिता जनाएको थियो ।[60] अर्घाखाँचीमा जनयुद्धको विशेषता के रह्यो भने पार्टी पूर्णतया भूमिगत भएपनि पार्टीका कार्यक्रम अवधिमा कहिले पनि सरकारी सेनासँग दोहोरो भिडन्त भने भएको थिएन ।

59 *गोरखापत्र,* २०६१ असार १३ गते ।

60 *जनक्रान्ति, शहिद विवरण,* (अर्घाखाँची : ने.क.पा. माओवादी जिल्ला कार्यालय, २०६३,) पृ. २७६,२८५ ।

# परिच्छेद-५

# अर्घाखाँची जिल्लामा माओवादी जनयुद्ध-प्रभाव र असर

## परिचय

नेपालमा ३० वर्षे लामो पञ्चायती निरंकुश व्यवस्था विरुद्ध नेपाली जनताले गरेको जनआन्दोलन तथा बलिदानबाट २०४६ सालमा बहुदलीय व्यवस्थाको उदय भयो । त्यो दिन ल्याउनको लागि नेपाली जनताले धेरै लामो समय पहिला देखि नै राजनैतिक कसरत गर्दै आएका थिए । बहुदलको घोषणासँगै सम्पूर्ण राजनैतिक पार्टीहरू भूमिगत अवस्थालाई छाडेर खुल्ला राजनीतिको मैदानमा आए । जनताले ३० वर्ष निकै दमन, पीडा, अप्ठ्याराहरू पार गर्दै संविधानको समेत घोषणा गराएका हुन् । सबै देशवासीको अपेक्षा थियो कि बहुदलीय व्यवस्थाको स्थापना भएपछि जनताको आधारभुत आवश्यकता परिपूर्ति होला, खाने, लाउने तथा बसोबास गर्ने जस्ता समस्या र युवा पङ्तिलाई रोजगारको व्यवस्था, विकास निर्माण जस्ता प्रारम्भिक चरणका आवश्यकताहरू परिपूर्ति होला भन्ने जनताको सोचाई थियो ।

२०४८ सालमा आम निर्वाचन भयो त्यसको फलस्वरुप नेपाली कांग्रेसको बहुमतको सरकार बन्यो । २०४९ सालमा स्थानीय निर्वाचन भयो त्यसमा पनि धेरैजसो जिल्लाहरूमा नेपाली कांग्रेसले विजय हासिल गऱ्यो । यस सरकारले जनकल्याणकारी तथा सुधारात्मक काम गर्नुको सट्टा राष्ट्रमा अनावश्यक राजनैतिक विवाद, चर्को भ्रष्टाचार, महँगी, दमन, हत्या, बेरोजगारी समस्या आदि बिस्तार भयो । जनताले राहतको महसुस गर्न पाएनन् । उक्त सरकारले अन्य राजनैतिक पार्टी लगायत आफ्नै पार्टीलाई समेत चित्त बुझाउन सकेन । आफ्नो पार्टी भित्रको व्यापक असन्तोष र अन्य पार्टीहरूको असहयोगका कारण नेपाली कांग्रेसले आफ्नो बहुमतको सरकारलाई विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गऱ्यो ।

उक्त मध्यावधि निर्वाचनमा सबैभन्दा ठूलो पार्टी नेकपा (एमाले) बन्यो र अल्पमतको सरकार गठन भयो । यो सरकारले केही जनकल्याणकारी सुधारात्मक काम

गर्ने योजना बनाई काम गरेको बेला त्यसलाई पनि विभिन्न कारण देखाउँदै अल्पमतमा पारी हटाइयो । एमाले सरकारको अवसान र गठबन्धन युगको आगमन पश्चात् जनतामा छाएको अन्योल र असन्तुष्टिलाई उपयोग गर्ने राम्रो मौका भयो । यही मौका छोप्दै माओवादीले क्रान्तिकारीताको नाममा देशव्यापी जनयुद्धको घोषणा गऱ्यो । यसले १० वर्षमा ठूलो हलचल ल्यायो । हत्या, हिंसा, अशान्ति निम्त्यायो । त्यसको फलस्वरुप राष्ट्रले हाल यो स्थिति भोगिरहनु परेको छ ।

विगत २०५२ सालदेखि शुरु भएको जनयुद्धले राष्ट्रमा ठूलो उथलपुथल ल्यायो । अर्घाखाँची जिल्लामा (जिल्लाबासीलाई) २०५२ साल यताको समय कसरी बित्यो, कस्ता कस्ता घटना घटे, त्यसको असर कस्तो पऱ्यो र परिणाम के भयो ? यस विद्रोहको क्रममा विभिन्न क्षेत्रमा भएका नकरात्मक प्रभाव र यसले ल्याएका सकरात्मक प्रभावलाई यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## ५.१ राजनैतिक अधिकारको क्षेत्रमा

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना पश्चात नेपाली जनतामा ठूलो आशा, विश्वास पलाएको थियो । प्रजातन्त्रको स्वतन्त्र र खुला उदार वातावरणमा राजनैतिक स्थिरता आउला र देशमा चौतर्फी विकास होला भन्ने नेपाली जनताले सोचेका थिए । कानुनी राज्यको स्थापना, सामाजिक न्यायको प्रत्याभूति र द्रुत गतिमा हुने आर्थिक विकासले नेपालीको गास, बास, कपासको राम्रो व्यवस्था होला भन्ने विश्वास आम नेपाली जनतामा विद्यमान थियो । २०४६ सालपछि भएका चुनावहरूमा उत्साह साथ नेपाली जनताले मताधिकारको प्रयोग गरेका थिए । तिनै निर्वाचनको जनादेश संसदीय प्रजातन्त्रको सफलताको लागि अनुकुल थियो तर सत्तासीन दलहरू जनादेश र जनभावना अनुरुप आफ्नो भूमिका निर्वाह गर्न सकेनन् ।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कायम राख्नुपर्ने विधायिका, कार्यपालिका, न्यायपालिकाबीचको परस्पर सन्तुलनलाई आफ्नो निहित स्वार्थका लागि खल्बलाउने काम सत्तासीन पार्टीहरूबाट गरियो । फलस्वरुप प्रशासन अस्तव्यस्त हुनपुगी सबैतिर राजनीति हाबी हुन गयो । जसले गर्दा समान अवसर सामाजिक न्यायबाट नेपाली

जनताहरू वञ्चित भए । प्रारम्भमा देखिएको त्यस अवस्थालाई परिपक्क र प्रजातान्त्रिक पाराले समाधान गर्नुपर्नेमा शक्तिबाट नियन्त्रण गर्ने सत्तासीनहरूबाट गरीएको प्रयासले प्रतिरोध अवस्थाको सृजना भई हिंसाको संस्कृतिले जन्म लियो ।

एकातिर शुसाशनको अभाव र अर्कोतिर अनियन्त्रित भ्रष्टाचारको निरन्तरताले जनआक्रोश स्वभाविक रुपमा बढ्दै गयो र माओवादी विद्रोह प्रारम्भ भयो । २०५२ सालमा जनमोर्चाले अगाडी सारेका ४० सुत्रीय मागप्रति सरकार र संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूले गम्भिरताका साथ परिपक्व व्यवस्थापन गर्न सकेका भए विद्रोहको जन्म हुने थिएन भन्ने विचार पनि अर्घाखाँची जिल्लाबासीमा रहेको बुझिन्छ । माओवादी आन्दोलनको प्रारम्भिक चरणमा शोषण, अत्याचार, सामाजिक विकृति र विसंगतिहरूको खिलाप गरीएको कारवाहीबाट जनतामा सकरात्मक असर पर्दै गएको थियो तर पछि गएर यीनको आचरण र व्यवहार ज्यादै क्रुर, अमानवीय बन्दै गयो । यसरी विद्रोहको क्रममा भएका नराम्रा र राम्रा पक्षलाई तल उल्लेख गरिएको छ ।

## ५.१.१ नकारात्मक

### विद्रोही पक्षबाट

माओवादी समस्या एक राजनैतिक समस्या हो । राजनैतिक अदूरदर्शिताको कारण यो समस्या उब्जिएको हो । यस विद्रोहको क्रममा अर्घाखाँची जिल्लामा राजनैतिक प्रतिशोध र वैचारिक मतभिन्नताका आधारमा, अपहरण, कुटपिट, आगजनी र मानिसलाई मार्नेजस्ता क्रुर काम भए । भिन्न विचार राखेकै कारण नेपाली कांग्रेस महासमिति सदस्य केरुङ्गा गाविस अध्यक्ष राममणि ज्ञवालीलाई खाना खाई आफ्नो कोठामा बसेको बेला राती ८ बजे नेकपा माओवादीका कार्यकर्ताबाट शरीरको दशौं ठाउँमा खुकुरी प्रहार गरी हत्या गरियो । अर्घाखाँची जिल्लाका पूर्व पञ्चायतकालीन सभापति ७४ वर्षीय सोभाखर भूसाललाई माओवादी विद्रोहीले घरबाट बाहिर बोलाई हातखुट्टा काटी हत्या गरे । नेपाली कांग्रेसको तर्फबाट छत्रगंज गाविस अध्यक्ष शिव पोखेललाई पनि माओवादीले खुकुरी प्रहार गरी हत्या गरे । अर्घाखाँचीका पूर्व कम्युनिस्ट

नेता राष्ट्रिय पञ्चायतका पूर्व उमेदवार विष्णु राज प्रदिपको पनि माओवादी कार्यकर्ताद्धारा हत्या भयो । नेपाली कांग्रेस बाँगी गाविस अध्यक्ष भेषबहादुर क्षेत्रीलाई माओवादी कार्यकर्ताद्धारा खुकुरी प्रहार गरी हत्या गरियो ।[1] माथि उल्लेखित कारबाहीहरुलाई माओवादी जिल्ला पार्टीले ठीक मुल्यांकन गरेपनि विष्णु राज प्रदिपको हत्या माओवादी पार्टीको गल्तीको कारण भएको भन्ने माओवादी पार्टीको ठहर रह्यो ।[2]

यसरी हत्या हिंसाले बढावा पाउँदै गर्दा गाउँ-गाउँमा मानिसहरू आफ्ना राजनैतिक अभिव्यक्तिहरू दिनसक्ने स्थिति थिएन । विद्रोहीका कारण शान्तिपूर्ण तवरबाट निर्वाचन हुनसक्ने वातावरण बनेन मानिस ढुक्कसँग हिँड्डुल गर्न सक्ने अवस्था थिएन । यदि अन्य राजनैतिक पार्टीका कार्यकर्ताको आवतजावत बढी भएमा विद्रोहीले दबाब श्रृजना गर्दथे । निर्वाचित प्रतिनिधिहरू मूलाभैं काटिएको बेला चुनावमा उमेदवारी दिनु भनेको त मृत्युको मुखमा परेजस्तै थियो । जसले गर्दा उमेदवारी दिने अवस्था थिएन । विद्रोहीको मन नपर्ने गतिविधीलाई भन्न नपाउँदा, प्रतिक्रिया जनाउन नपाउँदा जनतामा नैराश्यता उत्पन्न भएको थियो ।[3]

माओवादी गतिविधीको विरोध गर्ने व्यक्ति कि त आफ्नो जीवन गुमाउनु पर्दथ्यो कि त अपाङ्ग, अशक्त बनेर जीवन बिताउनु पर्दथ्यो । विद्रोहीका चेतावनीका कारण अर्घाखाँची  ठूला पोखराका नेपाली कांग्रेसका कार्यकर्ता पदमलाल पाण्डे १५ दिनसम्म गहुँबारीमा सुतेका, हंसपुरका नेकपा एमाले जिल्ला कमीटी सदस्य छविलाल अधिकारी महिनौं दिनसम्म छिमेकीकोमा सुतेका, भिन्न विचारका कारण हंसपुरका नेकपा एमालेका कार्यकर्ता तथा रतनमारा माध्यमिक विद्यायलका शिक्षक लेखनाथ न्यौपानेको खुट्टा भाँच्ने काम विद्रोहीबाट भएको थियो । अर्घाखाँची खिल्जी गाविस नेकपा एमाले गाउँ कमीटी सचिव गोपाल प्रसाद बेल्वासेलाई सुदखोर, सुराकी

---

1 नेपाली कांग्रेस, अर्घाखाँची जिल्ला सभापति कमलप्रसाद भुसालसँग २०६६/१०/५ गते प्राप्त जानकारी अनुसार ।

2 नेपाल कम्युनिस्ट पार्टी माओवादी, अर्घाखाँची इन्चार्ज चन्द्र बहादुर खड्कासँग २०६६/१०/१० गते प्राप्त जानकारीअनुसार ।

3 २०५६ सालमा नेपाल कम्युनिस्ट पार्टी एमालेको तर्फबाट अर्घाखाँची जिल्ला विकास समिति सभापति, पिताम्बर भुसालसँग २०६६/१०/६ गते प्राप्त जानकारी अनुसार ।

महिलामाथि अभद्र व्यवहार गरेको आरोप लगाउँदै २०६० साल श्रावणमा उनका १५ लाखको तमसुक र १०औं लाखको सामान विद्रोहीले जफत गरी आगजनीसमेत गरेका थिए ।[4]

सर्वसाधारण जनताले हरेक काम गर्दा विद्रोहीलाई जानकारी गराउनुपर्ने स्थिति थियो । एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्दा आउने जाने उद्देश्य समेत जानकारी गराउनु पर्दा छिमेकीको घरमा आवतजावत गर्दा समेत शंकाको दृष्टिले हेरिने हुँदा आवतजावतमा समेत अप्ठ्यारो परेको थियो । अर्घाखाँची जिल्ला खिल्जी गाविस ने.का.का तर्फबाट पूर्व गाविस अध्यक्ष, जि.क. सदस्य प्रेम नारायण बेल्वासे छिमेकीकोमा नयाँ मानिस आउँदा कहिले घरमा नसुतेको कुरा सुनाउँदा त्यसबेलाको अवस्था कस्तो थियो जान्न सकिन्छ ।[5]

**सरकार पक्षबाट**

सर्वसाधारण जनताहरू विद्रोहीबाट मात्र होइन जनताको जीउधन सुरक्षाको ग्यारेन्टी लिएको सरकारी सुरक्षाकर्मीबाट पनि सताइन थाले । पकलेमा माओवादीले गरेको कार्यक्रममा दमन गर्ने क्रममा अन्य पार्टीका कार्यकर्तालाई पनि गिरफ्तार दमन गरेको, माओवादी विद्रोहको क्रममा देशमा संकटकाल लागेपछि सुरक्षाकर्मीको मनोमानी चलेको थियो । सुरक्षाकर्मीले शंका लागेका अन्य राजनैतिक पार्टीका नेता कार्यकर्तालाई गिरफ्तार गर्ने, यातना दिने गरेकाले पार्टीहरू प्रतिबन्धित जस्तै थिए । खिल्जी गाविसका एमाले कार्यकर्ता ठाकुर बेल्वासेलाई शंकाको भरमा गिरफ्तार गरी महिनौं दिनसम्म तारेख दिने काम भएको थियो । असुरकोट गाविस राष्ट्रिय जनमोर्चाका कार्यकर्ता प्रेम बञ्जाडेलाई पनि शंकाको भरमा गिरफ्तार गरी महिनौं दिनसम्म थुनामा राखी तारेखमा छोडिएको थियो ।[6]

---

4 माओवादीपिडित पदम पाण्डे, छवि अधिकारी, लेखनाथ न्यौपाने,गोपाल बेल्वासेसँग विभिन्न मितिमा लिएको जानकारीअनुसार ।

5 माओवादीपिडित खिल्जी निवासी प्रेम बेल्वासेसँग २०६६/१०/१० गते प्राप्त जानकारीअनुसार ।

6 सेनाबाट यातना पाएका खिल्जी निवासी ठाकुर बेल्वासे, असुरकोट निवासी प्रेम बन्जाडेसँग विभिन्न मितिमा लिएको जानकारी अनुसार ।

विशेष परिस्थितिमा राजनैतिक पार्टीले गर्ने कार्यक्रममा समेत सुरक्षाकर्मीबाट धरपकड भयो । यसले गर्दा राजनैतिक पार्टीका नेता कार्यकर्ता जनता समक्ष आफ्ना कार्यक्रम लिएर जान, भेटघाट गर्न समेत वञ्चित थिए । नेताहरू अर्ध भूमिगत थिए । राजनैतिक पार्टीका कार्यकर्ता दोहोरो चपेटामा परे विद्रोहीले सुराकी र सुरक्षाकर्मीबाट आतंककारीको बिल्ला भिराउने हो कि भन्ने त्रासमा बाँच्नुपर्ने अवस्था थियो ।[7]

## ५.१.२ सकारात्मक

लामो समयको द्वन्द्वबाट जनताहरू मुक्ति चाहन्थे । द्वन्द्वबाट मुक्त कसरी हुन सकिन्छ । स्थायी शान्तिका लागि महत्वपूर्ण कार्य के हो ? अशान्तिको कारण, किन अशान्ति भयो ? यसको समाधान कसरी गर्न सकिन्छ ? यस बारेमा जनतामा राजनैतिक सचेतना वृद्धि हुन थाल्यो । राजनैतिक सचेतनाको कारण आफ्ना अधिकारप्रति जनताहरु सजग र जानकार हुन थाले । सरकारले नै कानुनको बेवास्ता गर्ने गरेकोले अब जनताहरू संगठित भएर अगाडि बढ्नुपर्ने ठहर गरी अर्घाखाँचीमा रहेका सम्पूर्ण संसदवादी पार्टीहरू सहकार्य गरी राजनैतिक सहभागीता देखाउन थाले । सरकारको दमन रोक र धरपकडले त्यसलाई छेक्न सकेन ।[8]

तत्कालीन युद्धको समस्याबाट मुक्ति पाउनको लागि सम्पूर्ण पार्टीहरू समन्वय गरी अगाडी बढ्न थाले । अर्घाखाँची जिल्लामा रहेका सबै संसदीय पार्टीहरुले एकै ठाउँमा सामूहिक कार्यक्रम गर्न थाले । यस प्रकारको सहिष्णुता अर्घाखाँचीका पार्टीमा कहिले पनि देखिएको थिएन । जसले गर्दा जनताले सबै पार्टीका नीति, सिद्धान्त, कार्यक्रमको बारेका जानकारी लिने मौका पाए । जसले गर्दा समाजमा उपेक्षित वर्गको रुपमा हेरिएका दलित, जनजाति, महिलाहरूको पनि उल्लेख्य मात्रामा राजनैतिक सहभागीता हुन थाल्यो र समाजमा द्वन्द्वको वास्तविक कारण के हो ? भन्ने कुरा जानकारी हुन थाल्यो । राजनैतिक सचेतनाको वृद्धिले जनताहरू आत्मनिर्भरतर्फ अगाडी बढ्न थाले । आफ्नो समस्या, आफ्ना आवश्यकता अरुले पुरा गरीदिन्छ भन्ने कुरालाई टाढै राखी आफ्नो समस्या समाधानको लागि आफैं संघर्ष गनुपर्दछ भन्ने

[7] भुसाल, *पूर्ववत्*, पा.टि.नं. ३ ।

[8] राष्ट्रिय जनमोर्चा, अर्घाखाँची जिल्ला अध्यक्ष सागर के.सी.सँग २०६६/६/१० गते प्राप्त जानकारीअनुसार ।

कुरालाई निश्चित गरी आत्मनिर्णय गर्ने स्थितिमा पुगे । यस जिल्लाको गाउँगाउँमा सचेतना अभियानले समाजमा द्वन्द्वबाट मुक्ति पाउनको लागि राजनैतिक सचेतना अझै वृद्धि गर्नका लागि सम्पूर्ण पार्टीका नेता कार्यकर्ताहरूले असहज परिस्थितिमा पनि सभा, सम्मेलन, ऱ्याली आदिको माध्यमबाट जनतालाई आन्दोलनमा सहभागी गराउन सफल भए जसको कारण २०६२/६३ सालको आन्दोलनलाई सफल बनाउने क्रममा अर्घाखाँची जिल्ला नमुना बनेको थियो ।[9]

## ५.२ नागरिक अधिकारको क्षेत्रमा

एउटा राष्ट्र बन्नको लागि प्रमुख तत्व भनेको जनता हो । जनताको सुरक्षा लगायत नागरीक अधिकार व्यवस्थापनको लागि सरकारको गठन भएको हुन्छ । नागरीक अधिकार भन्नाले कुनैपनि राष्ट्रको एक असल नागरीक भएर सम्मानपूर्वक बाँच्न पाउनु वा कुनै पनि वस्तुको उपभोग समान रुपले गर्न पाउनुपर्ने कुरालाई जनाउँदछ ।

नेपालमा माओवादी जनयुद्धको क्रममा थुप्रै नागरीकहरूलाई सम्मानित रुपमा बाँच्न पाउने अधिकारबाट वञ्चित गरीएको थियो । तत्कालीन श्री ५ सरकारद्वारा लगाएको संकटकालले सरकारबाट नागरीक अधिकार हनन भएको र माओवादी कार्यकर्ताद्वारा आफ्नो विचारसँग असहमति राख्ने मानिसलाई राजनैतिक आस्थाका आधारमा धम्की दिने, अपहरण गर्ने, मार्ने, जबरजस्ती कामबाट राजीनामा दिन लगाउने आदि कारणले नागरीक अधिकार हनन भएको देखिन्छ ।

## ५.२.१ नकारात्मक

<u>विद्रोही पक्षबाट</u>

माओवादी विद्रोहको क्रमश देशमा नागरीक अधिकार हनन हुने क्रम बढिरहेको अवस्थामा अर्घाखाँची जिल्लामा पनि नागरीक अधिकार हनन हुने क्रम बढ्यो । ने.क.पा माओवादीका कार्यकर्ताले २०५८ साल फागुन २९ गते राती घरमा सुतिरहेका

9 *ऐजन ।*

श्रीमती पुष्पा ज्ञवाली र छोरा सुदिपलाई कोठामा थुनी राममणि ज्ञवालीलाई नियन्त्रणमा लिई हत्या गरे । २०५९ साल कार्तिक २७ गते बेलुका बाँगीका भेष बहादुर क्षेत्रीलाई सुराकीको आरोप लगाउँदै हत्या गरे । त्यसैले हत्याको क्रम बढ्दै जाँदा २०६० साल जेष्ठ ५ गते पूर्व जिल्ला पञ्चायत सभापति ७५ वर्षीय शोभाखर भूसालको पनि माओवादी कार्यकर्ताद्वारा हत्या भयो । हत्या क्रमसँगै मरेङका शिव पोखरेल, हंसपुरका पूर्व राष्ट्रिय पञ्चायत सदस्यका उमेदवार विष्णु राज प्रदिपलाई समेत माओवादी कार्यकर्ताद्वारा सफायाको नाममा हत्या भयो ।[10] हत्याको क्रममा राजनैतिक पार्टीका नेता कार्यकर्ता मात्र नभै सर्वसाधारण र सरकारी कर्मचारी समेत परे । सिद्धारा गाविस वाड नं. ४ निवासी सोही गाविस सचिव तारा प्रसाद पोखेल र उनका सहोदर भाई तेजप्रसाद पोखेललाई २०५९ साल कार्तिक ३० गते आफ्नो घरबाट अपहरण गरी केही दिनपछि सफाया गरीएको हस्त लिखित पम्पेलेट द्वारा माओवादीद्वारा सार्वजनिक गरे । घटना सार्वजनिक गरीएपछि पीडितका श्रीमती, आफन्तले आफ्ना पतिलाई सफाया गरीएका भए लास र नगरीएको भए सास उपलब्ध गरियोस् भनी मानव अधिकारवादी संस्था एवं विभिन्न पत्रपत्रिका मार्फत सहयोगको लागि निवेदन गरेपनि लास, सास कुनै उपलब्ध गराईएन ।[11]

विद्रोहीको क्रममा माओवादीका कार्यकर्ताद्वारा हत्यामात्र नभै अपहरणलाई समेत बढवा दिए । यसै क्रममा जिल्ला प्रशासन कार्यलय अर्घाखाँचीका नायब सुब्बा हरिप्रसाद दमासेलाई माओवादीद्वारा २०५९ साल पुष १५ गते बेलुका आफ्नै घरबाट अपहरण गरी पुष १२ गते मुक्त गरे । अपहरणका क्रममा २ जना महिला र ४ जना केटा मानिसले आफूलाई लिएर गएको ८ दिनसम्म दिनमा सुताउने र रातमा हिंडाउने गरेकाले आफूलाई कहाँ कहाँ लगेको थाहा नभएको हरिप्रसाद दमासे भन्छन् । यसै क्रममा अपहरणकै क्रममा नेकपा एमाले जिल्ला कमीटी सदस्य नारायण खनाललाई आफ्नै घर ढिकुराबाट अपहरण गरी महिनौ दिनपछि छाड्ने काम गरे, त्यसै गरी नेकपा एमाले ११ इलाका सचिव तारा भट्टराई, सोही कमिटी सदस्य वासु पाण्डेलाई

10 भुसाल, *पूर्ववत्.* पा.टि. नं. १ ।

11 अर्घाखाँची यातायात व्यवसायी संघका सदस्य श्याम पोखेलसँग २०६६/१०/१४ गते प्राप्त जानकारी अनुसार ।

समेत माओवादीले अपहरण गरे । अपहरणको क्रम बढ्दै गयो । यसैक्रममा केरुङ्गा गाविस-३ का इन्द्र श्रेष्ठ, गोखुङ्गा गाविसका चन्द्र आचार्य र चिदीका गाविसका मोती आचार्यको अपहरण भएको धेरै समयपछि कङ्काल मात्रै भेटिएको थियो । मृतकका परिवारले उनीहरुको अपहरण तथा हत्या माओवादीले नै गरेको आरोप लगाए तापनि माओवादी पार्टीले उक्त अपहरणमा संलग्न नभएको जनाएको छ । यसरी नागरिक अधिकारको हनन हुने क्रम बढेको थियो ।

**सुरक्षाकर्मीबाट**

द्वन्द्वको क्रममा विद्रोही तर्फबाट घटना घटिरहेको अवस्थामा जनताको ज्यूज्यानको ग्यारेन्टी लिएको सरकारपक्षबाट समेत सर्वसाधारण जनतालाई धरपकड, गिरफ्तार, यातना र मार्नेसमेतका काम भए । यसै क्रममा २०५७/४/१९ गते सुरक्षाकर्मीले खरबारीमा घाँस काटिरहेको अवस्थामा खिल्जी गाविसका ठाकुर बेल्वासेलाई शंकाको भरमा हप्तौं दिन सम्म थुनामा राख्ने काम भयो । त्यसैगरी असुरकोटका प्रेम बञ्जाडेलाई शंकाकै भरमा महिनौं दिनसम्म थुनामा राखी यातना दिने काम सुरक्षाकर्मीबाट भयो ।[12]

अर्घा गाविसकी रामकला आचार्यलाई श्रीमान् माओवादी भएको आरोपमा सेनाले नियन्त्रणमा लिई निर्ममतापूर्वक हत्या गर्‍यो ।[13] २०६०/२/५ गते अर्घाखाँची ढाकाबाङकी सीता खनाललाई श्रीमान् माओवादी भएकै कारण गस्तीमा रहेको सुरक्षाकर्मीबाट मरणासन्न हुनेगरी कुटपिट गरियो । पिटाईको कारण श्रीमती खनाल हालसम्म पनि उपचाररत छिन् ।[14] २०६०/१२/२१ गते केरुङ ७ हटिया बजारका ३२ वर्षिया राजेश भनीने खिम बहादुर श्रेष्ठ, मैदान गाविस ३ का राजन भनीने खुम बहादुर वि.क.लाई ब्यारेकमा गोली हानी हत्या गरियो । सरकारी सञ्चार माध्यमले छत्रगंज इलाकामा दोहोरो भिडन्तमा २ जना आतंककारीको मृत्युभयो भनी समाचार सम्प्रेषण गर्‍यो । झण्डै ४० जना सर्वसाधारणलाई ब्यारेकमा ल्याई आत्मसमर्पण

---

[12] बेल्वासे, बञ्जाडे, *पूर्ववत्.* पा.टि.नं. ६ ।

[13] नेपाली *पूर्ववत्.* पा.टि.नं. ३५ ।

[14] ढाकाबाङ गाविस-८ निबासी डिल्ली खनालसँग २०६६/१०/१५ गते प्राप्त जानकारीअनुसार ।

गरायो । यसरी सुरक्षाकर्मीबाट नागरीक अधिकार हनन हुँदै गयो । २०५९ साल भाद्र २४ गते हंसपुर म्यालपानीका सर्वसाधारण देव बहादुर घर्तीलाई सेनाद्वारा शंकाको भरमा हत्या गरियो । सोही दिन गोखुङ्गाकी बालकुमारी नेपालीलाई बजारबाट घर जाने क्रममा हंसपुरको राँगामारेमा सेनाद्वारा हत्या भयो । २०५९/५/२४ गते नै गोखुङ्गा लामपाटाका देवीराम पौडेल, गोखुङ्गा घुमडाँडाको राजेन्द्र खनाललाई सन्धिखर्क घटनापछि हेलिकप्टरमा आएका शाहीसेनाद्वारा पसलमा बसिरहेको समयमा गाली हानी हत्या गरियो । चिदिका मदुलेकका लालबहादुर कुमाल र उनकी छोरी ज्ञानु कुमाललाई २०५९ साल भाद्र २४ गते भुवन पोखरामा आफन्तको घरमा गएको बेला गिरफ्तार गरी क्रुर यातना दिई बाबु छोरीको नै सामुहिक हत्या गरियो । त्यसै गरी बाँगी-१ कर्णमारेका टोमलाल पंथीलाई बिहानै आफ्नो खेत सर्दामखोलामा गएको समयमा गस्तीमा आएको सेनाले २०५९/८/२ गते बाँगी-१ डाडाखर्कमा गोली हानी हत्या गरियो । २०६० साल माघ २ गते ढाकावाङ वाड नं. २ का रेम बहादुर नेपालीलाई शाही सेनाले घरबाट गिरफ्तार गरी चरम यातनापछि हत्या गऱ्यो । २०६१ साल जेष्ठ १३ गते ढाकाबाङकै ठग बहादुर घर्तीलाई हंसपुरको रतनमारेमा गोली हानी हत्या भयो । २०६१ साल असारमा जुकेनाका राम बहादुर परियारलाई माओवादी भएको आरोप लगाएर शाही सेनाद्वारा जुकेनाका फुर्सामाटामा हत्या भयो । २०६२ साल पुष ९ गते अर्घाखाँची सिद्धाराकी उषा भट्टराईको शाही सेनाले जुकेनामा घेराहाली गोली हानी हत्या गऱ्यो । अर्घाखाँची पोखरा थोकका प्रकाश घर्ती २०६२/११/१६ गते सिस्नेमा शाही सेनाले हेलिकप्टरबाट खसालेको बम बिस्फोट भई हत्या भयो । सोही दिन घरको आँगनमा बसिरहेका खिदिम र सपाङ्दीका पवन गौतम शाही सेनाद्वारा हेलिकप्टरबाट चलाएको गोली लागि तिनगिरेमा मृत्यु भयो । त्यसै गरी सिद्धारा ८ पलाँसेका आईते नेपालीको पनि सेनाको गोलीद्वारा हत्या भयो । यसरी सेनाद्वारा शंकाको भरमा सर्वसाधारण जनताको हत्या गर्ने काम भयो ।[15]

सेनाद्धारा हतियारविहीन अवस्थामा रहेका माओवादी कार्यकर्ताहरुलाई पनि हत्या गर्ने काम भयो । यसैक्रममा २०५९ साल जेष्ठ १३ गते अर्घाखाँची जलुके

15 अर्घाखाँचीका मानवअधिकारवादी संस्थाद्धारा सार्वजनिक गरिएको सरकार र विद्रोही पक्षबाट मारिएका व्यक्तिहरुको तथ्यांक अनुसार ।

सातमाराका हतियारविहीन माओवादी कार्यकर्ता कृष्ण सेन इच्छुकलाई महेन्द्र पुलिस क्लब काठमाडौमा प्रहरीद्वारा हत्या गर्ने काम भयो । सेनाद्धारा अर्घाखाँची सिमलपानीका मान बहादुर बैदलीलाई २०५८/८/१२ गते रुपन्देहीमा गोली हानी हत्या गरियो । सन्धिखर्क भक्तिटोलका लेखनाथ पौडेललाई २०५८/८/२४ गते कैलालीमा घरमा बसिरहेका अवस्थामा हत्या गरियो । ढाकाबाङ-२, थराईका कृष्णप्रसाद खनाललाई २०५८/११/२५ गते सुर्खेत छिन्चु बजारबाट प्रहरीले गिरफ्तार गरी जंगलमा लगेर हत्या गऱ्यो । मैदान-३, मौरेथुमका रामबहादुर वि.क.लाई २०५८/१२/१३ गते सन्धिखर्क ब्यारेकमा गोली हानी हत्या गरियो । ढाकाबाङ-६ का ऋषिराम खनाललाई २०५९/३/२५ गते बर्दियाको ठाकुरद्धारामा सेनाद्धारा गोली हानी हत्या गरियो । सिमलपानी-१ का कुलबहादुर परियारलाई २०५९/५/२० गते गिरफ्तार गरी नन्दनगर कपिलवस्तुमा लगी गोली हानी हत्या गरियो । सन्धिखर्क, भक्तिटोलकी सुनिता सापकोटालाई २०५९/६/१२ गते कैलालीमा जंगलमा गोली हानी हत्या गरियो । बलकोट-५, अर्बुणका अलाउद्दिन मियाँलाई घरैबाट गिरफ्तार गरी २०६०/७/१० गते वाङ्लामा गोली हानी हत्या गरियो । चिदीका-३, बाखेडाँडाका यादव अर्याल, वाङ्ला-७, बडरपानीकी कमला भुसाल र खिदिम-२, दाबकी कमला वि.क.लाई २०६०/८/१६ गते धनचौरको हल्देमा नियन्त्रणमा लिई गोली हानी हत्या गरियो । जलुके, राकसका भीमबहादुर खड्का, जलुके-३, राताामाटाका झविन्द्र आचार्य र खिमानन्द भुसाल, सोमनाथ लामिछानेलाई २०६१/१/२४ गते हंसपुरको टिमुरेमा सेनाले नियन्त्रणमा लिई गोली हानी हत्यो भयो । खन-२, काबरनेटाकी माया नेपालीलाई २०६१/२/१३ गते हंसपुरको रतनमारेमा गोली हानी हत्या भयो । सिमलपानी-१, बिक्रमसोताकी सीता ठेडीलाई २०६१/६/२७ गते सेनाद्धारा सिद्धारा-८, लौरीमा बलात्कारपछि गोली हानी हत्या गरियो । सिद्धारा-८ की झुपी सारुलाई २०६१/७/२२ गते सेनाद्धारा गोली हानी हत्या गरियो । सिद्धारा-६, खयरबट्टीका सुरेन्द्र भट्टराईलाई सेनाले नियन्त्रणमा लिई गोली हानी हत्या गरियो । सिमलपानी-१ की निमकला ठेडीलाई २०६१/१०/२८ गते सिमलपानी-५ मा घेरा हाली नियन्त्रणमा लिई हत्या गरियो । सिमलपानी-९ का राजेन्द्र वि.क.लाई २०६१/१०/२९ गते जलुके, रातामाटामा गोली हानी हत्या गरियो । खन-२, काबरनेटाकी मीना वि.क., डिभर्ना-७

का ज्ञान बहादुर श्रेष्ठ, अर्घातोष, लामापोखराकी कमला भुसाललाई २०६१/११/११ गते सेनाद्धारा नियन्त्रणमा लिई बाँगीको पसलपाटामा हत्या गरियो । बलकोट-८, अर्बुणका रजबद्दीन मियाँलाई २०६१/११/१८ गते नियन्त्रणमा लिई हत्या गरियो । केरुङ्गा-७ का खिमबहादुर श्रेष्ठलाई २०६१/१२/१३ गते ब्यारेकमा ल्याई गोली हानी हत्या गरियो । सिद्धारा-६, दोबाटाकी कर्मा घर्तीलाई २०६१/१२/२४ गते सिद्धारा-१, पाकुरीमा नियन्त्रणमा लिई गोली हानी हत्या गरियो । मैदान-९, बर्थान र भरतपुरका डिलबहादुर रोका र विष्णुप्रसाद घिमिरेलाई २०६१/१२/३१ गते सुवर्णखाल, बाउन्नमा सेनाद्धारा नियन्त्रणमा लिई गोली हानी हत्या गरियो । जलुके-३, रातामाटाका केशब आचार्यलाई २०६२/१/२७ गते बाँगी-१ कर्णमारेमा सेनाद्धारा गोली हानी हत्या गरियो । सिद्धारा-२, बहखोरका इन्दिरा भट्टराई र हरिकला सापकोटालाई २०६२/२/९ गते जलुके, सुकौरामा गोली हानी हत्या गरियो । सिद्धारा-२, बहखोरकी कमला नेपालीलाई २०६२/३/१२ गते पाल्पाको गोठादीमा सेनाद्धारा गोली हानी हत्या गरियो । सिद्धाराकी उषा भट्टराईलाई २०६२/९/९ गते जलुकेमा नियन्त्रणमा लिई हत्या गरियो । सिद्धारा-४, साम्बोटका सुर्य गुरुङ र सिद्धारा-६, दोबाटाका अरुण घर्ती थापालाई जलुकेको रातामाटामा २०६२/९/१८ गते सेनाद्धारा नियन्त्रणमा लिई गोली हानी हत्या गरियो । सिद्धारा-६, कात्तिकेका काशीनाथ थापा र बाँगी-३, काउलीमारेकी मीना खड्कालाई बुटवल बहुमुखी क्याम्पसबाट सेनाले गिरफ्तार गरी गोली हानी हत्या गर्‍यो । यसरी राज्यपक्षबाट हतियारविहीन अवस्थामा रहेका माओवादी कार्यकर्ताहरुलाई हत्या गरियो ।[16] (विस्तृत विवरण परिशिष्टमा समावेश गरिएको छ ।)

यसरी द्वन्द्वकालमा कसैले श्रीमान्, कसैले श्रीमती, छोराछोरी, बाबु-आमा, आफन्तहरू गुमाउनुपर्‍यो । सुरक्षाकर्मीले शंकाको भरमा स्वेच्छाचारी र प्रतिशोधको भावनाको रुपमा सर्वसाधारण नागरीकलाई गिरफ्तार गर्‍यो । यसरी बिहान घरबाट हिंडेको व्यक्ति सकुशल फर्कने हो कि होइन भन्ने कुरा शंका गर्न सकिन्थ्यो । सानो कुरालाई लिएर ज्यान जाने घटना भएको पाइन्छ मानिसले बाँच्न पाउने अधिकारबाट वञ्चित भए सरकारले जनताको सुरक्षाको प्रत्याभुत गर्न सकेन । न्यायको लागि

---

16 *जनक्रान्ति शहिदहरुको तथ्यांक विवरण* (अर्घाखाँची : नेपाल कम्युनिस्ट पार्टी माओवादी जिल्ला कार्यालय, २०६३), पृ. २८७-२९९ ।

अदालत जाँदा निष्पक्ष न्याय पाउन गाह्रो भयो । एउटै मुद्दामा फरकफरक फैसला आदिले न्यायपालिकाको विश्वसनीयतामा कमी हुँदै गयो । बन्दीले जेलभित्र पाउने अधिकारबाट वञ्चित भए । सुरक्षाकर्मीको नियन्त्रणमा परेको व्यक्ति ज्यूँदै आएका भाग्यमानी ठहरीन थाल्यो । जसले गर्दा सुरक्षाकर्मीतर्फ जनताको नकरात्मक धारणा बन्दै गयो । विद्रोहीबाट सताईएको अवस्थामा जनताको सुरक्षा ग्यारेन्टी लिएको सुरक्षाकर्मीबाट समेत यस खालका कृयाकलाप हुँदा जनताहरू स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकारबाट वञ्चित भए ।[17]

अर्घाखाँची जिल्लाको विभिन्न क्षेत्रमा भएका सुरक्षाकर्मी र माओवादी बीचको भिडन्तमा १५० जनाभन्दा धेरै सुरक्षाकर्मीको मृत्यु भएको थियो । विद्रोहीतर्फ पनि ठूलो संख्यामा क्षति भएको अनुमान गर्न सकिन्छ । सन्धीखर्क भिडन्तमा मात्र ६५ जना विद्रोहीको लास भेटिएको थियो । अन्य भिडन्तमा के कति मरे भन्ने मोटामोटी विवरण मात्र बाहिर आएको र घाइते भएका को कति मरेको यथार्थ कुरा बाहिर आउन नसक्दा नागरीकले वास्तविक कुरा थाहा पाउनबाट वञ्चित भए ।[18]

## ५.२.२ सकारात्मक

जनताहरू द्वन्द्वबाट सताइएको अवस्थामा सरकारका सबै अंगहरू निष्कृय जस्ता भएको अवस्थामा द्वन्द्वबाट मुक्ति पाउनको लागि विभिन्न अभियानमा संलग्न भए । सुरक्षाकर्मीको धरपकडको विरुद्धमा र विद्रोहीको ज्यादतीको विरुद्धमा जनताहरू एकतावद्ध भएर आवाज उठाउन थाले । विशेष गरी अर्घाखाँचीमा माओवादी कार्यकर्ताका दबाबका कारण एमाले, कांग्रेसका जिल्ला, गाउँ स्तरीय नेता कार्यकर्ता गाउँ छाडी सुरक्षित स्थानमा रहेको कठिन परिस्थितिमा राष्ट्रिय जनमोर्चाले माओवादीको ज्यादतीको विरोधमा जिल्लाव्यापी रुपमा चलाएको भण्डाफोर अभियानले अन्य पार्टीहरूलाई पनि राहतको महसुस भई उक्त अभियानको समर्थन गरी अन्य पार्टीहरूबीचमा छलफलको प्रकृया शुरु हुन थाले । यसैक्रमसँगै जनताले व्यक्तिगत सुरक्षाको महसुश गर्न थाले । पार्टीहरूको एकता र दबाबका कारण जनताहरू हिरासत

17 *पूर्ववत्.* पा.टि.नं. १५ ।

18 *ऐजन ।*

तथा जेलमुक्त हुन थाले । जनताले नागरीक अधिकार के हो ? जनताले पाउने अधिकार कति ? आदि कुरा राजनैतिक सचेतना वृद्धि हुँदै जाँदा जनताले थाहा पाए ।[19]

बिस्तारै सुरक्षाकर्मीले स्थानीय जनताको सहयोगको अपेक्षा गर्न थाले । विशेष गरी सन्धिखर्क भिडन्तमा सुरक्षाकर्मीको हार र ठूलो क्षतिले सुरक्षाकर्मी जनताप्रति नम्र देखिन थाले । जनताको सहयोगसँगै सुरक्षा व्यवस्थामा बढी सचेतना अपनाउन थालियो । समाजमा नागरीक नागरीक बीचको असमानता, भेदभाव हटाउन अभियानै चल्यो । दलित मन्दिर पस्ने कार्यक्रम सफल भयो । धार्मिक कार्यक्रममा हरेक जातिका नागरीक यस जिल्लामा सहभागी हुन थाले । अर्घाखाँचीका जनताहरू आफ्नो समस्याको पहिचान गरी ती समस्यालाई समाधान गर्नका लागि अरुको आस नगरी आफै संघर्ष गर्नुपर्छ भन्ने भावनाबाट उत्प्रेरित भई आत्मनिर्णयको विकास भयो ।[20]

अर्घाखाँची जिल्लाको विभिन्न ठाउँमा भएका भिडन्तहरूमा विद्रोही र सुरक्षाकर्मी मात्र हताहती नभएर ठूलो मात्रामा युद्धमा सहभागी नभएका निर्दोष मानिस परेका घटनाहरू हुँदाहुँदै पनि यस जिल्लामा २०५९ साल भाद्र २३ गते भएको त्यति ठूलो भिडन्तमा पनि गल्तीले गर्दा ७३ वर्षिया रम्भादेवी भुसाल (चम्पा) बाहेक सदरमुकामको युद्धमा अन्य सर्वसाधारणको मृत्यु भएन ।[21]

## ५.३ सांस्कृतिक क्षेत्रमा

### ५.३.१ नकारात्मक

माओवादी १० वर्षे जनयुद्धको समयमा समाजका हरेक क्षेत्रमा प्रभाव परेको थियो । मानविय जीवनमा हुने विभिन्न कार्यक्रम, समारोह, उत्सव विभिन्न समयमा पर्ने चाडपर्व, मेला महोत्सवहरू समेत विद्रोहको प्रभाव महसुस गर्न सकिन्थ्यो । अर्घाखाँची जिल्ला माओवादीको विद्रोहको चपेटामा परेको प्रमुख जिल्लाहरू मध्ये एक हो । यस जिल्लाका हरेक क्षेत्रमा सुरक्षाकर्मी र माओवादी सक्रिय अवस्थामा थिए ।

---

19 के.सी., *पूर्ववत्.* पा.टि.नं ८ ।

20 नेकपा एमाले दलित संगठनका केन्द्रीय सचिव बम बहादुर वि.क.सँग २०६६/६/१५ गते प्राप्त जानकारी अनुसार ।

21 *पूर्ववत्.* पा.टि.नं. १५ ।

यहाँ विभिन्न समयमा हुने सांस्कृतिक महोत्सवहरूमा सुरक्षाकर्मी र माओवादी दुवैबाट निगरानी हुने गर्दथ्यो ।

अर्घाखाँची जिल्लाको अर्घामा दशैंको पूर्णिमाको दिन लाग्ने मेला नेपालकै प्रमुख मेला लाग्ने ठाउँ मध्ये एक हो । यस मेलामा अर्घाखाँची, गुल्मी, प्यूठान, कपिलवस्तु सम्मका मानिसहरू आउने भएकोले बीसौं हजार मानिसको उपस्थिति हुने गर्दछ । यसै मेलामा आएका मानिसहरूलाई लक्षित गरी नेकपा माओवादीले आफ्ना कार्यक्रम विगत देखि नै गर्दै आएको थियो । माओवादीले युद्धको घोषणा गरेपश्चात्का दिनहरूमा यस पूर्णिमाको दिन युद्ध मैदान जस्तो हुने गर्दथ्यो । माओवादीलाई सरकारले आतंककारी घोषणा गरे पश्चात् र माओवादीका कार्यक्रम हुन नदिई विफल पार्ने क्रममा अत्याधुनिक हतियार सहित सयौं शाहीसेना अर्घाको मैदान र यसका वरिपरिका क्षेत्रहरूमा तैनाथ गरिने भएकोले माओवादीले ठाउँठाउँमा सर्वसाधारणलाई ढाल बनाएर आफ्ना कार्यक्रम सञ्चालन गर्दै आएको कुरा सञ्चार माध्यमबाट सर्वसाधारणले जानकारी पाउने गर्दथे । यी दिनहरूमा माओवादीका कार्यक्रम नभएपनि सर्वसाधारण जनता भिडन्त हुने डर त्रासका कारण त्यहाँ जान कमी भयो । बीसौं हजार मानिसको उपस्थिति हुने मेलामा चार-पाँच सय मानिस उपस्थिति हुँदा खुसी मान्नुपर्ने स्थिति भयो ।[22]

यसैगरी अर्घाखाँचीका खिल्जी, असुरकोट, ढाकावाङ, हंसपुरको राँगामारे, धारापानी, नूवाकोटको वरबास, खाची, बलकोट, केरुङ्गा आदि ठाउँमा दशैंको समयमा ठूलो मेला लाग्ने गरेको भएपनि माओवादी विद्रोहको क्रममा ती मेलाहरूमा केही मानिसहरूको उपस्थितिले निरन्तरता मात्रै पाए । स्वतन्त्र र निर्भिक रुपमा जनताहरू मेलामा जान सक्ने अवस्था थिएन । यिनै मेलामा उपस्थित मानिसहरूको बीचमा माओवादीले एक्कासी कार्यक्रम गर्ने भएकोले र सरकारी सुरक्षाकर्मीबाट बेला-बेलामा माओवादी विरुद्ध हुने हवाई गस्तीका कारण माओवादीलाई लक्षित गरी गरिने कारवाहीमा सर्वसाधारण पनि पर्न सक्ने भएकोले जनताहरू यस खालका मेलामा उपस्थित हुनबाट टाढै रहन थाले । जनताको उपस्थिति विनाको मेलाको महत्व हुन

---

22 नेपाली कांग्रेस, अर्घा गा.वि.स. अध्यक्ष देवी जगत थापासँग २०६६/५/२८ गते प्राप्त जानकारी अनुसार ।

छाड्यो र औपचारिकतामा सीमित हुन थाले ।[23] मानिसले विभिन्न अवसरमा गर्ने पूजा, सप्ताह आदि कार्यक्रम बन्द जस्तै थिए । विवाह, ब्रतबन्ध जस्ता मानिसको जीवनमा आउने कार्यसमेत असुरक्षाका कारण गाउँमा नगरी शहरबजार र सुरक्षित ठाउँमा हुन थाले । छिटपुट रुपमा भएपनि गाउँमा हुने कार्यक्रम पहिले-पहिले जस्तो रातमा हुने विवाहको कार्यक्रम बन्द जस्तै थिए । त्यसमा पनि समाजमा गरिने भोजभतेर हुन छाडेका थिए । पूजा, भोजभतेर समेत गर्दा प्रशासनलाई जानकारी दिनु पर्नेजस्तो झन्झटले कार्यक्रम स्थगित जस्तै थिए । जसले यस जिल्लाका धेरै पूजा-आजा गरी घरखर्च चलाउने बाह्रमणको रोजीरोटी समेतमा असर परेको थियो ।[24]

२०६० मंसिर पूर्णिमाको दिन अर्घाखाँची खिल्जी गाविस मा बेल्वासे, गैरे, बञ्जाडे र भण्डारी, बस्न्यातहरूको वार्षिक रुपमा हुने कुलदेवताको पूजा भईरहेको समयमा आकासमा दुईवटा हेलिकप्टर हवाईफायर गर्दै उडेको र त्यहाँ उपस्थित मानिसहरूमा भागा-भागको स्थिति हुँदा केही मानिसहरुलाई चोटपटक समेत लागेको थियो । यसले गर्दा मानिसले विशेष सांस्कृतिक अवसरहरूमा पनि शंका मान्न पर्ने स्थिति थियो । तिजमा हुने महिलाको जमघट, तिहारका भैली कार्यक्रम औपचारिकतामा मात्र सीमित हुन थाले ।

विद्रोहीहरूले आफ्ना कार्यक्रम मानिस जमघट भएको ठाउँमा एक्कासी गर्ने भएकाले र सुरक्षाकर्मीले समय समयमा विद्रोहीलाई लक्षित गरी हवाई गस्ती गर्ने गरेको र हवाई गस्तीको क्रममा अर्घाखाँची खिदिम तिनगिरेका पवन गौतम घरको आगनमा बसिरहेको अवस्थामा एक्कासी हेलिकप्टरबाट सेनाले चलाएको गोली उनको टाउकोमा लागि मृत्यु भयो ।[25] यस प्रकारका घटना यस जिल्लामा भइरहेकोले मानिसहरू जमघटबाट टाढै रहन थाले । २०६१ साल चैत्र २२ गते जनप्रिय मा.वि. असुरकोटको आयोजनामा प्रशासनलाई जानकारी दिएर विद्यालयको जन्मोत्सव

---

23 अर्घाखाँची इलाका नं. ८ पूर्व जि.वि.स. सदस्य जंग बहादुर थापासँग २०६६/६/२ गते प्राप्त जानकारी अनुसार ।

24 अर्घाखाँची खिल्जी गाविसका ब्राह्मणहरु भुपनारायण पोखेल र नेत्रप्रसाद पौडेलसँग विभिन्न मितिमा लिएको जानकारी अनुसार ।

25 अर्घाखाँची पूर्व जि.वि.स. उपसभापति खिदिम निवासी वेदराज घिमिरेसँग २०६६/६/२० गते प्राप्त जानकारी अनुसार ।

कार्यक्रम भईरहेको समयमा एक्कासी आकाशमा हेलिकप्टर उड्दै थियो । यसैक्रममा कार्यक्रममा उपस्थित शिक्षक विद्यार्थी भागाभाग गर्न थाले । यसरी विशेष उत्सव मनाउन पनि धेरै समस्या हुने गरेको थियो ।[26]

अर्घाखाँची खिल्जी गाविस वाड नं ८ निवासी ७८ वर्षिया भिम बहादुर बस्नेत आफ्नो छोरा प्रहरीका सई अनक बस्नेतलाई गाउँको स्थिति ठिक छैन दशैंमा बुबा-आमाको हातको टिका लगाउन भनी घर नआउनू भन्नु परेको थियो । खिल्जी गाविस वाड नं ४ बस्ने ६० वर्षीय कमला बेल्वासेले आफ्ना दुई छोरा नेपाल प्रहरीमा कार्यरत शालिक राम बेल्वासे र कृष्ण बेल्वासेलाई दशैंमा आमाको हातको टिका लगाउने क्रममा घरमा नआउन फोन गरेको कुरा सुन्दा परदेशमा गएका छोरा-छोरीहरू विशेष गरी सुरक्षा निकायमा काम गर्नेहरूका लागि गाउँमा रहेका बुबा-आमाको हातको टिका लगाउने सपना पूरा हुन दशकौं लाग्यो ।[27]

यसरी वार्षिक रुपमा पर्ने मेलापर्वहरू दशैं, तिहार जस्ता राष्ट्रिय चाडपर्व मनाउन देशविदेशबाट आउने क्रम घटेको थियो । धेरै अर्घाखाँचीबासीले सपरिवार एकैठाउँ बसी टिका नलगाएको दसकौं भएको कुरा ८८ वर्षीय खिमानन्द बेल्वासे प्रहरी सहायक निरिक्षकमा कार्यरत आफ्नो कान्छो छोरालाई नदेखेको ५ वर्ष भएको र अब कति बाँचुला र मैले छोरालाई नदेखी मर्ने भएँ जस्तो लागेको थियो र देशमा माओवादी शान्ति प्रक्रियामा आएपछि मात्र छोरासँग भेट भएको भनाइले द्वन्द्वको कारण परिबन्धमा परी वृद्ध बाबुलाई भेट्ने चाहना हुँदा-हुँदै पनि भेट गर्न नसक्ने अवस्था थियो ।[28] यसैगरी प्रहरी, सेनाका श्रीमतीहरूले पनि आफ्ना जीवन साथीलाई यसैगरी चिठी, फोन र कहिलेकाहीं खबर पठाई नआउन भनेको सुन्दा उनीहरूको उत्सव मेलापर्व कसरी बित्थ्यो भन्ने कुरा थाहा हुन्छ । प्रहरी सहायक निरीक्षक टामलाल बेल्वासे बाबुको क्रिया गरेको एघारै दिनमा घरबाट हिंड्नुपर्ने परिस्थितिले मानिसको जीवनको एकपटक गर्ने सांस्कृतिक कार्यबाट कति वञ्चित थिए भन्ने यस घटनाबाट

---

26 जनप्रिय मा.वि. असुरकोटका सहायक प्र.अ. कविराज वञ्जाडेसँग २०६६/६/२९ गतेको जानकारी अनुसार ।

27 ७८ वर्षीय भिम बहादुर बस्नेत र ६० वर्षीय कमला बेल्वासे सँग विभिन्न मितिमा लिएको जानकारी अनुसार ।

28 अर्घाखाँची खिल्जी गाविस वडा नं. ९ निवासी ८८ वर्षीय खिमानन्द बेल्वासेसँग २०६६/१२/५ गतेको जानकारी अनुसार ।

छर्लङ्ग हुन्छ ।[29] अर्घाखाँची जिल्लाबासीले विभिन्न मेला, पर्व, आकस्मिक रुपमा गर्नुपर्ने सांस्कृतिक परम्परालाई कायम राख्न समेत अप्ठ्यारो परेको थियो ।

### ५.३.२ सकारात्मक

नेपाल धार्मिक सहिष्णुता भएको देश हो । नेपालका शासकहरूले यो देशलाई हिन्दु राष्ट्र घोषणा गरे । नेपालमा हिन्दुबाहेक, क्रिश्चियन, बुद्धिष्ट, मुस्लिम लगायत अन्य धर्म मान्ने मानिसहरू पनि छन् । तत्कालीन समयमा हिन्दुहरूको चाडपर्वमा राष्ट्रिय बिदाको घोषणा गर्ने र सरकारी मिडियाहरूले पनि प्रचारप्रसार धेरै गर्ने पहिले देखिनै हुँदै आएको थियो । नेपालमा अन्य धर्मको लागि राष्ट्रिय बिदा थिएन । सरकारको बेवास्ताको कारण राम्रोसँग मनाउने वातावरण समेत थिएन । यसरी हिन्दुहरूको लागि धेरै र अन्य समुदायको लागि कुनै चासो नहुँदा र अन्य समुदायलाई पनि समान किसिमको व्यवहार हुनुपर्दछ भन्ने भावनाको विकास भई धर्म निरपेक्षतातर्फ जनता उन्मुख भए ।

अर्घाखाँची जिल्लामा पनि हिन्दु, क्रिश्चियन, मुस्लिम, बुद्धिष्ट धर्म मान्ने समुदायका मानिसहरू बसोबास गर्ने गर्दछन् । यस जिल्लाका रहेका यिनै समुदायका मानिसहरू आफ्नो धार्मिक अधिकारलाई सम्मानित तवरबाट उपयोग गर्नतर्फ लागे जसले जिल्लामा अन्य धर्मका मानिसहरूको संख्या बढ्दै गयो । मन्दिर, गुम्बा, चर्च, मस्जिदहरू स्थापनाको क्रम बढ्दै गयो र यस जिल्लामा साम्प्रदायिक सद्भाव उदाहरणीय नै बन्यो ।[30]

## ५.४ भौतिक संरचनाको क्षेत्रमा

### ५.४.१ नकारात्मक

**विद्रोही पक्षबाट**

---

[29] जनप्रिय मा.वि.का पूर्व शिक्षक हिमलाल बेल्वासेसँग २०६६/७/१५ गते लिएको जानकारी अनुसार ।

[30] नेपाल मुस्लिम इस्तियाक संघका अध्यक्ष तथा नेकपा एमालेका सभासद नजिर मियाँसँग २०६६/७/२० गते लिएको जानकारी अनुसार ।

माओवादी विद्रोहको क्रममा देशका विभिन्न ठाउँमा भएका भिडन्तहरू र माओवादीको सरकारी भौतिक संरचना ध्वस्त पार्ने नीति अनुसार सरकारी तथा केही व्यक्तिको भौतिक सम्पत्तिसमेत बिस्फोट अभियानको क्रममा अर्घाखाँची जिल्लाका भौतिक संरचनाहरू माओवादी कार्यकर्ताद्वारा बम बिस्फोट गराई ध्वस्त बनाए । माओवादी कार्यकर्ताले अर्घाखाँची जिल्लामा "बिस्फोट अभियान सफल पारौं" जस्ता भित्ते नारा लेखेर विभिन्न कार्यक्रम मार्फत यस अभियानलाई सफल पार्न आग्रह गरेका थिए ।

यस जिल्लामा माओवादीको बिस्फोट अभियानको क्रममा जिल्लाका ४२ वटा गाविस मध्ये चारपाँचवटा गाविस कार्यालयबाहेक सम्पूर्ण कार्यालयमा बिस्फोट र आगजनी गरी गाविसका कागजपत्र भौतिक सामग्रीहरू नष्ट गराए । केही गाविसमा रहेका हुलाक कार्यालय समेतलाई क्षति गराए । सदरमुकाम बाहिर रहेका खाली प्रहरी चौकीहरू, इलाका प्रहरी कार्यालय ठाडाको खाली भवनलाई समेत बम बिस्फोट गराई पूर्णतया ध्वस्त गराए । २०५९ साल भाद्र २३ गते माओवादीको सदरमुकाम आक्रमणको क्रममा जिल्ला सदरमुकामका अस्पतालबाहेक सम्पूर्ण सरकारी कार्यालयहरू माओवादीको आक्रमणबाट ध्वस्त भए । अर्घाखाँची जिल्लामा विकास निर्माणको क्रममा सक्रिय भूमिका निर्वाह गर्दै आएका गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजना (ग्राडेप) को भवन समेत पूर्णतया क्षति भयो । यसै संस्थाको गाडी समेत जलाए ।[31] गाडी जलाउने क्रममा आगो लागेको गाडी आफैं स्टार्ट भई साइरन लगाउँदै गुड्न थालेपछि र त्यसलाई रोक्न त्यहाँ रहेका कुनै मानिसलाई जानकारी नभएको सर्वसाधारणमा हाहाकार मच्चिएको थियो ।[32] यी बाहेक अन्य सानातिना संरचना समेत ध्वस्त भएका थिए । विद्रोहीबाट केही व्यक्तिहरूका घर सम्पत्तिमाथि समेत आक्रमण भयो । बलकोट गाविसका कृष्ण खनालको घरमा बम बिस्फोट गराई पूर्ण क्षति गराए । सिद्धाराका जीवनारायण बेल्वासेको घरमा बिस्फोट, आगजनी र त्यहा रहेका घरपालुवा पशुलाई समेत दाम्लो फुकाई बेवारिसे छोडिदिंदा उनको घरमा

---

[31] भुसाल, *पूर्ववत्.* पा.टि.नं. ३ ।

[32] खड्का, *पूर्ववत्.* पा.टि.नं. २ ।

रहेको घोडालाई कसैबाट हेरचाह नहुँदा केही दिन पश्चात् मरेको थियो । अन्य पशु समेत अलपत्र परेका थिए । खिल्जी गाविस वडा नं ४ का गोपाल बेल्वासेको घरमा आक्रमण गरी क्षति बनाउने काम विद्रोहीबाट भएको थियो । यी बाहेक ढाकावाङका शिव खनाल, इश्वरी बेल्वासे, नुवाकोट गाविसका भेष ब. कुवँर लगायतको सम्पत्ति जफत गर्ने काम माओवादीबाट भएको थियो ।[33] भेष .ब. कुवँर र उनको परिवारले माओवादी पार्टीको सम्पत्ति हिनामिना र गोपाल बेल्वासेले सर्वसाधारणलाई चर्को ब्याज, सुराकी र महिलामाथि अभद्र व्यवहार गरेको, ईश्वरी बेल्वासे शुदखोरी र सांस्कृतिक विचलनका कारण कारबाही गरिएको माओवादीको भनाइ थियो ।[34] माथि उल्लिखित कारबाहीहरुमध्ये गोपाल बेल्वासेलाई गरिएको कारबाहीको क्रममा माओवादी कार्यकर्ताबाट दुईचार तमसुक कब्जा गरिएको भएपनि उनलाई लगाइएका अन्य अभियोग हालसम्म प्रमाणित हुन सकेको छैन ।

**सुरक्षाकर्मीबाट**

भौतिक संरचनाको क्षेत्रमा सुरक्षा कर्मीबाट एकाध ठाउँबाहेक कतै क्षति गराएको पाइँदैन । गस्तीको क्रममा आएका सेनाका जवानहरूले खाना पकाउने क्रममा अर्घाखाँची खिल्जी गाविस वाड नं ३ मा रहेको प्राथमिक विद्यालयको कक्षा कोठाको ढोकालाई निकाली दाउरा बनाई भात पकाएको र सेनाको क्याप्टेनलाई जानकारी नभएकोले हिँड्ने समयमा सर्वसाधारणसँग सैनिक जवानबाट गल्ती भएकोमा क्षमा मागिएको थियो ।[35]

## ५.४.२ सकारात्मक

माओवादीद्वारा २०५९ साल भाद्र २३ गते भएको ठूलो भिडन्तमा जिल्लामा रहेका सरकारी कार्यालय बाहेक जिल्ला सदरमुकाम आक्रमणको क्रममा व्यक्तिका घर, सम्पत्ति क्षति भएन सदरमुकाम आक्रमण पहिलै धेरैजसो सरकारी कार्यालयहरू कच्ची र अव्यवस्थित थिए । हाल पूर्ण निर्माण भई पक्की र व्यवस्थित भएका छन् ।

---

33 माओवादी पिडित शिव खनाल, इश्वरी बेल्वासे, भेषबहादुर कुवँरसँग विभिन्न मितिमा लिएको जानकारी अनुसार ।

34 खड्का, *पूर्ववत्.* पा.टि.नं. २ ।

35 अर्घाखाँची, खिल्जी-३ निबासी तुलसीराम श्रेष्ठसँग २०६६/७/१९ गते प्राप्त जानकारी अनुसार ।

## ५.५ आर्थिक क्षेत्रमा

### ५.५.१ नकारात्मक

<u>विद्रोही पक्षबाट</u>

माओवादी द्वन्द्वको कारणले ल्याएको अशान्ति, अराजकता, असुरक्षाले गर्दा यस जिल्लामा भएका सानातिना उद्योगहरू समेत बन्द भए । अर्घाखाँची, नुवाकोट गाविसका रोइनीगामा रहेको भेष ब. कुवँरको पानीमिल माओवादीद्वारा बन्द गराउँदा त्यस क्षेत्रका सर्वसाधारणलाई असर पर्‍यो । खिल्जीको झिमरुकमा रहेको टंक बेल्वासेको मिल पनि त्यसैगरी केही समयको लागि बन्द भयो ।[36] सन्धिखर्क बिहाराको मिल पनि बन्द भयो । त्यसै गरी अर्घाखाँची बलकोट, मथुराबेसी, अर्घातोष, केरुङ्गा आदि ठाउँका मिलहरू विद्रोहीहरूले आश्रय स्थलको रुपमा प्रयोग गर्ने भएकोले बेलाबेलामा सैनिकद्धारा गस्ती गर्ने क्रममा भिडन्त हुने डरले बन्द जस्तै थिए ।[37]

देशमा भ्रष्टाचार चरम अवस्थामा पुगेको बेला यसको गन्ध अर्घाखाँची जिल्लामा पनि पर्‍यो । नेकपा एमालेको संयुक्त सरकारको समयमा सुकम्वासी आयोगका अध्यक्ष बनेका गुणनीधि भुसाल अनियमित तवरबाट जग्गा वितरण गरेकोले पार्टीबाट समेत कारबाही गर्नुपर्‍यो ।[38]

२०५९ साल भाद्र २३ गते सदरमुकाम कब्जाको क्रममा वाणिज्य बैङ्कबाट करोडौं रकम कब्जा गर्ने काम विद्रोहीबाट भयो । कतिपय व्यक्तिहरूको घर, सम्पत्ति कब्जा गर्ने काम विद्रोहीबाट भयो । ढाकावाङ गाविसका शिव खनालको सम्पत्ति कब्जा, ढाकावाङ गाविसकै इश्वरी बेल्वासेको सम्पत्ति कब्जा, सोही गाविसकै झुमा खनालको सम्पत्ति रोक्का, खिल्जी गाविसका गोपाल प्रसाद बेल्वासेको सम्पत्ति लुटपाट, नुवाकोटका भेष ब. कुवँरको सम्पत्ति लुट, बलकोटका कृष्ण खनालको सम्पत्ति कब्जा, सिद्धाराका जीवनारायण बेल्वासेको सम्पत्ति कब्जा लगायत अन्य सर्वसाधारणको

---

[36] मिल व्यवसायी टंक बेल्वासे, भेष बहादुर कुँवरसँग विभिन्न मितिमा लिएको जानकारी अनुसार ।

[37] अर्घातोषका समाजसेवी पदमलाल पाण्डेसँग २०६६/७/२५ गते प्राप्त जानकारी अनुसार ।

[38] नेकपा एमाले जि.क सदस्य बुद्धि बहादुर रायमाझीसँग २०६६/६/२३ गते प्राप्त जानकारी अनुसार ।

सम्पत्ति माओवादीबाट कब्जा भएको थियो । सर्वसाधारणको उजुरीको आधारमा सम्पत्ति कब्जा गरिएको माओवादीको भनाइ रहेको थियो ।[39]

चन्दा असुली राष्ट्रिय समस्या बनिरहेको अवस्थामा अर्घाखाँची जिल्लामा पनि माओवादीबाट चन्दा असुल्ने क्रम व्यापक थियो । नक्कली गिरोह माओवादी बनेर सर्वसाधारण जनताबाट चन्दा असुल्ने अर्को गिरोह पनि यस जिल्लामा देखा पऱ्यो । २०५७ साल असोज १८ गते काठमाण्डौबाट अर्घाखाँची गइरहेको बसलाई राती २ बजे ठाडा रजियाको जंगलमा ५०, ६० जना हतियारधारी सैनिक पोशाक लगाएका माओवादीका कार्यकर्ताबाट बसका यात्रुलाई लुट्ने काम भएको थियो । लुट्ने क्रममा बालबालिका, महिलाहरूलाई सम्मानित व्यवहार गरी यात्रुको साथबाट नगद लुटेका थिए ।[40] यस घटना पश्चात् माओवादीले पार्टीको निर्णयबाट यो घटना नभएको र यसमा माओवादी कार्यकर्ता संलग्न देखिएमा कारबाही गर्ने भनिए तापनि हालसम्म कसैलाई कारबाही भएको अर्घाखाँची जिल्लाबासीलाई जानकारी छैन । यी विविध घटनाले गर्दा बाहिरबाट जाने व्यक्तिले गाउँमा कमाएको पैसा गाउँमा लैजान छाडेकाले गाउँमा पैसाको अभाव भयो । सर्वसाधारणले बैङ्कमा जम्मा गरेको पैसा विद्रोहीले लुटेपछि जनताले लामो समयसम्म पाउन सकेनन् । सरकारले छिटो छरितो पहल गर्न सकेन । यसले गर्दा कतिपय सर्वसाधारणहरू गास, बास, कपासको समस्यामा पर्न थाले, अर्घाखाँची खिल्जी ५ का चन्द्र बहादुर श्रेष्ठले भारतीय फौजबाट पेन्सनको रुपमा आएको ६ लाख रुपैया बैङ्कमा राखेको त्यसबाट तत्काल केही काम गर्न नसक्दा गाउँमा अन्य व्यक्तिसँग पैसा मागी महँगो ब्याज तिर्नु परेको बैङ्कले फिर्ता गर्दा साँवा मात्र दिएको बताउँछन ।[41]

यस किसिमको समस्यामा परेको जिल्लाका सयौं व्यक्ति बताउँछन । पैसा नहुँदा जिविका निर्वाहका लागि काम पाउन गाह्रो भयो । काम पाए पनि काम गर्ने उपयुक्त वातावरण भएन ।

---

39 खड्का, *पूर्ववत्.* पा.टि.नं. २ ।

40 लुटीएको बसका यात्रु, अधिवक्ता खिमानन्द बञ्जाडेसँग २०६६/७/२९ गतेको जानकारी अनुसार ।

41 अर्घाखाँची खिल्जी-५ निवासी भारतीय पेन्सनवाला चन्द्र बहादुर श्रेष्ठसँग २०६७/१/८ गते प्राप्त जानकारीअनुसार ।

विद्रोहीले विभिन्न मागराखी पटक-पटक गरीएका बन्द हड्तालले गर्दा जनताले दैनिक जीवनमा उपभोग गर्ने सामान उचित मूल्यमा र उचित समयमा प्राप्त गर्न सक्ने वातावरण बनेन । जनताहरू ती सामानको उपभोगको लागि चर्को मूल्य तिर्नु पऱ्यो । ठूलो आर्थिक मारमा पर्नुपऱ्यो । उनीहरूको अवस्था दयनीय बन्दै गयो । जनताहरू बैङ्कबाट ऋण पाउन सकेनन् । बैङ्कको आर्थिक कारोबार केही समय रोकियो र केही समय अस्थिर रह्यो । जसका कारण जनताले बैङ्कबाट सुविधा पाउने वातावरण थिएन । सरकारी तथा गैरसरकारी कर्मचारीले मासिक रुपमा पाउनुपर्ने तलबभत्ता समेत केही समय पाउन सकेनन । शिक्षकले त आठ महिनासम्म कुर्नुपऱ्यो ।[42]

**सरकार पक्षबाट**

अर्घाखाँची जिल्लाको प्रशासन र सेनाद्वारा गाउँघरका आरनमा निगरानी बढाउने र छापासमेत मार्ने गरेकोले केही आरन समेत बन्द गर्नुपऱ्यो । असुकोट गाविसमा आरन गरी भाँडा बनाउने कविराज वि.क.को घरमा पूरानो बन्दुकको नाल भेटिएकै आधारमा महिनौं दिनसम्म जिल्ला प्रहरी कार्यालय र सेनाको ब्यारेकमा तारेख धाउनुपऱ्यो ।[43] रातको समयमा आवतजावत गर्दा ठाउँ-ठाउँमा चेकिङको लागि ओराल्ने र अनावश्यक झन्झट दिने भएकोले रातको समयमा यात्रुहरू कम हुन थाले जसले गर्दा अर्घाखाँचीका रात्री सेवाका बसहरू बन्दजस्तै थिए । मानिसहरूको आवतजावत कमी भएकोले दिवा सेवाका गाडीहरूले पनि उपयुक्त रुपमा आर्थिक लाभ गर्न सकेनन उनीहरूको भनाइलाई उदृत गर्ने हो भने व्यवसाय नै चौपट थियो ।[44]

---

42 रायमाझी, *पूर्ववत्.* पा.टि.नं. ३८ ।

43 असुरकोट गाविसमा आरन गरी बसेका कविराज वि.क.सँग २०६७/१/९ गते प्राप्त जानकारी अनुसार ।

44 अर्घाखाँची, किमडाँडा गाविस निवासी बस व्यवसायी कमल प्रसाद भुसालसँग २०६७/१/१५ गते प्राप्त जानकारी अनुसार ।

### ५.५.२ सकारात्मक

२०५९ साल भाद्र २३ गते सन्धीखर्क आक्रमणको क्रममा छापामारहरूले करोडौ नगद र करोडौ बराबरको सुनचाँदी जफत गरेका थिए । नगद फिर्ता नगरेपनि सुनचाँदी सर्वसाधारणलाई खोजी खोजी फिर्ता गरेका थिए ।[45] माओवादीबाट बैङ्कबाट बुझेको रकमको भरपाई समेत दिएका थिए । जसले गर्दा कर्मचारी र अन्य क्षेत्रबाट अनियमितता भ्रष्टाचार हुन सक्ने अवस्था आएन र पारदर्शिता देखियो । हिसाब किताब गर्न सजिलो भयो ।[46]

यस जिल्लाको सबैभन्दा राम्रो पक्ष भिडन्तको क्रममा होस् वा अन्य घटनामा अपहरण गरेको व्यक्तिलाई खानदिने काम भयो । अपहरित कर्मचारीलाई खाना खुवाउने लगायत उनीहरूको लागि यातायात खर्चसमेत दिई सुरक्षित स्थानतर्फ पठाउने काम विद्रोहीबाट भयो । जिल्लाका विभिन्न गाविस मा गरीएको चर्को व्याजलाई गरीबको घर सम्पत्ति जफत गर्न खोज्ने केही सामन्ती तत्वहरूसँग रहेका तमसुकहरू जफत गरी सर्वसाधारणलाई ऋणबाट मुक्त गराउने काम भयो । गाउँघरमा चलाएको चर्को ब्याज घट्यो । ऋण लिएको निहुँमा ठेकी खाने प्रवृति हराएर गयो ।[47]

## ५.६ सामाजिक अधिकारको क्षेत्रमा

### ५.६.१ नकारात्मक

विद्रोही पक्षबाट

नेपालको इतिहासमा यति धेरै रगत बगेको, यति धेरै बेपत्ता भएका अरु कुनै ऐतिहासिक घटनाहरू भएका छैनन् । द्वन्द्वले समाजको हरेक क्षेत्रलाई प्रभाव पार्ने क्रममा सामाजिक अधिकारको क्षेत्रमा निकै प्रभाव पार्‍यो । अर्घाखाँची द्वन्द्वबाट प्रभावित ठाउँहरू मध्ये एक हो । द्वन्द्वको कारणले यस जिल्लाका बासिन्दाहरू समाजका

---

45 अर्घाखाँची, खिल्जी-८ निवासी सुन फिर्ता पाउनेमध्येका झविराम आचार्यसँग २०६५/९/२० को जानकारी अनुसार ।

46 तत्कालीन राष्ट्रिय वाणिज्य बैङ्क अर्घाखाँचीका प्रमुख ओमशर्मासँग २०६६/६/२८ गते प्राप्त जानकारी अनुसार ।

47 खड्का, *पूर्ववत्.* पा.टि.नं. २ ।

सुरक्षित तवरबाट रहन सकेनन । अर्घाखाँची जिल्ला विकास समितिका पूर्व सभापति खग्रेन्द्र पोखेललाई माओवादीद्वारा गरीएको धम्कीको कारण समाजमा बस्ने स्थिति रहेन । माओवादीकै धम्कीको वास्ता नगरी गाउँमा रहँदा जि.वि.स. पूर्व उपसभापति राममणि ज्ञवालीले विद्रोहीको आक्रमणबाट ज्यान गुमाउनु पऱ्यो । परौटी गाविस का अध्यक्ष तथा जि.वि.स. सदस्य श्यामनाथ कश्यपलाई विद्रोहीले तीन महिनासम्म अपहरण गरी बेपत्ता बनाए पछि माओवादी जिल्ला स्तरीय नेता गोविन्द के.सी. लाई थुनामुक्त गर्ने अर्थात बन्दी साटासाट गरी कस्यप पनि मुक्त भए ।[48]

अर्घाखाँची खिल्जी गाविसका प्रेमनारायण बेल्वासे माओवादी धम्कीका कारण गाउँमा रहेको सम्पत्ति सस्तोमा बिक्री वितरण गरी सदरमुकाममा अव्यवस्थित जीवन बिताउनु पऱ्यो, सामाजिक सुरक्षाबाट वञ्चित भए । विद्युत् विभागको सर्वेक्षणले अर्घाखाँची खिल्जी गाविस वाड नं ९ मा एउटा पोल गाड्न उपयुक्त ठाउँ ठहर गऱ्यो । तत्काल त्यहाँको समाजले स्वीकृत गऱ्यो । पोल गाडिएको जग्गा मालिक बालानन्द बेल्वासेले उक्त कुरा माओवादीमा पुऱ्याएकोले माओवादीबाट पोल नगाड्न दबाब दिएपछि त्यहाँका बासिन्दा बत्ती बाल्नको लागि एक वर्ष कुर्नुपरेको थियो । त्यहाँका जनताको व्यापक विरोधका कारण सोही ठाउँमा पोल गाडी विद्युत वितरण गरीएको थियो । यसरी विद्रोहीले सिङ्गो समाजको भलो हुने निर्णयलाई समेत प्रभावित पारी अवरोध सृजना गरे ।[49]

यसरी सिङ्गो समाजले गरेका निर्णयहरूमा समेत विद्रोहीबाट हस्तक्षेप हुने हुँदा समाजको निर्णय अस्वीकृत हुन्थ्यो । निर्णय स्वीकार नगरे विद्रोहीबाट आक्रमणका धम्की, ज्यानैसमेत जाने स्थिति भएकोले जनताहरू सधैं त्रासमा रहनुपरेको, उपयुक्त जीवनस्तरमा रहन पाएनन । बाध्य भई आफ्नो समाज छाडी विस्थापित भई देशभित्रै शरणार्थी जीवन बिताउनु पऱ्यो । हंसपुरका छविलाल अधिकारी माओवादी धम्कीका कारण कहिले सन्धीखर्क कहिले बुटवल र कहिले काठमाडौं आफ्नो बिरामी श्रीमती

---

48 अर्घाखाँची जिविस पूर्वसदस्य, श्यामनाथ कश्यपसँग २०६६/७/२२ को जानकारी अनुसार ।

49 अर्घाखाँची, खिल्जी-५ निबासी द्रोणप्रसाद भण्डारीसँग २०६६/७/२५ गते प्राप्त जानकारी अनुसार ।

छोरा-छोरीसहित समाज र घर सम्पत्ति अलपत्र छाडेर हिड्नु पऱ्यो र सामाजिक जीवनबाट वञ्चित हुन पऱ्यो ।[50]

<u>सरकारपक्षबाट</u>

द्वन्द्वको क्रममा विद्रोहीबाट सताइएको अवस्थामा कहिलेकाहीं सरकार पक्षीय सुरक्षा निकायबाट समेत जनतालाई सताउने काम भयो । जनताले समाजमा सुरक्षा, स्वास्थ्य सुविधा, बिरामी सुविधा समेत पाएनन । हस्पिटलमा उपचारको लागि भर्ना भएको बिरामीलाई सरकारी सुरक्षाकर्मीले माओवादी विद्रोही हो कि भन्ने शंका गरी व्यापक रुपमा निगरानी र मानसिक दबाब र घाइतेहरूलाई किन कसरी जस्ता प्रश्नहरू हस्पिटलको बिस्तारामै सोधी कहिलेकाहीं तर्साउने काम सुरक्षाकर्मीबाट हुन गयो । यसरी बाँच्नको लागि चाहिने आधारहरू समेत जनताले पाएनन् ।

## ५.६.२ सकारात्मक

समाजमा द्वन्द्वले सताइएको अवस्थामा जनताहरूमा नयाँ सोचको विकास हुँदै गयो । समाजमा समान कामको लागि महिला पुरुषबीच भेदभाव हुन छाड्यो । अर्घाखाँची जिल्लाका धारापानी, अर्घा, ढाकावाङ, गाविसका दलित, जनजाती महिलाहरूले हलो जोतेर पुरुषले गरेको काम महिलाले पनि गर्न सक्दछन् भनी प्रभाणित गरीदिए समाजमा दलितहरूको मन्दिर प्रवेश गर्ने कार्यक्रम एकपछि अर्को गर्दै सफल भए सार्वजनिक समारोहमा दलितको उपस्थित आदिले अर्घाखाँची जिल्लामा पनि जातिय विभेद रहित समाजको निर्माण गर्नुपर्ने भावनाको विकास भयो ।[51] यस जिल्लामा महत्वपूर्ण सामाजिक सुधारको क्रममा जाँड, रक्सी, जुवा-तास निषेधित जिल्ला नै घोषणा गरियो । त्यसले समाजलाई निकै राम्रो प्रभाव पाऱ्यो । समाजमा अपराधिक क्रियाकलाप घट्दै गए । अपराध गर्नेलाई सामूहिक रुपमा कारबाही गर्न थालियो, जनताहरू सामाजिक भावनाबाट प्रेरित भए, सामाजिक काम गर्दा धेरै भन्दा

---

50 नेकपा एमाले जि.क. सदस्य छविलाल अधिकारी सँग २०६६/७/२९ गते प्राप्त जानकारी अनुसार ।

51 अखिल नेपाल दलित संघका केन्द्रीय सदस्य बाबुराम पन्थीसँग २०६६/७/२४ गते प्राप्त जानकारी अनुसार ।

धेरै जनसमूहलाई सहभागी गराई धेरै जनसमुदायहरूको फाईदामा ध्यान राखी सामुहिक निर्णय गर्ने परिपाटीले सामाजिक भावनाको विकास भयो ।[52]

## ५.७ कृषि मजदुरहरूको पक्षमा

### ५.७.१ नकारात्मक

<u>राज्यपक्षबाट</u>

माओवादी द्वन्द्वको क्रममा प्रभावित विभिन्न क्षेत्र मध्ये समाजमा कृषि मजदुरी गरेर जिविका निर्वाह गर्ने वर्गमाथि यस विद्रोहले निकै प्रभाव पार्‍यो । द्वन्द्वको कारण कृषि मजदुरहरूको अवस्था दिन प्रतिदिन दयनीय बन्दै गएको थियो । उनीहरूको समस्या अवस्था र बाध्यताको बारेका बोलिदिने र बुझिदिने अवस्था नरहेकोले थुप्रै कृषि मजदुरहरू विभिन्न अप्ठ्यारोमा पर्नु र बिनाकारण मृत्यु समेत भएको थियो । भारतमा मजदुरी गरी खर्च चलाउँदै आएका अर्घाखाँची ढाकाबाङ गाविस वाड नं. ६ का विष्णु नेपालीका दुई छोरा-छोरी घरमा खाने अन्नसमेत नहुँदा भोकभोकै मरे ।[53]

यसरी गासको समस्याले कृषि मजदुरहरू आफ्ना बालबच्चा गुमाउनु परेको कारुणिक बेदनात्मक घटनाको समाचार राष्ट्रिय दैनिक गोरखापत्रले २०५९ साल श्रावण २१ गते 'खान नपाउँदा दुई बालबालिकाको मत्यु' शीर्षकमा प्रकाशन गरेको थियो । कृषि मजदुरहरू आफ्नो पारिवारीक जिम्मेवारीबाट वञ्चित भएका थिए । सोही गाविस ढाकावाङ २ बस्ने राम ब. नेपाली सामान्य कृषि मजदुरी गरी जीवन यापन गर्ने मानिस हुन् । २०६० साल माघ २ गते गाउँमा त्यो दिनको काम सिध्याइ साँझ घर फर्कने क्रममा गस्तीमा आएको सेनाको टोलीले उनलाई नियन्त्रणमा लियो र आफू ज्यालादारी गरी जीवन यापन गर्ने मानिस हो भन्ने जानकारी गराउँदा गराउँदै पनि सोही दिन राती धारापानीको घाटा खोलामा गोली हानी हत्या गरियो । हंसपुर गाविस

---

52 नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रिय अध्यक्ष नरेन्द्र ब. क्षेत्रीसँग २०६६/७/२४ गते प्राप्त जानकारी अनुसार ।

53 ढाकावाङ गाविस-६ का विष्णु नेपालीसँग २०६६/७/२८ गते प्राप्त जानकारीअनुसार ।

म्यालपानीका देवबहादुर घर्ति पनि सामान्य कृषि मजदुर हुन । २०५९ साल भाद्र २४ गते गिरफ्तार गरी सेनाद्वारा गोली हानी उनको हत्या गरियो ।[54]

यसैगरी २०६२/४/१८ गते डिबर्ना-७, लहरेबाजका डिलप्रसाद श्रेष्ठ मखतमा वेवारिसे बम पड्किंदा उपचारको लागि अस्पताल लादालादै बाटोमा उनको मृत्यु भयो । यसरी विद्रोही र सुरक्षाकर्मी दुवैले युद्धको समयमा विस्फोटक पदार्थ सही तरिकाले व्यवस्थापन नगर्दा कृषि मजदुरहरूले काम गर्ने ठाउँ सुरक्षित थिएन । उनीहरूले अकालमा ज्यान गुमाउनु पर्दथ्यो ।[55]

उनीहरूको व्यक्तिगत सुरक्षाको कुनै ग्यारेन्टी थिएन । निकै अपठ्यारो, जोखिमपूर्ण काम गर्दा पनि गास, बास, कपासको समस्यामा पर्नु परेको थियो । उनीहरूको आर्थिक पछौटेपन कमजोरी आदिले गर्दा समाजमा हेलाको दृष्टिले हेरिने काम भयो । यहाँ सम्मकी उनीहरूलाई बिनाकारण पक्राउ र अपहरण गर्ने काम भयो । यसरी बिनाकारण यातनाबाट पिडित हुनुपर्दा बलजफ्ती क्षमताभन्दा ठूलो कृषि काम लगाइनु, उनीहरूलाई दासको रुपमा हेरिने अवस्थाले गर्दा उनीहरूलाई मनपर्ने आफ्नो हकहित अधिकारको निम्ति समर्थन गर्ने विचारमाथि स्वतन्त्र रुपमा आस्था राख्न सक्ने वातावरण थिएन । गोपनीयताबाट वञ्चित थिए । यस द्वन्द्व अवस्थामा उनीहरूको हकहित अधिकारको लड्ने कृषि मजदुर संघ खोल्नबाट समेत वञ्चित हुनु परेको थियो । जिविका निर्वाहको लाग काम नपाउनु, क्षमता भएर पनि आफ्नो इच्छा बमोजिमको काम छान्न नपाउनु र काम गर्न उपयुक्त वातावरण नहुनु । कथम् कथाचित काम पाएपनि उचित ज्याला थिएन । उनीहरू दासत्वबाट मुक्त हुन सकेका थिएनन् । हलियाको रुपमा वर्षौंदेखि थोरै पारिश्रमिकमा आफ्नो जीवन गुजारी रहेका थिए । हरेक क्षेत्रमा पछाडि पर्नु परेकाले उनीहरूमा आफूप्रतिको आत्म विश्वास थिएन । जसले गर्दा आत्मनिर्णय गर्न सक्ने स्थिति बनेको थिएन ।[56]

---

54 जनक्रान्ति, पूर्ववत्. पा.टि.नं. १६, पृ. २९७।

55 डिबर्ना गाविस-६का वेदप्रसाद श्रेष्ठबाट २०६६/७/२८ गते प्राप्त जानकारीअनुसार ।

56 अखिल नेपाल किसान संगठनका केन्द्रीय सदस्य पशुपति ढकालबाट २०६६/६/२५ गते प्राप्त जानकारीअनुसार ।

अर्घाखाँची असुरकोट गाविसका कविराज वि.क. वर्षौंदेखि आरनको काम गर्दै आएको र उनीकहाँ विभिन्न समयदेखिका सामान आफ्नो गोदाममा रहेको र धेरै पहिला गाउँका केही व्यक्तिहरूले बन्दुक बनाउन आउने गरेको त्यसै क्रममा रहेका बन्दुकका पाटपुर्जाका कारण सेनाले उनलाई मानसिक यातना दिएको थियो ।[57] यसरी समाजमा रहेको पुरानो परम्परागत सोचको कारण परम्परागत कामकै निरन्तरताले गर्दा उनीहरू स्वतन्त्र रुपमा आफ्नो काम गर्नबाट वञ्चित थिए । जसले गर्दा उपयुक्त स्वतन्त्र जीवन स्तरका बाँच्न पाउने अधिकारबाट वञ्चित थिए । स्वास्थ्य सुविधा, बिरामी सुविधा आदि नपाउनाले अकालमै र अल्पआयुमै धेरै मजदुरहरूको ज्यान गएको थियो । समाजमा उनीहरूको लागि उपयुक्त स्थान थिएन र सानो गल्तीले गर्दा पनि ठूलो सजाय दिने पुरानो परम्परागत सोच रहेकाले शंकाको दृष्टिबाट हेरिने हुँदा उनीहरू सामाजिक सुरक्षाबाट समेत वञ्चित थिए । हरेक क्षेत्र सकारात्मक नहुँदा उनीहरूलाई बाँच्नको लागि चाहिने आधारहरू प्राप्त गर्न अप्ठ्यारो थियो । जुनबेला पनि अरुकै काममा खट्नु परेकाले आफ्ना जहान केटाकेटीको बारेमा सोच्ने मौका हुँदैनथ्यो । जसले गर्दा उनीहरूका बाल-बच्चाहरु असुरक्षित हुने क्रम बढ्दै गयो । दुःखसाथ जीवन गुजारी रहेका अवस्थामा माओवादी विद्रोहीहरूले जबरजस्तीका कारण चन्दा र खाना खुवाउने समस्याले उनीहरूको स्थिति झन् दयनीय बन्दै गएको थियो । कहिले सरकार पक्ष त कहिले विद्रोही पक्षको दोहोरो चपेटामा परि कहिले अपहरित त कहिले मृत्युको मुखमा पर्न सक्ने सम्मका अवस्थाले अर्घाखाँचीका कृषि मजदुरहरूलाई द्वन्द्वले निकै प्रभाव पारेको थियो ।

द्वन्दको समयमा किसानहरू घाँसदाउरा खोज्न जंगल जान छोड्दा जंगलमा झाडी बढेकोले जंगलको स्थिति नै परिवर्तन भएको थियो । पोखराथोककी सरस्वती गौतमले जंगलमा खोसमेरा खोज्दा मानिसका हाडखोर हातमा आएकाले त्यहाँ जान छाडिन्, यो एउटा उदाहरण मात्र हो । त्यस्तै अवस्था ठेकाफोर, खिदिम, ठूलाचौर, रानीवन र छपाङखोलामा मानिसका कंकालहरू बाहिरै देखिने गरी छ्यापछ्याप्ती पाइने गरेको र ठेकाफोरमा विद्यार्थीले मानिसको कंकाल निकाली बाटोमा राखीदिएपछि

[57] असुरकोट गाविस-४ मा आरन व्यवसाय गरी बस्ने कवि वि.क. सँग २०६६/६/२८ गते प्राप्त जानकारीअनुसार ।

मानिसहरू बाटो हिंड्न पनि डराउन थालेका थिए । २०६२ साल फागुन १६ गते अर्घाखाँचीका पाँचवटा गाविस खिदिम, पोखराथोक, पणेना, पटौटी र ढाणमा सेनाद्धारा चारवटा हेलिकप्टरबाट बमबारी भएको थियो । त्यसबेला मारिएका मानिसका शव किसानको खेतबारीमा गाडीएका र त्यसबेला छाडिएका वेवारिसे बमले किसानहरू आफ्नो खेतबारीमा जान समेत डराउँछन् । त्यस बेला भेटिएको एउटा बम विस्फोट हुँदा एकजनाको मृत्यु भएको थियो । त्यसैले स्थानीय बासिन्दा त्रसित देखिन्छन् । मैदानकी साबित्रा गौतमले घरमा ल्याएको ठूलो फलामको डल्लो सेनाले छाडेको बम भएको पछिमात्रै थाहा पाइन्, यसरी सेना तथा माओवादी दुवै पक्षले भिडन्तको क्रममा छाडेका विभिन्न वस्तुहरु बेवारिसे अवस्थामा किसानहरुको खेतबारी, वनपाखामा पाइन्थे । तिनगीरे, सत्यवती, कादम्पामा भएको भिडन्तमा माओवादीले आफ्ना साथीका लास समेत यत्रतत्र छाडेर गएको सेनाले बताउने गरेपनि तत्कालीन नेकपा माओवादी गण्डक क्षेत्र इन्चार्ज टोप बहादुर रायमाझीले आफूहरुले ती लासहरु नछाडेको बरु सेनाले आफ्ना साथीको लास छाडेर गएका हुनसक्ने बताएका थिए तर सेनाबाट पनि यसको पुष्टि भएको छैन । अर्घाखाँचीमा गाउँ र वनपाखामा गाडिएका लासहरु र त्यहाँ पाइने बेवारिसे वस्तुहरुको कारण अर्घाखाँचीका किसानहरूलाई द्वन्द्वले छाडेका घाउहरू चऱ्याउन छाडेका छैनन् ।

यसै भिडन्तमा घरमा बसेका मैदानका किसान जीवन गौतमका छोरा पवन गौतमको सेनाले खसालेको बमको कारण मृत्यु भएको थियो र जीवन गौतम देशमा शान्ति होस्, यी घटना, इतिहास मात्र बनुन्, फेरी नदोहोरिउन् भन्छन् । उनले हालसम्म कुनै क्षतिपूर्ति पाएका छैनन् । पवन गौतमको लास भैरहवा भिम अस्पतालमा पोस्ट मार्टम गरिसकेपछि माओवादीको गोली लागी मृत्यु भएको कागज सेनाबाट भएको थियो । क्षतिपूर्ति त कहाँ हो कहाँ सेनाकै कारण भएको मृत्युलाई समेत जालझेल गरियो । पवनको परिवारका अन्य सदस्य घाइते भएका थिए, उनकी भान्जीलाई हालसम्म पनि निको भएको छैन । खिदिमका महेन्द्र गौतम त्यसबेलाको त्रास आफूले पढेको विश्वयुद्धसँग तुलना गर्छन्, लगातार हवाइ हमला भूईंमा पनि जताततै विस्फोटै विस्फोट खेतबारीमा बम खसिरहेका, गाई, भैसी समेत पल्टीरहेका

जतातत‍ै रुवाबासी र भागा-भाग आदि सम्झेर उनले आफूले पढेको विश्वयुद्ध आफैले भोगेको ठान्छन् ।[58]

## ५.८ दलितको क्षेत्रमा

### ५.८.१ नकारात्मक

दश वर्षे द्वन्द्वको क्रममा प्रभावित विभिन्न वर्गहरूमध्ये दलित वर्ग पनि एक हो । दलितहरू आर्थिक रुपमा कमजोर र उनीहरूको अवस्थाप्रति सरकारको गैरजिम्मेवारी पनको कारण सानो आशाको लागि भएपनि जीवनलाई जोखिममा राखेर विद्रोहको क्याम्पमा जान बाध्य थिए । असुरकोट गाविस वाड नं. ३ बस्ने रामबहादुर नेपालीका छोरी सकुन्तला नेपाली पढाई खर्च, किताब खर्च नहुँदा, विकल्पको रुपमा अन्य बाटाहरू नहुँदा माओवादी सैन्य कार्यकर्ता भईन् उनी हालसम्म पनि जनमुक्ति सेनाको सैन्य क्याम्प रुपन्देहीमा कार्यरत छिन् । सुरक्षाकर्मीले दलितलाई जहिले पनि शंकाको दृष्टिबाट हेर्ने र दलितहरूको समस्या, बाध्यताको बारेमा बोलिदिने, सम्बोधन गरिदिने कोही नहुँदा कहिलेकाहीँ निर्दोष भएर पनि ज्यान जाने सम्मका घटना यस अर्घाखाँची जिल्लामा भएका हुन । यस जिल्लाको ढाकावाङ गाविस वडा नं. ६ का ठग बहादुर वि.क. राजनीतिको बारेमा जानकारी नभएको व्यक्तिलाई सुरक्षाकर्मीले जबरजस्ती माओवादी बनाई हत्या गरे ।

नेकपा (माओवादीले) समाजमा  यही वर्गको भावनासँग मिल्दाजुल्दा मागलाई उठान गरेकोले केही दलितहरू यस पार्टी सँग नजिकिन थाले । सुरक्षाकर्मीले सम्पूर्ण दलितलाई नै एउटै कित्तामा राखी दलितका हरेक क्रियाकलाप लाई शंका गर्न थाले । यहाँ सम्मकी सुजीको घरमा गएर कपडाको खान तलासी गर्ने, आरनेको घरमा हतियारको खानतलासी गर्ने, खानतलासीको क्रममा असुरकोट गाविसका कविराज वि.क.को आरनमा धेरै पहिले मर्मतका लागि ल्याउँदा छुटेको पुरानो बन्दुकको नाल

58 विशेष रिपोर्ट, दिपक ज्ञवाली, खिदिम अर्घाखाँची *(समय पाक्षिक, २०६३ कार्तिक १६ गते)*, पृ. २५ ।

रहेछ त्यसकै कारणले महिनौसम्म तारेखमा धाउनुपर्ने भयो । जसले गर्दा दलितहरुको पेसा नै धरापमा पर्ने स्थिति भयो ।[59]

### ५.८.२ सकारात्मक

एउटा बिरालोलाई झ्याल ढोका थुनेर अप्ठ्यारोमा पारियो भने मानिसलाई नै आक्रमण गर्दछ । यो वर्ग विस्तारै आफ्ना हकहित अधिकार प्राप्तिको लागि राजनैतिक हिसाबले सूसुचित हुन थाले । समाजमा बढ्दै गएको द्वन्द्वको कारण दलितहरूले बुझे । दलितहरूले समाजमा राजनैतिक सहभागीता बढाउँदै गए । जसले राजनैतिक सहभागीको संख्या बढ्दै गयो । थोरै भएपनि राहतको महशुस गर्न थाले । अर्घाखाँची जिल्लामा दलितहरूले जातिय समानताको महशुस गर्न थाले, यस बारेमा अभियान नै चलाए जसले गर्दा उनीहरूले परनिर्भरता पूरानो सोच हो । त्यसबाट अगाडी बढी आत्म निर्भरता तर्फ उन्मुख हुन थाले ।

अर्कोतर्फ धेरै दलितहरू राजनैतिक सहभागी भई राजनैतिक पार्टीका कार्यकर्ता बने । आफ्नो हकअधिकारको लागि कानुन, संविधानको बारेमा समेत जानकारी लिन थाले । उनीहरूमा समाज निर्माण र सुसुचित बनाउन हाम्रो पनि महत्वपूर्ण भूमिका हुनुपर्दछ भन्ने भावनाबाट प्रेरित भई उनीहरूमा सामाजिक भावनाको विकास भयो । समाजमा व्याप्त जातिय विभेद र त्यसको विरुद्धको अभियानको रुपमा अर्घाखाँचीमा दलितहरूबाट मन्दिर प्रवेश, पानीका धारा, कुवा, सार्वजनिक समारोहहरूमा समान सहभागी हुने अभियान नै चलाए ।[60]

## ५.९ बालबालिकाको क्षेत्रमा

### ५.९.१ नकारात्मक

द्वन्द्वको प्रभाव परेको अर्को क्षेत्र बालबालिकाको क्षेत्र हो । द्वन्द्वको क्रममा विद्रोहीबाट बालबालिकालाई बालसेनामा भर्ना गर्ने र सरकार पक्षबाट बनावटी

---

59 वि.क., *पूर्ववत्* पा.टि. नं. ५७ ।

60 अखिल नेपाल दलित संगठनका केन्द्रीय सदस्य बाबुराम पन्थीसँग २०६६/५/२९ गते प्राप्त जानकारीअनुसार ।

भिडन्तको नामबाट बालबालिकाको अकालमा ज्यान जाने काम द्वन्द्वको समयमा धेरै भयो । भिडन्तको क्रममा होस, सैन्य प्रशिक्षणको क्रममा, चेकिङ सुरक्षाको लागि भनेर बनाइएका विस्फोटक पदार्थहरू विद्रोहीबाट र कतै सरकारपक्षबाट बेवारिसे अवस्थामा छाडिने काम भएकाले अनजान बालबालिकाले विस्फोटक पदार्थ खेलाउँदा विस्फोट भई अकालमा ज्यान जाने काम भयो । अर्घाखाँची गोखुङ्गा गाविसका गोपालप्रसाद खनालका साना बच्चाहरूले विद्रोहीबाट वेवारिसे अवस्थामा छाडिएको सकेटबम खेलाउँदा उनका परिवारका बालबालिका सहित चारजना सदस्यले ज्यान गुमाउनु पऱ्यो । सोही गाविसका धनीश्वर भुसालका ६ वर्षीय छोरा हिमलाल भुसाल र ४ वर्षीय माधव भुसालको २०५९/५/२४ गते बेवारिसे अवस्थामा छाडिएको ग्रिनेट खेलाउँदा मृत्यु भयो ।[61] यसरी द्वन्द्वको कारणले निर्दोष अनजान बालबालिकाको मृत्यु भयो । उनीहरूले आफ्ना बाबु-आमा दुवै गुमाउँदा टुहुरा बन्दाको पिडा अर्कै छ । उनीहरूको लालनपालन कर्ता मृत्युको मुखमा पुग्दा उनीहरूको स्याहार, सम्भार गर्ने मानिस नहुँदा सरकार पक्षबाट उचित व्यवस्था नहुँदा बालबच्चाहरू गास, बास, कपासबाट वञ्चित हुनुका साथै अलपत्र समेत परेको तितो सत्य हाम्रो सामु छ । अर्घाखाँची ढाकावाङ गाविस वाड नं. २ का दुई जना बालक भोकै मर्दाको खबरले विभिन्न पत्रपत्रिकाले प्रकाशित गर्दा त बालबालिकाको स्थिति कस्तो रहेछ भन्ने कुरा प्रष्ट हुन्छ । यसरी आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाको लागि विद्यालय शिक्षा पाउने अवस्था नै थिएन, शिक्षाबाट वञ्चित हुनु परेको थियो । उनीहरूलाई माया स्नेह गर्ने आफन्तहरू नहुदा वञ्चित हुनुपरेको थियो ।[62]

भिडन्तको क्रममा विद्रोही र सुरक्षाकर्मी दुवैले बालबालिकालाई विभिन्न रुपमा प्रयोग गर्ने गरेकाले उनीहरू समस्या संघर्षबाट जोगिन पाएनन, बिरामी पर्दा घाइते हुँदा उनीहरूको ख्याल गर्ने संरक्षक नहुँदा उचित स्वास्थ्य आर्जन गर्न पाएनन् । उनीहरूले आफ्नो भनाइ, अभिव्यक्ति राख्ने स्वतन्त्रता पाएनन् । यहाँसम्मकी न्यायप्रशासनबाट समेत उचित न्याय पाएनन् । संरक्षक नहुँदा शोषण दुर्व्यवहारबाट

61 जनक्रान्ति, *पूर्ववत्.* पा.टि.नं. १६ ।

62 गोरखापत्र दैनिक, २०५९ श्रावण २१ ।

पिडित हुनुपर्‍यो । उनीहरूको क्षमताभन्दा अप्ठ्यारो काममा लगाउनाले शारीरिक श्रम शोषण र उत्पीडनबाट वञ्चित हुन सकेनन्, हिंसा र अपराधबाट संरक्षित हुन पाएनन् । लडाइं र झै-झगडाबाट संरक्षित हुन पाएनन । उनीहरूको लागि कुनै न्यायोचित वातावरण बनेन जसले गर्दा भेदभावबाट संरक्षण हुन पाएनन । माथि नै उल्लेख गरियो । बाबु-आमा, परिवारका सदस्य, संरक्षक गुमाउनु पर्दा पारिवारीक जीवनमा सहभागी हुन पाएनन । उनीहरूलाई हरेक क्षेत्रबाट उपेक्षित गरिने काम हुँदा, उनीहरूको ख्याल गर्ने निकायले उल्लेखनीय काम गर्न नसक्दा उनीहरू सामुदायिक जीवनमा सहभागी हुन पाएनन । यी बाहेक विद्यालय जीवनमा सहभागी हुन पाएनन । राष्ट्रिय जीवनमा सहभागी हुन पाएनन । संगठनहरूमा सहभागी हुन पाएनन । संघसंस्थाहरूमा सहभागी हुन पाएनन । यसरी हरेक क्षेत्र उनीहरूको लागि शुन्य भएको अवस्थामा कुनै क्षेत्रबाट पनि उनीहरूको हकहित अधिकारको संरक्षणका लागि बोलिदिने कुरा त परै छाडौं उनीहरूलाई दोहोरो पक्षबाट अनावश्यक अपहरण गर्ने काम हुँदा बालबालिकालाई शारीरिक तथा मानसिक दबाब बढ्दै गयो ।[63]

## ५.९.२ सकारात्मक

द्वन्द्वले बिस्तारै निकास पाउँदै गर्दा समाजका हरेक वर्ग समुदायहरूले आफ्नो हक, हित, अधिकारको खोजी गर्न थाले । यसै सिलसिलामा बालबालिकाको हक, हित, सुरक्षा, अधिकारका लागि समग्र समुदायबाट आवाज उठ्न थाल्यो । बालअधिकार सम्बन्धी सुसुचित हुने काम शुरु भयो । उनीहरूमा विस्तारै राजनैतिक सचेतना वृद्धि भयो । बालबालिकालाई द्वन्द्व सम्बन्धी विविध जानकारी कस्तो ठाउँमा जान हुने, कस्तो ठाउँमा जान नहुने, शंकास्पद वस्तुबाट टाढा रहने, जस्ता कुराहरू विभिन्न कार्यक्रमहरूको आयोजना गरी बालकलाई सचेत गराउने काम गरियो । हतियार सहितका मानिस, नयाँ-नयाँ अनुहारका मानिसहरू देख्दा तर्सिने बालबालिकाहरू विविधखाले जानकारीले उनीहरूको डर, भय, त्रासले तर्सिन छाडेका थिए । यहाँ सम्मकी समस्या झेल्न र आवश्यक परे समाधान गर्न समेत सक्ने भए । उनीहरू

---

63 अधिवक्ता तथा मानवअधिकारवादी कार्यकर्ता खिमानन्द बन्जाडेसँग २०६६/५/३० गते प्राप्त जानकारी अनुसार ।

आत्मनिर्णयतर्फ उन्मुख हुन थाले । द्वन्द्वको समयमा जे पनि हुन सक्दछ त्यसमा बालबालिका आफैंसमेत र परिवारबाट पनि त्यो बारेमा जानकारी गराउन थालियो । यी सबै कुरा शिक्षाबाट थाहा हुने भएकोले यस अर्घाखाँचीमा सम्पूर्ण बाल बच्चालाई शैक्षिक अधिकारको जानकारी गराउने विद्यालय जाने वातावरण सृजना गरियो ।[64]

## ५.१० विस्थापन

नेकपा माओवादीले सञ्चालन गरेको जनयुद्धको विकासक्रम सँगै उक्त पार्टीले आफ्ना गतिविधिहरूलाई सहज र सरल बनाउने क्रममा सरकारी कर्मचारी, सुरक्षा पोष्ट, सरकारी भवनहरू कारबाहीको निसाना बनायो । जुन अर्घाखाँची जिल्लामा एक दुई ठाउँ बाहेक अन्य ठाउँहरूमा सफल पनि भए । उनीहरूको योजनामा कहिलेकाहीं सरकारी कर्मचारी, सुरक्षाकर्मी, सुरक्षा पोष्ट मात्र निसाना नबनी राजनैतिक पार्टीका केही नेता कार्यकर्ता पनि पर्ने गर्दथे । जसलाई उनीहरूको संगठन निर्माण र गतिविधि सञ्चालन गर्न बाधक ठान्दथे । यसरी बाधक ठानेका व्यक्तिहरूलाई शुरुमा चेतावनी दिने काम गर्नुका साथै अपहरण र हत्या समेत गर्न पछाडी पर्दैनथे । जसले गर्दा माओवादी सँग असम्बद्ध पार्टीका नेता र जिम्मेवार कार्यकर्ता गाउँमा बस्न सक्ने स्थिति थिएन । गाउँमा बस्नु भनेको कि त मृत्यु नै थियो आत्मसमर्पण यस्तो अवस्थामा सरकारबाट सुरक्षाको प्रत्याभूत हुन नसक्ने अवस्था भएकोले अन्य पार्टीका नेताकार्यकर्ताहरू आत्म रक्षाका लागि आफ्नो गाउँ, सम्पत्ति छोडी, सदरमुकाम, राजधानी कोही कोही त देशै छोडने स्थिति पनि रह्यो । कसैकसैले त पहिले नै आफनो सम्पत्ति बेचेर सुरक्षित ठाउँमा जाने काम गरे । कसैले त्यो मौका पनि पाएनन आफ्नो सम्पत्तिलाई त्यत्तिकै छोडी विस्थापित भए । यी अवस्थामा भएका नराम्रा पक्षलाई तल उल्लेख गरिएको छ ।

### ५.१०.१ नकारात्मक

नेकपा माओवादीले आफूसँग असंबद्ध अन्यपार्टीका विशेष गरी तत्कालीन अवस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरेका नेता कार्यकर्तालाई विभिन्न आरोप

64 रायमाझी, *पूर्ववत्.* पा.टि.नं. ३८ ।

लगाउँदै कारबाहीको निसाना बनायो । जसले गर्दा समाजलाई व्यवस्थित गर्ने, परिचालन गर्ने मानिस समेत विस्थापित हुनुपर्दा यस अर्घाखाँचीमा निकै अशान्ति मच्चियो । द्वन्द्व समाधानको लागि कुनै कार्य नहुँदा, एक आपसमा मेलमिलाप विश्वासको वातावरण भएन । एकले अर्कोलाई शंकाको दृष्टिकोणबाट हेर्ने काम भयो । समाज अविश्वासको खाडलमा जकडियो । यस्तो अवस्थामा समाजमा रहेर आफ्नो जिउ, ज्यान, धन, सम्पत्ति, इज्जत, मान, प्रतिष्ठा हरेक क्षेत्रमा आँच आएकोले मानिसहरू गाउँ समाज छाडेर सुरक्षित स्थानतर्फ जाने क्रम बढ्दै गयो । अर्घाखाँची ठूला पोखराका पदमलाल पाण्डे एक औषधी व्यवसायी ने.का.का समर्थक समाजसेवी द्वन्द्व पिडित हुन उनी माओवादीको दबाबका कारण २ महिनासम्म कहिल्यै घरमा नसुतेको र पछि गाउँ नै छाडेर काठमाडौं बस्नुपरेको बताउँछन् । त्यस्तै समस्या हंसपुरका छविलाल अधिकारी र लेखनाथ न्यौपानेको छ । खिल्जीका प्रेमनारायण वेल्वासे, ढाकावाङका शिव खनाल, पणेनाका खगेन्द्र पोखरेल, खिदिमका वेदराज घिमिरे बलकोटका कृष्ण खनाल, सन्धीखर्कका खेमराज भुसाल, पटौटीका इन्द्रमणि घिमिरे पनि गाउँमा बस्न नसकि काठमाडौ नै आई दुःखी जीवन बिताउन थाले । देशको अन्य ठाउँमा र देशबाहिर गएर विस्थापित जीवन बिताउनेहरुको संख्या यस जिल्लामा धेरै रहेको पाइन्छ ।[65]

समाजबाट विस्थापितको संख्या बढ्दै जाने क्रमसँगै एकले अर्काको अस्तित्व स्वीकार गर्न छाडे । राजनैतिक प्रतिशोध वैचारिक मत भिन्नताका कारण मानिस मानिस बीच दुस्मनी बढ्दै गयो, बहुदलीय व्यवस्थाप्रति जनताको बीचबाट प्रश्न उठ्न थाल्यो । के बहुदलीय व्यवस्थामा जे पनि गर्न पाइन्छ । जनतामा यस प्रकारको निराशा बढ्दै जाँदा पनि संसदवादी पार्टीहरुले जनतालाई कुनै राहत, सुविधा र सुरक्षाको प्रत्याभुत गर्न सकेनन । आफै सुरक्षित हुनको लागि जिल्ला बाहिर कुनै कुनै जिल्ला सदरमुकाममा रहेर पनि जनताको पिर मर्का, समस्याको उपेक्षा गर्ने काम गरे । कसै कसैको विद्रोहीको आक्रमणमा ज्यान समेत गयो । छत्रगंजका शिव पोखेल विद्रोहीको धम्कीलाई वास्ता नगरी गाउँमै बस्दा खुकुरी प्रहारबाट हत्या गर्ने काम विद्रोहीबाट

65 विस्थापितहरुको नामावली, नेपाली कांग्रेस, नेकपा एमाले पार्टी कार्यालयबाट विभिन्न मितिमा प्राप्त जानकारीअनुसार ।

भयो ।[66] संसदवादी पार्टीहरू भने वक्तव्य निकाल्नमै सीमित हुने भएकाले यी पार्टीप्रति जनताको विश्वास गुम्दै गयो । यहाँसम्मकी केही संसदवादी नेताहरू भ्रष्टाचारमा मुछिने काम भयो । नेकपा (एमाले) नेता सुकुम्बासी आयोगका सदस्य गुणनीधि भुसाल  यही अभियोगमा पार्टीले कारबाही गऱ्यो । कारबाहीपछि जिल्लाका अन्य पार्टीका कार्यकर्ता र विद्रोहीबाट समेत तिरस्कृत हुनुपर्दा जिल्ला छाडेर हिड्नु पऱ्यो । केही अनैतिक नेता कार्यकर्ता पतन भए ।[67]

विद्रोहको क्रममा यस अर्घाखाँची जिल्लाका हरेक विकास निर्माणका कार्यहरूमा विद्रोहीबाट अवरोध हुने काम भयो । सरकारले सुरक्षाको प्रत्याभुत गर्न नसक्दा ती कार्यहरू अगाडी बढ्न सकेनन् । गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजनाले अर्घाखाँची जिल्लामा विभिन्न विकास निर्माणका काम गरिरहेको थियो । उक्त योजना कार्यान्वयन हुन नदिन विद्रोही पक्षबाट उक्त संस्थाको गाडी जलाउने, संस्थासँग कार्यरत कर्मचारीलाई धम्की, भौतिक आक्रमण गर्ने काम भएकोले जिल्लामा अरु निर्माण हुन लागेका योजना समेत कार्यान्वयन हुन सकेनन् ।[68]

यस्तो रिक्तता, तिक्तता, भिडन्त आदि कारणले जनताहरूमा राजनीतिप्रति वितृष्णा जाग्न थाल्यो । राजनैतिक पार्टीहरूले जनताको समस्यालाई बुद्धिमता तवरबाट सम्बोधन गर्न सकेनन्, जनतालाई विश्वास दिलाउन सकेनन् । विद्रोहको वास्तविक कारण र त्यसको प्रकृतिलाई बुझ्न नसक्नु उल्टो विद्रोह दबाउने नाममा राज्यले संकटकाल लगाउँदा अर्घाखाँचीबासी झन् संकटमा परे ।[69]

माओवादी विद्रोहीको दबाव धम्की, परिवारलाई मानसिक दबाब दिएका कारण नेपाली सेना, सशस्त्र प्रहरी र जनपथ प्रहरीबाट समेत केही जवान सहायक अधिकृतहरूले जागिर छाड्ने क्रम यस जिल्लामा ठूलो संख्यामा रहेको पाइन्छ । अर्घाखाँची खिल्जी गाविस वाड नं. ४ बाट मात्र प्रहरी सई जीव नारायण बेल्वासे र

---

66 नेकपा एमाले, मरेङ गाविस पूर्वअध्यक्ष चुडामणि भुसालसँग २०६६/६/५ गते प्राप्त जानकारीअनुसार ।

67 रायमाझी, *पूर्ववत्.* पा.टि.नं. ३८ ।

68 भुसाल, *पूर्ववत्.* पा.टि.नं. ३ ।

69 बन्जाडे, पूर्ववत्. पा.टि.नं. ६३ ।

जवानहरु सालिकराम बेल्वासे, रामबहादुर पुन र खिमबहादुर राँगु, वाड नं. ३ बाट विष्णु श्रेष्ठ, टोप लाल श्रेष्ठ, वाड नं. ८ का प्रहरी सई अनक बस्नेत र वाड नं. १ बाट प्रज. धनबहादुर खत्री जागिरबाट विस्थापित हुनु परेको थियो । अन्य गाविस बाट समेत जागिरबाट विस्थापित हुनेको संख्या धेरै रहेकोले उनीहरु राष्ट्रिय जीवनमा सहभागी हुन पाएनन् ।[70]

यस संकटकालको कारणले जनताले २०४६ सालका उपलब्धी गुमाउनु पर्‍यो । मौलिक अधिकार कुण्ठित भए । जनता आफ्ना समस्यालाई वास्तविक ठाउँमा उठान गर्ने अवसरबाट वञ्चित भए । जनताबाट निर्वाचित जनप्रतिनिधिहरूका अधिकारहरू खोसिए । तल्लो निकायमात्र होइन प्रतिनिधिसभा समेत विघटन भयो, जननिर्वाचित सरकार ढल्यो । संसदको उपल्लो सदनका सांसदको अधिकार समेत खोसिने जिल्ला विकास समितिको म्याद थप नगरी विघटन गरियो । यसरी गाउँका, जिल्लाका, केन्द्रका जनउत्तरदायी निकायहरू लगातार विघटन हुँदा जनताहरूले अलपत्र परेको महसुस गर्न थाले । यस्तो अवस्थामा राज्यका कर्मचारीहरू सर्वेसर्वा थिए । जनताका काम कर्मचारीबाट सहज रुपमा नहुँदा अनेक झञ्झट लगाउनाले जनताले सहजरुपमा काम लिन सकेका थिएनन् ।[71]

## ५.१०.२ सकारात्मक

द्वन्दको कारण सर्वसाधारणहरुमा विस्थापनको सोच बढ्नु स्वभाविकै थियो । यस्तो परिस्थिति आउनुमा स्वयं राजनैतिक पार्टी र तिनका नेता कार्यकर्ताको महत्वपूर्ण जिम्मेवारी आउँछ । उनीहरूबाट भएका, भ्रष्टाचार, अनियमितता, जनताप्रतिको अनउत्तरदायित्वपनको कारणले जनताहरू राजनैतिक पार्टीबाट विरक्तिएका थिए । यही राजनैतिक पार्टीहरूको अदूरदर्शीपन र गैरजिम्मेवारीपनको कारणले यस्तो परिस्थिति आएको हो भन्ने कुरालाई राजनैतिक पार्टीका नेता कार्यकर्ताले महसुस गर्दै आत्मआलोचना गर्न थाले । राजनैतिक कार्यकर्ताका कमजोरीले देशले के कस्तो नियति भोग्नु पर्दछ भन्ने कुरालाई ख्याल गरी एक अर्को पार्टीको अस्थित्वलाई स्वीकार गरी

70 अर्घाखाँची, खिल्जी गाविसका पूर्वअध्यक्ष खिमानन्द बेल्वासेसँग २०६६/६/१२ गते प्राप्त जानकारीअनुसार ।

71 भुसाल, *पूर्ववत्*. पा.टि.नं. ३ ।

पहिला हुने गरेको एक अर्कालाई गरिने विस्थापनको संस्कृतिलाई भुल्दै यस अर्घाखाँचीका राजनैतिक पार्टीहरू सहकार्यमा जुट्न थाले ।[72]

राजनैतिक पार्टीहरूलाई आफ्ना कमी कमजोरीहरूको महसुस हुन गएको छ । जनताहरू आफ्ना समस्या समाधान गर्नको लागि भऱ्याङको भूमिका निर्वाह गरेका जनप्रतिनिधि नहुँदा समस्याहरूलाई आफैमा केन्द्रित गर्न बाध्य हुन पर्दा समस्याबाट निकास नपाउँदा अप्ठ्यारोमा परेका थिए । ०४६ सालको संविधानले जनतालाई वास्तवमा पूर्ण अधिकार दिएको रहेनछ । त्यो अधिकार देखावटी मात्र रहेछ । त्यो अधिकार पाउन संघर्ष गर्नुपर्दछ भन्ने भावना सहित संविधानको बारेमा जानकारी लिन थाले । मौलिक हक अधिकारका महत्व के कति रहेछ भन्ने कुरा यस अर्घाखाँचीका जनताले बुझ्न थाले । द्वन्द्वका कारण के कस्ता समस्या भोग्नु पर्दोरहेछ, आफ्नो जन्मथलो, कर्मथलोबाट नियतिको शिकार बनी बाहिरिनुपर्दा के कस्ता समस्याहरू आइलाग्दा रहेछन् । भन्ने कुरा जनताले राम्रोसँग बुझ्ने मौका पाए ।[73]

## ५.११ मानवीय विकास

### ५.११.१ नकारात्मक

नेकपा माओवादीले सञ्चालन गरेको जनयुद्धको क्रममा यस अर्घाखाँची जिल्लामा मानवीय विकासक्रमको क्षेत्र नराम्ररी प्रभावित भयो । जिल्लामा कुनैपनि कल्याणकारी काम हुन सकेनन् । परिवर्तनका कार्यक्रमहरू शुन्य जस्तै भए । तत्कालीन अवस्थामा गणेशमान शान्ति अभियान, गरीबसँग विशेश्वर जस्ता कार्यक्रम केन्द्रिय सरकारले तय गरेको थियो । उक्त कार्यक्रम यस जिल्लामा विद्रोहीबाट असहयोग हुँदा लक्षित वर्गसम्म पुग्न सकेन । जिल्लामा परिवर्तनकारी कार्यक्रम सञ्चालन हुन सकेनन् ।

हरेक कार्यक्रममा विद्रोहीलाई सहमति गराउन नसक्दा समाज विकास चरणको कुन अवस्थामा छ भन्ने कुराको विश्लेषण हुन सकेन । समाजमा उपेक्षित वर्गको

---

72 नेपाली कांग्रेस अर्घाखाँची पूर्व सभापति पिताम्बर भुसालसँग २०६६/६/१३ गते प्राप्त जानकारीअनुसार ।

73 के.सी., *पूर्ववत्.* पा.टि.नं. ८ ।

अवस्था, महत्व, भूमिकालाई पूरानो सोचबाट बुझ्दा समाजमा द्वन्द्वले व्यापक रुप लियो । जसले गर्दा समाजमा समुदाय वा संगठनको निर्माण हुन सकेन । समाज सुस्त भएकाले जनतालाई चेतना जगाउने कुनै काम भएन । विकास निर्माणका काम ठप्प हुँदा जनताहरू विकास निर्माणको क्रममा सहभागी भएनन् । जनतालाई केही गर्नुपर्दछ, विकास निर्माण शान्ति कायम गर्न समाजलाई अगाडी बढाउने क्रियाकलापमा उत्प्रेरणा जगाउने काम भएन । समाजमा रहेका उपेक्षित गरीब दोहोरो चपेटामा परेको र उनीहरूको अवस्थाप्रति समुदायको ध्यान पुऱ्याउने काम भएन । विद्रोहको क्रममा बम बारुद जहाँ पायो त्यहीं छाडेर जाँदा वातावरण समेत संरक्षण हुन सकेन ।[74]

उत्पीडित दलितहरूको अवस्था दिनप्रति दिन खराब हुँदै जाँदा उनीहरूको नेतृत्व विकास हुने सम्भव हुन सकेन । हरेक क्षेत्र अस्त व्यस्त भयो । जसले गर्दा बहुसंख्यक समुदायलाई फाईदा हुने काम भएन । जनताहरू समाजमा भेला हुने, छलफल गर्ने समस्या पत्ता लगाउने, समाधानका उपाय निकाल्नको लागि जनसहभागिता भएन । यस्तो अवस्थामा जनताले समान अधिकार, प्रजातन्त्र, मानव अधिकार, स्वतन्त्रता, समानता र निर्णय प्रक्रियामा सहभागीता जनाउन वञ्चित भए । तत्कालीन अवस्थामा जनता बिनाको राजनीति उत्पादन बिनाको अर्थव्यवस्था र कार्यान्वयन बिनाको कार्यक्रमजस्तै भएकाले जनताहरूको लागि आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक र न्यायीक वातावरणको सृजना हुन नसक्दा महिला र पुरुषको समान सहभागीता एवं भूमिका भएन ।

द्वन्द्वको क्रममा विद्रोहीबाट शैक्षिक प्रतिष्ठान, विद्यालयमा आक्रमण र बन्द समेत गर्ने काम भएकोले गरीबका छोराछोरी सामान्य स्कुलमा नै सीमित हुन पुगे । सम्पन्न र केही खर्च गर्न सक्नेहरू सहर र सुरक्षित स्थानमा छोराछोरीहरूलाई पठाउन थाले । सर्वसुलभ तथा सबैका लागि समान गुणात्मक शिक्षाको व्यवस्था भएन । समाजमा व्याप्त जातीय, लैङ्गिक, लगायत सबै खालका भेदभाव हटाउने प्रयास हुन सकेन । जसले गर्दा समाजमा सबै वर्गबाट प्रतिनिधित्व हुन सकेन, सामाजिक,

---

74 रायमाझी, *पूर्ववत्.* पा.टि.नं. ३८ ।

मानवीय विकासका लागि उपयुक्त वातावरण सिर्जना हुन नसक्दा यसको प्रभावकारी कार्यान्वयन भएन ।[75]

मानवीय विकासमा सहभागी हुने वातावरण नहुँदा माओवादी र सुरक्षाकर्मीबीचको दोहोरो भिडन्तको क्रममा अर्घाखाँची खिदिम-३, साधनबुटाका माओवादी कार्यकर्ता चन्द्रबहादुर वि.क. को मकवानपुरको फापरबारीमा २०६२/१०/८ गते मृत्यु भयो । यसैगरी सिद्धारा, सिलिङखोलाका दिपक रानाको सोही गाविसको दोबाटामा भएको भिडन्तमा २०६१/८/१८ मा मृत्यु भयो । २०६१/१२/२५ गते रुकुमको खारामा भएको भिडन्तमा सिमलपानी-५ का वीरबहादुर वि.क., सिद्धारा-६, दोबाटाकी सिर्जना घर्ती र अर्घा-८, घर्तीखोरका वीरबहादुर कुँवरको मृत्यु भयो । यसैगरी २०६०/१२/७ गते म्याग्दी भिडन्तमा धारापानी-कटनजनीका खुमकुमार सुनार र सिमलपानी-५, पावराका लालबहादुर दर्लामीको मृत्यु भयो ।[76] यसैगरी सुरक्षाकर्मीतर्फ २०५६/११/७ गते रोल्पाको घर्तीगाउँ इप्रकामा भएको भिडन्तमा अर्घाखाँची ढाकाबाङका प्रज काशीराम खनालको मृत्यु भयो । २०५८/३/२२ गते गुल्मीको वामीटक्सार प्रहरी चौकीमा प्रज तेजबहादुर जिसी र प्रज लक्ष्मण पाण्डेको मृत्यु भयो । सोही दिन लम्मुङ जिल्लाको बिचौर प्रहरी चौकीमा कार्यरत प्रसनि चोपबहादुर पाण्डेको मृत्यु भयो । २०६०/१२/७ गते म्याग्दीको भिडन्तमा अर्घाखाँची डिबर्नाका प्रज रमेश श्रेष्ठको मृत्यु भयो ।[77]

## ५.११.२ सकारात्मक

जिल्लामा मानवीय विकासका प्राय कार्यक्रमहरू स्थगित जस्तै थिए । तत्कालीन अस्तव्यस्त स्थितिमा मानवीय विकासका नाममा विभिन्न तरिकाबाट आर्थिक घोटाला हुने सम्भावना थियो तर द्वन्द्वमा ती सम्पूर्ण कार्यक्रम बन्द भएकाले अनियमित रुपमा खर्च रोकियो । समाजको कुनै पनि क्षेत्रमा सृजनशिल कार्य नभएकोले, जनताहरूले कुनै भूमिका नपाएकोले तत्कालीन अवस्थामा फुर्सदको अनुभूति गरे । द्वन्द्वले समाजमा

75 भुसाल, *पूर्ववत्.* पा.टि.नं. ३ ।

76 जनक्रान्ति, *पूर्ववत्.* पा.टि.नं. १६, पृ. २९१ ।

77 प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरण अनुसार ।

विकराल स्थिति ल्याएकोले जनताहरू आफ्नो सुरक्षा, भविष्यलाई ख्याल गरी आर्थिक, राजनैतिक सामाजिक, सांस्कृतिक र न्यायीक क्षेत्रमा सजग भए । जनसहभागीताले हरेक क्षेत्र पारदर्शिता देखिने भएकोले सफल हुन सकिने सबैको अभिमत जाहेर हुने भएकोले प्रजातन्त्र, मानवअधिकार, स्वतन्त्रता, समानता, स्वामित्व निर्णय प्रक्रियामा जनताको सहभागीता वृद्धि भयो । साथसाथै यस अर्घाखाँची जिल्लामा राजनीतिक सहभागीता वृद्धि भयो । महिला, दलित, जनजाति लगायत उपेक्षित र सिमान्तकृत जातिहरू पनि राजनीतिमा सहभागीता जनाउन थाले ।

## ५.१२ महिला हक

माओवादीले सञ्चालन गरेको विद्रोहको क्रममा अति प्रभावित महिला वर्ग पनि हो । युद्धको क्रममा धेरै मानवीय क्षति भएकोले धेरै महिलाहरू विधवा हुनुपरेको थियो । धेरै आमाहरूले आफ्ना बालबच्चा गुमाउनु परेको थियो । ठाउँ-ठाउँमा सुरक्षाकर्मीले महिलालाई सामूहिक बलात्कार गरी हत्या गर्ने काम गरेकोले यस अर्घाखाँची जिल्लामा व्यक्तिगत असुरक्षा बढ्दै गएको थियो । गोखुङ्गा-३, पातालेकी बालकुमारी नेपालीलाई बजारबाट घरजाने क्रममा सुरक्षाकर्मी २०५९/५/२४ गोली हानी हत्या गऱ्यो । सन्धीखर्क भक्तिटोलकी सुनिता सापकोटाको पनि सुरक्षाकर्मीद्वारा हत्या गर्ने काम भयो । चिदि-९ कि ज्ञानु कुमालको पनि सुरक्षाकर्मीबाट हत्या भयो । सिमलपानीको सितादेवी ठेडीलाई २०६१-६-२७ गते सिद्धारा लौरीमा सुरक्षाकर्मीद्वारा बलात्कार गरी हत्या हुने काम भयो ।[78]

द्वन्द्वकै क्रममा श्रीमान् माओवादी भएकै कारणले धेरै महिलाहरू सुरक्षाकर्मीबाट पिटाई खानुपरेको र कसैकसैको हत्या समेत अर्घाखाँचीमा भएका छन् । अर्घाखाँची ढाकावाङ ६ की श्यामकला खनाल श्रीमान् माओवादी भएकै कारण गस्तीमा आएको सुरक्षाकर्मीको पिटाईबाट मानसिक अवस्था नै खलबलिएको छ । अर्घाखाँची असुरकोटकी सीता के.सी.लाई माओवादीको जानकारी नदिएकोले यातना दिने काम भयो । अर्घा ३ बाँधाखर्ककी राम कलि आचार्यलाई श्रीमान माओवादी भएकै कारण

78 जनक्रान्ति, *पूर्ववत्.* पा.टि.नं. १६, पृ. २८९ ।

२०६१/५/३१ गते सुरक्षाकर्मीबाट गोली हानी हत्या गर्ने काम भयो । यसरी राजनीतिमा सहभागी नभएका महिला समेत द्वन्द्वको क्रममा यातना र हत्या समेत हुने गर्दा निर्दोष महिलाहरूलाई न्याय भएन । द्वन्द्वको क्रममा श्रीमान्को मृत्यु हुँदा, विस्थापित हुँदा महिलाहरूलाई खान, बस्न, लाउन निकै समस्या पऱ्यो । श्रीमान् माओवादी भएकै कारण जिविका निर्वाहका लागि काम समेत पाउन गाह्रो भयो । सामाजिक सुरक्षाबाट समेत वञ्चित भए । विद्रोहीले प्राय खाना खानको लागि सर्वसाधारणको घरमा आश्रय लिने हुँदा प्राय महिलाहरू कमजोर, बिरामी अवस्थामा रहेर पनि विद्रोहीलाई खाना खुवाउनु पर्ने बाध्यता महिलाहरूलाई थियो । श्रीमान गएको देश अनुसार चन्दा दिनुपर्दा महिलाहरू धेरै समस्यामा परेका थिए । अर्कातर्फ साना बच्चाहरूलाई माओवादीले फकाएर आफूसँगै लाने गरेकोले महिलाहरू आफ्ना बालबालिकाहरू सुरक्षित नभएकोले समस्यामा परेका थिए ।[79]

महिलामाथि हुने अन्याय पराकाष्ठामा पुगेपछि महिलाहरू सचेत हुँदै जुरमुराउन थाले । द्वन्द्वको मूल कारण के हो ? द्वन्द्वबाट निकास कसरी पाउन सकिन्छ भन्ने बहसहरूमा समेत महिलाहरू सहभागी हुने क्रमसँगै राजनैतिक सचेतना बढ्दै गयो । उनीहरू आफ्नो हक अधिकार प्राप्तिको लागि सुसुचित हुन थाले । जसले गर्दा महिलाहरू आत्मनिर्भर तर्फ उन्मुख हुन अग्रसर गरायो । यस जिल्लामा पहिले पुरुषले मात्र गर्दै आएका काममा महिलाको सहभागीता हुन थाल्यो । ढाकावाङ, धारापानी, अर्घा, बाँगी लगायतका गाविसमा महिलाहरूले हलो जोत्ने काम गर्न थाले ।[80]

बिस्तारै यस अर्घाखाँची जिल्लामा राजनैतिक कार्यकर्ताको रुपमा महिलाहरूको सहभागीता देखिन थाल्यो । राजनैतिक विचारका कारण निडर आँटिलोपन आउन लाग्यो । राजनीतिमा महिलाहरू खुलेर लाग्न थाले । महिलाहरू आफ्नो घर परिवारमा मात्र सीमित रहेनन् । समाजमा पनि महिलाहरूले उल्लेखनीय भूमिका निर्वाह गर्नु पर्ने सामाजिक भावनाको विकास भयो । समाजमा पूरानो सामाजिक सांस्कृतिक रुढिवादी परम्परालाई अविश्वास गरी पुरुषको भूमिका जति छ । महिलाको भूमिका पनि बराबर

---

79 अखिल नेपाल महिला संघ केन्द्रीय सदस्य पवित्रा पौडेलसँग २०६६/६/१४ गते प्राप्त जानकारीअनुसार ।

80 अखिल नेपाल महिला संघ केन्द्रीय सदस्य सकुन्तला रानासँग २०६६/६/१५ गते प्राप्त जानकारीअनुसार ।

त्यत्ति नै छ भन्ने कुरा समाजमा जानकारी हुँदै गयो जसले गर्दा महिलाहरूलाई हेर्ने परम्परागत सोचाइमा परिवर्तन हुँदै गयो । महिलाहरू पुरुष सरह बराबर भएको अनुभुति गर्न थाले ।[81]

81 *ऐजन ।*

# उपसंहार

मार्क्सवाद श्रमिक, गरिब, किसान, असहाय, निमुखाको राज्य ल्याउने राजनीतिक दर्शन हो । संसारमै पाँच प्रतिशत श्रम नगर्ने वर्ग ९५ प्रतिशत गरीखाने माथि शासन गर्न सफल छ । यी पाँच प्रतिशतले बाँकी ९५ प्रतिशतलाई जाति धर्म, संस्कृति आदिका नाममा आपसमा जुधाउन सफल छ । ९५ प्रतिशत गरी खाने वर्ग एक भएका दिन पाँच प्रतिशत ठगी खानेको भागाभाग हुन्छ । कार्ल मार्क्सले प्रतिपादन गरेको सिद्धान्त यही हो जसलाई मार्क्सवाद भनिन्छ । ६२ वर्षे नेपाली कम्युनिस्ट आन्दोलनलाई हेर्ने हो भने यो आफैंमा मार्क्सवादी दर्शनविरुद्ध छ । नेपालमा अहिले कति कम्युनिस्ट पार्टी छन् ? त्यसको हिसाब किताब माथि कार्लमार्क्सले राखेका भए कुन्नि, नत्र यो काम अरुलाई असम्भव छ । आफूलाई गरीखाने वर्गको पार्टी भन्न रुचाउने नेपाली कम्युनिस्टहरू आफैं नाङ्ले पसलजस्तै छरिएर रहेका छन् । आफैं दशौं चिरामा विभाजित नेपालका कम्युनिस्टले श्रमिक वर्गको पक्षमा के गरौंला भन्ने सपना देखे होलान् ?

लेनिन जयन्तीको अवसरमा २००६ सालमा पुष्पलाल श्रेष्ठ, निरञ्जनगोविन्द वैद्य, नारायणविलाश जोशी र नरबहादुर कर्मचार्यद्वारा कलकत्तामा स्थापित नेपाल कम्युनिस्ट पार्टीले ६२ वर्षमा झन्डै ६२ नै पटक फुट बेहोरिसकेको छ । एनेकपा माओवादी अहिले सबैभन्दा ठूलो र प्रभावशाली पार्टी हो । चौथो महाधिवेशन २०३१ हुँदै अनेकपल्ट फुटेका अधिकांश पार्टी अहिले माओवादीमा गाभिएका छन् । त्यसमा मोहन विक्रम सिंहको मसाल मात्र अलग छ । मसालमा रही पहिलेदेखि गोप्य रुपमा नेकपा माओवादीसँग साठगाँठ गरेका अर्घाखाँचीका डिलाराम आचार्य सहित उनको समूह समेत माओवादीमा छिरेको छ ।

वि.सं. २००० को सेरोफेरोतिर केही पाल्पाली नौजवानहरू मार्क्सवादी दर्शनतर्फ आकर्षित र तिनै नौजवान मध्येका चिनिया लाल, हिक्मत सिंह, गौरी शंकर लगायत सबै व्यक्ति नेकपा स्थापना पश्चात कम्युनिस्ट पार्टीमा सहभागी भएका थिए । कमलराज रेग्मी,

केसरजङ्ग रायमाझी, चिन्तामणि पोखरेल, एकदेव ज्ञवाली आदिले पाल्पा कम्युनिस्ट पार्टीलाई नेतृत्व दिएको पाइन्छ ।

२००७ सालमा पाल्पाबाट गुल्मी अलग भएपछि गुल्मी क्षेत्रका बासिन्दा एकदेव ज्ञवाली, चिन्तामणि पोखरेलले गुल्मी क्षेत्रको कम्युनिस्ट आन्दोलनलाई नेतृत्व प्रदान गरेको पाइन्छ । २००८ सालमा कम्युनिस्ट पार्टीमाथि लागेको प्रतिबन्धले यस क्षेत्रमा २०१६ साल सम्म कम्युनिस्ट पार्टीको संगठन बिस्तार भएको पाईंदैन । २०१५ सालको चुनावमा नेपाली कांग्रेसका नेता खुबीराम आचार्य नेकपामा सहभागी भएका थिए । राजनैतिक, सैद्धान्तिक, वैचारीक मतभेदको कारणले नभै नेपाली कांग्रेसबाट २०१५ सालको चुनावमा उम्मेदवारीको टिकट नपाएकै कारण उनी कम्युनिस्ट भएको पाइन्छ । उनको सहभागी पश्चात गठन भएको जिल्ला कमिटिमा एकदेव ज्ञवाली र चिन्तामणि पोखरेलबाहेक अन्य व्यक्तिहरू सबै अर्घाखाँची क्षेत्रकै थिए । २०१८ सालमा गुल्मीबाट अर्घाखाँची अलग भएपछि २०२१ सालसम्म एउटै समितिबाट गुल्मी अर्घाखाँचीको कम्युनिस्ट पार्टी चलेको पाइन्छ ।

२०२१ साल पश्चात् गुल्मी, अर्घाखाँचीको अलग-अलग एरिया कमिटि बनेका थिए । गुल्मी क्षेत्रमा नेकपाको संगठनलाई निर्माण विस्तार गर्न एकदेव ज्ञवाली, चिन्तामणि पोखरेल र चिन्तामणिका भाइ केसरमणि पोखरेलको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । अर्घाखाँची जिल्लामा खुवीराम आचार्यको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

२०१९ सालदेखि नेकपाको केन्द्रिय समितिमा विवाद हुँदै आएको भएपनि अर्घाखाँचीको कम्युनिस्ट पार्टीको संगठनमा कुनै विवाद थिएन । २०२३ सालमा नेकपाको अर्घाखाँची जिल्ला कमिटि पुनर्गठन भई नवयुवाहरूको समावेशले कम्युनिष्ट पार्टीमा उत्साह थपेको पाइन्छ । केही नव युवाहरूमा २०१५ सालमा नेकपाको केन्द्रिय समितिमा निर्वाचित प्यूठानी नेता मोहन विक्रम सिंहबाट प्रभावित भएको पाइन्छ । २०२५ सालमा प्रवासमा पुष्पलाल श्रेष्ठले गरेको सम्मेलनमा र अर्घाखाँचीका केही नेता कार्यकर्ता उनको समूहमा सहभागी भएका र यस समयमा मोहन विक्रम सिंह जेलमा रहेका उनको रिहाइ

पश्चात् उनीबाट आउने विचारको प्रतिक्षामा मोहन विक्रमबाट प्रभावित केही नेता कार्यकर्ता रहेकाले अर्घाखाँचीको कम्युनिस्ट संगठन विभाजन भई एउटा पक्ष पुष्पलाल समूह र अर्को मोहनविक्रम समूह भएको पाइन्छ ।

अर्घाखाँचीको कम्युनिस्ट पार्टीमा भएको विभाजन पश्चात कम्युनिस्ट पार्टीका नेता कार्यकर्तामा मार्क्सवादलाई सही तरिकाले बुझेको पाईंदैन । तत्कालीन अवस्थामा पुष्पलाल समूहका कार्यकर्ताबाट गाउँमा दुइचार पाथी मकै, धान र अन्य अन्न बेचेर पैसा आर्जन गरेका व्यक्तिलाई समेत सामन्ती र शोषकको आरोप लगाई अघोषित रुपमा जिल्लाका सर्वसाधारणलाई समेत कारबाही गरेको पाइन्छ । बर्रे घटना त्यसैको एउटा उदाहरण हो । यस घटनामा सहभागी व्यक्तिहरुको लामो समयको जेल जीवनले संगठन कमजोर भएको अवस्थामा झापा काण्ड घटाउने कोर्डिनेसन कम्युनिस्ट केन्द्र मार्क्सवादी लेनिनवादी बनेपछि अर्घाखाँचीमा जिल्लामा केन्द्रिय नेता मोदनाथ प्रश्रितको सक्रियतामा जिल्ला स्तरीय नेता गुणनीधि भुसालको अगुवाइमा माले गठन भएको पाइन्छ । अर्घाखाँची जिल्लामा मालेको गठन पश्चात् केन्द्रमा माले जनमत संग्रहको बहिष्कार गरेपनि अर्घाखाँचीको पार्टीले उपयोग गऱ्यो । २०४३ पछिका पञ्चायती चुनावमा जनपक्षीय उम्मेदवारको रुपमा मालेले आफ्ना केही नेता कार्यकर्तालाई पञ्चायती चुनावी मैदानमा उतारेको पाइन्छ । २०४६ सालको बहुदलीय व्यवस्थाको पुनस्थापनापछि २०४८ सालमा मार्क्सवादी र माले बिचको एकीकरण पश्चातको एमालेले बहुदलीय जनवादलाई पथप्रदर्शक सिद्धान्त ठहर गरी २०४७ को संविधानका २७ बुँदाको बारेमा आलोचनात्मक समर्थन गरी संसदीय राजनीतिमा सहभागी भयो । राष्ट्रियताको नारालाई देशव्यापी उजागर गरी संगठन विस्तारको लागि भऱ्याङ बनायो । अर्घाखाँची जिल्लामा पनि यस पार्टीले टनकपुर सन्धी, सुस्ता, कालापानी आदिलाई मुद्दा बनाई जिल्लाका गाउँ-गाउँमा कार्यक्रम गरेको पाइन्छ । यस पार्टीले लिएको राष्ट्रियताको मुद्दा सत्तामा पुग्ने भऱ्याङ मात्र थियो । किनकि २०५६ सालमा महाकाली सन्धी पारित गर्न यही पार्टीको महत्वपूर्ण भूमिका थियो ।

महाकाली सन्धीको मुद्दालाई विषय बनाई यस पार्टीमा विभाजन भयो । अर्घाखाँचीको एमाले पार्टी विभाजित भई माले र एमाले दुई संगठन स्थापित भएपनि दुई बीचको फुट, महाकाली सन्धी देखाउने मुद्दा मात्र थियो । मुख्य कुरा पद र प्रतिष्ठा नै थियो । यस विभाजनले अर्घाखाँचीका माले, एमालेका केही कार्यकर्ता शसस्त्र विद्रोह गरेको, माओवादीमा गएको पाइन्छ । माले, एमालेको एकताले पनि पार्टीमा उत्साह थपेको पाईंदैन । यस पार्टीमा झन ठूलो गुटबन्दीको विकास भएको पाइन्छ । अर्घाखाँचीका पूर्व पार्टी सचिव जि.वि.स. सभापति पिताम्बर भुसाललाई जिल्ला अधिवेशनमा जि.क.सदस्यबाट हराउने क्रममा पार्टीमा सृजना भएको गुटबन्दी नै प्रमुख कारण थियो ।

२०४७ को संविधानमा भएका केही  बुँदामा असहमती जायर गरेको बहुदलीय जनवादी लाइनमा लागेको एमाले राजा ज्ञानेन्द्रले पुनर्बहाली गरेको सरकारमा सहभागी हुँदा पनि बहुदलीय जनवादको प्रयोगको रुपमा लिएको जस्ता भनाइले केही अर्घाखाँचीका इमान्दार एमाले कार्यकर्तालाई निराशा बनाएको थियो । यस पार्टीको स्पष्ट नीति, भनाइ र गराइमा एकरुपता नहुँदा २०६२-६३ को आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेपनि अर्घाखाँची जिल्लामा यस पार्टीको संगठनमा ठूलो गिरावट आएको पाइन्छ ।

अर्कोतर्फ २०२५ साल पश्चात् पुष्पलाल समूहमा समाहित नभएका मोहन विक्रम सिंहबाट प्रभावित कार्यकर्ता उनको रिहाइ पश्चात् २०२८ सालमा मोहन विक्रम सिंह र मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको न्यूक्लियसमा समाहित भई सक्रिय रहन थाले । न्यूक्लियसको विघटनले अर्घाखाँचीका कार्यकर्तामा कुनै प्रभाव परेको देखिंदैन । २०३१ सालमा मोहन विक्रम सिंहको सक्रियतामा गठन भएको नेकपा चौममा अर्घाखाँचीका न्यूक्लियसका कार्यकर्ता समावेश भएको पाइन्छ ।

चौमको स्थापना पश्चात अर्घाखाँचीमा यस पार्टीले फटाहा विरोधी, चुनाव बहिष्कारको  आन्दोलनलाई सक्रिय रुपमा अगाडी बढाएको पाइन्छ । २०४० सालमा यस पार्टीको केन्द्रमा विभाजन भएपनि जिल्लामा कुनै असर परेको देखिंदैन । विभाजन पश्चात यस पार्टीको नाम नेकपा (मसाल) रहन गएको र यस मसाल पनि एक वर्ष नपुग्दै

विभाजन हुँदा मोटो मशाल र पातलो मसालमा विभाजित भएका थिए । अर्घाखाँची जिल्लामा पातलो मसालमा बहुसंख्यक कार्यकर्ता समावेश भएका थिए । पञ्चायतको विरुद्धमा विभिन्न आन्दोलनको मोर्चामा सहभागी हुँदै २०४६ सालको बहुदलीय व्यवस्थाको घोषणालाई धोकाको संज्ञा दिंदै त्यसको बारेमा सचेतना अभियान चलाएको थियो । २०४७ सालको चैत्रमा तत्कालीन अवस्थामा हुन गइरहेको चुनावमा भाग लिने कि नलिने विवादका कारण यस पार्टीमा विभाजन भएको थियो । यस विभाजनले अर्घाखाँचीको मसालको संगठनलाई ठूलो धक्का लागेको थियो । यस विभाजनका कारण यस पार्टीका कार्यकर्ताहरू दुई खेमामा विभाजित भई केही कार्यकर्ताहरू एमालेमा प्रवेश गरे जसले गर्दा मसालको संगठन कमजोर हुँदै गयो । बहुदलीय व्यवस्था पश्चात यस पार्टीको कुनै निश्चित अडान नभएकोले पार्टीका कार्यकर्ता निरुत्साहित र कतिपय पलायन समेत भएको पाइन्छ । चुनावलाई कहिले बहिष्कार र कहिले उपयोग गरेको, चुनाव बहिष्कार र कहिले उपयोग दुवैमा यस पार्टीले पूर्ण सफलता हासिल गर्न सकेन । २०५६ को संसदीय निर्वाचनमा एमाले संगको तालमेलबाट क्षेत्र नं. १ बाट डिलाराम आचार्य झिनो मतले विजय भएकोले पनि उनको व्यक्तित्व त्यही चुनावबाट अर्घाखाँचीबासीले देखाइ दिएका थिए ।

२०५६ पश्चात् यस पार्टीले गरेका विभिन्न आन्दोलनहरूमध्ये माओवादीको गलत क्रियाकलापको भण्डाफोर अभियानले अर्घाखाँची जिल्लावासीमा प्रभाव छाड्न सफल भएको थियो । अन्य पार्टीका नेता कार्यकर्ताहरू विस्थापित भएको अवस्थामा यस पार्टीबाट भएका कार्यक्रमले अन्य पार्टीलाई समेत उत्साह थपेको थियो । अर्घाखाँचीको सदरमुकाम सन्धीखर्कको पश्चिमी क्षेत्र यस पार्टीका कार्यकर्ताहरूको बाहुल्यता भएको क्षेत्र हो । यस क्षेत्रमा माओवादी द्वन्द्वको क्रममा माओवादीले गल्ती स्वीकार गरेका विष्णु प्रदिप बाहेक अरु कुनै व्यक्तिको मृत्यु भएन । जसको जस अन्य पार्टीले पनि यही नेकपा मसाल अर्घाखाँचीलाई दिएको पाइन्छ । राष्ट्रिय राजनीतिमा यस पार्टीको प्रभाव त्यति नदेखिए पनि अर्घाखाँचीको प्रतिगमन विरोधी आन्दोलनमा महत्वपूर्ण भूमिका निभाएको थियो ।

प्रतिगमन आधा सच्चियो भनि एमाले सत्तामा गएको बेला त्यसको भण्डाफोर गर्दै यस जिल्लामा आन्दोलन गरेको पाइन्छ । ६२-६३ सालको आन्दोलनमा यस पार्टीका दर्जनौं कार्यकर्ता घाइते भएकोले पनि त्यस आन्दोलनमा नेकपा मसालको अर्घाखाँचीको महत्वपूर्ण भूमिका देखिन्छ ।

२०४१ सालमा विभाजित मोटो मसालबाट माओवादी पार्टीको यस जिल्लामा संगठन सुरु भएको पाइन्छ । २०४६ सालको बहुदलीय व्यवस्थाको स्थापना सम्म पनि यो पार्टी दुईचार जनाको समितिमै सिमित भएको पाइन्छ । २०४७ चैत्रमा पातलो मसालबाट डा.बाबुराम भट्टराई विद्रोहको क्रममा यस जिल्लाका टोप बहादुर रायमाझी, राम प्रसाद बञ्जाडे (टंकमणि), राजु नेपालीले पनि यसै विद्रोही पार्टीमा समाहित भएका थिए । यो समूह २०४८ मा गठन भएको एकता केन्द्रमा सामेल भएको थियो । एकता केन्द्रको विभाजन पश्चात पुरानो मोटो मशाल समूह र विद्रोही मसाल समूह एकै मोर्चामा सामेल भई पार्टीको नाम नेकपा माओवादी राखे पश्चात् अर्घाखाँचीको एकता केन्द्रको समिति माओवादीमा परिणत भई जिल्लामा माओवादीका कार्यक्रम सञ्चालन भएको देखिन्छ ।

२०५२ साल फागुनमा माओवादी केन्द्रले युद्धको घोषणा गरि देशका दुई चार ठाउँका सुरक्षा परिसरमा आक्रमण गरेका थिए । नेकपा माओवादी अर्घाखाँचीका केही नेता कार्यकर्ता जनयुद्धमा सामेल नभै केही स्वतन्त्र जीवन तथा अन्य केही पार्टीमा प्रवेश गरी सुरक्षित हुन खोजेको देखिन्छ । अर्घाखाँचीमा यस पार्टीका कार्यकर्ताको चरित्र पार्टी सक्रिय हुँदा पार्टीको आडमा अनेक व्यक्तिगत जीवनमा फाइदा हुने काम लिने पार्टी अप्ठयारोमा पर्दा निष्क्रिय र कुनै-कुनै पलायन भएको पाइन्छ ।

२०५२ देखि २०५५ सम्म यस पार्टीले जिल्लामा केही ठाउँमा खुला रुपमा कार्यक्रम गर्दै आएको थियो । अन्य जिल्लाको गतिविधिलाई ध्यानमा दिई अर्घाखाँची जिल्लामा पनि यस पार्टीका कार्यकर्तालाई प्रशासनबाट धरपकड गर्न थालेको पाइन्छ । जसको कारण केही कार्यकर्ता भूमिगत भएपनि २०५८ सालमा अर्घाखाँचीको संगठन बिस्तार अन्य गतिविधिका लागि रोल्पा, रुकुम, सल्यानबाट १०० जनाको टोली अर्घाखाँची

आई विभिन्न गतिविधिमा संलग्न भएको पाइन्छ । अर्घाखाँचीका ४२ गाविसका गाउँ जनसरकार प्रमुखमा यिनै व्यक्तिहरूको उपस्थिति देखिन्थ्यो । यसरी बाहिरबाट आएका व्यक्तिहरूको निर्देशनमा माओवादीका गतिविधिहरू हुँदा कहिलेकाहीं निर्दोष व्यक्ति पनि यिनीहरूको कारवाही भित्र परेको पाइन्छ । सानो गल्तीका कारण पनि ठूलो कारवाही भोग्नु परेको थियो । अर्घाखाँची सदरमुकाम आक्रमण पश्चात् यस जिल्लामा माओवादीको गतिविधि व्यापक भएको पाइन्छ । अर्घाखाँची जिल्लामा विद्रोहको प्रभाव पर्ने क्रममा उसका विचारसँग असहमत राख्ने पार्टी नेता केही कार्यकर्ताहरू सम्पत्ति जफत, विस्थापित, ज्यानसमेत लिने गतिविधि माओवादीबाट भएको थियो । जिल्लामा अनुसन्धानका आधारमा भन्दा झण्डै चारसय जना माओवादी र सुरक्षाकर्मीको मृत्यु भएको घटना भन्दापनि हत्याको क्रुरतम प्रकृति हेर्दा भयानक, संवेदनशील देखिन्छ । टाउकामा घनले हिर्काइ खप्पर फुटाउने, हात खुट्टा रुखमा बाँधी काठ चिर्ने आराले मानिसको टाउको चिर्ने, खुकुरीले हात खुट्टा टुक्रयाई दिनेजस्ता घटना माओवादीबाट घटेको पाइन्छ । सुरक्षाकर्मीले निर्दोष व्यक्तिलाई जबरजस्ती माओवादी बनाई गोली हानी हत्या गर्ने हतियाविहीन माओवादीलाई करेन्ट लगाउने, कठोर यातना दिई हत्या गर्ने जस्ता कार्य गरेको पाइन्छ ।

एउटा कम्युनिस्ट पार्टीद्धारा मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्डपथलाई मार्गदर्शक सिद्धान्त अपनाई हिंसात्मक राजनीतिबाट देशलाई मुक्त गर्ने, समाज रुपान्तरण गर्ने उद्देश्यबाट थालिएको विद्रोहले झण्डै दश वर्षमा १६ हजार जनताले आफ्नो जीवन बलिदान गरे । यसमध्ये झण्डै चारसय जनाको अर्घाखाँची जिल्लामा मात्र मृत्यु भयो ।

जिल्लामा माओवादी र सुरक्षाकर्मीबाट घटाइएका घटनाको प्रकृति हेर्दा जिल्लाबासीहरु द्धन्दको कारण निकै निराश भएका थिए । युद्धको क्रममा दुवै पक्षमा मावनता, संवेदनशीलताको अभाव भएको जिल्लाबासीको भनाइ पाइन्छ । यस समयमा घटनाहरु घट्दा उनीहरुले देख्ने गरेका बारुदका पोकाहरू, रक्ताम्य लासहरू, रगतका फास्ला झुण्डिएका घाइते शरीरहरू र क्षत-विक्षत शरीर हेर्दै छटपटाइरहेका आफन्तहरू,

आँसुले लछ्रप्प भिजेको अनुहारले हेर्दै आफ्नो श्रीमान्को मृत शरीर सुमसुमाई रहेका, हात फ्याँक्दै, छाती पिटदै रोइरहेका आला विधवाहरू देख्दा, ओठ, हात, खुट्टा थरथराइरहेका, एउटा हातले कट्टु तान्दै, अर्को हातले गन्जीको फेरमा सिंगान पुछ्दै बाबुआमाको चोक्टिएको शरीर हेरिरहेका बालकहरू, जताततै मानिसको रगत झिंगाले चाटीरहेको दृश्य आदिले अर्घाखाँचीबासीमा द्वन्द्वको असर कस्तो परेको होला थाहा पाउन सकिन्छ ।

यस जिल्लामा निर्दोष मानिसहरू माओवादीको नाममा भटाभट मरिरहेका थिए । कति साँढेको जुधाई बाछाको मिँचाई जस्तो भएर मरेका थिए । अपाङ्ग, अशक्त हुने, उपचार नपाएर छटपटाउँदै निक्कै दिनसम्म पीडा खपेर मर्नेहरुको संख्या पनि कम छैन । माओवादीबाट हतियारविहीन, बिनाबर्दीका सुरक्षाकर्मीहरुलाई अमानवीय तरिकाबाट मारिएका घटनाहरु र यी बाहेक विस्थापित भई शरणार्थी बनेका मानिसहरू पनि धेरै छन् । माओवादी दबावका कारण जागिरबाट विस्थापित सुरक्षाकर्मी र सरकारी कर्मचारीहरु, सम्पत्ति लुटिएका, कब्जा गरीएका व्यक्ति पनि छन् । ती व्यक्तिलाई भेट्दा उनीहरूको कुरा सुन्दा साँच्चै नै अर्घाखाँची जिल्ला जनयुद्धको समयमा एउटा रणभूमिजस्तो भएको अर्घाखाँचीबासीको भनाई रहेको पाइन्छ ।

यसरी १२ बुँदे सहमतिबाट शान्ति प्रक्रिया सुरु भयो । केही जनता देशमा स्थायी शान्ति नहुँदा, हत्या, अपहरण, हिंसाले बढावा पाइरहँदा माओवाद, प्रचण्डपथको नाममा भएको विद्रोहले सामाजिक रुपान्तरण गर्न नसकी विदेशीको मध्यस्थतामा आएको शान्ति कतै सम्झौता र षड्यन्त्रको प्रतिफलको रुपमा आएको त हैन भनी शंका गर्ने वातावरण सिर्जना भईसकेको छ ।

***

# सन्दर्भसूची

## अन्तर्वार्ता


आचार्य, खुबीराम-संस्थापक, नेकपा अर्घाखाँची - २०६६/६/१८ ।

के.सी., सागर-अध्यक्ष, रा.ज.मो. अर्घाखाँची जि.क.- २०६६/७/१३ ।

खडका, चन्द्रबहादुर-इन्चार्ज, नेकपा माओवादी अर्घाखाँची - विभिन्न मितिमा ।

खनाल, डिल्ली-स्थानीयवासी, ढाकाबाङ-६, अर्घाखाँची - २०६६/१०/५ ।

चौहान, रामबहादुर-पूर्वअध्यक्ष, अनेरास्ववियू - २०६६/७/२२ ।

थापा, झविलाल-अध्यक्ष, राजमो अर्घाखाँची - २०६६/५/२३ ।

नेपाली, कुलबहादुर-पूर्वअध्यक्ष, अनेरास्ववियु अर्घाखाँची - २०६६/७/२३ ।

नेपाल, ठाकुर-सचिव, नेकपा माओवादी अर्घाखाँची - २०६६/५/२७ ।

नेपाली, राजु-सल्लाहकार, नेकपा माओवादी - २०६६/५/२७ ।

नेपाली, सन्तबहादुर-सभासद, रा.ज.मो. अर्घाखाँची - २०६६/५/२२ ।

पाण्डे, पदम-स्थानीय समाजसेवी, अर्घातोष गाविस - विभिन्न मितिमा ।

पाण्डे, भक्ति-सहभागी, किसान र्‍याली २०३०, एनेकपा माओवादी केन्द्रिय सदस्य - २०६६/६/२८ ।

पाण्डे, हुमलाल-तत्कालीन गा.ज.स. प्रमुख असुरकोट गाविस - २०६६/६/८ ।

पौडेल, पवित्रा-केन्द्रिय सदस्य, अ.ने.म. संघ - २०६६/७/२२ ।

बञ्जाडे, कविराज-शिक्षक, जनप्रिय मा.वि. असुरकोट - विभिन्न मितिमा ।

बञ्जाडे, खिमानन्द-अधिवक्ता तथा मानवअधिकारबादी कार्यकर्ता २०६६/७/२७ ।

बि.सी., शेरबहादुर बि.सी.-केन्द्रीय प्रतिनिधि, राजमो - २०६६/५/२३ ।

बेल्वासे, कमला-विस्थापित प्रहरी जवानकी आमा - विभिन्न मितिमा ।

बेल्वासे, खिमानन्द-विस्थापित प्रहरी जवानका बुबा - २०६६/१२/५ ।

बेल्वासे, तारा-पूर्वउपाध्यक्ष, असुरकोट गाविस - २०६६/६/२५ ।

बेल्वासे, प्रेम-पूर्वअध्यक्ष, खिल्जी गाविस - विभिन्न मितिमा ।

बेल्वासे, हिमलाल-पूर्वशिक्षक, जनप्रिय मा.वि. असुरकोट, खिल्जी - २०६६/७/१५ ।

भुसाल, कमल-सभापति, ने.का. अर्घाखाँची - २०६६/१०/५ ।

भुसाल, कुलदिप-पूर्वअध्यक्ष, सन्धीखर्क गाविस - २०६६/६/२३ ।

भुसाल, गिरीप्रसाद-प्रत्यक्षदर्शी, अर्घाखाँची सन्धीखर्क भिडन्त, सन्धीखर्क निवासी २०६६/६/८ ।

भुसाल, पिताम्बर- पूर्वसभापति, अर्घाखाँची जि.वि.स. - २०६६/७/१० ।

भुसाल, वेदुराम-सहभागी बर्रे घटना, नेकपा एमाले केन्द्रिय स्कुल विभाग प्रमुख २०६६/६/२६ ।

राना, सकुन्तला-केन्द्रीय सदस्य, अ.ने.म संघ - २०६६/७/२३ ।

रेग्मी, कमलराज-सांसद २०१५ साल पाल्पा क्षेत्र नं. ९४ - विभिन्न मितिमा ।

रायमाझी, बुद्धिबहादर-सहभागी बर्रे घटना, नेकपा एमाले अर्घाखाँची जि.क. सदस्य - विभिन्न मितिमा ।

रेग्मी, भैरव-सदस्य, संयुक्त राष्ट्रिय जनआन्दोलन-२०४६ - २०६७/५/२२ ।

वि.क., कविराज-आरन व्यावसायी, असुरकोट गाविस - २०६७/१/९ ।

सिंह, मोहनविक्रम-महामन्त्री, नेकपा मसाल - विभिन्न मितिमा ।

सिंह, झलक-पोलिटब्युरो सदस्य, नेकपा मसाल - विभिन्न मितिमा ।

## नेपाली पुस्तकहरू

के.सी. सुरेन्द्र, *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (भाग १), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५९ ।

के.सी. सुरेन्द्र, *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (भाग २), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६० ।

के.सी. सुरेन्द्र, *नेपालमा कम्युकनिष्ट आन्दोलनको विगत र वर्तमान,* काठमाडौं : पैरवी प्रकाशन, वि.सं. २०६४ ।

पंगेनी भवेश्वर*, पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन वि.सं. २००७,* श्रीमती निमा पंगेनी, मदन पोखरा पाल्पा, वि.सं. २०४९ ।

भट्टराई, बाबुराम*, नेपाली क्रान्तिका आधारहरू,* काठमाडौं : जनध्वनि प्रकाशन, वि.सं. २०६३ ।

मानन्धर, त्रिरत्न र शर्मा निरञ्जन, *आधुनिक नेपालको राजनैतिक इतिहास* काठमाडौं नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३ ।

देवकोटा, ग्रीष्म बहादुर, *नेपालको राजनैतिक दर्पण* (भाग १) काठमाडौं : केशवचन्द्र गौतम, वि.सं. २०१६ ।

देवकोटा, ग्रीष्म बहादुर *नेपालको राजनैतिक दर्पण,* (दोस्रो भाग) काठमाडौं : अर्जुन बहादुर देवकोटा, वि.सं. २०३३ ।

गौतम भाश्कर, बस्नेत मानन्धर, पूर्ण चिरन, *माओवादी विद्रोह सशस्त्र संघर्षको अवधि* काठमाडौं : मार्टीन चौतारी, २७ जित जङ्ग शाही, वि.सं. २०६३ ।

*प्रचण्डका छानिएका सैन्य रचनाहरू,* जनदिसा प्रकाशन नेपाल, वि.सं. २०६३ ।

*मदनभण्डारीका संकलित रचनाहरू* (भाग १, दोस्रो संकरण), काठमाडौं : फूलचोकी इन्टरप्राइजेज, वि.सं. २०६२ ।

तामाङ, श्यामकुमार *जनमुक्ति सेना एउटा नलेखिएको इतिहास,* काठमाडौं : एकता प्रकाशन, पहिलो संस्करण वि.सं. २०५६ ।

*संसदमा मदनभण्डारी,* मदन आश्रित स्मृति प्रतिष्ठान, वि.सं. २०५६ ।

श्रेष्ठ, टेक बहादुर, *पर्वत राज्यको ऐतिहासिक रुपरेखा,* नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं २०५९ ।

पंगेनी, भवेश्वर, *पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७* शोभादेवी भोजनालय ट्रष्ट, तौलिहवा-३, कपिलवस्तु विं.सं २०५३ ।

बाँनिया क्षेत्री कर्णबहादुर, *पाल्पा राज्यको . इतिहास* काठमाडौ : फूलचोकी पब्लिकेशन डिष्ट्रिब्युशन प्रा.ली २०६३

आदी काशीनाथ, *भएका कुरा* काठमाडौ : नरेन्द्रमणि आचार्य दीक्षित, वि.सं. २०३१ ।

वैद्य, तुलसीराम र मानन्धर त्रिरत्न, *नेपालको प्रशासनिक इतिहास* काठमाडौ : नेपाल र एसियाली अनुसन्धान केन्द, वि.सं. २०५३ ।

पुन, नन्दकिशोर 'पासाङ', *इतिहासका रक्तिम पाइला,* काठमाडौं : ऐरावती प्रकाशन, वि.सं. २०६३ ।

सिंह, मोहन विक्रम, *चार दशक (दोस्रो खण्ड),* राजनैतिक आलोचना, गोरखपुर : जन साहित्य प्रकाशन, विमला शर्मा सन् २००० ।

सिंह, मोहन विक्रम, *संगठनात्मक अवसरवाद सम्बन्धी लेनिनवादी दृष्टिकोण,* काठमाडौं : जनध्वनि प्रकाशन, वि.सं. २०४७ ।

सिंह, मोहन विक्रम*, विश्व कम्यूनिष्ट आन्दोलनको इतिहास,* काठमाडौं : प्रगति पुस्तक सदन वि.सं. २०४७ ।

## प्रकाशित दस्तावेजहरू

*रातो तरबार* (दस्तावेज विशेषाङ्क), नेकपा (मसाल), केन्द्रिय कार्यालय वि.सं. २०५९ ।

के.सी. सुरेन्द्र, *ऐतिहासिक दस्तावेज संग्रह* (माले खण्ड) (भाग दुई), पैरवी प्रकाशन वि.सं. २०६३ ।

*नेकपा माओवादीका ऐतिहासिक दस्तावेजहरू,* प्रगतिशील अध्ययन केन्द्र, तेस्रो संस्करण वि.सं. २०६४ ।

## प्रकाशित पत्रपत्रिकाहरू

*हाँक* साप्ताहिक, वर्ष १६, अंक ३०, वि.सं. २०५६ भाद्र १६ ।

*अन्तराष्ट्रिय मञ्च,* मासिक वि.सं. २०६४ भाद्र ।

*समय* पाक्षिक, वि.सं. २०६३ कार्तिक १६ ।

*कान्तिपुर* दैनिक, वि.सं. २०५९ भाद्र २६ ।

*गोरखापत्र* दैनिक, वि.सं. २०५९ भाद्र २५ ।

*गोरखापत्र* दैनिक, वि.सं. २०६१ कार्तिक १ ।

*गोरखापत्र* दैनिक, वि.सं. २०६१ असार १३ ।

*कान्तिपुर* दैनिक, वि.सं. २०५९ श्रावण २१ ।

*नयाँ बिहानी,* अनेरास्वियू अर्घाखाँची काठमाडौ सम्पर्क मञ्च, वि.सं. २०६० श्रावण ।

## प्रकाशित लेखहरू

कार्की, बोर्णबहादुर, 'पुष्पलालका विचारको सान्दर्भिकता', *गोरखापत्र* दैनिक, वि.सं. २०६५ साउन ७ ।

दाहाल, पुष्पकमल 'प्रचण्ड', 'एकताकेन्द्रकाविरुद्ध लामबन्दीमा कमरेड मोहन विक्रमको भूमिका', *जनादेश* साप्ताहिक, वर्ष २, अंक ३७, वि.सं. २०५० वैशाख २९ ।

दाहाल, पुष्पकमल 'प्रचण्ड', 'नेपालमा धार्मिक एवं जातीय समस्या र समाधान एक चर्चा *जनाादेश* साप्ताहिक, वर्ष ४, अंक २८, वि.सं. २०५२ जेठ २६ ।

दाहाल, पुष्पकमल 'प्रचण्ड', 'एमाले प्रतिक्रियावादी सिक्काको अर्को पाटो', *महिमा* साप्ताहिक, वि.सं. २०५५ चैत्र १३ ।

पंगेनी, भवेश्वर, 'प्रजातान्त्रिक नेपालको पहिलो कर्मचारी आन्दोलन २००९', *भ्वाइस अफ हिस्ट्री,* सेन्ट्रल डिपार्टमेन्ट अफ हिस्ट्री (भो १६) वि.सं. २०५८ ।

भट्टराई, बाबुराम, 'नेकपा स्थापनाका पचास बर्ष : केही महत्वपूर्ण प्रश्नहरू', *दिशाबोध* त्रैमासिक वर्ष १ अंक ३-४ (संयुक्त) वि.सं. २०५५/५६ ।

सिंह, मोहन विक्रम, 'एमाले कति ज्यूँदो छ र कति मुर्दा ?', (पुस्तिका) मसाल प्रकाशन, मिति र स्थान उल्लेख नगरिएको ।

सिंह, मोहन विक्रम, 'उग्रवाम पंथी भड्काव क्रान्तिकारी लफ्फाजी' *हाँक* साप्ताहिक वि.सं. २०५६ भाद्र १६ ।

सिंह, मोहन विक्रम, 'सहिदको खेती माओवादी नेतृत्वको क्यारीरिष्ट प्रवृत्ति', वि.सं. २०५६ भाद्र २४ गते ।

## अंग्रेजी पुस्तक

Bhattarai, Baburam, *The Nature of Underdevelopment and Regional Structure of Nepal*

*A Marxist analysis,* New Delhi, Adroit Publication (2003)

Pathak, Bisnu, *Politics of People War and Human Right in Nepal,* Kathmandu, Bimipa Publications (2005)

*Selected Work of Mao-TSE–TUNG,* (Vol-4) Peking Foreign Language Press Fourth Printing (1997)

Thapa, Deepak (Ed.), *Understanding The Maoist Movement of Nepal*, Kathamandu, Martin Chautari (2003)

## विज्ञप्ति

ने.क.पा. एमाले, अर्घाखाँचीका विभिन्न मितिका विज्ञप्तिहरु ।

ने.क.पा. माओवादी, अर्घाखाँचीका विभिन्न मितिका विज्ञप्तिहरु ।

नेपाली कांग्रेस, अर्घाखाँचीका विभिन्न मितिका विज्ञप्तिहरु ।

रा.ज.मो., अर्घाखाँचीका विभिन्न मितिका विज्ञप्तिहरु ।

***